# शिक्षक निर्देशिका

## सामाजिक अध्ययन

## (कक्षा ९)

पृष्ठपोषणका लागि मसौदा प्रति

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

प्रकाशक :   नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८०

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

# शिक्षक निर्देशिका

# सामाजिक अध्ययन

## कक्षा ९

## २०८०

**एकाइ : १** **हामी र हाम्रो समाज**

**पाठ १ :** **समाज विकास** **अनुमानित कार्यघण्टा - २**

**१. सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समाज विकासको अवधारणा उल्लेख गर्न | – समाज र समुदायको परिचय दिन<br>– समाजका विशेषताहरू उल्लेख गर्न<br>– समुदायका विशेषताहरू उल्लेख गर्न<br>– समाज र समुदायका बिचको समनता र भिन्नता प्रस्ट पार्न<br>– समाज विकासको अवधारणा प्रस्ट पार्न<br>– समाज र व्यक्तिका बिचको अन्तरसम्बन्ध बताउन |

**२. पाठ परिचय**

एकआपसमा आश्रित, सामूहिक पहिचान बोकेको र सामूहिक उदेश्य प्राप्तिका लागि व्यक्तिहरूको सङ्गठित समूहलाई समाज भनिन्छ । समाज व्यक्ति व्यक्तिबिचको सम्बन्धको सञ्जाल हो । त्यसै गरी खास क्षेत्र, वर्ग, सामाजिक रीति, संस्कृति, व्यवसायमा आबद्ध मानिसहरूको समूह समुदाय हो । समुदाय एउटै जात, भाषा, धर्म आदिका आधारमा बनेको हुन्छ ।

यस पाठको समाज र समुदायको अवधारणा, तिनका विशेषताहरू, व्यक्ति र समाजबिचको अन्तरसम्बन्ध जस्ता विषयवस्तुहरू राखिएका छन् । उपयुक्त सिकाइ सहजीकरणका माध्यमबाट दिइएका विषयवस्तु स्पष्ट पार्न सकिन्छ ।

**३. शैक्षणिक सामग्री**

- समाज र समुदायका विशेषताहरू झल्कने तालिका
- समाज र समुदायका समानता र भिन्नता देखाउने तालिका
- समाज विकासको अवस्थाहरू झल्काउने चित्रहरू

**४. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १ :** कक्षा ९ को पहिलो दिन भएकाले सिधै पाठको सुरु गर्नुभन्दा कक्षामा उपस्थित सम्पूर्ण विद्यार्थीहरूलाई स्वागत गर्दै आधारभूत तह उत्तीर्ण गर्न सफल भएकामा बधाई दिनुहोस् । कक्षा ९ बाट माध्यमिक तहको अध्ययन सुरु हुने हुनाले बढी मेहनतका साथ अगि बढ्न हौसला प्रदान गर्ने खालको छोटो प्रस्तुति सञ्चालन गर्नुहोस् ।

**क्रियाकलाप २ :** कक्षा ९ मा सामाजिक अध्ययन विषयमा वर्षभरि के के विषयवस्तु अध्ययन गरिन्छ के के क्रियाकलापहरू गरिने छ भनी वार्षिक शैक्षणिक कार्य योजनाको मुख्य अंश झल्कने चार्ट प्रदर्शन गर्दै विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् । उदाहरणका लागि :

वार्षिक शैक्षणिक कार्य योजना

कक्षा : ९ विषय : सामाजिक अध्ययन

| महिना | पढाइ हुने घन्टी | एकाइ | पाठ | आवश्यक घन्टी | मुख्य सहजीककरण विधि/ क्रियाकलाप | आवश्यक सामग्री |
|---|---|---|---|---|---|---|
| वैशाख | १६ | १ | १-५ | १६ | मस्तिष्क मन्थन, छलफल, प्रदर्शन, परियोजना कार्य, प्रश्नोत्तर आदि | ब्यानर, चित्र, चार्ट, कार्ययोजना |
| जेठ | .... | | | | | |
| ...... | | | | | | |

**क्रियाकलाप ३ :** विद्यार्थीहरूलाई समाज भनेको के हो ? भनी प्रश्न गर्ने र व्यक्तिगत रूपमा उत्तर सोच्न लगाई कापीमा लेख्न लगाउने । त्यसको लागि दुई मिनेट समय उपलब्ध गराउन सकिने छ । त्यसपछि विद्यार्थीलाई जोडी जोडीमा बसाई अगि लेखिएको व्यक्तिगत विचार समेटी एउटै विचार तयार


गर्न लगाउनुहोस् । केही जोडीलाई आफ्ना विचार प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूका विचार शिक्षकले सिकाइपाटीमा टिप्दै जानुहोस् र सामान्य छलफलसमेत गराउनुहोस् । यिनै छलफललाई जोड्दै समाज र समुदायको अवधारणा चित्र र चार्ट वा तालिकाको माध्यमबाट प्रष्ट पार्नुहोस् ।

यो विधिलाई Think- Pair- Share (TPS) विधि भनिन्छ ।

**क्रियाकलाप ४:** समाज र समुदायका विशेषताहरू झल्कने तालिका प्रस्तुत गर्दै तालिकामा भएको विषयवस्तु व्याख्या गर्नुहोस् । विद्यार्थीहरूलाई त्यस विषयवस्तुसँग सम्बन्धीत प्रश्नहरू सोध्नुहोस् र उनीहरूले दिएको उत्तरका आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ५ :** समाज र समुदायका समानता र भिन्नता देखाउने तालिका प्रस्तुत गर्दै समानता र भिन्नता सम्बन्धमा छलफल गराउनुहोस् ।

**समाज र समुदायको समानता तथा भिन्नता**




**क्रियाकलाप ६:** तल दिइएको पाठ्यांश वा अन्य सान्दर्भिक कथा सन्दर्भ आदि खोजी गरी समाज विकासको अवधारणा प्रस्ट पार्नुहोस् :

# समाज विकास

शारीरिक रूपमा मानिस अन्य हिंस्रक जनावरहरूभन्दा कमजोर छ । मानिसमा बाघ र सिंह जस्तो लामा दाह्रा छैन, हात्तीको जस्तो ठुलो जिउ छैन, मानिसले बाँदरले जस्तो एउटा रुखबाट अर्को रुखमा उफ्रेर आफ्नो सुरक्षा गर्न सक्दैन तसर्थ, असुरक्षाका कारण मानिस जङ्गलमा समूहमा बस्दै आएका थिए । सुरुमा मानिसहरू जङ्गली जनावरहरू जस्तै जङ्गलमा बस्थे । त्यहाँ उनीहरू कन्दमूल खाने, रुखका बोक्रा लगाउने, सिकार गरी काँचै मासु खाने, ओडार तथा गुफामा बस्ने गर्थे । त्यहाँ पनि आफ्नो सुरक्षा नहुने भएपछि मानिसहरू जङ्गलबाट बाहिर निस्केर नदी किनारमा बसोबास गर्न थाले । नदी किनारमा मानिसहरूलाई खानका लागि पानी र हतियार बनाउनका लागि ढुङ्गा प्राप्त  भयो । उनीहरूले दुईओटा ढुङगा ठोकेर आगो पत्ता लगाए । खानेकुरा पोलेर खान थाले । सधैँ जङ्गलमा सिकार गर्नभन्दा आफैँले जनावरहरू पाल्न थाले र पशुपालनको युग सुरु भयो । आफूले खाने अन्नका बिउहरू उमारेर खेती गर्न र स्थायी रूपमा बसोबासका लागि घरहरू बनाउन थाले । यसरी खेतीपातीको युग सुरु भयो । सामूहिक बसोबासका क्रममा सामाजिक सद्भाव, सहयोग, माया ममता, जिम्मेवारी, इमानदारिता आदि जस्ता गुणहरूको विकास हुन थाल्यो । कला, सस्कृति, शिक्षा, स्वास्थ्य, सरकार आदिको विकास भयो र समग्र मानव सभ्यताकै विकास हुन पुग्यो । सिन्धु उपत्यकाको सभ्यता, नाइल नदीको सभ्यता, मेसोपोटामियाको सभ्यता आदि यसका ज्वलन्त उदाहरण हुन् । मानिसहरू आफ्नो आवश्यकता पूरा गर्नका लागि उद्योग र कलकारखानाको विकास गरे । मेसिनबाट वस्तुको उत्पादन सुरु भयो । यसलाई औद्योगिक युग भनिन्छ । अहिले विज्ञान प्रविधिको विकासका कारण मानव समाज विज्ञान प्रविधिको युग हुँदै अन्तरिक्ष र कम्प्युटरको युगमा प्रवेश गरेको छ । यसले मानव समाजलाइ सेवामूलक समाजमा रूपान्तर गरेको छ । शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार आदि क्षेत्रको सेवा सहज, छिटो र उपलब्धिमूलक  भएको छ । यसरी मानिस ढुङ्गे युगबाट पशुपालन, कृषि, औद्योगिक, विज्ञान प्रविधि, अन्तरिक्ष र कम्प्युटरको युग हुँदै सूचना प्रविधिको युगमा प्रवेश गरेको छ । मानव समाज आजको स्थितिसम्म आई पुग्दा माथि उल्लिखित विभिन्न कालखण्डका साथै विभिन्न चरणहरू पार गर्दै आएको पाइन्छ । यसका चरणहरूका बारेमा विभिन्न विद्वान्हरूले आआफ्नै विचार प्रस्तुत गरेका छन् । यसका बारेमा अर्को पाठमा छलफल गरिने छ ।

**क्रियाकलाप ७ :** व्यक्ति र समाजबिचको अन्तरसम्बन्धसँग सम्बन्धीत निम्न प्रश्नहरू एकआपसमा सोध्ने र उत्तर टिप्न लगाउने । छलफल पछि केही विद्यार्थीहरूलाई छलफलमा आएका उत्तरहरू भन्न लगाउने । त्यसैको आधारमा व्यक्ति र समाजबिचको सम्बन्ध स्पष्ट पार्ने ।

- समाज भनेको के हो ?
- समाजको निर्माण कसरी हुन्छ ?
- व्यक्तिले आफ्नो आवश्यकता परिपूर्ति गर्न समाजको सहयोग कसरी लिन्छ ?
- कसरी व्यक्ति र समाज एकअर्काको परिपूरक हुन् ?
- समाज र व्यक्तिबिचको सम्बन्धका बारेमा तपाईंको विचार राख्नुहोस् ।

**क्रियाकलाप ८ :** पाठ्यपुस्तकमा **'ग्रामीण क्षेत्रमा देखा परेका सकारात्मक परिवर्तन'** भन्ने शीर्षकअन्तर्गतका पाठ्यांशमा दिइएका विषयवस्तु वा अन्य सान्दर्भिक विषयवस्तु तयार पारी पढ्न लगाउनुहोस् । पढ्ने क्रममा सम्बन्धीत समाजको विशेषता झल्कने बुँदाहरूमा टिपोट गर्न लगाउनुहोस् र एक दुई जनालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुतीकरणपछि एक आपसमा पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् ।

**समाजको विशेषता**

- सामूहिकताको अभ्यास
- जनसहभागीता
- उद्यमशीलताको प्रवर्धन
- सामाजिक सद्भाव र एकतामा वृद्धि
- विवादको शान्तिपूर्ण निरूपण
- सोचाइमा परिवर्तन

**क्रियाकलाप ९ :** एउटै समुदायमा रहने विद्यार्थीहरूको समूह निर्माण गरी वर्तमानमा आफू रहेका समुदायको विशेषताहरू खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**५.मूल्याङ्कन/प्रतिविम्बन :** पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने कार्यसमेत गर्नुहोस् ।

**नमुना प्रश्न**

(क) समाज भनेको के हो ?

(ख) व्यक्ति र समाजका बिच कस्तो सम्बन्ध रहेको छ, भन्नुहोस् ।

(ग) सामाजिक विकास कसरी समाजको रूपान्तरणको प्रक्रिया हो ?

**६. थप अध्ययन सामग्री :**

समाज समाजका अनेकौँ एकाइहरू एकअर्काप्रति अन्तरसम्बन्धीत भई बनेको सामाजिक सम्बन्धको सञ्जाल (Network) हो । समाजले एउटा संरचना (Structure) मात्र नभई त्यसभित्रको सम्बन्धको पक्षलाई बढी जोड दिन्छ । विभिन्न समाजशास्त्रीहरूले आफ्नो अनुभव र अध्ययनको आधारमा समाजको परिभाषा निम्न प्रकारले दिएका छन् :

- "समाज आफैँमा एउटा मिलाप, औपचारिक सम्बन्धहरू तथा सङ्गठनहरूको योग हो, जसमा सम्बन्धीत व्यक्तिहरू एकै ठाउँमा सीमित भएका हुन्छन् ।" (Society is the union itself, the organization, the sum of formal relations in which associating individuals are bound together.) -Giddings
- "समाज सामाजिक सम्बन्धहरूको जालो हो ।" ( Society is the web of social relationship)- MacIver and Page
- "समाज समुदायसहितको जटिल सङ्गठित सङ्घसंस्था हो ।" (Society is the complex of oganised association and institution with a community.) - G.D.M. Cole.

**७. परियोजना कार्य : पाठ्यपुस्तकमा दिइएको सामुदायिक कार्य गर्न निम्नानुसार क्रियाकलाप गराउनुहोस् ।**

आफ्नो समुदायको विकासका अवस्थाबारेमा समाजका समाजसेवी वा आफ्ना अग्रजसँग सोध्ने प्रश्नावली आपसी छलफलमा तयार पार्न लगाउनुहोस् । सम्भव भए एउटै समुदायका विद्यार्थीहरूको समूह वा जोडी बनाउनुहोस् र कार्य गर्न लगाउनुहोस् ।

**यी र यस्तै प्रश्नहरू प्रश्नावलीमा राख्न सकिन्छ ।**

- यस गाउँ टोल समुदायमा तपाईंको परिवार कहिलेदेखि बस्दै आएको हो ?
- तपाईंको समयमा अहिले समाजमा के के भिन्नता पाउनु भएको छ ?
- विगत दश वर्षमा यहाँको समुदायमा आएका कुनै पाँचओटा सामाजिक परिवर्तनहरू के के हुन् ?
- विगत दश वर्षमा यहाँको समुदायमा कुन कुन क्षेत्रमा विकास भए र सो विकासले समाजमा के के परिवर्तन आएको छ ? कुनै ५ ओटा परिवर्तन बताइदिनुहोस् न ?

यही प्रश्नावलीमा आधारित भई प्रतिवेदन तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**पाठ : २** **समाज विकासका चरण** अनुमानित कार्यघण्टा - २

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि : |
|---|---|
| समाज विकासका चरणहरू उल्लेख गर्न । | – समाजको उत्पत्तिसम्बन्धी अवधारणा बताउन<br>– समाज विकासको अवधारणा उल्लेख गर्न<br>– कार्लमार्क्सको धारणाअनुसार समाज विकासको चरणहरू प्रस्तुत गर्न<br>– ई. बि. टाइलर र ए. एल. मोर्गानका अनुसार समाज विकासका चरणहरू उल्लेख गर्न<br>– आफ्नो समाजको विकासको अवस्था खोजी गर्न । |

## २. पाठ परिचय

समाज विकासका विभिन्न चरणहरू पार गर्दै मानव समाज अहिलेको आधुनिक अवस्थामा आई पुगेको हो भन्ने भनाइ समाजशास्त्रीहरूको छ । समाजको उत्पति सम्बन्धमा विभिन्न मतहरू रहेका छन् । कतिपय मतहरू आध्यात्मिक दृष्टिकोणबाट आएका छन् भने कतिपय मतहरू भौतिक दृष्टिकोणमा आधारित छन् । समाज विकासको सन्दर्भमा पनि विभिन्न विद्वानहरूले विभिन्न भनाइहरू राख्दै आएका छन् । जसमध्ये कार्लमार्क्स, ई. बि. टाइलर र ए. एल. मोर्गानको समाज विकास सम्बन्धी विचारहरू यस पाठमा उल्लेख गरिएको छ ।

## ३ शैक्षणिक सामग्री

- कार्लमार्क्सको विचारअनुसारको समाज विकासका चरणहरू उल्लेख भएको तालिका
- ई. बि. टाइलर र ए. एल. मोर्गानका विचारअनुसार समाज विकासका चरणहरू उल्लेख गरिएको चार्ट वा तालिका
- video clips, Multimedia set
- मेटाकार्ड, साइनपेन आदि

## ४. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १ :** पाठमा दिइएका विषयवस्तुलाई कथाको रूपमा रोचक र सिलसिलेवार ढङ्गमा प्रस्तुत गर्नुहोस् र बिच बिचमा विद्यार्थीका अनुभव, अनुमान, जिज्ञासा आदिलाई समेट्दै कथा लाई रोचक र जीवन्त बनाउनुहोस् ।

**क्रियाकलाप २ :** भौतिकवादी र आध्यात्मिक दृष्टिकोणका आधारमा समाज विकासको अवधारणा Running dictation क्रियाकलाप गरी गराउनुहोस् ।

**यो क्रियाकलाप गर्ने तरिका**

शिक्षकले पाठमा भएका विषयवस्तुबाट वा अन्य सन्दर्भसामग्रीवाट भौतिकवादी र अध्यात्मिक दृष्टिकोणका आधारमा समाज विकासको अवधारणा उल्लिखित विवरण चार्ट पेपरमा तयार पारी कक्षा बाहिर ४ ठाउँमा टाँस्नुहोस् । कक्षामा विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी हरेक समूहमा एकजना लेखक छनोट गर्नुहोस् । बाँकी साथीहरूले बाहिर भित्तामा टाँसिएका विषयवस्तु सम्झेर आएर लेखकलाई भन्नुपर्ने कुरा बनाउनुहोस् । जुन समूहले लेख्नुपर्ने विषयवस्तु शुद्ध र सङ्गठित रूपमा छिटो लेखेर सक्छ त्यो समूहलाई विजयी घोषित गर्नुहोस् । यो सामूहिक क्रियाकलाप भएकाले सुरुमै समूह कार्य, जिम्मेवारी बाँडफाँड कसरी गर्ने भनी छोटो सल्लाह गर्न लगाउनुहोस् ।

**समाज विकासको अवधारणा उल्लिखित विवरण चार्ट**

| भौतिकवादि दृष्टिकोण | अध्यात्मिक दृष्टिकोण |
|---|---|
| – भौतिकवादी दृष्टिकोणले समाज विकासको आधार पुँजी र आम्दानीको स्रोतलाई मानेको छ ।<br>– यसमा कार्लमार्क्स, अगष्ट कोम्ट, टायलर र मोर्गानलाई लिन सकिन्छ ।<br>– उत्पादन सम्बन्धको आधारमा समाज विकासको अवधारणा कार्लमार्क्सको हो | – धार्मिक विस्वासको आधारमा समाजको वर्गीकरण<br>– पूर्वीय र पाश्चात्य दर्शन र परम्पराबाट विकसित भएको<br>– वैदिककालमा व्यक्तिले गर्ने काम र गुणका आधारमा वर्ण विभाजन गरिन्थ्यो । |

| | |
|---|---|
| भने, समाज निश्चित चरण पार गरेपछि विकसित हुन पुग्छ भन्ने मान्यता इ.वि. टेलर हो त्यस्तै क्रमिकरूपमा समाज परिवर्तन हुँदै जान्छ भन्ने अवधारणा लेविस हेनरी मोर्गानको रहेको थियो । | – वैदिक कालदेखि नै वर्ण व्यवस्थामा आधारित समाज हालमा जातिमा निहित हुन पुग्दा विकृत बन्न पुगेको छ । |

**क्रियाकलाप ३ :** समूह समूहमा कार्लमार्क्सको समाज विकासका चरणहरू सम्बन्धमा छलफल गर्नुहोस् । एउटा चरण एक समूहको जिम्मा पर्ने गरी ६ समूहलाई समाज विकासका चरणहरूको विशेषता टिपोट गर्न लगाउनुहोस् र कक्षाको भितामा टाँस्न लगाउनुहोस् । पालैपालो सबै विद्यार्थीलाई टाँसिएका विवरण अध्ययन गर्न लगाई राम्रा पक्ष र सुधारगर्नुपर्ने पक्षहरू समेत उल्लेख गर्न लगाई कक्षामा भन्न लगाउनुहोस् । शिक्षकको समूहगत प्रस्तुतिपछि निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

यस विधिलाई ग्यालरी वाक विधि भनिन्छ ।

**क्रियाकलाप ४ :** ई. बि. टाइलर र ए. एल. मोर्गानका विचारअनुसार मानव समाजको विकासका विभिन्न चरणहरू पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई टिपोट गरीएका विवरण छलफल गर्दै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ :** विद्यार्थीहरूलाई मध्यकालीन समाजका विशेषता सम्बन्धमा संवादको नमुना प्रदर्शन गर्दै उनीहरूलाई पनि यस्तै संवादको नमुना तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** विद्यार्थीहरूलाई आफूरहेको वर्तमान समाजमा देखापरेका परिवर्तनलाई समेटेर दुई साथीबिचको संवादको नमुना तयार पार्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन / प्रतिविम्बन :** (क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

### नमुना प्रश्न

(क) समाजको उत्पत्ति कसरी भएको हो ?

(ख) समाजको विकास कसरी भयो ? यसका बारेमा तपाईंको विचार लेख्नुहोस् ।

(ग) कार्लमार्क्सको धारणाअनुसार समाज विकासको चरणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(घ) समाज विकासका विभिन्न चरणहरूको विशेषता उल्लेख गर्नुहोस् ।

(ङ) वैदिककालको समाज वर्गीकरणको आधार के थियो ?

(ख) विद्यार्थीले गरेको Running Dictation लाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- समूहगत समन्वय
- समय व्यवस्थापन
- सक्रियता
- जिम्मेवारी वहन

## ६. थप अध्ययन सामग्रीहरू

- **कार्लमाक्सका अनुसार समाजका विकासका विभिन्न चरणहरू र तिनको विशेषताहरू :**

| क्र.स. | समाजका विकासका चरणहरू | विशेषताहरू |
|---|---|---|
| १. | आदिम साम्यवादी समाज | • समाजको सबैभन्दा पहिलो अवस्था,<br>• मानिसले खानाका लागि जङ्गली जनावरहरूको सिकार गर्ने र अन्नलगायत विभिन्न खाद्यजन्य वनस्पतिहरूको खोजी गर्ने अवस्था<br>• व्यक्तिगत सम्पत्तिको अवधारणा नभएको<br>• साझा श्रम, उत्पादनको साधन र उत्पादनहरूमाथि साझा स्वामित्व भएको<br>• परिवार, विवाह जस्ता आधारभूत सामाजिक संस्थाहरूको विकास भई नसकेको<br>• मातृसतात्मक सामाजिक संरचना आदि |
| २. | दास समाज | • मानिसहरूमा व्यक्तिगत सम्पत्तिको भावनाको विकास भएकाले मानिसहरू दास र मालिक गरी दुई वर्गमा विभाजित,<br>• उत्पादनको साधनका रूपमा दासहरू र उनीहरूमाथि उनीहरूका मालिकहरूको पूर्ण स्वामित्व रहने अवस्था,<br>• दासहरूमाथि निर्मम शोषण र अत्याचार भएको आदि |
| ३. | सामान्ती समाज | • समाजमा मानिसहरू किसान र जमिनदार गरी दुई वर्गमा विभाजित,<br>• उत्पादनको प्रमुख साधन जमिन भएकाले किसानहरू दास समाजका दासहरू जस्तै |

| | | |
|---|---|---|
| | | बढी शोषणमा नपरेको<br>● जमिनदारको स्वामित्वमा जमिन भएको र गरिखाने वर्ग वा किसान वर्गमा जमिनको स्वामित्व नभएको आदि |
| ४. | पुँजीवादी समाज | ● समाजमा पुँजीपति र कामदार गरी दुई वर्गहरू अस्तित्वमा रहने<br>● उत्पादनका साधन र उत्पादन प्रणालीहरू पुँजीपतिहरूको नियन्त्रणमा हुने<br>● पुँजीपतिको प्रमुख ध्येय नै आफ्नो मुनाफा बढाउने कार्यमा केन्द्रित हुने |
| ५. | समाजवादी समाज | ● उत्पादनका साधनमाथि राज्य वा समाजको स्वामित्व रहने<br>● समाजका सबै व्यक्तिहरू ज्यालादारी श्रमिक जस्तै रहने<br>● राज्यबाट नागरिकलाई निःशुल्क सेवा प्रदान गर्ने |
| ६. | साम्यवाद | ● मार्क्सको परिकल्पनाअनुसार समाज विकासको अन्तिम चरणको अवस्था<br>● वर्ग विभाजन नहुने अवस्था आदि |

- **ई.वि. टाइलर र ए.एल. मोर्गानका अनुसार समाज विकासका विभिन्न चरणहरू तिनको विशेषताहरू:**

| क्र.सं. | समाज विकासका चरणहरू | विशेषताहरू |
|---|---|---|
| १. | प्रारम्भिक समाज (जङ्गली अवस्था) | ● मानव समाजको पहिलो वा सुरुको अवस्था हो । मानिसहरू भोजन र आश्रयको खोजीमा घुमन्ते जीवन बाँच्ने गरेको अवस्था<br>● सिकारका लागि ढुङ्गे औजारहरू प्रयोग भएको<br>● मानिसहरू सानो समूहमा बस्ने र सामूहिक सिकार गर्ने गरेको |
| २. | मध्यकालीन समाज (बर्बर समाज) | ● परिवार, स्थायी बसोबास, पशुपालन र कृषिको अवधारणा मान्छेहरूमा विकसित भएको<br>● भाषा, कला र नातेदारी प्रथाको विकास<br>● माटाका भाँडाकुँडाहरू र फलामे हतियारहरू आविष्कार गरिएको आदि |
| ३. | आधुनिक समाज | ● मानव संस्कृति र समाजको अन्तिम वा वर्तमान चरणको अवस्था<br>● विभिन्न प्रकारका वैज्ञानिक उपकरणहरू र प्रविधिहरूको विकास भएको अवस्था<br>● विभिन्न खाले सामाजिक संस्थाहरूको स्थापना भएको<br>● विज्ञान, कला, सङ्गीत, भाषा आदिको राम्रो विकास भएको आदि |

## ७. परियोजना कार्य

विद्यार्थीहरूलाई आफ्नो समुदायको विकास कसरी भयो होला भनी अनुमान गर्न लगाउने । विभिन्न प्रमाण र तर्कका आधारमा आएका विभिन्न तथ्यहरू बुँदा टिपोट गरी प्रतिवेदन तयार पार्न लगाउने । ती प्रतिवेदनहरू कक्षामा प्रस्तुत गर्न लगाउने ।

**पाठ ३ र ४**

**पाठ ३ : समाज वर्गीकरणका आधार**

**पाठ ४ : जिवन पद्धतिको आधारमा समाजको वर्गीकरण** **अनुमानित कार्यघण्टा - २**

**१. सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| समाजका प्रकारहरू बताउन र असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न | – समाज वर्गीकरणका आधारहरू उल्लेख गर्न,<br>– विभिन्न आधारमा समाजका प्रकारहरू उल्लेख गर्न,<br>– जीवन पद्धतिका आधारमा समाजका प्रकारहरू उल्लेख गर्न,<br>– विभिन्न प्रकारका समाजका विशेषताहरू बताउन । |

**१. पाठ परिचय :**समाजको वर्गीकरण विभिन्न आधारमा गरिन्छ । भाषा, धर्म, बसोबास, समय, अर्थ व्यवस्था, जीवन पद्धति, विकासको स्तर, सहरीकरण आदि समाज वर्गीकरणका प्रमुख आधारहरू हुन् । समाजलाई अर्थ व्यवस्थाका आधारमा पुँजीवादी समाज, समाजवादी समाज र मिश्रित समाज गरी तीन प्रकारमा विभाजन गरिन्छ । भाषाका आधारमा समाजलाई एकभाषी, द्विभाषी र बहुभाषी समाज गरी वर्गीकरण गरिएको हुन्छ । धर्मका आधारमा हिन्दु समाज, बौद्ध समाज, इस्लाम समाज आदि जस्ता विभिन्न धार्मिक समाजहरू हुन्छन् ।

बसोबासका आधारमा समाजलाई ग्रामीण समाज र सहरी समाज गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ । प्राचीन समाज, मध्यकालीन समाज र आधुनिक समाज गरी समयका आधारमा समाजलाई वर्गीकरण गरिएको छ । जीवन पद्धतिका आधारमा समाजलाई विभिन्न पाँच प्रकारमा वर्गीकरण गरिएको छ । यी दुवै पाठमा दिइएको विषयवस्तुलाई आधार मानेर समाज वर्गीकरणका विभिन्न आधारहरू र जीवन पद्धतिका आधारमा समाजको वर्गीकरण प्रस्ट पार्न सकिन्छ ।

२. **शैक्षणिक सामग्री :** समाज वर्गीकरणका आधारहरू उल्लेख गरिएको तालिका, जीवन पद्धतिको आधारमा समाज विकासको विभिन्न अवस्थाको समाजको प्रकार र विशेषता उल्लिखित तालिका, video clips, Multimedia set आदि ।

**३. सिकाइ सहजीकरण प्रक्रिया :**

**क्रियाकलाप १ :** तपाईँ बसेको समाज के के को आधारमा वर्गीकरण भएको छ ? आफ्ना विचार एक मिनेटभित्र टिपोट गर्न लगाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीबाट आएका विचारलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् । उनीहरूको विचारलाई जोड्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**क्रियाकलाप २ :** विभिन्न आधारमा समाजका प्रकारहरू उदाहरण, चित्र, चार्टमार्फत उल्लेख गर्दै ती समाजहरूका विशेषतामा छलफल गराई मुख्य बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ :** जीवन पद्धतिका आधारमा समाज विकासको विभिन्न अवस्थाका र तिनका प्रकार र विशेषता उल्लिखित तालिका वा चित्र वा श्रव्यदृश्यको प्रयोग गरी विभिन्न समाजका विशेषताहरूमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४ :** पाठमा उल्लिखित प्रतिवेदनको ढाँचामा छलफल गरी प्रतिवेदन लेखन सिपको अभ्यास समेत गराउनुहोस् ।

**क्रियाकलाप ५ :** पाठ सँग सम्बन्धीत रही प्रश्न बल क्रियाकलाप गराउनुहोस् । जसको लागि सुरुमा विद्यार्थीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् । त्यसपछि शिक्षकले समाज वर्गीकरणको कुनै एक आधार भन्नुहोस् भनी एक जना विद्यार्थीलाई सानो खेलौना बल फ्याँकी उतर दिन भन्नुहोस् । उसले उत्तर दिइसकेपछि फेरि एउटा प्रश्न सोधी अर्को विद्यार्थीलाई बल फ्याँक्न भन्नुहोस् । यो क्रियाकलाप पालैपालो सबै विद्यार्थीलाई प्रश्न सोध्ने गरी गर्नुहोस् र अन्त्यमा कस्तो लाग्यो भनी विद्यार्थीको प्रतिक्रिया लिनुहोस् ।

**६. मूल्याङ्कन / प्रतिविम्बन :**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्नै, थप सिकाइ अवसर प्रदान गर्नै, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्नै जस्ता क्रियाकलाप गर्नुहोस् ।

## ७. थप अध्ययन सामग्री :

- एक जातिको मात्र बसोबास भएको ठाउँमा एउटा मात्र भाषाको प्रयोग हुन्छ । यस्तो समाजलाई एकभाषी समाज भनिन्छ । सहरमा विभिन्न क्षेत्रबाट मानिसहरू बसाइँ सरेर आउने हुनाले धेरै भाषाहरूका माध्यमबाट विचार आदानप्रदान हुन्छ । यस्ता समाजलाई बहुभाषी समाज भनिन्छ । कुनै कुनै समाजमा दुईओटा भाषाहरू मात्र प्रयोग हुन्छ । त्यस्तो समाजलाई द्विभाषी समाज भनिन्छ । प्राचीन तथा मध्यकालीन समाजमा यस्ता समाजहरू पाइन्थे ।
- बसोबासका आधारमा समाजलाई ग्रामीण समाज र सहरी समाज गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ । पातलो बस्ती, एकै प्रकारका रहनसहन, मानिसहरूबिच निकटता आदि ग्रमीण समाजका विशेषताहरू हुन् । बाक्लो बस्ती, मिश्रित जीवनशैली र संस्कृति, धार्मिक तथा सांस्कृतिक विविधता आदि सहरी समाजका विशेषताहरू हुन् ।
- समयका आधारमा समाजलाई प्राचीन समाज, मध्यकालीन समाज र आधुनिक समाजलाई गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । विभिन्न सामाजिक कामहरू समूहमा काम गर्ने, संयुक्त परिवार, वर्ण व्यवस्थामा आधारित समाजिक संरचनामा आदि प्राचीन समाजको विशेषताहरू हुन् । संयुक्त परिवार, चार वर्ण अठार जातमा विभाजित समाज, सामाजमा नारीको उच्च सम्मान, विवाहमा डोलाजी प्रथाको अभ्यास आदि मध्यकालिक समाजका विशेषताहरू हुन् । आधुनिक समाज मिश्रित समाज हो । विभिन्न समाजका विशेषताहरू अहिलेको समाजमा पाइन्छ ।

## ६. परियोजना कार्य :

विभिन्न समाजका विशेषताहरू सन्दर्भ सामग्री वा पुस्तकालय अध्ययनबाट खोजी गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ५ समाजका आधारभूत तत्त्वहरू अनुमानित घन्टीः २

### १. पाठ्यक्रममा उल्लिखित र पाठगत सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| असल समाज निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न | – समाजका आधारभूत तत्त्वहरू पहिचान गर्न<br>– के, कसरी ती तत्त्वहरू समाज निर्माणका आधारभूत तत्त्वहरू हुन् भन्ने कुरा स्पष्ट पार्न<br>– असल समाजका तत्त्वहरूबारे जानकारी प्राप्त गरी आफ्नो समाजसँग तुलना गर्न<br>– आफ्नो समुदायलाई असल समाजका रूपमा कसरी विकास गर्न सकिएला भनी तर्कपूर्ण विचार राख्न<br>– असल समाज निर्माणमा व्यक्तिको भूमिका पहिचान गर्न |

**२. पाठ परिचय :** समाज सामाजिकको जालो हो । पारस्परिक सहयोग, आपसी सम्बन्ध, चालचलन, सामाजिक मूल्य र मान्यताहरू, सचेतना आदि समाजका आधारभूत तत्त्वहरू हुन् । आफ्नोपन, शान्ति, सुरक्षा, सद्भाव, समानुभूति, एकता र जिम्मेवारी वहन आदि पनि समाजका तत्त्वहरू हुन् । कुनै एउटा तत्त्वले मात्र समाज निर्माण हुन सक्दैन । समाजका लागि सबै तत्त्वहरूको आवश्यकता पर्छ ।

मानिस चेतनशील र विवेकशील सामाजिक प्राणी हो । व्यक्तिमा भएको चेतनाले समाजको उत्पत्ति र विकास भएको हो । व्यक्तिबिना समाजको परिकल्पना पनि गर्न सकिँदैन । त्यसैले समाज निर्माणमा व्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । असल समाजलाई सभ्य समाज पनि भनिन्छ । असल समाजमा मानिसहरूबिच सहयोग, सहकार्य, सद्भाव र प्रेम हुन्छ । यस्तो समाजमा हरेकले सामाजिक नियमको पालना गरी आआफ्नो जिम्मेवारी पूरा गर्छन् । हरेक व्यक्तिको सहयोग बिना

असल समाज निर्माण हुन सक्दैन । त्यसैले समाज विकासका लागि हरेक व्यक्तिले महोवपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

**३ शैक्षणिक सामग्री :**

- समाजका तोवहरूको सूची तालिका
- समाजका तोवहरूका वर्णन गर्न सहयोग गर्ने बुँदासहितको power point slide
- असल समाज निर्माणमा व्यक्तिको भूमिका देखाउने तालिका आदि ।

**४. सिकाइ सहजीकरण प्रक्रियाः**

**क्रियाकलाप नं १ :** विद्यार्थी, शिक्षक, कर्मचारी अभिभावक, भौतिक पूर्वाधार, योजना, पाठ्यक्रम, पाठ्यपुस्तक आदि पक्षहरूको संयुक्त संयोजनले विद्यायल अस्तित्वमा आउन सकेको हो भन्ने उदाहरण दिँदै विविध पक्षहरू मिलेर नै एउटा कुनै चिज या वस्तु अस्तित्वमा आएको हुन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप नं २ :** पाठमा दिइएका समाजका आधारभूत तोवहरू जस्तै : आफ्नोपन, पहिचान, शान्ति सुरक्षा, पारस्परिक सम्बन्ध, सद्भाव, एकता आदिका बारेमा तयार पारिएको Power point slide प्रदर्शन गर्दै छलफल गर्ने अथवा समाजका एक एकओटा तोवहरू लेखिएको फ्लास कार्डहरू तयार पार्ने एक बेञ्चलाई एक समूह मानी एक एकओटा कार्ड दिने र आफूलाई परेको विषयमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी विवरण तयार पार्न लगाउने । त्यसपछि सबै समूहलाई पालैपालो प्रस्तुति गर्न लगाउने र आएको बुँदामा छलफल गराउनुहोस् ।

**क्रियाकलाप नं ३ :** प्रश्नोत्तर विधिको प्रयोग गरी असल समाजको निर्माणमा व्यक्तिको भूमिका प्रस्ट पार्नुहोस् ।

**सम्भाव्य प्रश्नहरू**

क) असल समाज भनेको के हो ?

ख) तपाईंको समाजमा कुन कुन असल पक्षहरू रहेका छन् ?

ग) असल समाजमा कुनै पनि व्यक्तिले आफ्नो भूमिका कसरी निर्माण गर्दछ ?

घ) असल समाज निर्माणमा तपाइँको भूमिका कस्तो रहन्छ ?

**क्रियाकलाप नं ४ :** तलको जस्तै चार्ट प्रस्तुत गरी विद्यार्थीको समाजमा विद्यमान तोवहरू पहिचान गर्न र विश्लेषण गर्न लगाउनुहोस् ।

## असल समाज निर्माणका चरणहरू




**क्रियाकलाप नं ५** आफ्नो कक्षालाई एउटा समाजको रूपमा पहिचान गरी यसका विशेषताहरू जोडी जोडीमा खोज्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**सम्भाव्य विशेषता**

- ☞ मेलमिलाप र सहकार्य
- ☞ सरसहयोग
- ☞ अन्तरनिर्भरता
- ☞ जिम्मेवारी वहन
- ☞ प्रेम र विस्वास

**क्रियाकलाप नं ६ :** आफ्नो समुदायलाई असल समाजका रूपमा कसरी विकास गर्न सकिएला ? भन्ने प्रश्न गरी मस्तिष्क मन्थन गराउने र विद्यार्थीहरूबाट आएको तर्क विश्लेषण गरी पृष्टपोषण गर्ने ।

**क्रियाकलाप नं ७ :** विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी पाठको अन्त्यमा दिइएको क्रियाकलापका प्रश्नहरू छलफल गरी उत्तर लेख्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । प्रस्तुतिमा आएका उत्तरहरू सम्पादन गरी लेख्न लगाउने ।

**५. मूल्याङ्कन/प्रतिविम्बन :** पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस्

## ६. थप अध्ययन सामग्री :

सामाजिक अध्ययन विषय सैदान्तिक ज्ञानमा भन्दा विद्यार्थीहरूको सामाजिकीकरणमा बढी जोड दिने विषय हो । समाजका विभिन्न तोवहरूमार्फत सामाजिक व्यवहार, मूल्य र अभिवृत्तिको विकास गर्न सहज हुन्छ । त्यसैले पाठमा दिइएका सामाजका आधारभूत तोवहरूबाहेक निम्न तोवहरू थप विषयवस्तुका रूपमा अध्ययन गर्न सकिन्छ :

- व्यक्तिहरू : व्यक्तिविनाको समाजको परिकल्पना गर्न नसकिने हुनाले व्यक्ति समाजको अनिवार्य तोव हो ।
- पारस्परिक सहयोगः समाजमा मानिस एक्लैले कुनै पनि काम गर्न नसक्ने हुनाले मानिसका समूह वा समुदायहरूबिच पारस्परिक सहयोगको आवश्यकता पर्छ । त्यसैले पारस्परिक सम्बन्ध समाज हुनका लागि आवश्यक तोव हो ।
- चालचलन : धर्म, रीति, नीतिनियम, परम्परा, भाषा, संस्कृति र राजनीतिक व्यवस्था आदि जस्ता चालचलनहरू सामाजिक उद्देश्यहरू प्राप्तिका लागि गरिन्छन् । त्यसैले यी चालचलनहरू समाजका आवश्यक तोवहरू हुन् ।
- सामाजिक मूल्य र मान्यताहरू : सामाजिक मूल्य र मान्यताहरूले मानिसलाई अनुशासित बनाउँछ । त्यसैले सामाजिक मूल्य र मान्यताहरू सामाजिक व्यवस्थालाई निरन्तरता दिन आवश्यक छ ।
- सामाजिक विभाजन : सामाजिक विभाजन र त्यसभित्रको अन्तरक्रियाबाट समाजअगाडि बढ्ने हुनाले सामाजिक विभाजन समाजको एक आवश्यक तोव हो ।
- नियन्त्रण र स्वतन्त्रताः समाजमा सबैको अस्तित्वलाई कायम राख्न, सामाजिक व्यवस्थालाई निरन्तरता दिन, सामाजिक विकृतिहरूलाई हटाउन आदि जस्ता कार्यमा नियन्त्रण र स्वतन्त्रताको आवश्यक्ता पर्छ । यी दुवैमध्ये एकको अनुपस्थितिमा अर्काले काम गर्न सक्दैन ।

## ८. परियोजना कार्य :

आफु रहेको समाजका असल पक्षहरू सोधखोज गरी टिपोट गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**एकाइ : २ विकासका पूर्वाधार**

**पाठ : १ विकासको अवधारणा र पूर्वसर्त अनुमानित कार्यघण्टा - २**

**१. सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| विकासको अवधारणासँग परिचित हुन र पूर्वसर्तहरूको पहिचान गर्न । | – विकासको अवधारणा प्रस्ट पार्न,<br>– विकासका पूर्वसर्तहरू उल्लेख गर्न,<br>– विकासका लागि विभिन्न पूर्वसर्तहरूको आवश्यकता र महोव प्रस्तुत गर्न |

**२. पाठ परिचय :** कुनै पनि क्षेत्रमा हुने सकारात्मक परिवर्तनलाई नै विकास भनिन्छ । विकास आर्थिक, सामाजिक, सांस्कृतिक तथा संस्थागत प्रगति पनि हो । समाजलाई सुगम, सहज र विकसित बनाउने उद्देश्यले गरिने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । विकास गतिशील हुने हुनाले यसलाई गतिशिल प्रक्रियाको रूपमा पनि लिन सकिन्छ । त्यसैले समाजको विविध क्षेत्रमा हुने सकारात्मक परिवर्तन नै विकास हो । कुनै पनि क्षेत्रको विकासका लागि सकारात्मक तथा अनुकूल अवस्थाको आवश्यकता पर्छ । विकासका लागि अनिवार्य रूपमा चाहिने सकारात्मक तथा अनुकूल अवस्थालाई विकासका पूर्वसर्त भनिन्छ । दूरदृष्टि, साक्षरता, स्रोतसाधन, जनसहभागीता, उद्यमशीलता, शान्ति, प्रविधि आदि विकासका पूर्वसर्तहरू हुन् । यस पाठमा विकासको अवधारणा, पूर्वसर्त र पूर्वसर्तको आवश्यकता र महत्व सम्बन्धमा चर्चा गरिएको छ ।

**२ शैक्षणिक सामग्रीहरू**

- विकासका पूर्वसर्तहरू उल्लेख गरिएको चार्ट
- विकासको अवस्थाहरू झल्काउने विभिन्न चित्रहरू, भिडियो क्लिपहरू , Multimedia आदि ।

**३. सिकाइ सहजीकरण प्रक्रिया:**

**क्रियाकलाप १ :** सोच - जोडीमा छलफल र आदानप्रदान (Think Pair and Share ) विधिको प्रयोग गरी विकासको अवधारणा लेख्न लगाउनुहोस र विभिन्न विद्यार्थीका जोडीबाट आएको अवधारणालाई सिकाइ पाटीमा टिप्दै छलफल गराउनुहोस् र विकासको अवधारणा समेटिएको चार्ट तालिका आदि मार्फत विकासको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २:** विकासका पूर्वसर्तहरू उल्लेख गरिएको चार्ट प्रदर्शन गर्दै विकासका पूर्वसर्तहरू सम्बन्धमा विद्यार्थीलाई आफ्ना प्रश्न वा जिज्ञासाहरू सोध्न लगाई छलफल गराउने ।

**क्रियाकलाप ३ :** साक्षरता, स्रोतसाधन, उद्यमशीलता र प्रविधिलाई किन विकासको पूर्वसर्त भनीएको होला भनी चारओटा समूहमा फरक फरक विषयवस्तुमा आधारित भई छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४:** Running Dictation विधिको प्रयोग गरी विकासका विभिन्न पूर्वसर्तहरूका महत्व र आवश्यकताका बारेमा प्रस्ट पार्ने ।

**पूर्वसर्तको महत्व वा आवश्यकता**

- विकासका लागि आधारशिला खडा हुन्छ ।
- विकासका लागि तयारी गराउँछ ।
- विकासको लागि चाहिने जनशक्ति तयारी गराउँछ ।
- देशको समग्र विकास गर्न
- सचेतना अभिवृद्धि गर्न

क्रियाकलाप ५ : पाठको क्रियाकलाप २ मा दिइएको विकासको पूर्वसर्तमध्ये सबैभन्दा महत्वपूर्ण पूर्वसर्त व्यक्तिगतरूपमा लेख्न लगाई, पछि जोडी जोडी बनाई जोडीका विचारलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| **दूरदृष्टि** | **साक्षरता** | **स्रोतसाधन** | **उद्यमशीलता** | **शान्ति** | **प्रविधि** | **जनसहभागीता** |
|---|---|---|---|---|---|---|
| – विकासका लागि दूरदृष्टि नभई हचुवाको भरमा गरिएको विकासले आशातीत उपलब्धि दिन सक्दैन<br>– दुरदृष्टि राखिएको कामले सही समयमा सही नतिजा दिन्छ ।<br>– दूरदृष्टिले योजनावद्ध कार्यलाई प्राथमिकता दिन्छ ।<br>– दूरदृष्टिले दीर्घकालीन सोच राखेर काम गर्ने हुँदा राम्रो तयारीका साथ कामलाई गतिदिन मदत गर्छ । | – साक्षरता सबै विकासको आधार स्तम्भ हो ।<br>– शिक्षित जनशक्तिले मात्र देश विकासमा बढी योगदान दिन सक्छ ।<br>– शिक्षित जनशक्तिले साधनस्रोतको अधिकतम उपयोग प्रभावकारी ढङ्गले गर्न सक्छ ।<br>– साक्षरताले चेतना विकास गर्छ<br>– विकासमा भएका भ्रष्टाचार र ढिलासुस्तीमा खवरदारी गर्छ । | – स्रोधसाधन विकासको आधार हो ।<br>– स्रोतसाधनले विकासको पूर्वाधार विकासको लागि सामग्री उपलब्ध गराउँछ ।<br>– जति धेरै स्रोत सामग्रीको प्रभावकारी परिचालन गरिन्छ उति नै विकासले गति लिन्छ । | – उद्यमशीलता व्यक्तिले जोखिम उठाएर उत्पादन प्रक्रियामा संलग्न रहने गतिविधि हो<br>– उद्यमशीलताले व्यावसायिक सोचका साथ कुनै पनि व्यवसायमा लाग्न अभिप्रेरित गर्छ । जसले उत्पादन र विकासलाई टेवा | – शान्तिले नै विकासको आधारशीला तयार पार्छ<br>– दन्दको अवस्थाका विकास प्रक्रियाहरू अबरुद्ध हुन्छन् ।<br>– द्वन्द्वले विकासको पूर्वाधार र संरचनामा क्षति पुऱ्याउने हुन्छ ।<br>– शान्तिपूर्व वातावरण भएमा लगानीकर्ताहरू लगानी गर्न उत्साहित हुन्छन् ।<br>– शान्तिपूर्व | प्रविधिले कामलाई सहज र सरलरूपमा छोटो समयमा गर्न सहयोग पुऱ्याउँछ ।<br>प्रविधिको प्रयोगले श्रम, पुँजी स्रोत र समयको बचत हुन्छ । | – विकासका लागि जनताको सहभागीता अपरिहार्य हुन्छ ।<br>– जनसहभागीतले राज्यको स्रोत साधनका बचत हुने<br>– जनतामा विकासप्रति अपनत्व महसुस हुने<br>– मर्मत सम्भार छिटो हुने हुँदा जनसहभागीत महत्वपूर्ण पूर्वसर्त मानिन्छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पुऱ्याइरहेको हुन्छ । | वातावरण भएका विकासले गति दिने र समयमा नै विकासका कार्यहरू सम्पन्न हुन्छन् । | | |

जोडीबाट आएका विचारमा निम्नानुसार विचारहरू आए नआएको हेरी नआएमा थप गर्न लगाई छलफल गराउनुहोस् ।

**क्रियाकलाप ६ :** यो पाठमा छलफल गरिएका विषयवस्तुमा आधारित भई विद्यार्थीलाई द्रुत लेखन ( Quick write ) गराउने । यस क्रियाकलाप गराउन सुरुमा विद्यार्थीलाई यस पाठमा तपाईँले के के सिक्नुभयो भनी प्रश्न गर्ने र यसको उत्तर लेख्न उनीहरूलाई तिन मिनेट समय उपलब्ध गराउने र तोकीएको समय वेला वेलामा जानकारी गराउनुहोस् । यो विधि अवलम्बन गर्दा कलम रोक्न नपाइने नियम पनि सम्झाइदिनुहोस् । समय सकिएको जानकारी गराउनुहोस् र केही विद्यार्थीलाई आफूले लेखेका कुरा भन्न लगाउनुहोस् ।

५. **मूल्याङ्कन / प्रतिविम्बन** : तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् तल दिइएका प्रश्नलाई पनि थप गरी मूल्याङ्कन गर्न सकिन्छ । यसरी मूल्याङ्कन गरी सकेपछि विद्यार्थीको सिकाइ अवस्थाको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्नुहोस् । उच्च सिकाइ क्षमता भएका विद्यार्थीको लागि थप सिकाइका अवसर प्रदान गर्नुहोस्। आवश्यकता हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने भएमा सोको समेत योजना गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**थप प्रश्नहरू**

क) विकासको अवधारणा प्रस्ट पार्ने गरी विकासको परिचय एक अनुच्छेदमा लेख्नुहोस् ।
ख) विकासका मुख्य मुख्य पूर्वसर्तहरूको सूची बनाउनुहोस् ।
ग) शान्ति र विकासका बिचको सम्बन्ध वर्णन गर्नुहोस् ।
घ) पछिल्लो दश वर्षमा तपाईंको समुदायमा भएका सकारात्मक परिवर्तनहरूको सूची बनाउनुहोस्
।ङ) साक्षरतालाई किन विकासको पूर्वसर्त मानिएको हो ? आफ्नो तर्क चार बुँदामा लेख्नुहोस् ।

**७. थप अध्ययन सामग्री :**

कुनै पनि क्षेत्रको विकासका लागि त्यहाँ विकास कार्य सञ्चालन गर्न केही उपयुक्त वातावरण तयार हुनु पर्छ । त्यसैलाई विकासका पूर्व सर्तहरू भनिन्छ । विकासका पूर्वसर्तहरूको व्यवस्थापनका लागि निम्न कुराहरू गर्नु आवश्यक छन् :

- देशमा राजनीतिक स्थिरता हुनुपर्छ ।
- देशका सबै ठाउँमा शान्ति सुरक्षा कायम हुनुपर्छ ।
- विभिन्न क्षेत्रमा लगानी गर्नका लागि आर्थिक पूर्वाधार तयार हुनुपर्छ ।
- देशका नागरिकहरू राष्ट्रप्रति सकारात्मक र सहयोगी हुनुपर्छ ।
- देशबाटबाहिर जाने जनशक्तिलाई देशमा रोजगार सिर्जना गरी बाहिर जानबाट रोक्नुपर्छ ।
- देशमा राजनीतिक दलहरूबिचमा देश विकासका लागि एकजुट हुने वातावरण हुनुपर्छ ।
- स्वरोजगार र उद्यमशिलतालाई प्रोत्साहन गर्नुपर्छ ।
- विभिन्न तहका सरकारहरूबिच सहकार्य हुनुपर्छ ।

**परियोजना कार्य :** तपाईंको समुदायमा भएका कुनै एक सफल उद्यमीलाई भेट्नुहोस् । उहाँका सफलताका आधारहरू पत्ता लगाउनुहोस् र एउटा व्यक्ति सफल हुनका लागि के गर्नुपर्छ पत्ता लगाई विश्लेषण गर्नुहोस् । तपाईंको अध्ययनलाई आधार बनाई एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ : २ र ३ विकासको पुर्वाधार अनुमानित कार्यघण्टा - ४

**१. सिकाइ उपलब्धि**

| पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विकासको पूर्वाधारका परिचय दिई सम्भावना र चुनौतीको खोजी गर्न । | – विकास पूर्वाधारहरूको पहिचान गर्न<br>– शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, खानेपानी, खानेपानी र जनशक्ति जस्ता पूर्वाधारहरूको परिचय दिन<br>– ती विकासका पूर्वाधारहरूको महòव बताउन<br>– नेपालमा विकासका पूर्वाधारहरूको वर्तमान अवस्था बताउन<br>– नेपालमा विकासका पूर्वाधारहरूको अवस्था सुधारका लागि आफ्नो विचार प्रस्तुत गर्न<br>– आफ्नो समुदायमा उल्लिखित विकासका पूर्वाधारहरू र तिनका उपलब्धता सम्बन्धी जानकारी लिन |

**२.पाठ परिचय :** सकारात्मक र प्रगतिशील परिवर्तन ल्याउनका निम्ति चाहिने आधारभूत सेवा तथा सुविधालाई नै विकासका पूर्वाधार भनिन्छ । देश विकासका लागि नभई नहुने आधारभूत सेवा सुविधाहरू जस्तैः शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, खानेपानी, विद्युत्, जनशक्ति आदि विकासका पूर्वाधारहरू हुन् । यी पूर्वाधारहरूको विकासले जनताको जीवनस्तरमा सुधार ल्याउन महòवपूर्ण योगदान पुऱ्याउँछ । यी दुई पाठमा विभिन्न विकासका पूर्वाधारहरूका बारेमा अध्ययन अध्यापन गरिन्छ । सिकारुहरूमा उल्लिखित पूर्वाधारहरूको पहिचान गरी तिनीहरूको महòव, देश विकासमा तिनीहरूको आवश्यकता, वर्तमान अवस्था, सुधारका लागि सुझाव र सोसम्बन्धी समसामयिक कुराहरूका बारेमा जानकारी प्रदान गर्नु यसको पाठको उदेश्य रहेको छ ।

**३ शैक्षणिक सामग्री :**

- विकासका पूर्वाधारहरू उल्लेख गरिएको चार्ट
- विभिन्न पूर्वाधारहरूको विकासको अवस्थाहरू झल्काउने विभिन्न चित्रहरू, भिडियो क्लिपहरू,
- विकासका पूर्वाधारसँग सम्बन्धीत निकायहरू वा संस्थाले प्रकाशन गरेका बुलेटिन, पर्चा पम्पलेट, पोष्टर, सूचना तथा तथ्याङ्क, पत्रपत्रिका आदि ।

**४.सिकाइ सहजीकरण प्रक्रियाः**

**क्रियाकलाप १:** शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, खानेपानी र जनशक्ति जस्ता पूर्वाधारहरूका परिचयका लागि आवश्यक पर्ने विषयवस्तुका सम्बन्धमा विद्यार्थीहरूको पूर्वज्ञान पत्ता लगाउनका

लागि विभिन्न प्रश्नहरू सोध्ने । जस्तै : शिक्षाका बारेमा तपाईंलाई के थाहा छ ? विकासका लागि विद्युत् किन चाहिन्छ ? स्वास्थ्यमा सकारात्मक परिवर्तन आउँदा देशमा विकास कसरी हुन्छ ? (*यी प्रश्नहरू नमुनाका लागि मात्र हो ।*) विद्यार्थीको पूर्वज्ञानको आधारमा थप विषयवस्तु दिँदै विभिन्न पूर्वाधारहरूको परिचय दिने । यो क्रियाकलापबाट  शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, खानेपानी र जनशक्ति कसरी विकासका पूर्वाधारहरू हुन् ? भन्ने कुरा स्पस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २:** कक्षाका विद्यार्थीहरूलाई विभिन्न ६ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा विकासका पूर्वाधारहरूको महोव र वर्तमान अवस्थाका बारेमा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री अध्ययन गरी विषयवस्तु सङ्कलन गर्ने जिम्मा दिनुहोस् । उनीहरूले तयार पारेका विवरण कक्षामा भितामा टाँस्न लगाउनुहोस् । टाँसिएका विषयवस्तु अध्ययन गरी आफूलाई लागेका महोवपूर्ण कुरा र केही सुधार गर्नुपर्ने कुरा भए सुझाव दिन लगाउनुहोस् र अन्त्यमा सबै पुर्वाधार सम्बन्धमा छलफल गरी निष्कर्ष बताइदिनुहोस् ।

यो विधिलाई ग्यालरी वाक विधि भनिन्छ ।

### Gallery walk विधिका बारेमा छोटो जानकारी

- शिक्षकले ६ ओटा छुट्टाछुट्टै ठुलो कार्डबोर्ड पेपरमा एक एकओटा देहायका शीर्षक लेखिएका टिचार्ट पेपर तयार पार्ने र प्रत्येक समूहलाई एक एकओटा पर्ने गरी विद्यार्थीका समूहलाई दिने,

समूह १

| शिक्षाको महोव | शिक्षाका विकासका लागि गर्न सकिने उपायहरू |
|---|---|
| | |

समूह २

| स्वास्थ्यको महोव | स्वास्थ्य क्षेत्रका विकासका लागि गर्न सकिने उपायहरू |
|---|---|
| | |

समूह ३

| सञ्चारको महोव | सञ्चार क्षेत्रका विकासका लागि गर्न सकिने |
|---|---|

| | उपायहरू |
|---|---|
| | |

समूह ४

| विद्युत्को महोव | विद्युत्का विकासका लागि गर्न सकिने उपायहरू |
|---|---|
| | |

समूह ५

| खानेपानीको महोव | खानेपानीका विकासका लागि गर्न सकिने उपायहरू |
|---|---|
| | |

समूह ६

| जनशक्तिको महोव | जनशक्तिका विकासका लागि गर्न सकिने उपायहरू |
|---|---|
| | |

**क्रियाकलाप ३ :** नेपालमा विकासका पूर्वाधारहरूको अवस्था सुधारका लागि के गर्न सकिन्छ ? भन्ने प्रश्न गरी विद्यार्थीहरूलाई आफ्नो विचार प्रस्तुत गर्न लगाउने र उनीहरूबाट आएको उत्तर लाई सम्बोधन गर्दै शिक्षकले पुर्वाधारको अवस्था सुधारका उपायहरू चित्र, चार्ट, उदाहरण आदिमार्फत स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ :** समूहगत वा व्यक्तिगतरूपमा आफ्नो समुदायमा विद्यमान विकासको पुर्वाधारको अवस्था खोजी गर्न लगाउनुहोस् । उनीहरूबाट प्राप्त विवरण कक्षामा पालैपालो प्रस्तुत गर्नु लगाउनुहोस् र आपसमा पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** विकासको पुर्वाधारको महोव झल्कने चित्र, पोष्टर, निबन्ध, गीत, कथा आदि तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** समुदायमा भएका विकासका कार्यहरू आर्थिक वर्षको अन्तिम समयमा मात्र सुरु गर्ने र विकासका कार्यमा जथाभावी डोजरको प्रयोगले समाजमा सिर्जना गरेका सम्भावना र समस्या सम्बन्धमा अन्तरक्रिया कार्यक्रम गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन / प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् तल दिइएका प्रश्नलाई पनि थप गरी मूल्याङ्कन गर्न सकिन्छ । यसरी मूल्याङ्कन गरी सकेपछि विद्यार्थीको सिकाइ अवस्थाको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्नुहोस् । उच्च सिकाइ क्षमता भएका विद्यार्थीको लागि थप सिकाइका अवसर प्रदान गर्नुहोस् । आवश्यकता हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने भएमा सोको समेत योजना गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

थप प्रश्नहरू

(क) विकासको पूर्वाधार भनेको के हो ?

(ख) विकासका मुख्य मुख्य पूर्वाधारहरू उल्लेख गर्नुहोस् ।

(ग) स्वास्थ्यलाई किन विकासको पूर्वाधार मानिन्छ ?

(घ) देश विकासमा विद्युत्को भूमिका वर्णन गर्नुहोस् ।

(ङ) जनशक्ति भनेको के हो ? यसले देश विकासमा कसरी सहयोग गर्छ ?

**७. थप अध्ययन सामग्री :**

कुनै पनि देशको मानव संसाधनले प्राकृतिक स्रोत र साधनलाई आफ्नो आवश्यकताबमोजिम प्रयोग गरी विकासका लागि पूर्वाधारहरू तयार गर्छ । त्यसैले विकासका पूर्वाधारहरू विकासका लागि मानव संसाधन र प्राकृतिक स्रोत साधनको महìवपूर्ण भूमिका हुन्छ । यसका निम्ति आजका बालबालिका भोलिका देशका कर्णधारहरूले आफ्ना देशको विकासका पूर्वाधारहरूका बारेमा जान्नुपर्छ । त्यसैले सबैले विभिन्न स्रोतहरूबाट यस पाठसँग सम्बन्धीत तथ्याङ्क सङ्कलन गरी हालको अवस्था पत्ता लगाउन सकिन्छ । त्यसका लागि निम्न website हरूको प्रयोग गरी नयाँ तथ्याङ्कहरू प्राप्त गर्न सकिन्छ ।

- https://www.doe.gov.np : शिक्षासम्बन्धी समसामयिक विषयवस्तुका लागि शिक्षा तथा मानव स्रोत विकासकाको वेबसाइड
- https://cbs.gov.np : विभिन्न खालका तथ्याङ्कका लागि तथ्याङ्क विभागको वेबसाइड
- https://www.nea.org.np विद्युत्सम्बन्धी समसामयिक विषयवस्तुका लागि नेपाल विद्युत् प्राधीकरणको वेबसाइड
- https://dwssm.gov.np खानेपानीसम्बन्धी समसामयिक विषयवस्तुका लागि खानेपानी मन्त्रालयको वेबसाइड

यसरी विभिन्न पूर्वाधारहरूका समसामयिक विषयवस्तुका लागि google मा विभिन्न वेबसाइडहरूको खोजी गर्ने र त्यहाँबाट आफूलाई चाहिएको विषयवस्तु download गरी कक्षामा प्रस्तुत गर्ने ।

**८. परियोजना कार्य :**

पाठमा दिइएको सामुदायिक कार्यलाई निम्नानुसार मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

- परियोजना/प्रयोगात्मक कार्यको पुर्णता
- सिर्जनशीलता
- विषयवस्तुको प्रस्तुति
- सहकार्य, जिम्मेवारी र समयपालना
- अभिलेख व्यवस्थापन

**पाठ : ४ परम्परागत ज्ञान, सिप र प्रविधि अनुमानित घन्टी - २**

## १. पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि र पाठगत सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि : | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| परम्परागत ज्ञान, सिप र प्रविधिको महोव बताउन तथा तिनको सिर्जनशील प्रयोग गर्न | (क) परम्परागत ज्ञान, सिप र प्रविधिको परिचय दिन<br>(ख) स्थानीय परम्परागत प्रविधिहरूको सूची तयार पार्न<br>(ग) स्थानीय परम्परागत प्रविधिहरूको परिचय दिन<br>(घ) परम्परागत ज्ञान, सिप र प्रविधिको महत्त्व बताउन<br>(ङ) परम्परागत ज्ञान, सिप र प्रविधिको सिर्जनशील प्रयोग गर्न<br>(च) परम्परागत ज्ञान जस्तै : ढिकी, जाँतो, हलो, आरन आदि बनाउने ज्ञान र प्रय गर्ने<br>सिपसित परिचित हुन<br>(छ) परम्परागत प्रविधिको वर्तमान अवस्थाबारे जानकारी प्रस्तुत गर्न<br>(ज) परम्परागत प्रविधिले दैनिक जीवनमा पुऱ्याएको सहजता उल्लेख गर्न |

२. **पाठ परिचय :** परम्परादेखि नै मानिसले आफ्नो जीवनलाई सहज र सरल बनाउनका निम्ति प्रयोग गर्दै आएका स्थानीय ज्ञान, सिप र प्रविधिलाई नै परम्परागत ज्ञान, सिप र प्रविधि भनिन्छ । तरकारीको रूपमा प्रयोग हुने गुन्द्रुक बनाउन बाँसको ढुङ्ग्रोमा खाँदेर वा जमिनमा खाल्डो खनेर वा माटाका भाँडामा खाँदेर राख्ने  गरिन्छ । त्यसैगरी  कृषि औजार उत्पादन गर्ने आरनदेखि खोला तार्ने तुइनसम्म स्थानीय प्रविधिको प्रयोग हुन्छ । मकै, कोदो पिस्ने जाँतो, धान कुट्ने ढिकी, तोरी पेल्ने कोल, पानीघट्ट आदि स्थानीय परम्परागत प्रविधिहरू हुन् । यिनै स्थानीय प्रविधिहरूको निर्माण र प्रयोग स्थानीय ज्ञान र सिपमा नै आधारित हुन्छ । यिनै विषयवस्तुमा आधारित भई स्थानीय ज्ञान सिप र प्रविधिको परिचय, महोव र संरक्षणका उपाय सम्बन्धमा यस पाठमा चर्चा गरिएको छ ।

**३ शैक्षणिक सामग्री :**

- स्थानीय प्रविधिहरू उल्लेख गरिएको चार्ट
- विभिन्न स्थानीय प्रविधिहरूका चित्रहरू, भिडियो क्लिपहरू, Multimedia set
- विभिन्न सङ्घसंस्थाले प्रकाशन गरेका बुलेटिनहरू, पत्रपत्रिका आदि

**४. सिकाइ सहजीकरण प्रक्रियाः**

**क्रियाकलाप १ :** कक्षामा छलफल गरी विद्यार्थीलाईहरूलाई परम्परागत ज्ञान, सिप र प्रविधिको परिचय दिन लगाउने, विद्यार्थीको समुदायमा अभ्यासमा परम्परागत सिप, प्रविधिहरू के के प्रयोगमा छन् ? पालैपालो बताउन लगाई सूची बनाउन लगाउने

**क्रियाकलाप २ :** स्थानीय समुदायमा प्रचलित परम्परागत प्रविधिका केही नमुना चित्र बनाई वा सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने वा टाँस्ने, तिनको बनोट, उपयोग सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ :** परम्परागत ज्ञान, सिप र प्रविधिको महोव भन्न लगाउने र निम्न बुँदाहरूसँग मिल्दोजुल्दो बुँदाहरू आए नआएको पहिचान गरी नआएमा थप गर्न लगाउने ।

(क) हाम्रो स्थानीय परम्परागत पहिचान जोगाउन मदत गर्छ ।

(ख) स्थानीय तहमा दैनिक प्रयोग हुने वस्तुहरू सस्तोमा उत्पादन गर्न मदत गर्छ ।

(ग) हाम्रा लोपोन्मुख परम्परागत ज्ञान, सिप तथा प्रविधिको संरक्षण सहयोग पुग्छ ।

(घ) परम्परागत ज्ञान, सिप र प्रविधिको प्रयोगले आफ्ना पुर्खाको योगदानमा गर्व गर्न सकिन्छ ।

**क्रियाकलाप ४ :** ढिकी, जाँतो, हलो, कोदालो, घुम, आरन,पानीघट्ट जस्ता स्थानीय परम्परागत प्रविधिहरूको प्रयोग गरी काम गरेको भिडियो क्लिप देखाएर वा उनीहरूको अनुभव सुनाउन लगाएर उक्त प्रविधिको उपयोगीता र सिर्जनशील प्रयोग सम्बन्धमा चर्चा गर्नुहोस् ।

**क्रियाकलाप ५ :** स्थानीय समुदायमा प्रचलित परम्परागत सिप तथा प्रविधि तथा तिनको उपयोग लेखी निम्न तालिका पूरा गर्न लगाउनुहोस् ।

| परम्परागत प्रविधि | उपयोग |
|---|---|
| १. हलो | खेती गर्ने जमिन जोत्न प्रयोग गरिन्छ । यसले खेतीबाली लगाउन सजिलो । |

| | |
|---|---|
| | |
| | |
| | |

**क्रियाकलाप ६:** ढिकीको प्रयोगले धान कुट्न सजिलो भएको, जाँतोको प्रयोगले विभिन्न अन्न पिस्न सजिलो भएको आदि उदाहरण दिँदै परम्परागत प्रविधिले मानिसको जीवनमा सहजता आएको प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ७** : परम्परागत प्रविधि आधुनिक प्रविधिको आधार हो भन्ने कुरा प्रस्ट पार्दै वर्तमानमा आधुनिक प्रविधिको प्रयोगसँगै हाम्रा परम्परागत प्रविधि लोपोन्मुख अवस्थामा रहेको कुरा जानकारी गराउने र ती प्रविधिको संरक्षणका उपायहरू समूह समूहमा छलफल गराई खोजी गर्न लगाउनुहोस् । (पाठको क्रियाकलाप २ सँग जोडेर छलफल गर्न सकिन्छ )

संरक्षणका उपायहरू

- स्थानीय प्रविधिको प्रयोगमा जोड दिने
- ती प्रविधिमा सुधार गरी उपयोग गर्न प्रेरित गर्ने
- स्थानीय सिप र प्रविधिसम्बन्धी तालिम प्रदान गर्ने
- त्यस्ता सिप र प्रविधि जान्ने व्यक्तिलाई प्रोत्साहन र सम्मान गर्ने
- स्थानीय ज्ञान सिप र प्रविधिको प्रचार प्रसार गर्ने
- विद्यालय तहको स्थानीय पाठ्यक्रमको विषयवस्तुको रूपमा पठनपाठन गराउने
- स्थानीय तहबाट यसको संरक्षण र सम्वर्धनका लागि निति र योजना वनाइ कार्यान्वयन गर्ने

**५. मूल्याङ्कन/प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही नमुना प्रश्नहरू

- परम्परागत प्रविधि, सिप तथा ज्ञानको आफ्नै शब्दमा परिचय दिनुहोस् ।

- परम्परागत प्रविधि आधुनिक समाजको महत्वपूर्ण पक्ष हो । कसरी ?

**७. थप अध्ययन सामग्री :**

**तलको वेबसाइट हेरेर त्यहाँ देखाइएका कुराहरू देखाउँदै विभिन्न स्थानीय प्रविधिहरूको बारेमा जानकारी गराउने**

https://www.youtube.com/watch?v=QRQfX7aUPqs

**८. परियोजना कार्य**

- पाठमा दिइएको परियोजना कार्य गर्नको लागि विद्यार्थीलाई निम्नानुसार जिम्मेवारी दिई प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ ।

समूह एक : खुवा वनाउने

समूह दुई : छुर्पी बनाउने वा मही पार्ने

समूह तिन : घिउ वा चुक वनाउने

समूह चार : कुनै एक घरायसी उपकरण बनाउने जस्तै कुटो कोदालो वा गुन्द्री वा डोकोडालो वा खुर्पेटो वा अन्य कुनै

- यी प्रविधि सामूहिक रूपमा अवलोकन गर्न जाने कार्यक्रम र समय तोक्ने
- आफ्नो जिम्मामा रहेको सिप वा प्रविधि सम्बन्धमा वनाउने तरिका, उपयोग गरिने क्षेत्र, यसको संरक्षण गर्ने उपाय र स्थानीय अभ्यासको अवस्था र सुधार गर्नुपर्ने पक्षहरू समेटी प्रतिवेदन तयार पार्न लगाउने
- प्रतिवेदनलाई निम्न आधारमा मूल्याङ्कन गर्ने
  - परियोजना/प्रयोगात्मक कार्यको पूर्णता
  - सिर्जनशीलता
  - विषयवस्तुको प्रस्तुति
  - सहकार्य, जिम्मेवारी र समयपालना
  - अभिलेख व्यवस्थापन

**पाठ ५ :** **स्थानीय तहमा विकास प्रस्ताव तर्जुमा** **अनुमानित कार्यघण्टा - २**

## १.पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि र पाठगत सिकाइ उपलब्धि

| पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि : |
|---|---|
| स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा गर्न र कार्यान्वयन प्रक्रिया उल्लेख गर्न । | (क) योजना तर्जुमाको परिचय दिन<br>(ख) विकासका योजना तयार पार्दा स्थानीय समुदायको सक्रिय सहभागीताको महोव उल्लेख गर्न<br>(ग) स्थानीय तहमा विकास योजना तर्जुमाको ढाँचा प्रस्तुत गर्न<br>(घ) विकास योजना प्रस्तावनाका आधारभूत तत्त्वहरू उल्लेख गर्न<br>(ङ) योजना कार्यान्वयनका चरणहरूको वर्णन गर्न<br>(च) स्थानीय स्तरमा विकास योजना कार्यान्वयन प्रक्रिया उल्लेख गर्न |

**१.पाठ परिचय** : गाउँपालिका र नगरपालिका हाम्रो देशका स्थानीय तहहरू हुन् । स्थानीय स्तरको विकास निर्माणको कार्य सञ्चालन गर्ने अधिकार गाउँपालिका र नगरपालिकालाई हुन्छ । उक्त तहले सम्बन्धीत ठाउँको विकासका लागि स्थानीय विकास प्रस्ताव तर्जुमा गरी कार्यान्वयन गर्छन् । आफ्नो स्थानीय सरकारले विकास निर्माणको कार्य कसरी सञ्चालन गर्छन् ? भन्ने कुरा हामी सबैलाई थाहा हुनुपर्छ । विकास निर्माणको कार्यका लागि योजनाहरूको छनोट कसरी गरिन्छ ? त्यसको कार्यान्वयन कसरी हुन्छ ? भन्ने सम्बन्धमा जानकारी हुनुपर्छ । यसले आफ्नो स्थानीय तहको विकासका आवश्यकता पहिचान गरी विकास आयोजना माग गर्ने र कार्यान्वयन गर्ने कार्यमा दक्षता र प्रभावकारिता बढाउँछ ।

विकास प्रस्ताव तर्जुमा कुनै निश्चित लक्ष्यहरू प्राप्त गर्नका लागि के गर्ने ?, किन गर्ने ?, कसले गर्ने ?, कसरी गर्ने ?, कहाँ गर्ने ? र कहिले गर्ने ? भन्ने बारेमा सोचेर तयार पारिएको खाका हो । योजनाले विकास कार्यलाई मार्गनिर्देश गर्छ । निश्चित समयमा निश्चित क्षेत्रमा उपलब्ध साधन र स्रोतको उपयोग गरी निश्चित लक्ष्य हासिल गर्न तयार गरिएको प्रस्तावित विकास कार्यक्रमको मस्यौदा विकास प्रस्ताव हो । स्थानीय तहमा विकास कार्यका लागि उपभोक्ता समूह वा अन्य समितिले तयार पारेको विकास प्रस्तवलाई स्थानीय विकास प्रस्ताव भनिन्छ । यसका लागि आवश्यकताको पहिचान, विकल्पको छनोट, प्रस्ताव तयारी, लागत, जनसहभागीता, स्रोत र साधनको उपलब्धता आदिको लेखाजोखा गर्नुपर्छ । स्थानीय स्तरबाट प्राप्त प्रस्तावको मूल्याङ्कनपश्चात् योजना स्वीकृति गरिन्छ र बजेट निकासा गरिन्छ । यस पाठमा ९ कक्षाका विद्यार्थीहरूलाई स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचा, स्थानीय योजना तर्जुमा

प्रक्रिया र योजना कार्यान्वयनका चरणहरूका बारेमा प्रस्ट धारणा निर्माण गर्नुपर्ने हुन्छ । त्यसका लागि विद्यार्थीको स्तरअनुसार शिक्षकले विभिन्न सिकाइ क्रियाकलापमार्फत धारणा प्रस्ट पार्नुपर्छ ।

**३. शैक्षणिक सामग्रीहरू**

- स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचाको नमुना
- स्थानीय योजना तर्जुमा प्रक्रिया देखाउने तालिका
- स्थानीय योजना कार्यान्वयनका चरणहरू देखाउने चार्ट
- यी विषयवस्तुहरू समावेश गरी तयार पारिएको Power Point Slides र Multimidia projecter आदि ।

**४. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १ :** योजना तर्जुमा भनेको के हो ? भनी प्रश्न गर्ने र त्यसको उत्तर सोच्न लगाई आआफ्नो कापीमा लेख्न लगाउने ।ं सोच, लेख र जोडीमा छलफल आदानप्रदान (Think Write Pair and share) विधिको प्रयोग गरी सुरुमा योजना तर्जुमा भनेको के हो ? भनी सोचेर व्यक्तिगतरूपमा लेख्न भन्नुहोस् । एक मिनेटभित्र सो कार्य पूरा गर्न लगाउनु होस् । अब उनीहरूले व्यक्तिगत रूपमा सोचेर लेखेका कुरालाई जोडी बनाई जोडी जोडीमा छलफल गरी एउटै धारणा बनाउन लगाउनुहोस् र अन्त्यमा केही जोडीलाई आफूले तयार पारेको उत्तर भन्न लगाई सिकाइ पाटीमा टिप्दै जानुहोस् र उनीहरूको विचारलाई जोड्दै योजना तर्जुमाको अवधारणा उदाहरणसहित स्पष्छ पारिदिनुहोस् ।

**क्रियाकलाप २ :** स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा ढाँचाको तालिका प्रदर्शन गर्दै स्थानीय स्तरमा विकास प्रस्ताव तर्जुमा गर्दा वास्तविक समस्याको पहिचान, आन्तरिक समझदारीको स्थापना, विकास योजना प्रस्ताव तयारी तथा आयोजना छनोट जस्ता पक्षलाई ध्यान दिनुपर्छ । भन्ने कुरा प्रस्ट पार्ने ।

**क्रियाकलाप ३ :** विकास प्रस्ताव तर्जुमा गर्दा आवश्यक लगानीको स्रोतको लेखाजोखा, योजना कार्यान्वयन, सञ्चालन तथा सम्भार, अनुगमन तथा मूल्याङ्कन आदि पक्षलाई पनि विकास प्रस्ताव तर्जुमा गर्दा ध्यान दिनुपर्छ भन्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ :** विकास योजना प्रस्तावनाका आधारभूत तोवहरू छलफल विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् ।

विकास योजना प्रस्तावनाका आधारभूत तोवहरू

क) परियोजनाको परिचय

ख) परियोजनाको महोव

ग) परियोजनाको उद्देश्य

घ) लक्षित क्षेत्र तथा जनसङ्ख्या

ङ) अनुमानित लागत तथा स्रोत

च) समय सीमा

छ) कार्यन्वयन प्रक्रिया र जिम्मेवारी

ज) अपेक्षित उपलब्धि र वितरण

झ) अनुगमन र मूल्याङ्कन

**क्रियाकलाप ५ :** स्थानीय स्तरमा विकास प्रस्ताव ढाँचाको नमुना प्रस्तुत गर्दै सोको बारेमा छलफल विधिको प्रयोग गरी प्रष्ट पार्ने । छलफलकै क्रममा सीमित स्रोत र साधनको उपयोग गरी असीमित आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने विकासोन्मुख राष्ट्रहरूको बाध्यतालाई हृदङ्गम गरी आवश्यकताको पहिचान, आवश्यकताको प्राथमिकीकरणमा विशेष ध्यान दिनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ६:** योजना कार्यान्वयनका चरणहरू प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पारिदिनुहोस् ।

जस्तै क) योजना कार्यन्वयन गर्दा सुरुमा के गर्नुपर्छ होला ?

ख) योजना कार्यन्वयन गर्दा सम्बन्ध स्थापनापछि कुन कार्य गर्नुपर्छ ?

ग) योजना कार्यन्वयन गर्दा समस्यालाई कुन चरणमा प्राथमिकीकरण गर्न जरुरी हुन्छ ? र किन ?

घ) समस्याको प्राथमिकीरण गरेपछि योजना कार्यन्वयन गर्दा के गर्नुपर्दछ ?

ङ) योजना कार्यान्वियनको अन्तिममा गर्नुपर्ने कार्य के हो ? यो कार्य गर्न किन जरुरी छ ? आदि

**क्रियाकलाप ७:** स्थानीय स्तरमा विकास योजना कार्यान्वियन प्रक्रियाअन्तर्गतका सम्बन्ध स्थापना, अवस्था अध्ययन, समस्याको प्राथामिकीकरण, सम्झौता र करार र अभिलेखीकरणका बारेमा छलफल गरी प्रस्ट पारिदिनुहोस् ।

क्रियाकलाप ८ : क्रियाकलाप ४ मा दिइएको विद्यालयमा फूलबारी निर्माणको लागि सामूहिक प्रस्ताव तयार पार्न निम्नानुसारको क्रियाकलाप गराउनुहोस् ।

- विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस्
- फूलबारी निर्माण गर्नको लागि आवश्यक पर्ने क्षेत्र निश्चित गर्न लगाउनुहोस्
- फरक फरक समूहले फरक फरक क्षेत्रमा कार्य गर्नुपर्ने कुरा छलफल गराउनुहोस्
- फूलबारी निर्माणको लागि प्रस्तावको नमुना प्रस्तुत गर्नुहोस् र छलफल गर्नुहोस् ।
- उनीहरूलाई सो परियोजनाको उदेश्य, लागत र स्रोत, बिरुवाको उपलब्धता र सङ्ख्या, समयसीमा, जिम्मेवारी र अनुगमन र मूल्याङ्कन प्रक्रिया सम्बन्धमा छलफल गराउनुहोस् ।
- यसपछि प्रस्ताव लेखन गर्न निश्चिन समय दिई सो समयभित्र आफूलाई बुझाउनुपर्ने कुरा सम्झाउनुहोस् ।
- प्रस्ताव तयार पारेपछि सामूहिक छलफल गरी अन्तिमरूप प्रदान गर्नुहोस्
- सबै समूहलाई आफ्नो प्रस्ताव प्र.अ. समक्ष पेस गर्न लगाउनुहोस् र आफूले समन्वय गर्नुहोस्
- स्वीकृत प्रस्तावअनुसार कार्यप्रक्रिया अगाडि बढाउन विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुहोस् ।

**५. मूल्याङ्कन/प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण गर्नुहोस् । आवश्यक परेका थप सिकाइका अवसर प्रदान र सुधारात्मक सिकाइ सहजीकरणसमेत गर्नुहोस् ।

**केही नमुना प्रश्नहरू**

(क) योजना तर्जुमाको छोटो परिचय दिनुहोस् ।

(ख)  विकासका योजना तयार पार्न समुदायको सहभागीता किन आवश्यक छ ?

(ग) स्थानीय तहमा विकास योजना तर्जुमाको ढाँचा प्रस्तुत गर्नुहोस् ।

(घ) विकास योजना प्रस्तावनाका आधारभूत तीवहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

## ६. थप अध्ययन सामग्री :

स्थानीय तहका विकास प्रस्तावलाई गाउँ परिषद् वा नगर परिषद्बाट पारित गरिन्छ । पारित भएको विकास प्रस्तावमा स्थानीय उपभोक्ता समिति र स्थानीय निकाय प्रतिनिधिबिचको सर्तसहितको सम्झौतामा हस्ताक्षर हुन्छ । विकास प्रस्तावको सम्झौता भएपछि कार्य सञ्चालनका निमित्त स्वीकृति प्रदान गरिन्छ । उपभोक्ता समितिले सम्झौता गर्दा स्थानीय तहमा पेस गर्ने कागजातहरू निम्न प्रकार छन् :

- उपभोक्ता समिति गठनको निर्णय प्रतिलिपि
- उपभोक्ता समिति गठनका लागि सार्वजनिक गरिएको सूचनाको प्रतिलिपि
- सम्झौताका लागि वडा कार्यालयको सिफारिस पत्र
- उपभोक्ता समितिका सबै सदस्य तथा पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- प्राविधिकबाट तयार भएको अनुमानित लागत
- सम्झौताका लागि निवेदन पत्र
- सम्झौताका लागि अध्यक्ष, सचिव र कोषाध्यक्ष अनिवार्य उपस्थित हुने
- बैङ्क खाता खोल्नका लागि अध्यक्ष, सचिव र कोषाध्यक्षको १ / १ प्रति अटो साइजको फोटो
- सक्कल नागरिकता प्रमाणपत्र, दस्तखत नमुना कार्ड, खाता खोल्ने २ प्रति फाराम

## ८. परियोजना कार्य :

(क) तपाईं समुदायमा बाटो निर्माणका निम्ति एक प्रस्ताव तयार पार्नुहोस् । तपाईंहरूले तयार पारेको उक्त  प्रस्ताव स्वीकृतिका लागि समुदायका अग्रज व्यक्तिहरूमार्फत तपाईंको गाउँपालिकाका अध्यक्ष / नगरपालिकाका मेयर समक्ष लिखित रूपमा पत्र पेस गर्नुहोस् ।

**एकाइ : ३ हाम्रा सामाजिक मूल्य मान्यता**

**पाठ १ नेपालमा प्रचलित धर्म** ***अनुमानित घन्टी : १***

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा परम्परा एवम् सामजिक मूल्य मान्यताको खोजी गर्दै त्यसले समाजमा पारेको सकारात्मक प्रभावको खोजी गर्न | – नेपालमा प्रचलित धर्महरूको सूची तयार गर्न,<br>– नेपालमा प्रचलित धर्महरूको परिचय दिन<br>– नेपालमा प्रचलित धर्महरूको विशेषता बताउन<br>– सबै धर्मका साझा सारहरू उल्लेख गर्न<br>– एक अर्काको धर्मप्रति सम्मान गर्न र सहिष्णु हुन |

## २.पाठ परिचय

नेपालमा विभिन्न धर्म मानिन्छ । वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालमा हिन्दु, बौद्ध, किराँत, इस्लाम, इसाइ, प्रकृतिलगायत १० ओटा भन्दा बढी धर्म मान्ने समुदाय रहेका छन् । सबै धर्मका आआˆनै मूल्य मान्यता हुन्छन् । सबै धर्मले शान्ति, सद्भाव, सदाचार र मानव कल्याणलाई जोड दिएका छन् । त्यसैले हामी सबैले जुनसुकै धर्म माने पनि त्यसको अन्तिम सार भनेको मानव कल्याण र हित नै हो । त्यसैले आफूले मान्दै आएको धर्मको संरक्षण र सम्बर्धनका साथै अन्य धर्मप्रति पनि सद्भावपूर्ण र सहिष्णु व्यवहार गर्नुपर्छ । यस पाठमा हामीले विभिन्न धर्मको परिचय, विशेषता र धर्मका मुख्य सारहरूको बारेमा छलफल गर्छौं ।

## ३. शैक्षणिक सामग्रीहरू

- विभिन्न धार्मिक स्थलहरूको चित्र
- धार्मिक गतिविधि झल्कने चित्र भिडियो आदि
- विभिन्न धर्मका मुख्य मुख्य पक्षहरू समावेश भएको चार्ट

– नेपालको नक्सा, एटलस

– धर्मका सारहरू समावेश भएको वृक्ष चित्र

**४. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलापः १**

विद्यार्थीहरूलाई तपाइँ कुन धर्म मान्नुहुन्छ भनी प्रश्न गर्ने । विद्यार्थीहरूले दिएको जवाफलाई सिकाइ पाटीमा टिप्दै जाने । विद्यार्थीहरूले दिएको उत्तरमा नेपालमा मानिने सबै धर्महरूको नाम आए नआएको बुझी नआएको खण्डमा शिक्षक आफैँले बाँकी धर्महरूको नाम लेखिदिने र साथसाथै नेपालमा प्रचलित धर्महरूको सूची समावेश भएको चार्ट प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई पनि नेपालमा प्रचलित धर्महरूको सूची तयार गर्न लगाउने ।

**क्रियाकलापः २**

शिक्षकले विभिन्न मन्दिर, गुम्बा तथा विहार, मस्जिद, चर्च आदिको फोटो/चित्र तथा विभिन्न धार्मिक क्रियाकलापहरूको भिडियो क्लिप्स तथा चित्रहरू प्रदर्शन गर्दै उक्त चित्रहरू तथा भिडियो क्लिप्स कुन कुन धर्मसँग सम्बन्धीत छन् ? भनी प्रश्न सोध्नुहोस् र धार्मिक स्थल पहिचान गर्न लगाउनुहोस् । नेपालमा मानिने विभिन्न धर्मका धार्मिक स्थलहरू तथा विभिन्न धर्मसँग सम्बन्धीत विषयवस्तुहरू प्रष्ट पार्नुहोस् ।

उदाहरणका लागिः पशुपतिनाथ, मनकामना, मुक्तिनाथ, जानकी मन्दिरलगायत मन्दिर हिन्दुहरूको धार्मिक स्थल हुन् । स्वयम्भु, बौद्धनाथ, मायादेवी मन्दिर आदि बौद्ध धर्मका धार्मिक स्थल हुन् । देशका विभिन्न भागमा रहेका मस्जिदहरू इस्लाम धर्मका धार्मिक स्थल हुन् भने मार्गस्थानहरू किराँत धर्मका धार्मिक स्थलहरू हुन् ।

**क्रियाकलापः ३**

विद्यार्थीहरूको विभिन्न समूह निर्माण गरी प्रत्येक समूहलाई पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई विभिन्न धर्मको बारेमा निम्न लिखित विवरण समावेश भएको चार्ट तयार गर्न लगाउनुहोस ।

| **धर्म** | **संस्थापक/प्रवर्तक** | **धार्मिक** | **धार्मिक ग्रन्थ** | **मुख्य उपदेश सन्देश** |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | **स्थल** | | |
| **बहाई धर्म** | यस धर्मका प्रवर्तक बहाउल्लाह  हुन् । यस धर्मको प्ररम्भ इरानको तेहरानबाट भएको हो । | यस धर्मको धार्मिक ग्रन्थ अकडस ( किताब ए अकडस) हो । | यस धर्मको धार्मिक स्थल Lotus Temple (हरेक धर्मालम्बीहरूलाई खुल्ला गरिएको) हो । | ईश्वर एक छन् र हरेक युगमा ईश्वरले मानिसलाई शिक्षा प्रदान गर्नका लागि मानव रूपमा जन्म लिन्छन् । सम्पूर्ण पृथ्वी एक देश हो । समस्त मानव त्यहाँका नागरिक हुन् । |
| **प्रकृति धर्म** | म्याक्स मुलर (Max Muller) हुन् । | | | |
| | | | | |
| | | | | |
| | | | | |

**क्रियाकलापः ४**

विद्यार्थीहरूले तयार पारेको चार्ट कक्षाकोठाका विभिन्न क्षेत्रमा टाँस्न लगाउने र ग्यालरी वाक विधिको माध्यमबाट विद्यार्थी समूहहरूलाई उक्त चार्ट अध्ययन गर्न लगाई आवश्यकताअनुसार अन्य समूहबाट सुझाव तथा विषयवस्तु थप घट गरी पृष्ठपोषण दिन लगाउनुहोस् ।

**क्रियाकलापः ५**

विद्यार्थीहरूले विभिन्न धर्मका प्रवर्तक/संस्थापक, धार्मिक स्थल, धार्मिक ग्रन्थ, मुख्य/सन्देश समावेश भएको चार्ट अध्ययन गरिसकेपछि शिक्षकले विद्यार्थीहरूलाई विभिन्न धर्मका  मुख्य सन्देशहरू के के

रहेछन् भनी प्रश्न गर्ने र विद्यार्थीहरूलाई विभिन्न धर्मका मुख्य सन्देशहरू टिपोट गर्न लगाई उक्त सन्देशमध्ये सबै धर्मका मिल्ने सन्देशलाई छुट्टै तालिकामा लेख्न लगाउनुहोस् ।

| धर्म | धार्मिक स्थल | संस्थापक | धार्मिक ग्रन्थ | मुख्य सन्देश | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**क्रियाकलापः ६**

शिक्षकले विभिन्न धर्मका मिल्ने साझा सन्देश समावेश भएको वृक्षचित्र प्रदर्शन गर्दै विद्यार्थीहरूले तयार गरेको सबै धर्मका सन्देशका तालिकामा समावेश नभएका बुँदाहरू पाठमा दिइएको वृक्षचित्रको अध्ययन गरी थप्न लगाउनुहोस् र छलफल गरी प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलापः ७**

विद्यार्थीहरूलाई नेपालको नक्सा बनाउन लगाई एटलसमा नेपालको धार्मिक स्थलहरू खोजी गरी मुख्य मुख्य धार्मिक स्थलहरू समावेश गरी नेपालको नक्सा भर्न लगाउनुहोस् ।

**५.मूल्याङ्कन/प्रतिविम्बन**

क) विद्यार्थीहरूलाई आजको पाठमा अध्ययन गरेका विषयवस्तु द्रुत लेखन गर्न लगाउने र उनीहरूले लेखेका विषयवस्तुहरू पालैपालो प्रस्तुत गर्न लगाई त्यसका आधारमा मूल्याङ्कन गर्नुहोस ।

ख) समूह कार्यमा विद्यार्थीको सक्रियतापूर्वक सहभागी भए नभएको आधारमा अवलोकन फाराम भरी निम्नानुसार मूल्याङ्कन गर्नुहोस ।

| **क्र.स.** | **विद्यार्थीको नाम** | **समूहमा सक्रियता** | **एकअर्कामा सहयोग** | **अन्य समूहलाई पृष्ठपोषण** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

***धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १***

ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्ने र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

**६.थप सुझाव**

आफ्नो समुदायमा मानिने विभिन्न धर्मबिचको आपसी सहयोग सद्भाव र सहिष्णुतालाई अभिवृद्धि गर्ने सन्देश प्रवाह गर्नुहोस् र विद्यार्थीलाई पनि सहयोग, सद्भाव र सहिष्णुता अभिवृद्धि गर्ने काम गर्न प्रेरित गर्नुहोस् ।

**७. थप अध्ययन सामग्री**

धर्मअनुसारको नेपालको जनसङ्ख्या जनगणना वि.सं. २०६८ र २०७८ अनुसार

| **क्र.सं.** | **धर्म** | **जनगणना वर्ष** | |
|---|---|---|---|
| | | **२०६८** | **२०७८** |
| १. | हिन्दु | ८१.३४ प्रतिशत | ८१.१९ प्रतिशत |
| २. | बौद्ध | ९.०४प्रतिशत | ८.२१ प्रतिशत |
| ३. | इस्लाम | ४.३८ प्रतिशत | ५.०९ प्रतिशत |
| ४. | किराँत | ३.०४ प्रतिशत | ३.१७ प्रतिशत |
| ५. | क्रिश्चियन | १.४१ प्रतिशत | १.७६ प्रतिशत |
| ६. | प्रकृति | ०.५ प्रतिशत | ०.३५ प्रतिशत |
| ७. | बोन | १३००६ जना | ०.२३ प्रतिशत |
| ८. | जैन | ३२१४ जना | २३९८जना (०.०१ प्रतिशत) |
| ९. | बहाई | १२८३ जना | ५३७ जना |
| १०. | शिख | ६०९जना | १४९६ जना |

***स्रोतः*** *जनगणना २०७८*

## पाठ २ मानव मूल्य र यसको महत्व

**अनुमति कार्यघण्टा : १**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा परम्परा एवम् सामजिक मूल्य मान्यताको खोजी गर्दै त्यसले समाजमा पारेको सकारात्मक प्रभावको खोजी गर्न | – मानव मूल्यको परिचय दिन<br>– मानव मूल्यको महत्व वताउन र मानव मूल्यको पालना गर्न<br>– मानव मूल्यको विकासमा घर परिवार, समाज र विद्यालयको भूमिका खोजी गर्न |

### २. पाठ परिचय :

मानिसलाई असल व्यक्ति बन्नका लागि आवश्यक पर्ने गुण तथा विशेषतालाई मानव मूल्य भनिन्छ । मानिसले समाजमा आफूलाई पहिचान गराउन तथा आफ्नो व्यवहार र आचरणलाई असल बनाउन प्रदर्शन गर्ने सामाजिक, नैतिक, आध्यात्मिकलगायतका गुणहरू मानव मूल्यभित्र पर्दछन् । यसअन्तर्गत प्रेम, दया, सहयोग, सद्भाव, इमान्दारी, विश्वास, सत्य निष्ठा, सकारात्मक सोच, निष्पक्षतालगायतका मानवीय गुणहरू पर्दछन् । मानिसले एक अर्काबिच आपसी सहयोग, सद्भाव का साथै सहिष्णु व्यवहार गर्नुपर्दछ ।

आपसी सहयोग र सहिष्णु व्यवहारले एक आपसमा सहयोग आदान प्रदान र आपसी सद्भाव कायम हुनजान्छ । साथै मूल्यमा आधारित शिक्षाले हरेक व्यक्तिलाई आफ्नो कर्तव्यप्रति जिम्मेवार बनाउँछ । मानिसको व्यवहारलाई सही मार्ग निर्देश गरी सभ्य समाज निर्माणमा सहयोग पुऱ्याउँछ । मानव मूल्यको विकासमा घरपरिवार, समाज र विद्यालयको महत्वपूर्ण भूमिका रहन्छ । यस पाठमा हामी मानव मूल्यको परिचय, महत्व र मानव मूल्य विकासमा घर परिवार, समाज र विद्यालयको भूमिकाको बारेमा चर्चा गर्दछौं ।

३.  **शैक्षणिक सामग्री :**

- मानव मूल्यका गुणहरू समावेश भएका  मेटाकार्ड
- मानव मूल्यको महाेव झल्कने चित्र, फोटो, भिडियो क्लिप्स
- मानव मूल्यको महाेव समावेश भएको चार्ट⁄स्लाइड
- मानव मूल्यको विकासमा घर, परिवार, समाज र विद्यालयको भूमिका समावेश भएको चार्ट⁄स्लाइड
- मानव मूल्यका गुणसँग सम्बन्धीत स्वः मूल्याङ्कन फारमको नमुना

४.  **सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १**

विद्यार्थीहरूलाई मानव मूल्य भनेको के हो ? भनी सोच जोडीमा छलफल, आदान प्रदान (Think pair and Share-TPS) विधिको माध्यमबाट छलफल गरी छलफलको सारलाई समेत जोड्दै विभिन्न उदाहरणसहित मानव मूल्यको अवधारणा स्पष्ट पार्नुहोस् ।

TPS विशेषगरी रुचि, उत्सुकता जगाउने अथवा पाठप्रति विद्यार्थीको उत्सुकता जगाउन प्रयोग गरिन्छ जसमा विद्यार्थीहरूलाई सिर्जनशील भएर छलफलको विषयबारे चिन्तन गर्न र आफ्नो विचारहरू अरूहरूसँग आदान प्रदान गर्न प्रोत्साहित गरिन्छ ।

**सोच-जोडीमा छलफल-आदान प्रदान** (TPS) **चरणहरू**

पहिलो चरण :  शिक्षकले दिएको प्रश्नहरूका बारेमा तोकिएको समयसिमामा व्यक्तिगत सोच विचार गर्ने

दोस्रो चरण  :  जोडी जोडीमा रही आफ्नो जोडीसँग छलफल गरी साझा विचार बताउने

तेस्रो चरण  :  अन्त्यमा २ वा ३ जोडीले आफ्नो विचार सबै सामु प्रस्तुत गर्ने

चौथो चरण: जोडीका विचारहरू सिकाइपाटीमा टिप्दै जाने र ती विचारलाई जोड्दै विषयवस्तुको अवधारणा स्पष्ट पार्ने

**क्रियाकलाप २**

विद्यार्थीहरूलाई आफूमा भएको गुणहरूको टिपोट गरी सूची बनाउन लगाउने । केही विद्यार्थीहरूलाई आफूले टिपोट गरेका गुणहरू भन्न लगाउने र शिक्षकले सिकाइ पाटीमा टिप्दै जाने । छुट भएका कुनै गुणहरू छन् भने विद्यार्थीलाई भन्न लगाउने विद्यार्थीहरूले टिपोट गरेका सबै गुणहरू बोर्डमा लेखिसकेपछि शिक्षकले मानव मूल्यका गुणहरू समावेश भएको मेटाकार्डहरू देखाउँदै बोर्डमा लेखेका गुणहरूसँग तुलना गरी छलफल गर्ने ।

**क्रियाकलाप ३**

शिक्षकले मानव मूल्यको महोव झल्कने चित्र, फोटो भिडियो आदि प्रर्दशन गर्दै उक्त चित्र फोटो र भिडियोमा देखाइएको विषयवस्तुको बारेमा छलफल गर्ने र विद्यार्थीहरूलाई पनि असक्त अपाङ्गता भएको व्यक्ति, असहाय, जेष्ठ नागरिक, आपत्‌विपत्‌मा परेका व्यक्ति र प्राणी, सहयोग आवश्यक पर्ने व्यक्ति आदिलाई सहयोग र सेवा गरेको अनुभव भए बताउन लगाउने यस्ता व्यक्तिहरूलाई सहयोग र सेवा गर्न प्रेरित गर्ने । क्रियाकलाप ४ को सन्दर्भसमेत जोड्दै उनीहरूको विचार अभिव्यक्त गर्न लगाउने ।

**क्रियाकलाप ४**

शिक्षकले मानव मूल्यको महोव समावेश भएको चार्ट, स्लाईड प्रर्दशन गर्दै मानव मूल्यको महोव बारेमा छलफल गर्ने । विद्याथीहरूलाई मानव मूल्यको महोवको सम्बन्धमा सम्पादकीयको नमुना तयार गर्न लगाउने । पाठको क्रियाकलाप २ सँग यसलाई लिङ्क गर्ने ।

**सम्पादकीयको नमुना**

**सम्पादकीय**

**हाम्रो समाचार दैनिक**

*असार २५*

**मानवमूल्यको प्रवर्धन हाम्रो दायित्व**

**मानव भन्नाले मानिसलाई जनाउँछ र मूल्य भन्नाले मानवमा निहित गुणलाई जनाउँछ । त्यसैले मानव मूल्य भन्नाले मानवलाई असल व्यक्ति बन्नका लागि आवश्यक पर्ने गुणहरूलाई मानवमूल्य भनिन्छ । मानव भएर जन्मेपछि मानव मूल्यका गुणहरू व्यवहारमा लागु गर्नु मानवको कर्तव्य हो ।**

**मानव मूल्यले व्यक्तिलाई अनुशासित बनाउँछ । सामाजिक प्रचलन र परम्पराको संरक्षणमा सहयोग पुऱ्याउँछ । समाजमा रहेको विविधताको सम्मान र समावेशीताको अभ्यास गर्ने बानीको विकास गराउँछ । आपसी सहयोग, सद्भाव र सहकार्यलाई जोड दिन्छ । विभिन्न प्रकारका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग पुऱ्याउँछ । सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न मदत गर्छ ।**

**आजको समाजमा मानव मूल्यको पालना ह्रास भैरहेको सन्दर्भमा यसको परिपालना गरी पछिल्लो पुस्तामा हस्तान्तरण गर्दै जानु वर्तमान समयको माग हो । घररपरिवार तथा विद्यालयले पनि मानव मूल्यमा आधारित गुणहरूलाई प्रवर्धन गरी मानव जीवनलाई सार्थक र सफल बनाउनु पर्दछ ।**

**सम्पादक**

**क्रियाकलाप ५**

विद्यार्थीहरूलाई तपाईंले घरपरिवार, समाज र विद्यालयबाट के कस्ता मानव मूल्यसँग सम्बन्धीत व्यवहार सिक्नुभएको छ ? विद्यार्थीहरूलाई सिकेको व्यवहारहरू पालैपालो भन्न लगाउने उनीहरूले भनेको व्यवहारहरू बोर्डमा टिप्दै जाने र अन्तमा शिक्षकले मानव मूल्यको विकासमा घर परिवार समाज र विद्यालयको भूमिका समावेश भएका चार्ट, स्लाईड प्रदर्शन गर्दै छलफल गर्ने । जस्तै

| घर परिवार | समाज | विद्यालय |
|---|---|---|
| नैतिक आचरणको विकास, | अरुको विचार र भावनको सम्मान, | गुरु र अग्रजको आज्ञा पालना, |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**क्रियाकलाप ६**

विद्यार्थीहरूलाई मानव मूल्यको गुण/विशेषता, महोवसँग सम्बन्धीत पक्ष समावेश गरी गीत, कथा वा कविता लेख्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस्।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

१. विद्यार्थीहरूलाई निम्न लिखित मानव मूल्यसँग सम्बन्धीत गुणहरूको आधारमा स्वः मूल्याङ्कन गर्न लगाई त्यसको आधारमा मूल्याङ्कन गर्नेः

| **क्र.स.** | **मानव मूल्यका गुण** | **छ** | **छैन** |
|---|---|---|---|
| १. | परम्परा, रीतिरिवाज, मूल्य मान्यताअनुसार व्यवहार गर्ने गरको | | |
| २. | विविधताको सम्मान गर्ने गरेको | | |
| ३. | आपसी सहयोग र सहकार्य गर्ने गरेको | | |
| ४. | आफ्ना कमी कमजोरी प्रति दिएका सकरात्मक सुझावहरू हार्दिकतापूर्वक लिने गरेको | | |
| ५. | अरूको विचार र भावनाको सम्मान गर्ने गरेका | | |
| ६. | सत्यको पक्षमा आवाज उठाउने गरेको | | |
| ७. | जेष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति अशक्त र | | |

| | | | |
|---|---|---|---|
| | असहायलाई सेवा र सहयोग गर्ने गरेको | | |
| ८. | घरमा आएका पाहुनालाई आदर र सत्कार गर्ने गरेको | | |
| ९. | आफूभन्दा ठुलालाई सम्मान र सानालाई माया गर्ने गरेको | | |
| १० | सामाजिक कार्यमा सक्रिय सहभागीता जनाउने गरेको | | |
| ११ | गुरु र अग्रजको आज्ञा पालना गर्ने गरेको | | |

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## ६. थप सुझाव

क) विद्यार्थीहरूलाई मानव मूल्यसँग सम्बन्धीत पक्षहरूलाई समावेश गरी भूमिका अभिनय वा नाटक गराउन सकिन्छ ।

ख) मानव मूल्यको पालना घर, परिवार र समुदायमा गर्ने गरे नगरेको सम्बन्धमा अभिभावकसँग भेटघाट हुँदा छलफल गर्ने र सुधार गर्नुपर्ने पक्षहरू भए ती पक्षको सुधारका लागि अभिभावक र शिक्षकबिच सल्लाह गरी सोबमोजिम परामर्श र सहयोग प्रदान गर्नुपर्दछ ।

## ७. थप अध्ययन सामग्री

**मानव मूल्य विकास गर्ने विभिन्न नीति कथा, गीत वा भजनहरू सङ्कलन गरी कक्षामा सुनाउन सकिन्छ**

https://youtu.be/5z_7n-qVUGY

## पाठ ३ नेपाली चित्रकला

**अनुमति घन्टी : २**

### १. सिकाइ उपलब्धि

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| हाम्रो परम्परागत कलाको परिचय र महत्व उल्लेख गर्न | • चित्रकलाको परिचय दिन<br>• नेपाली चित्रकलालाई वर्गीकरण गर्न<br>• परम्परागत चित्रकलाको महत्वको बोध प्रस्तुति गर्न<br>• नेपाली चित्रकलाका संरक्षणका उपायहरू उल्लेख गर्न |

### २. पाठ परिचय

मानिसले आफ्नो भावना, सिर्जनशिलता र दृष्टिकोण अभिव्यक्त गर्ने एक माध्यम कला हो । कलाकारको आफ्नो सिर्जना/कलामा आफ्नो मनका कुरा चित्रको माध्यमबाट अभिव्यक्त गरिरहेको हुन्छन् । नेपालको परम्परागत चित्रकलामा विगतको सामाजिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक पक्षलाई समेटेको पाइन्छ । नेपाली चित्रकलाको इतिहास निकै लामो छ । नेपाली चित्रकलाको सुरुआत धार्मिक दृष्टिकोणबाट भएको अनुमान गरिन्छ । हिन्दु धर्म ग्रन्थ रामायणमा राम बनवास गएपछि शोकाकुल भएका दशरथलाई रानी कौशल्याले रामको चित्र देखाएको प्रसङ्ग समावेश छ । लिच्छवीकालीन दरबारहरू पनि चित्रकलाबाट सुसज्जित भएको कुरा चिनियाँ यात्रीहरूले उल्लेख गरेको पाइन्छ । चित्रहरू कपडा, ताडपत्र, कागज आदिमा बनाउने हुनाले त्यस्ता चित्रहरू छिट्टै नास हुने हुनाले प्राचीन चित्रकलाको नमुनाहरू दुर्लभ भएका हुन् । यस पाठमा नेपाली चित्रकलाको परिचय, प्रकार, महत्व र संरक्षणमा उपायहरूबारे अध्ययन गरिन्छ ।

## ३. शैक्षणिक सामग्री

- नेपाली चित्रकलासँग सम्बन्धीत चित्रहरू, भिडियो
- चित्रकलाका प्रकार र विशेषता समावेश चार्ट, स्लाइड
- नेपाली चित्रकलाको संरक्षणका उपायहरू समावेश चार्ट, स्लाइड

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

नेपाली चित्रकलाका विभिन्न चित्रहरू जस्तै ग्रन्थचित्र, पौभा चित्र, भित्ते चित्र, मिथिला चित्रको नमुना फोटो वा भिडियो प्रदर्शन गर्दै चित्रकलाको परिचय गराउनुहोस् ।

### क्रियाकलाप २

कक्षाका विद्यार्थीको विभिन्न समूह निर्माण गरी समूह अनुसन्धान विधि (Group investigation method) को प्रयोग बाट नेपाली चित्रकलाको प्रकार र विशेषताहरूको बारेमा पाठ्यपुस्तक तथा विभिन्न सन्दर्भ सामग्री अध्ययन गरी समूहमा छलफल पश्चात् विवरण टिपोट गर्न लगाउनुहोस् र पालैपालो समूहगत प्रस्तुति गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ३

शिक्षकले चित्रकलाको विभिन्न प्रकारका चित्रसहितको चार्ट, स्लाइड प्रर्दशन गर्दै चित्रकलाका प्रकार त्यसअन्तर्गत पर्ने विभिन्न चित्रका उदाहरण र विशेषताहरू छलफल गर्दै प्रष्ट पार्ने ।

### क्रियाकलाप ४

विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा आफूलाई मन परेको चित्र बनाउन लगाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउनुहोस् र चित्रकला किन आवश्यक छ भनी प्रश्नोत्तर विधिको माध्यमद्वारा छलफल गर्ने

र अन्तमा चित्रकलाको महत्व समावेश भएको चार्टहरू प्रर्दशन गर्दै शिक्षकले चित्रकलाको महत्व प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप ५**

नेपाली चित्रकला र हाम्रो जीवन पद्धति, संस्कार र धर्मबिचको सम्बन्ध खोजी गर्न विद्यार्थीहरूको जोडी निर्माण गरी पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन गर्न लगाउनुहोस् त्यसको सारांश भन्न लगाउनुहोस् र शिक्षकले आवश्यकताअनुसार छलफल गरी नेपाली चित्रकला र हाम्रो जीवन पद्धति र धर्मबिचका सम्बन्ध प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप ६**

शिक्षकले विद्यार्थीहरूलाई आफ्नो भनाइ राख्न मिल्ने गरी नेपाली चित्रकलाको कसरी संरक्षण गर्न सकिन्छ ? नेपाली चित्रकलाको संरक्षणमा कसको भूमिका महत्वपूर्ण हुन्छ ? लगायतका प्रश्नहरू सोध्ने विद्यार्थीहरूलाई त्यसको उत्तर आफ्नो कापीमा लेख्न लगाउने र शिक्षकले पालैपालो आफ्नो भनाइ राख्ने अवसर दिनुहोस् र अन्तमा शिक्षकले पृष्ठपोषणसहित नेपाली चित्रकलाको संरक्षणको उपाय र चित्रकलाको संरक्षणमा विभिन्न निकायको भूमिका प्रष्ट पारिदिनुहोस् ।

**चित्रकलाको संरक्षणका उपायहरू र विभिन्न निकायको भूमिका**

- चित्रकलाको महत्व र उपयोग सम्बन्धमा जानकारी प्रदान गर्ने
- विद्यालय तहको पाठ्यपुस्तकमा चित्रकलाका विषयवस्तु समावेश गर्ने
- विद्यालय र समुदायमा चित्रकला प्रतियोगीता आयोजना गर्ने
- चित्रकलालाई व्यावसायीकरण गर्ने
- चित्रकला प्रदर्शनीको आयोजना गर्ने
- विश्वविद्यालयको पाठ्यक्रममा चित्रकला विषय समावेश गरी चित्रकलाको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने गराउने

– कलाकारलाई सम्मान र पुरस्कारको व्यवस्था गर्ने

**क्रियाकलाप ७**

नेपाली चित्रकलाका बारेमा जानकारी भएका व्यक्तिहरू स्थानीय समुदायमा भए उनीहरूलाई स्रोत व्यक्तिका रूपमा कक्षाकोठामा आमन्त्रण गरी नेपाली चित्रकलाको बारेमा कक्षाकोठामा छलफल गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/स्वप्रतिविम्बन

क) विद्यार्थीहरूले समूह छलफलमा सहभागीता, सक्रियता र जिम्मेवारी बोध गरेको आधारमा अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्नुहोस् थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

**केही नमुना प्रश्न**

क) चित्रकला भनेको के हो ?

ख) ग्रन्थ चित्रका दुईओटा विशेषताहरू भन्नुहोस् ?

ग) भित्ते चित्रको धार्मिक महìव उल्लेख गर्नुहोस् ।


घ) नेपाली चित्रकलाको विकासका लागि के गर्नुपर्छ ?

ङ) नेपाली चित्रकलाको २ ओटा महìव के के हुन् ?

## ६. थप सुझाव

कक्षकोठामा चित्रकला प्रतियोगीता आयोजना गरी उत्कृष्ट हुने विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्न सकिन्छ ।

७. **थप अध्ययन सामग्री :** नेपाली चित्रकला ( प्राचीन र मध्यकालीन पृष्ठभूमि ) लेखक: सत्यमोहन जोशी, विष्णु मण्डल




## पाठ ४ : नेपाली मूर्तिकला

### १. सिकाइ उपलब्धि

**अनुमानित कार्यघण्टा :२**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| हाम्रो परम्परागत कलाको परिचय र महोव बनाउन | – मूर्तिकलाको परिचय दिन<br>– नेपाली मूर्तिकलाको विशेषताहरूको सूची तयार पार्न<br>– मूर्तिकलाको विकास र संरक्षणका उपायहरू उल्लेख गर्न<br>– आफ्नो समुदायमा रहेका मूर्तिहरू अध्ययन गरी महोवपूर्ण तथ्यहरू सङ्कलन गर्न |

### २. पाठ परिचय

विभिन्न प्रकारका प्रस्तर, धातु, ढुङ्गा, काठ, माटो आदिबाट मूर्ति बनाउने कलालाई मूर्तिकला भनिन्छ । नेपालमा प्राचित कालदेखि नै विभिन्न देवी देवताका मूर्ति बनाउने परम्परा रहेको पाइन्छ । नेपाली मूर्तिकलालाई उक्त मूर्तिका विशेषता र शैलीका आधारमा प्रारम्भिक मूर्तिकला, लिच्छवीकालीन मूर्तिकला र मध्यकालीन मूर्तिकला गरी वर्गीकरण गरिएको पाइन्छ । नेपालको सबैभन्दा पुरानो मूर्ति पशुपति आर्यघाट स्थित विरूपाक्षको मूर्तीलाई लिइन्छ । उक्त मूर्तिलाई किराँतकालीन मूर्तिका रूपमा लिइन्छ । त्यसैगरी लिच्छवीकालमा पनि विभिन्न मूर्तिहरू बनेको पाइन्छ । त्यस समयमा बनेका मूर्तिहरूमा चाँगुनारायणको मन्दिरभित्र र परिसरमा निर्माण भएका मूर्तिहरू, बुढानीलकण्ठका मूर्तिहरू हुन् । धार्मिक विषयवस्तुमा सुन्दर र गतिशिल मूर्तिहरू लिच्छवीकालमा बनेको पाइन्छ । मध्यकालमा काठ, धातु र ढुङ्गाको मूर्ति बनाउने प्रचलन बढी थियो । मध्यकालमा देवी देवताको मूर्तिका साथै मल्लकालीन राजाहरूको सालिक पनि निर्माण गरिन्थ्यो । राणाकालमा राणा प्रधानमन्त्रीहरू र शाह राजाहरूको सालिक बनेको पाइन्छ । नेपाली मूर्तिकलाको सुरुआत किराँतकालदेखि भएको र हालसम्म

आइपुग्दा मूर्तिकला व्यावसायिक रूपमा विकास हुँदै गएको पाइन्छ । यस पाठमा मूर्तिकलाको परिचय, विभिन्न समयका मूर्तिकलाको विशेषता र मूर्तिकलाको संरक्षण र संवर्धनका उपायका बारेमा छलफल गर्दछौँ ।

## ३. शैक्षणिक सामग्री

- मूर्तिकलासँग सम्बन्धीत विभिन्न चित्रहरू र भिडियो
- नेपाली मूर्तिकलाका विशेषता समावेश चार्ट वा स्लाइड
- नेपाली मूर्तिकला संरक्षणको उपाय समावेश चार्ट वा स्लाइड
- लिच्छवीकालीन र मध्यकालीन मूर्तिका उदाहरण समावेश भएका तालिका

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १


विद्यार्थीहरूलाई तपाईंको समुदायमा वा तपाईंको घर वरिपरि कुनै मूर्तिहरू छन् ? यदि छन् भने के कस्ता मूर्तिहरू छन् भनी मूर्तिहरूको बारेमा सोधखोज गर्दै छलफल गराउनुहोस् ।

### क्रियाकलाप २

विभिन्न प्रकारका मूर्तिका चित्रहरू, भिडियो क्लिप्सको प्रर्दशन गर्दै नेपाली मूर्तिकलाको परिचय, सुरुआत समय तथा मूर्तिकलाको धार्मिक सांस्कृतिक सम्बन्ध बारेमा छलफल गराउनुहोस् ।

### क्रियाकलाप ३

कक्षाकोठामा विद्यार्थीहरूको विभिन्न समूह निर्माण गरी ग्राफिटी विधिको माध्यमबाट एउटा समूहका विद्यार्थीलाई न्युजप्रिन्ट पेपरमा किराँतकालीन मूर्तिकला, दोस्रो समूहकालाई लिच्छिवीकालीन मूर्तिकला र तेस्रो समूहकालाई मध्यकालका मूर्तिकलाका विशेषता र उदाहरणहरू लेख्न लगाउने । प्रत्येक समूहबाट लेखिसकेपछि क्रमशः त्यो दोस्रो, तेस्रो समूहमा पालैपालो लेख्न लगाउने । बसाइ व्यवस्थापन राउन्ड टेबुल वा गोलाकार हुनुपर्दछ । हरेक व्यक्तिले आफूलाई लागेका कुरा लेख्नुपर्ने छ । अन्त्यमा अन्य समूहका व्यक्तिले थपेको विषयवस्तु सहित सम्बन्धीत समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।



**क्रियाकलाप ४**

विद्यार्थी समूहले पालैपालो समूहगत रूपमा प्रस्तुति गरिसकेपछि शिक्षकले नेपाली मूर्तिकलाको विशेषता समावेश भएको निम्नानुसारको चार्ट वा स्लाइड प्रदर्शन गर्दै छलफल गर्ने ।

| नेपाली मूर्तिकला | उदाहरण | विशेषता |
|---|---|---|
| किराँतकालीन मूर्तिकला | विरूपाक्षको मूर्ति | – साधारण र गोलो आकारको अनुहार देखाउनु<br>– अनौठो वरमुद्रा प्रस्तुन हुनु<br>– छड्के पटुकाको प्रयोग<br>– गोडामा ठुल्ठुला कल्लीको प्रयोग |
| लिच्छलीकालीन मूर्तिकला | – बुढानीलकण्ठको नारायणको मूर्ति<br>– पलाञ्चोक भगवतीको मूर्ति | – आकर्षक मूखाकृति हुनु<br>– नारी मूर्तिमा लचकताको गुण देखिनु<br>– पारदर्शी कपडाको प्रयोग<br>– आङ्गीक अनुपातको मेल |
| मध्यकालीन मूर्तिकाला | – काठमाडौँको हाँडी गाउँको सरस्वतीको मूर्ति<br>– हाडीगाउँको उमामहेश्वरको मूर्ति | – लाम्चो र सानो मुखाकृति<br>– अत्याधिक गरगहनाको प्रयोग<br>– विशेष प्रकारको मुकुटको प्रयोग<br>– तान्त्रिक प्रभाव रहनु |

**क्रियाकलाप ५**

शिक्षकले चार्ट/स्लाइडको माध्यमबाट मूर्तिकलाको विशेषता र उदाहरण प्रस्तुत गरिसकेपछि विद्यार्थीहरूलाई लिच्छलीकालीन र मल्लकालीन मूर्तिकलाका नामहरू पाठ्यपुस्तक वा  सन्दर्भ सामग्री वा इन्टरनेट आदिको माध्यमबाट खोजी गरी तालिका निर्माण गर्न लगाउने र कक्षाकोठामा टाँस्न लगाउने र प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

जस्तै :

| **लिच्छविकालीन मूर्तिकला** | **मल्लकालीन मूर्तिकला** |
|---|---|
| १. पलाञ्चोक भगवतीको मूर्ति | १.  फर्पिङको महिषासुर मर्दिन |
| २. | २. |
| ३. | ३. |

**क्रियाकलाप ६**

विद्यार्थीहरूलाई आफ्नो समुदाय तथा विद्यालय आपसको क्षेत्रमा रहेको कुनै एक मूर्तिको अवलोकन गरी निम्न लिखित विवरणहरू सङ्कलन गर्न लगाउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

- मूर्तिको नाम :
- मूर्ति निर्माण भएको मिति :
- मूर्ति रहेको स्थान :
- मूर्तिको महोव :
- मूर्तिको वर्तमान अवस्था :
- संरक्षणका लागि अपनाइएका उपायहरू :
- सुझावहरू :

**क्रियाकलाप ७**

विद्यार्थीहरूले विवरण प्रस्तुत गरीसकेपछि नेपालमा रहेका मूर्तिकलाको संरक्षण र संवर्धन गर्ने उपायहरूका बारेमा छलफल गर्दै नेपालमा ललितकला क्याम्पस, काठमाडौं विश्वविद्यालय, अन्य विश्व विद्यालयलगायत विभिन्न सङ्घसंस्थाले मूर्तिकलाको अध्ययन अध्यापन र संरक्षणमा पुऱ्याएको योगदानको चर्चा गर्ने ।

**क्रियाकलाप ८**

पाठ्यपुस्तकको क्रियाकलाप तीनमा विद्यार्थीले प्रस्तुति गरिसकेपछि निम्नानुसारको उपायहरू आए नआएको सुनिश्चित गरी नआएको भए थप जानकारी प्रदान गर्नुहोस् ।

**नेपाली मूर्तिकलाको व्यवसायिकरण गर्ने उपायहरू**

- मूर्तिकलाको प्रवर्धन गर्न राज्यले नीतिगत प्रबन्ध मिलाउनुपर्छ ।
- मूर्तिकलासम्बन्धी सिप र तालिमहरू प्रदान गर्नुपर्छ ।
- मूर्तिकलाको प्रचार प्रसारलाई योजनाबद्ध तरिकाले अगाडि बढाउनुपर्छ
- मूर्तिकारलाई सम्मान र प्रोत्साहनको व्यवस्था गर्नुपर्छ ।
- वेला वेलामा मूर्तिकला प्रदर्शनीको आयोजना गर्नुपर्दछ ।
- राम्रा मूर्तिकारलाई अध्ययन, अनुसन्धान र वैदेशिक भ्रमणको प्रबन्ध मिलाउनुपर्छ ।
- विश्वव्यापी मूर्तिकला प्रदर्शनीमा सहभागीता बढाउनुपर्छ

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीहरूले तयार गरेको प्रतिवेदनलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् :

| क्र.सं. | विवरण | उत्कृष्ट (३) | मध्यम (२) | सामान्य (१) |
|---|---|---|---|---|
| १. | प्रतिवेदन ढाँचा | | | |
| २. | विषयवस्तु | | | |
| ३. | प्रस्तुतीकरण | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | समन्वय, सहयोग र सहकार्य | | | |

ख) विद्यार्थीहरूको समूहकार्यमा सहभागीता, सक्रियता, विषयवस्तुको जानकारी, सहयोग र समन्वय र प्रस्तुति आदिको अवलोकन गरी त्यसको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **समूहमा सक्रियता** | **विषयवस्तुको जानकारी** | **सहभागीताको अवस्था** | **जिम्मेवारी वहन** | **सहयोग र समन्वय** | **अन्य समूहलाई पृष्ठपोषण** |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |

उत्कृष्ट -३, राम्रो - २, सुधार गर्नुपर्ने -१

ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

नमुना प्रश्नहरू

अ. मूर्तिकला भनेको के हो ?

आ. नेपाली मूर्तिकला धार्मिक र सांस्कृतिक परम्परासँग जोडिएका छन् पुष्टि गर्नुहोस् ।

इ. नेपाली मूर्तिकलाको संरक्षणका उपयाहरू उल्लेख गर्नुहोस् ।

६. थप सुझाव : विभिन्न कालखण्डका मूर्तिकलाको चित्र र नाम समेत समावेश गरी एल्बम वा बिगबुक तयार पार्न लगाउन सकिन्छ ।

७. थप अध्ययन सामग्री

**ग्राफिटी (Graffiti)**

- समूहलाई फरकफरक कार्य दिने (न्युजप्रिन्टमा लेख्न लगाउने, केही समयपछि एउटा समूहको न्युजप्रिन्ट पालैपालो
- अर्को समूहलाई दिने, ती समूहले नपुग लागेको कुरा थप्ने । यसरी हरेक समूहको न्युजप्रिन्ट हरेक समूहमा पुगेर थप
- कुरा लेखी सकेपछि सम्बन्धीत समूहलाई अन्यसमूहको थप कुरा सहित प्रस्तुत गर्न लगाउने ।

# पाठ ५ : नेपाली वास्तुकला

**अनुमानित घन्टी : १**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रो परम्परागत कलाको परिचय र महŒव बनाउन | – नेपाली वास्तुकलाको परिचय दिन<br>– नेपाली वास्तुकलाका प्रकाहरू उल्लेख गर्न<br>– नेपाली वास्तुकलाको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्न<br>– नेपाली वास्तुकला संरक्षणका उपायको सूची तयार गर्न |

## २. पाठ परिचय

वास्तुको अर्थ वासस्थान हो । वासस्थानसम्बन्धी कलालाई वास्तुकला भनिन्छ । त्यसैले घर, मन्दिर, दरबार, पाटीपौवा, देवालय, चैत्य, स्तुप आदिसँग सम्बन्धीत कला वास्तुकला हो । प्राचीन नेपाली वास्तुकला प्रचलनमा छन् । यी वास्तुकलामा धार्मिक एवम् सांस्कृतिक प्रभाव रहेको पाइन्छ । नेपाली वास्तुकला सांस्कृतिक तथा वैज्ञानिक दृष्टिकोणबाट पनि उत्तम रहेको पाइन्छ । नेपाली वास्तुकलालाई विश्वव्यापी पहिचान दिन अरनिकोको योगदान महŒवपूर्ण छ । उनले नेपाली वास्तुकलालाई चीनलगायतका विभिन्न देशमा चिनाउन भूमिका निर्वाह गरेकाले उनलाई राष्ट्रिय विभूतिको पहिचान दिइएको छ । नेपाली प्राचीन वास्तुकलामा प्यागोडा शैली (Pagoda style) स्तुप वा चैत्य शैली, शिखर शैली र मिश्रित शैलीका नमुनाहरू रहेका छन् । राणाकालीन समयमा नेपाली वास्तुकलामा युरोपेली शैलीका दरबारहरू बनेको पाइन्छ । नेपाली परम्परागत वस्तुकलाको संरक्षण र संवर्धन कार्यमा हामी सबैले सहयोग पुऱ्याउनुपर्छ ।

## ३. शैक्षणिक सामग्री

- नेपाली वास्तुकलासम्बन्धी फोटो, चित्र तथा भिडियो
- नेपाली वास्तुकलाका प्रकारहरूको उदाहरणसहितको चार्ट

- नेपाली वास्तुकला संरक्षण सम्बन्धीत चार्ट स्लाईड आदि

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

नेपाली वास्तुकलाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धमा चित्र, चार्ट, उदाहरण आदि प्रस्तुत गरी छोटो जानकारी प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप : २**

नेपाली परम्परागत वास्तुकलासँग सम्बन्धीत विभिन्न फोटो चित्र र भिडियोहरू प्रदर्शन गर्दै प्यागोडा शैली, स्तुप शैली, शिखर शैली र आधुनिक शैलीका विभिन्न उदाहरण र विशेषताका सम्बन्धमा छलफल गर्ने ।

**क्रियाकलाप ३ :** विभिन्न वास्तुकला शैलीका विशेषता झल्कने मेटाकार्ड तयार पारी कक्षामा विभिन्न समूहमा वितरण गर्ने र तलको जस्तै तालिका बनाई न्युजप्रिन्ट पेपरमा टाँस्न लगाउनुहोस् ।

| प्यागोडा शैली | शिखर शैली | स्तुप शैली | आधुनिक शैली |
|---|---|---|---|
| | | | |
| | | | |

**क्रियाकलाप ४**

विद्यार्थीहरूलाई पशुपतिनाथको मन्दिर, काष्ठमण्डप, लुम्बिनीको मायादेवी मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथ, पाटनको कृष्णमन्दिर, सिंह दरबार, स्वयम्भूको प्रतापपुर र अनन्तपुर मन्दिरको चित्रहरू प्रदर्शन गर्दै उक्त चित्र कुन कुन शैलीमा पर्दछन् । त्यसलाई छुट्याएर सूची तयार गर्न लगाउने र शिक्षकलाई आवश्यकताअनुसार सहजीकरण गर्ने ।

जस्तै :

| प्यागोडा शैली | स्तुप वा चैत्य | शिखर शैली | युरोपेली शैली |
|---|---|---|---|
| १. पशुपतिनाथ मन्दिर | १. स्वयम्भूनाथ | १.पाटनको कृष्ण मन्दिर | १.सिंह दरबार |
| २. | २. | २. | २. |
| ३. | ३. | ३. | ३. |

**क्रियाकलाप ५**

नेपाली वस्तुकलाको सम्बन्धमा विभिन्न पत्रपत्रिका प्रकाशित समाचार, सम्पादकीय, चित्र वा लेखहरूको कटिङ्स् सङ्कलन गरी कक्षाकोठामा बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

**क्रियाकलाप ६**

विद्यार्थीहरूलाई आफ्नो समुदायमा भएका विभिन्न वास्तुकला को अवस्थिति, अवस्था र विशेषता खोजी गर्न लगाई कक्षामा छलफल गर्न लगाउने र ती वास्तुकला संरक्षणका उपायहरू सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७**

**नेपाली वास्तुकलाको वर्तमान अवस्था र यसको संरक्षणमा हाम्रो दायित्व** शीर्षकमा कक्षाकोठामा वक्तृत्वकला प्रतियोगीता आयोजना गरी प्रतियोगीतामा सहभागी हुन सबै विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुहोस् र प्रतियोगीतामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्नुहोस् ।

**वस्तृत्वकलाका लागि मुख्य मुख्य विषयवस्तु**

– नेपाली वास्तुकलाको इतिहास पुरानो छ । लिच्छवीकालीन वास्तुकलाका नमुनाहरू अहिले पनि जीवन्त छन् जसले हाम्रा पूर्वजको सिप,कला र कालिगढीपनलाई अहिले पनि स्मरण गराइ राखेका छन् । चाँगुनारायण मन्दिर, भद्राधिवास भवन, कैलाशकुट दरबारको गाथा र महिमाले अहिले पनि हामी इतिहासको सम्मान गर्न तयार रहन्छौं । वास्तुकलाका ऐतिहासिक धरोहरहरू

अहिले पनि अस्तित्वमा छन् । जसको नाममात्र लिँदा पनि हाम्रो छाति गर्वले फुल्छ । कतिपय प्राचीन र मध्यकालीन वास्तुकलाहरू अहिले पनि अस्तित्वमा छन् । जस्तै चाँगुनारायण मन्दिर, पशुपति नाथ मन्दिर, स्वयम्भूनाथ चैत्य, काठमाडौँ दरबार क्षेत्र, पाटन दरबार क्षेत्र र भक्तपुर दरबार क्षेत्र

- यीबाहेक पलाञ्चोक भगवती मन्दिर, जानकी मन्दिर, गोरखा दरबार, नुवाकोट दरबार, ल्होमा थाङ दरबार, पनौतीको इन्द्रेश्वर मन्दिर आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ ।
- नेपाली वास्तुकलाको बिरासतलाई जोगाइराख्न वर्तमानमा चुनौतीहरू थपिँदै गएका छन् । कतिपय वास्तुकलाहरू विभिन्न कालखण्डमा भएका भूकम्प र प्राकृतिक विपत्का कारण क्षतिग्रस्त भई मर्मत सम्भारको पर्खाइमा रहेका छन् । कतिपय सम्पदाहरू अहिले पनि संरक्षणको अभावमा लोप हुने खतरामा छन् भने केही वास्तुकलाका नमुनाहरू विश्व सम्पदा सूचीमा सूचीबद्ध भएका कारण त्यसको मर्मत सम्भार र संरक्षणमा चासो र सक्रियता रहिरहेको पाइन्छ । हाम्रा गाउँघरमा पनि आआफ्नै शैलीका घर र भवनहरू बनाउने अभ्यास विद्यमान छ । आधुनिक शैलीका घरहरू बनाउने प्रचलन बढ्दै जाँदा पक्की घरहरूले गाउँघरतिर पनि स्थान पाउन थालेका छन् ।
- परम्परागत वास्तुकलाको संरक्षण र संवर्धनमा हाम्रो भूमिका सकारात्मक हुनुपर्छ । नेपाली वास्तुकलाको संरक्षण र संवर्धनका लागि यस्ता वास्तुकलाको मर्मत वा जिर्णोद्धार गर्दा पूरानै कला र स्वरूपलाई नबिगारी मर्मत वा जिर्णोद्धार गर्नुपर्छ ।
- नेपाली कला र मौलिकता झल्कने गरी घर, मन्दिर र संरचनाहरू निर्माण गर्नुपर्दछ ।
- विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको सरसफाइमा ध्यान दिनुपर्छ । सम्पदा वरपर प्रदूषण हुन दिनुहुँदैन् ।
- नेपाली वास्तुकलाको जानकारी दिने विषयवस्तुहरू विद्यालय तहको पाठ्यक्रममा समावेश गर्नुपर्छ ।
- नेपाली वास्तुकलाको प्रवर्धन र प्रचार प्रसार गर्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

**क्रियाकलाप ८**

विद्यार्थीहरूलाई नेपाली परम्परागत वस्तुकलाको संरक्षणमा स्थानीय तह, समुदाय, **नागरिक/विद्यार्थी**को भूमिका के के हुन सक्दछन् भनी विद्यार्थीलाई प्रश्न गर्ने, विद्यार्थीले दिएको उत्तरहरूलाई बोर्डमा टिप्दै जाने र अन्तमा शिक्षकले नेपाली परम्परागत वास्तुकला संरक्षणमा स्थानीय तह, समुदाय, नागरिक/विद्यार्थीको भूमिका छुट्टाछुट्टै लेखिएको स्लाइड वा चार्ट प्रदर्शन गर्दै छलफलको माध्यमबाट प्रष्ट पार्ने ।

| **स्थानीय तह** | **समुदाय** | **नागरिक/विद्यार्थी** |
|---|---|---|
| कलाको क्षेत्रमा महोवपूर्ण योगदान गर्ने व्यक्तिहरूलाई पुरस्कृत तथा सम्मान गर्ने | स्थानीय व्यक्तिहरूलाई प्राचीन बास्तुकलाको संरक्षण सम्बन्धमा जनचेतना जगाउने | घर, मन्दिर, पाटी पौवा निर्माण गर्दा परम्परागत मौलिक वास्तुकलाको डिजाइनमा बनाउने |
| | | |
| | | |

**क्रियाकलाप ९**

विद्यार्थीहरूलाई नेपाली परम्परागत वास्तुकलासँग सम्बन्धीत कुनै एउटा चित्र बनाउन लगाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउने ।

## ५.मूल्याङ्कन/प्रतिविम्वन

क) नेपाली वास्तुकलाको सम्बन्धमा वक्तृत्वकलामा सहभागीता र प्रस्तुति, चित्र निर्माण, समाचार, सम्पादकीय र लेख सङ्कलन तथा लेखन आदिको फरक फरक रुजुसूची बनाई मूल्याङ्कन गर्नुहोस् ।

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धीत थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप

सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

१. वास्तुकला भनेको के हो ?

२. वस्तुकलाको महiव उल्लेख गर्नुहोस् ?

३. नेपाली वस्तुकलालाई कति भागमा वर्गीकरण गरिएको छ ? नाम भन्नुहोस् ।

४. नेपाली वस्तुकलालाई कसरी संरक्षण गर्न सकिन्छ ? प्रष्ट पार्नुहोस् ।

## ६. थप अध्ययन सामग्री

तलको लिङ्कमा गई नेपाली वास्तुकलासम्बन्धी जानकारी लिन सकिने छ ।

https://chinarinepal.com

# पाठ ६ धार्मिक सहिष्णुता र धर्म निरपेक्षता

## १. सिकाइ उपलब्धि

अनुमति कार्यघण्टाः २

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको महोव बताउन र व्यावहारिक अभ्यास गर्न | – धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको परिचय दिन<br>– धार्मिक सहिष्णुताले समाजमा पार्ने सकरात्मक प्रभावहरू उल्लेख गर्न<br>– नेपालको संविधानमा धर्म निरपेक्षताको सम्बन्धमा भएका व्यवस्थाहरू खोजी गर्न<br>– समुदायले मनाउने विभिन्न धार्मिक कार्यमा सहभागी हुन |

## २.पाठ परिचय

नेपाल धार्मिक विविधता भएको देश हो । नेपालीहरू एक अर्काको धर्मको सम्मान गर्दछन् । साथै एक अर्काको धार्मिक तथा सामाजिक क्रियाकलापमा सहभागी हुने गर्दछन् । विभिन्न धर्म मान्ने मानिसहरू सँगै मिलेर बसोबास गर्दछन् । विभिन्न धर्म मान्ने एकै ठाउँमा मिलेर बस्नु र एक अर्काको धर्मलाई सम्मान गर्नु धार्मिक सहिष्णुता हो ।

नेपालमा प्राचीन कालदेखि वर्तमान समयसम्म धार्मिक सहिष्णुता कायम रहँदै आएको छ । नेपालमा मानिने सबै धर्मलाई समान व्यवहार, सम्मान र सद्भाव प्रकट गर्न नेपाललाई वि.सं. २०६३ जेष्ठ ४ गते धर्म निरपेक्ष राज्य घोषणा गरिएको थियो । नेपालको संविधानको प्रस्तावनामा समेत नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रूपमा पहिचान दिइएको छ । त्यस्तै संविधानको भाग १ धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतान्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनीएको छ । त्यसैगरी नेपालको संविधानको भाग ३ धारा २६ को मौलिक हकअन्तर्गत धार्मिक स्वतन्त्रताको हकसम्बन्धी व्यवस्था रहेको छ । यस पाठमा धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको महोव र यसको व्यावहारिक अभ्यास सम्बन्धमा चर्चा गरिएको छ ।

## ३. शैक्षणिक सामग्री

– विभिन्न धर्मका धार्मिक स्थल तथा त्यससँग सम्बन्धीत चित्र, फोटो, भिडियो

- धार्मिक सहिष्णुता झल्काउने चित्र र भिडियो
- धार्मिक सहिष्णुता झल्काउने समाचार तथा सम्पादकीयका नमुनाहरू
- धर्म निरपेक्षतासम्बन्धी संवैधानिक व्यवस्था उल्लिखित चार्ट वा स्लाइड

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

सर्वप्रथम विभिन्न धर्मका धार्मिक स्थलहरू र त्यससँग सम्बन्धीत चित्र, फोटो र भिडियोका नमुनाहरू प्रदर्शन गर्दै विद्यार्थीहरूलाई यी चित्र फोटा तथा भिडियो कुन धर्मसँग सम्बन्धीत छ ? भनी प्रश्न गरी छलफल गर्ने । साथै नेपालमा विभिन्न धर्म मान्ने समुदाय रहेको कुरा जानकारी गराउनुहोस् ।

### क्रियाकलाप २

विद्यार्थीहरूलाई निम्नलिखित प्रश्नहरू सोधेर आफ्ना अनुभवहरू बताउन लगाउने र छलफल गर्ने,

क) तपाई कुन धर्म मान्नुहुन्छ ?

ख) तपाईंको आफन्त, साथिहरू र छरछिमेकका अन्य व्यक्तिहरू कुन कुन धर्म मान्नु हुन्छ ?

ग) तपाईं र तपाईंको साथी, आफन्त र छरछिमेकमा फरक धर्म मान्ने व्यक्तिबिच कस्तो व्यवहार गर्ने गरेको पाउनु भएको छ ?

घ) तपाईं र समाजमा अन्य धर्म मान्ने मानिसबिच सहकार्य, एकता, सहयोगको अवस्था कस्तो छ ?

### क्रियाकलाप ३

चित्र, भिडियो, उदाहरण आदि प्रस्तुत गर्दै विभिन्न उदाहरणमार्फत धार्मिक सहिष्णुता र धर्म निरपेक्षताको अवधारणा प्रष्ट पार्नुहोस् ।

तलको जस्तै कक्षा कोठाको उदाहरण पनि दिन सकिन्छ ।

तपाइँहरू एउटै कक्षामा पनि फरक फरक धर्म मान्ने विद्यार्थीहरू पढ्नु हुन्छ । एउटै कक्षामा रहेर आआफ्ना दायित्व ( पढ्ने, मिलेर सिक्ने, खेल्ने, एक आपसमा सहयोग गर्ने ) पूरा गरिरहनु छ । धर्म को नाममा तपाइँहरू कहिल्यै झगडा गर्नुभएको छ र ? जात, धनी गरिब भनेर झगडा गर्ने,

अर्कोलाई अपमान गर्ने गर्नुभएको छ ? र फरक जात, धर्म मान्ने एक आपसमा मिलेरै बस्नु भएको छ । आदि सन्दर्भ उठान गर्दै र विद्यार्थीका अनुभवसमेतलाई जोडेर धार्मिक सहिष्णुताको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४**

धार्मिक सहिष्णुताले समाजमा के कस्ता सकरात्मक प्रभाव परेको होला ? त्यसलाई बुँदागत रूपमा विद्यार्थीलाई टिप्न लगाई पालोपालो कक्षामा प्रस्तुत गर्न लगाउने । विद्यार्थीले भनेका बुँदाहरू शिक्षकले सिकाइ पाटीमा टिप्दै जाने र अन्त्यमा धार्मिक सहिष्णुताले समाजमा पारेको सकारात्मक प्रभावहरूबारे चार्ट वा स्लाइडको माध्यमबाट प्रष्ट पार्नुहोस् ।

**धार्मिक सहिष्णुताले समाजमा पारेको सकारात्मक प्रभाव**

आपसमा मेलमिलाप र सहकार्य वृद्धि भएको

सबै धर्मप्रति समभाव प्रकट भएको

अरु धर्मप्रति सम्मान र इज्जत गर्ने वातावरण तयार भएको

सामाजिक सद्भाव, सहयोग र एकताको भावना वृद्धि भएको

**क्रियाकलाप ५**

धार्मिक सहिष्णुता झल्कने समाचार तथा सम्पादकीयका नमुनाहरू प्रदर्शन गर्दै विद्यार्थीहरूलाई **नेपालमा धार्मिक सहिष्णुताको औचित्य** शिर्षकमा सम्पादकीयको नमुना तयार गर्न लगाउने र कक्षा कोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६**

विद्यार्थीहरूलाई समूहगत रूपमा नेपालको संविधानको धार्मिक स्वतन्त्रतासम्बन्धी मौलिक हकमा भएको व्यवस्थाको बारेमा अध्ययन गर्न लगाई त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र अन्तमा शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ७**

नेपालमा धर्म निरपेक्षताको महोव सम्बन्धमा विद्यार्थीको व्यक्तिगत धारणा बुझ्नुहोस् र उनीहरूको धारणालाई जोड्दै शिक्षकले धर्म निरपेक्षताको महोव विभिन्न उदाहरण र सन्दर्भ प्रस्तुत गर्दै प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप ८**

विद्यार्थीहरूलाई आफ्नो समुदायमा भएका विभिन्न धार्मिक मेला, उत्सव तथा समारोहमा सहभागी भएका फोटो चित्र तथा भिडियोका नमुनाहरू प्रर्दशन गर्न लगाउँदै सबै विद्यार्थीहरूलाई समुदायमा हुने विभिन्न धार्मिक क्रियाकलापमा सहभागि हुँदा अनुभव गरेका सकरात्मक पक्षहरूबारे छलफल गरी प्रष्ट पार्नुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्वन

१. विद्यार्थीहरूले धार्मिक सहिष्णुताको अवस्था शीर्षकमा सम्पादकीय तयार गरेको आधारमा अवलोकन फारम भरी निम्नानुसार मूल्याङ्कन गर्ने :

| क्र.स. | विद्यार्थीको नाम | सम्पादकीयको ढाँचा | विषयवस्तु | प्रस्तुति |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |
| ५ | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नेपर्ने १

२. पाठसँग सम्बन्धीत निम्नलिखित प्रश्न र अन्य प्रश्नहरू थप गरी सोको आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

क) धार्मिक सहिष्णुता भन्नाले के बुझिन्छ ?

ख) धार्मिक सहिष्णुता भन्नाले के बुझिन्छ ?

ग) धर्म निरपेक्षताको महोव उल्लेख गर्नुहोस् ।

६.**थप सुझाव :** धार्मिक सहिष्णुताको सम्बन्धमा नेपालमा भएका अभ्यासहरू सम्बन्धमा पनि चर्चा गर्नुहोस् ।

**७. थप अध्ययन सामग्री :**

नेपालको संविधानमा धर्मसम्बन्धी व्यवस्था

- नेपालको संविधान को भाग १, धारा ४ मा, नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनेको छ ।
- नेपालको संविधानको भाग ३, धारा, २६ मा मौलिक हकका रूपमा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ । जसमा निम्नानुसार व्यवस्था गरिएको छ :

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

## पाठ ७ : समानुभूति र सहयोग

**अनुमानित घन्टी :१**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समानुभूति, सहयोग र शान्ति संस्कृतिको महत्व बोध र अभ्यास गर्न | – समानुभूति र सहयोग र परिचय दिन<br>– समानुभूति र सहयोगको महत्वको सूची तयार गर्न<br>– समानुभूति र सहयोगलाई दैनिक व्यवहारमा प्रयोग गर्न |

### २.पाठ परिचय

समानुभूति शब्द सम र अनुभूति दुई शब्द मिलेर बनेको हो । समको अर्थ बराबर हुन्छ भने अनुभूतिको अर्थ अनुभव वा महसुस गर्नु हुन्छ । त्यसैले समानुभूति भनेको अरुले भोगिरहेको समस्या, परिस्थिति, दुःख, सुख र आसय बुझेर त्यसैअनुसार अनुभूत गरी सक्दो सहयोग वा सदासयता अभिव्यक्त गर्नु हो । त्यसैगरी अरूको भावना विचार र आवश्यकता बुझेर व्यावहारिकरूपमा सहयोग गर्ने मानवीय गुण समानुभूति हो । समानुभूति जस्तै मानवीय जीवनमा सहयोगको पनि आवश्यकता पर्दछ । कुनै व्यक्ति तथा समुदायको अवस्था बुझेर त्यहीअनुसार सहयोग उपलब्ध गराउनु पर्छ । उदाहरणका लागि कुनै विपत्बाट प्रभावित भएका व्यक्तिहरूले दुःख भोगिरहेको अनुभुति गरिसकेपछि हामीले सहयोग उपलब्ध गराउनुपर्छ । यस पाठमा हामी समानुभूति र सहयोगको परिचय, महत्व र त्यसको व्यवहारिक प्रयोगको विषयमा छलफल गर्छौं ।

### ३. शैक्षणिक सामग्री

- समानुभूति र सहयोगसम्बन्धी घटना वा उदाहरणको नमुना
- समानुभूति र सहयोगसम्बन्धी चित्र, फोटो, भिडियो तथा पोष्टर
- समानुभूति र सहयोगको परिचय र महत्वसँग सम्बन्धीत चार्ट/स्लाइड

- समानुभूति र सहयोगसम्बन्धी सम्पादकीयको नमुना

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

समानुभूति र सहयोग सम्बन्धी कुनै घटनाहरू सुनाउन लगाउनुहोस् र समानुभूतिको अवधारणा प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २**

समानुभूति र सहयोगको परिचय, महोव, अन्तरसम्बन्धको बारेमा के. डब्लु, एल. (Know-want to know - learn) चार्टको प्रयोग गरी छलफल गर्ने । जसका लागि निम्नानुसार चरण अवलम्बन गर्ने :

सबैभन्दा पहिला बोर्ड वा कार्डबोर्ड पेपरमा के. डब्लु. एल. चार्ट तयार गर्ने

| **हामीलाई के थाहा छ ?** **(Know)** | **हामी के जान्न चाहान्छौं ?** **(Want to know)** | **हामीले के सिक्यौं ?** **(Learn)** |
|---|---|---|
| | | |

विद्यार्थीहरूसँग छलफल गर्दै विद्यार्थीहरूलाई थाहा भएका विषयवस्तु K-W-L चार्टको हामीलाई के थाहा छ ? सोध्नुहोस् र (Know) महलमा टिप्नुहोस् ।

| **हामीलाई के थाहा छ ?** **(Know)** | **हामी के जान्न चाहान्छौं ?** **(Want to know)** | **हामीले के सिक्यौं ?** **(Learn)** |
|---|---|---|
| • हामीले सबैप्रति | | |

| | | |
|---|---|---|
| समानुभूति र सहयोग गर्नुपर्छ ।<br><br>• समानुभूति र सहयोग असल व्यवहार हो । | | |

हामीलाई के थाहा छ ? (Know) महलमा टिपिसकेपछि विद्यार्थीहरूसँग छलफल गर्दै हामी के सिक्न चाहन्छौँ भन्दै हामी के जान्न चाहान्छौँ (Want to know) महलमा टिप्दै जानुहोस् ।

| **हामीलाई के थाहा छ ?**<br>**(Know)** | **हामी के जान्न चाहान्छौँ ?**<br>**(Want to know)** | **हामीले के सिक्यौँ ?**<br>**(Learn)** |
|---|---|---|
| • हामीले सबैप्रति समानुभूति र सहयोग गर्नुपर्छ ।<br><br>• समानुभूति र सहयोग असल व्यवहार हो । | • समानुभूति र सहयोगको महत्त्व<br><br>• समानुभूति र सहयोग बिचको अन्तरसम्बन्ध | |

**क्रियाकलाप ४**

समानुभूति र सहयोगको महत्त्व के के हुन सक्छन् भनी विद्यार्थीलाई सोच्न लगाई १/१ ओटा महत्त्व पालैपालो भन्न लगाउने विद्यार्थीहरूले भनेका बुँदाहरू शिक्षकले बोर्डमा टिप्दै जाने विद्यार्थीहरूले भनीसकेपछि शिक्षकले समानुभूति र सहयोगको महत्त्व समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै विद्यार्थीहरूले भनेका बुँदाहरूसँग तुलना गर्दै समानुभूति र सहयोगको महत्त्वको बारेमा छलफल गर्दै प्रष्ट पार्ने ।

**क्रियाकलाप ५:** विद्यार्थीहरूले पनि अरूप्रति समानुभूति प्रकट गर्दै कुनै सहयोग गरेको घटना भए त्यस्ता घटनहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।

**क्रियाकलाप ६:** कक्षाकोठामा छलफल तथा प्रश्नोत्तर गर्दै समानुभूति र सहयोगको अन्तरसम्बन्धको बारेमा विभिन्न उदाहरण दिँदै प्रष्ट पार्ने ।

प्रश्नहरू :

- समानुभूतिले सहयोगको आवश्यकता खोज्छ कि खोज्दैन ?
- समानुभूति प्रदर्शन गर्दा सहयोग भएन भने त्यो समानुभूति कस्तो होला ?
- समानुभूति र सहयोग बिचको अन्तरसम्बन्ध भनेको के हो ?
- यी दुईबिच हुने अन्तरसम्बन्धको कुनै एक उदारहण दिनुहोस्

**क्रियाकलाप ७ :** समानुभूति र सहयोगसँग सम्बन्धीत गरी विभिन्न सन्दर्भ वा केस बनाई कक्षामा भूमिका अभिनय गराउनुहोस् ।

जस्तैः खाजा खाने वेलामा एकजना साथीको खाजा पोखिएको केही साथी हाँसिरहेका र एकजना साथीले खाजा पोखिएको साथीलाई सान्त्वना दिँदै आफ्नो खाजा बाँडेर खाएको ।

अरु यस्तै सन्दर्भ शिक्षकले थप गरी भूमिका अभिनय गराउन सक्नुहुन्छ ।

**क्रियाकलाप ८:** समानुभूति र सहयोगको महा्व र अन्तरसम्बन्ध बारे छलफल, प्रश्नोत्तर भूमिका अभिनयपछि निम्नानुसार KWL चार्ट भर्ने ।

| **हामीलाई के थाहा छ ?** **(Know)** | **हामी के जान्न चाहान्छौं ?** **(Want to know)** | **हामीले के सिक्यौं ?** **(Learn)** |
|---|---|---|
| • हामीले सबैप्रति समानुभूति र सहयोग गर्नुपर्छ । | • समानुभूति र सहयोगको महा्व<br>• समानुभूति र सहयोग | • समानुभूति र सहयोगको महा्वबारे सिक्यौं । |

| | | |
|---|---|---|
| • समानुभूति र सहयोग असल व्यवहार हो । | बिचको अन्तरसम्बन्ध | • समानुभूति र सहयोगका अन्तरसम्बन्ध बारे सिक्यौँ ।<br>• समानुभूति र सहयोग सम्बन्धी व्यावहारिक ज्ञान पनि सिक्यौँ । |

**५. प्रतिविम्बन/मूल्याङ्कन**

क) विद्यार्थीहरूलाई समानुभूति र सहयोग पाठ पढिसकेपछि आफूले सिकेका महत्वपूर्ण विषयवस्तुलाई द्रुत लेखन विधिको माध्यमबाट लेख्न लगाउनुहोस् र विद्यार्थीले लेखेको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

ख) विद्यार्थीहरूले गरेको भूमिका अभिनयलाई निम्नानुसारको फाराममा आधारित मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.स.** | **विद्यार्थीको नाम** | **हाउभाउ र अभिनय** | **विषयवस्तुसँगको सम्बन्ध** | **जिम्मेवारी पालना** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

ग) अभ्यासमा दिइएका र निम्न लिखित प्रश्नको आधारमा विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । सिकाइ उपलब्धि राम्रा भएका विद्यार्थीका लागि थप सिकाइका अवसर प्रदान गर्नुहोस् र कमजोर सिकाइ अवस्था भएका

विद्यार्थीका लागि उपचारात्मक शिक्षणका लागि योजना बनाई योजनाअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

अ) समानुभूति भनेको के हो ?

आ) समानुभूतिको महŒव सूची बनाउनुहोस् ।

इ) समानुभूति प्रकट गर्ने कुनै एक घटनाको नमुना तयार गर्नुहोस् ।

**६.थप सुझाव :** विद्यार्थीहरू अरूप्रति समानुभूति प्रकट गरे नगरेको निरन्तर अवलोकन गरी निरन्तर पृष्ठपोषण दिँदै जानुपर्छ । जसबाट विद्यार्थीमा अपेक्षित व्यवहार प्राप्तिमा मदत पुग्छ ।

**७.थप अध्ययन सामग्री :** समानुभूति प्रकट गरेको निम्नानुसारको भिडियो क्लिप्स प्रयोग गर्न सकिन्छ ।

a) https://youtu.be/_mtF0EphPHY

b) https://youtu.be/KeDSxjxvzjk

# पाठ ८ : शान्ति संस्कृति

**अनुमति घन्टी : १**

## १. पाठ्यक्रमले निर्धारण गरेको र पाठगत सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समानुभूति, सहयोग र शान्ति संस्कृतिको महोव बोध र अभ्यास गर्न | – शान्ति संस्कृतिको परिचय दिन<br>– शान्ति संस्कृतिको आवश्यकता उल्लेख गर्न<br>– शान्ति संस्कृति विकास गर्ने उपायहरू पहिचान गर्न<br>– शान्ति संस्कृतिको व्यावहारिक अभ्यास गर्न |

## २. पाठ परिचय

शान्ति संस्कृति व्यक्ति, समाज र राष्ट्रका लागि अत्यावश्यक हुन्छ । व्यक्ति, समाज तथा राष्ट्रमा दिगो रूपमा शान्ति कायम राख्ने उपायहरूको निरन्तर अवलम्बन र अभ्यास गर्नु शान्ति संस्कृति हो । आपसी मेलमिलाप, सहयोग सहकार्य, एक अर्काको सम्मान र विश्वासको वातावरण कायम गर्न शान्ति संस्कृति आवश्यक पर्छ । शान्ति संस्कृतिको माध्यमबाट परिवार, समुदाय, राष्ट्र र विश्वमा द्वन्द्व र हिंसाको अन्त्य गर्नुका साथै समाजमा प्रेम, विश्वास, सहयोग र सहकार्यको वातावरण निर्माण हुन्छ । यस पाठमा हामी शान्ति संस्कृतिको परिचय, आवश्यकता र प्रवर्धनका उपयाहरूको बारेमा छलफल गर्छौं ।

## ३. शैक्षणिक सामग्री

- शान्ति तथा द्वन्द्वसँग सम्बन्धीत चित्र, फोटो तथा भिडियो
- द्वन्द्वलाई शान्तिपूर्ण रूपमा निरूपण गरेको चित्र तथा भिडियो । (विस्तृत शान्ति सम्झौता २०६३ मङ्सिर ५ गते)

- शान्ति सस्कृतिको आवश्यकता तथा प्रवर्धनका उपायहरू समावेश भएको चार्ट/स्लाइड

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

विद्यार्थीहरूलाई शान्ति संस्कृति भन्नाले के बुझ्नुहुन्छ ? भनी प्रश्न गर्ने । विद्यार्थीहरूलाई सोच - जोडीमा छलफल- आदनप्रदान (TPS) विधिको प्रयोग गरी सर्वप्रथम उक्त प्रश्नको उत्तर व्यक्तिगत रूपमा लेख्न लगाउने । विद्यार्थीहरूले व्यक्तिगत रूपमा उत्तर लेखिसकेपछि जोडी जोडीमा छलफल गरी एउटा साझा उत्तर बनाउन लगाउने र अन्त्यमा केही नमुना उत्तरहरू केही जोडीलाई प्रस्तुत गर्न लगाई शान्ति संस्कृतिको परिचय प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप : २**

शिक्षकले आपसी एकता, मेलमिलाप, सहयोग, सहकार्य, द्वन्द्व, हिंसा, झैझगडा आदि सँग सम्बन्धीत चित्र, फोटो र भिडियो क्लिप्स प्रदर्शन गर्दै शान्ति र द्वन्द्वसँग सम्बन्धीत दुवै प्रकृतिका चित्रबिच तुलना गरी छलफलमार्फत द्वन्द्वको अवधारणा, यसको असर र द्वन्द्व व्यवस्थापनका उपाय र एकता, मेलमिलाप, सहकार्यको महत्व बोध गराउँदै यिनीहरूको शान्ति संस्कृति विकासमा महत्वपूर्ण भूमिका रहने कुरा स्पष्ट पार्ने ।

**क्रियाकलाप : ३**

नेपाल सरकार तथा ने.क.पा. माओवादीबिच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको फोटो तथा भिडियो प्रदर्शन गर्दै आपसी सहमति र सहकार्यको संस्कृति विकास भएको खण्डमा द्वन्द्व सिर्जना नहुने मात्र होइन समाज तथा देशमा उत्पन्न भएका द्वन्द्वलाई पनि शान्तिपूर्ण तरिकाले समाधान गर्न सकिन्छ भनी छलफल गर्दै स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४**

कक्षाका सबै विद्यार्थीहरूलाई १/१ ओटा मेटाकार्डहरू वितरण गर्ने उक्त मेटाकार्डमा विद्यार्थीहरूलाई शान्ति संस्कृतिको कुनै एउटा आवश्यकता लेख्न लगाउने । विद्यार्थीले मेटाकार्डमा शान्ति संस्कृतिको आवश्यकता लेखिसकेपछि पालैपालो विद्यार्थीलाई विद्यार्थीहरूलाई शान्ति संस्कृतिको आवश्यकता भन्न लगाउने र शिक्षकले बोर्डमा टिप्दै जाने । विद्यार्थीहरूलाई शान्ति संस्कृतिको आवश्यकता नदोहोरिउन्जेलसम्म भन्न लागउने । अन्तमा शिक्षकले शान्ति संस्कृतिको आवश्यकता समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै शान्ति संस्कृतिको आवश्यकता प्रष्ट पारिदिनुहोस् । जस्तै :

शान्ति सस्कृतिको आवश्यकता

- आपसी सहयोग र सद्भाव कायम गर्न
- विश्व बन्धुत्वको भावना विकास गर्न
- विविधताबिच एकता कायम गर्न
- हिसांको न्यूनीकरण र शान्ति स्थापना गर्न
- असल समाज निर्माण गर्न
- धार्मिक तथा सामाजिक सद्भाव कायम गर्न

**क्रियाकलाप ५**

विद्यार्थीहरूलाई समूहगत रूपमा शान्ति संस्कृतिको प्रवर्धन गर्ने आफूले गर्न सक्ने भूमिका, समाजले गर्न सक्ने भूमिका, समाजले गर्नसक्ने भूमिका र राष्ट्रले गर्नुपर्ने भूमिकाहरू छुट्टाछुट्टै समूहलाई छलफल गर्न लगाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिनुहोस् ।

**क्रियाकलाप ६**

शिक्षकले शान्ति संस्कृतिको प्रवर्धनका लागि संयक्त राष्ट्रसङ्घले जोड दिएका प्रमुख क्रियाकलापहरू समावेश भएको चार्ड/स्लाइड प्रदर्शन गर्दै शान्ति संस्कृतिको प्रवर्धनका लागि गर्नुपर्ने क्रियाकलापलाई विभिन्न उदाहरण दिँदै छलफलको माध्यमबाट प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ७**

विद्यालयमा शान्ति क्षेत्रको आवश्यकता र समुदायको भूमिका भन्ने शीर्षकमा वक्तृत्वकला प्रतियोगीता आयोजना गर्न लगाउनुहोस् र प्रतियोगीता सञ्चालनको सम्पूर्ण व्यवस्थापन विद्यार्थीबाटै गराई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिवम्बन

क) विद्यार्थीहरूले सञ्चालन गरेको वक्तृत्वकला प्रतियोगीतालाई निम्न आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् :

| क्र.स. | विद्यार्थीको नाम | विषयवस्तुको जानकारी | हाउभाउ र प्रस्तुति | समयको पालना | व्यवस्थापनमा सहभागीता र जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ख) तल उल्लिखित विषयवस्तुको आधारमा आत्मूल्याङ्कन गरेको आधारमा मूल्याङ्कन गर्ने ।

| क्र.स. | शान्ति संस्कृतिसँग सम्बन्धीत क्रियाकलाप | गर्छु | गर्दिन |
|---|---|---|---|
| १ | अरुको अधिकारको सम्मान | | |
| २ | स्पष्ट भाषा र अभिव्यक्तिको प्रयोग | | |

| | | | |
|---|---|---|---|
| ३ | आपसी मतभेदलाई छलफलद्वारा समाधान | | |
| ४ | साथीबिच सहयोग आदन प्रदान | | |
| ५ | समस्यामा परेको व्यक्तिलाई सहयोग | | |
| ६. | सामूहिक हित र फाइदाका लागि जोड | | |
| ७. | जनुसुकै हिंसाजन्य घटनालाई निरुत्साहन | | |

ग) अभ्यासका प्रश्न र निम्न लिखित प्रश्नको आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् :

अ) शान्ति संस्कृतिको किन आवश्यक छ ?

आ) शान्ति र द्वन्द्वबिचको फरक के के हुन सक्छन् ?

इ) शान्ति संस्कृतिको विकास कसरी गर्न सकिन्छ ?

ई) शान्ति संस्कृतिको प्रवर्धनमा तपाईंले गर्दै आउनु भएका क्रियाकलाप उल्लेख गर्नुहोस् ।

**६.थप अध्ययन सामग्री :** विस्तृत शान्ति सम्झौतामा उल्लिखित विषयवस्तु तलको लिङ्कमा गई खोजी गर्न सकिन्छ ।

https://www.hdcentre.org/wp-content/uploads/2016/08/Comprehensive-Peace-Agreement-GovNepal-and-CPN-Nov-2006-Nepalese.pdf

## पाठ ९: राष्ट्रिय विभूति

## पाठ १०: राष्ट्रिय  व्यक्तित्व

### १. पाठ्यक्रमले निर्धारण गरेको वा पाठगत सिकाइ उपलब्धि                    अनुमति घन्टी : ३

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| राष्ट्रिय व्यक्तित्व तथा विभूतिको योगदान उल्लेख गर्न र प्रेरणा लिन | – राष्ट्रिय व्यक्तित्व र विभूतिहरू पहिचान गर्न<br>– राष्ट्रिय व्यक्तित्व र विभूतिहरूको योगदान उल्लेख गर्न<br>– राष्ट्रिय व्यक्तित्व र विभूतिको योगदानबाट प्रेरणा प्राप्त गर्न |

### २.पाठ परिचय :

राष्ट्रको गौरव, हित, रक्षा र इज्जत बढाउनका लागि महोवपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू राष्ट्रिय व्यक्तित्व हुन् । नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा महोवपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू नै नेपालका राष्ट्रिय व्यक्तित्व हुन् । राष्ट्रको गौरव बढाउनका लागि विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई राज्यले राष्ट्रिय विभूतिको सम्मान प्रदान गरेको हुन्छ । यस पाठमा नेपालका राष्ट्रिय व्यक्तित्व र विभूतिको परिचय, योगदान र त्यसबाट हामीले लिने प्रेरणाको सम्बन्धमा छलफल गरिने छ ।

## ३. शैक्षणिक सामग्री

- राष्ट्रिय विभूति र व्यक्तित्वहरूको फोटो, चित्र, भिडियो, समाचारका कटिङ
- राष्ट्रिय विभूति र व्यक्तित्वहरूको योगदान समावेश भएको चार्ट/स्लाइड
- राष्ट्रिय विभूति र व्यक्तित्वहरूको जीवनीहरू समावेश सन्दर्भ सामग्री

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

विद्यार्थीहरूलाई तपाईंको समुदायको विकासका लागि अर्थात समुदायमा शिक्षा क्षेत्रको विकास, पूर्वाधारहरूको निर्माण, सामाजिक गतिविधिमा योगदान पुऱ्याउने व्यक्तिहरू कोही हुनुहुन्छ ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीहरूलाई आफ्नो समुदायमा महlवपूर्ण योगदान पुऱ्याउने व्यक्ति र उहाँको योगदानको बारेमा पालैपालो भन्न लगाउनुहोस् । शिक्षकले पनि यिनै सन्दर्भसँग जोड्दै राष्ट्रिय व्यक्तित्व र विभूतिको सम्बन्धमा विषयवस्तु उठान गर्नुहोस् ।

### क्रियाकलाप २

तपाईं हाम्रो समुदायमा योगदान पुऱ्याउने व्यक्तिहरू जस्तै गरी राष्ट्रको लागि पनि योगदान गर्ने व्यक्तिहरू हुन्छन् भन्दै हाम्रा राष्ट्रिय विभूतिहरू र राष्ट्रिय व्यक्तित्वको फोटो चित्र तथा भिडियो प्रर्दशन गर्दै राष्ट्रिय विभूतिहरू र राष्ट्रिय व्यक्तित्व (पूष्पलाल र वी.पी. कोइराला)हरू पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीहरूले सबै जनालाई पहिचान गर्न नसकेको खण्डमा शिक्षकले उक्त राष्ट्रिय विभूति र व्यक्तित्वहरूको परिचय गराउनुहोस् ।

### क्रियाकलाप : ३

कक्षाकोठामा भएका विद्यार्थी सङ्ख्याको अधारमा विद्यार्थीहरूलाई कुनै एक जना (१० जनाभन्दा बढी विद्यार्थी भएमा) राष्ट्रिय व्यक्तित्व र विभूतिको योगदान पाठ्यपुस्तक, सन्दर्भ सामग्री वा अन्य माध्यमबाट खोजी गरी न्युजप्रिन्ट पेपरमा टिपोट गर्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउने

। सबै विद्यार्थीले प्रस्तुत गरेको विवरणलाई बाइङ्डिङ गरी नमुना स्रोतसामग्रीको रूपमा कक्षाकोठामा प्रदर्शन गर्ने र पछि सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाउनुहोस् ।

**क्रियाकलाप : ४**

विद्यार्थीहरूले राष्ट्रिय विभूति तथा व्यक्तित्वहरूको योगदानका बारेमा प्रस्तुति गरिसकेपछि आवश्यकताअनुसार राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदान समावेश भएको चार्ट/स्लाइड, भिडियो आदि प्रदर्शन गर्दै उनीहरूको योगदान बारे प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप : ५**

विद्यार्थीहरूलाई राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदानमध्ये कुनै एक जना राष्ट्रिय व्यक्तित्व तथा विभूतिको योगदानका बारेमा चर्चा गर्दै चिट्ठी वा इमेलको नमुना तयार गर्न लगाउने जस्तै :

**इमेलको नमुना**

To : nepalsd2059@gmail.com

Subject : राष्ट्रिय विभूति जय पृथ्वी बहादुर सिंहको योगदान

मिति : २०८०/२/१०

प्यारो साथी महेश

न्यानो माया

यहाँ मलाई सन्चै छ त्यहाँ तिमिलाई सन्चै भएको जानकारी तिमीले पठाएको इमेलबाट पाए । तिमीले उक्त इमेलमा नयाँ राष्ट्रिय विभूति जयपृथ्वी बहादुर सिंहको बारेमा समाचार सुनेको र उनको जानकारी र योगदानको बारेमा बुझ्न चाहेकी रहिछौ । त्यसैले जयपृथ्वी बहादुर सिंहको परिचय र योगदान उल्लेख गर्दै यो इमेल लेख्दैछु ।

जयपृथ्वी बहादुर सिंहको जन्म  वि.सं १९३४ साल भाद्र ७ गते बझाङ जिल्लाको चैनपुरमा

भएको थियो । उनले वि.सं. १९५२ सालमा कलकत्ताबाट म्याट्रिकुलेसन र वि.सं १९५४ मा इलाहावादबाट आई.ए. पास गरेका थिए । उनले अक्षराङ्क शिक्षा, बालबोध, ज्ञानमाला, शिक्षा दर्पण तथा प्राकृत व्याकरण जस्ता पुस्तकहरू प्रकाशन गरेका थिए । उनले बालबालिकाका लागि उपयोगी अन्य सामग्री पनि प्रकाशन गरेका थिए । उनले वि.सं. १९५८ देखि करिब १५ वर्ष गोरखापत्रका सम्पादक भएर कार्य गरेका थिए । उनले काठमाडौँको नक्सालमा सत्यवादी पाठशाला खोलेका थिए । उक्त पाठशालापछि आफ्नै जिल्ला बझाङमा सारेका थिए । उक्त विद्यालयमा दलित समुदायका बालबालिकालाई समेत पढ्ने व्यवस्था मिलाएका थिए । वि.सं. १९९७ साल असोज १ गते भारतको बैङ्लोरमा उनको मृत्यु भयो ।

नेपालको शिक्षा क्षेत्रको विकास तथा विश्वसामु नेपाललाई चिनाउन योगदान पुऱ्याएको हुनाले उनलाई २०७९ असार ६ गते १८ औँ राष्ट्रिय विभूति घोषणा गरेको हो । तिमी पनि थप इमेलहरू पठाउदै गर्नु । बाँकी कुरा अर्को इमेलमा लेखौँला ।

उही तिम्रो मित्र

सुदीप




**क्रियाकलाप : ६** नेपालको प्रजातान्त्रिक आन्दोलनमा वी.पी. कोइराला र पुष्पलालको योगदानको सम्बन्धमा विचार गोष्ठीको आयोजना गरी विद्यार्थीहरूलाई उनीहरूको योगदानको चर्चा गर्न लगाई शिक्षकले अन्तमा निष्कर्ष बनाइदिनुहोस् ।

निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्ने

| पुष्पलाल | वी.पी. कोइराला |
|---|---|
| | |

| | |
|---|---|
| – गरिब र शोषित पीडितको मुक्तिका लागि सङ्घर्षशील व्यक्तित्व<br>– राणाशासनको शोषण दमन प्रति आन्दोलित र जनपरिचालन कार्यमा सक्रिय<br>– प्रजापरिषद्का सदस्यहरूसँग गोप्य सम्पर्क गरी राणा विरोध क्रियाकलापलाई अगाडि बढाएका<br>– नेपाल कम्युनिष्ट पार्टीको संस्थापक<br>– आफ्नो जीवन देश र जनताप्रति समर्पित गर्न दृढ सङ्कल्पित<br>– कम्युनिष्ट पार्टीको घोषणापत्र नेपाली भाषामा उल्था<br>– वि.सं.२०१७ साल पौष १ गतेको राजा महेन्द्रको कदम पछि भूमिगत र निर्वासित भई पार्टीकाम र पञ्चायत व्यवस्था विरोधी गतिविधिमा सक्रिय<br>– कम्युनिष्ट र काङ्ग्रेस मिलेर मात्र पञ्चायती निरङ्कुशलतालाई परास्त पार्न सकिने विचार | – भारतीय स्वतन्त्रता संग्राममा सहभागी<br>– राणा शासन अन्त्यका लागि शसस्त्र सङ्घर्षको सुरुआत गरेका<br>– राणाशासनको विरोधका लागि बनारसमा गठन भएको तदर्थ समितिको संयोजक भई क्रियाशील रहेका<br>– विराटनगरमा भएको मजदुर आन्दोलनको नेतृत्व गरेका र सो आन्दोलनको नेतृत्व गरेको कारण एक वर्ष जेल बसेका<br>– वि.सं.२००७ सालमा गठन भएको अन्तरिम सरकारमा गृहमन्त्री भएका<br>– २०१५ सालमा भएको आम निर्वाचनमा प्रधानमन्त्री भई देशको कार्यकारी नेतृत्व प्रदान गरेका<br>– वि.सं २०१७ सालको महेन्द्रको कदमपछि दलहरू माथि प्रतिबन्ध लगाइयो र बी.पी. कोइरालालाई हिरासतमा राखियो ।<br>– पञ्चायती व्यवस्था प्रारम्भ भएपछि उनी ८ वर्षसम्म सुन्दरीजलमा राजबन्दीको रूपमा रहनु परेको<br>– जेलबाट छुटेपछि भारत निर्वासित भएका<br>– वि.सं.२०३३ सालमा मेलमिलापको नीति लिई निर्वासनबाट नेपाल फर्किएको र पुन पक्राउन परेको<br>– वि.सं २०३६ सालको विद्यार्थी आन्दोलनका बेला आफ्नै निवासमा नजर बन्द<br>– पञ्चायती शासकको निरङ्कुशता र स्वेच्छाचारिताको विरुद्ध आजीवन सङ्घर्षरत<br>– एक मूर्धन्य साहित्यकारको रूपमा आफ्नो बेग्लै पहिचान बनाएका र विभिन्न कृतिका सर्जक |

**क्रियाकलाप ७**

राष्ट्रिय विभूति तथा व्यक्तित्वको नाममा बनेका सडक मार्ग, भवन र संस्था खोजी गरी त्यसलाई समावेश गर्दै चार्ट गर्न लगाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउने ।

जस्तै

| **क्र.स.** | **राष्ट्रिय विभूतिको नाम** | **सडकमार्ग, भवन तथा संस्था** |
|---|---|---|

| | | |
|---|---|---|
| १. | जनक | जनकमार्ग (जनकपुर-ढल्केबर) |
| २. | सीता | जानकी मन्दिर |
| ३. | गौतम बुद्ध | |
| ४. | अंशुवर्मा | |
| ५. | रामशाह | |
| ६. | पृथ्वी नारायण शाह | |
| ७. | अरनिको | |
| ८. | अमरसिंह थापा | |
| ९. | भिमसेनथापा | |
| १०. | बलभद्र कुवँर | |
| ११. | भानुभक्तआचार्य | भानु मा. वि. रानीपोखरी<br>भानुभक्त आचार्य मार्ग (डुम्रे-बेसीसहर) |
| १२. | मोतीराम भट्ट | |
| १३. | त्रिभूवन | |
| १४. | शङ्खधर शाख्वा | |
| १५. | पासाङल्हामू शर्पा | |
| १६. | फाल्गुनन्द | |
| १७. | भक्तिथापा | |
| १८. | जय पृथ्वीवहादुर सिंह | जय पृथ्वी राजमार्ग (बैतडी - चैनपुर ,बझाङ) |

**क्रियाकलाप ८**

विद्यार्थीहरूलाई राष्ट्रिय विभूति तथा व्यक्तित्वहरूको फोटो सङ्कन गरी एल्वम् तयार गर्न लगाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउने ।

**क्रियाकलाप ९ :** आफ्नो समुदायमा महìवपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूको खोजी गरी निम्नानुसारको विवरण तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

व्यक्तिको नाम :

जन्म मिति र स्थान :

माता/पिताको नाम :

शिक्षा :

समाजमा पुऱ्याएको योगदान :

प्राप्त गर्न सकिने प्रेरणा :

**क्रियाकलाप : १०**

विद्यार्थीहरूलाई राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदानबाट के प्रेरणा प्राप्त गर्नुभयो भनी द्रुत लेखन विधिको माध्यमबाट लेख्न लगाउने । विद्यार्थीहरूले टिपोट गरेका कुराहरू केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाई शिक्षकले आवश्यक पृष्ठपोषणसहित राष्ट्रिय व्यक्तिहरूबाट लिन सकिने प्रेरणाबारे प्रष्ट पारिदिनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीहरूले कक्षाकोठामा देखाएको निम्नलिखित व्यवहारको आधारमा मूल्याङ्कन गर्ने ।

| **क्र.सं.** | **विवरण** | **३** | **२** | **१** |
|---|---|---|---|---|
| १ | राष्ट्रिय विभूतिहरूको फोटो हेरेर पहिचान गर्न सके नसकेको | | | |
| २ | राष्ट्रिय व्यक्तित्व तथा विभूतिहरूको योगदानको खोजी र प्रस्तुति | | | |
| ३ | राष्ट्रिय विभूतिबाट प्राप्त गरेको प्रेरणा द्रुत लेखन विधिको माध्यमबाट लेख्न सके | | | |

| | | | | |
|---|---|---|---|---|
| | नसकेको | | | |
| ४ | राष्ट्रिय विभूतिहरूको फोटो सङ्कलन गरी एल्वम् तयार गरे नगरेको | | | |
| ५ | अन्य | | | |

ग) अभ्यासमा दिइएका र तलका प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् र निरन्तर मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण समेत प्रदान गर्नुहोस् ।

- कस्ता व्यक्तिलाई राष्ट्रिय व्यक्तित्व भनिन्छ ?
- नेपालमा हालसम्म कति जना राष्ट्रिय विभूति हुन् ?
- गौतम बुद्धबाट के प्रेरणा पाउन सकिन्छ ्?
- वी.पी. कोइरालाबाट के प्रेरणा पाउनु भयो ्?
- पुष्पलालको योगदाहरू उल्लेख गर्नुहोस् ।

## ६.थप अध्ययन सामग्री

**पुष्पलाल श्रेष्ठसम्बन्धी थप जानकारी (एक्ट प्रो नेपालमा प्रकाशित सामग्री)**

– नेपालमा कम्युनिस्ट पार्टीमार्फत जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ नेकपा स्थापना गरेका श्रेष्ठको २०३५ साल साउन ७ गते भारतको गोविन्दबल्लभ पन्त अस्पतालमा उपचारका क्रममा निधन भएको थियो । पुष्पलालले वि.सं. २००६ वैशाख १० गते नेकपा स्थापना गरेका थिए । नेपाली क्रान्तिका सिद्धान्तकारका रूपमा परिचित पुष्पलालले आफ्नो जीवनभर जनताको स्वतन्त्रताका लागि लडाइ लडे । विसं १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मिएका पुष्पलाल आफ्नो जीवनभर सङ्गठन विस्तारमै लागे । उनले विश्व कम्युनिस्ट घोषणापत्रलाई २००५ सालमा नेपालीमा अनुवाद गरी प्रकाशन गरे ।

– पुष्पलाल राणा विरोधी आन्दोलनका अगुवा सहिद गङ्गालाल श्रेष्ठका माइला भाइसमेत हुन् । पञ्चायती निरङ्कुशताको अन्त्यका लागि ‘संयुक्त जनआन्दोलनको कार्यदिशा’ २०२५ सालमा अगाडि सार्ने पहिलो नेता हुन् । नेकपा स्थापना गर्दा पुष्पलालले घोषणापत्रमा सामन्ती एकतन्त्रीय शासनको अन्त्य गर्ने, वैदेशिक शोषण र दमन समाप्त पारी राष्ट्रियता, स्वाधीनता

हासिल गर्ने, बालिग मताधिकार कायम गर्ने, संविधानको आधारमा जनताका लागि पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र सुरक्षण गर्ने, मजदुर किसान श्रमजीवी जनताको हितलाई प्राथमिकता दिने उल्लेख थियो ।

– यस्तै घोषणापत्रमा सामन्तवाद, साम्राज्यवाद विरोधी शक्तिहरूको सरकार स्थापना गर्ने तथा क्रान्तिकारी भूमिसुधार लागु गर्नेसमेत समावेश थियो । नेकपाको स्थापना कोलकाताको श्यामबजारस्थित एक भवनमा पुष्पलाल, नरबहादुर कर्माचार्य, निरन्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो । कम्युनिष्ट घोषणापत्रको नेपाली रूपान्तरण गर्दै पुष्पलालले 'केही कुरा' शीर्षक दिएर लेखेका थिए ।
– घोषणापत्रमा, 'विश्व मजदुर आन्दोलनलाई सही बाटो देखाउने शक्ति र साहस प्रदान गर्ने उक्त घोषणापत्रलाई नेपाली भाषामा प्रकाशित गरी नेपाली मजदुर वर्गको आन्दोलनलाई सही बाटोमा लैजान अत्यन्त आवश्यक भएको हुनाले मैले यस घोषणापत्रलाई यथासक्य परिश्रम गरी नेपाली भाषामा उल्था गरी नेपालको सम्मान राखेको छु ।'
– यसलाई नेपाली मार्क्सवादीले मार्क्सवादी चेतना र साहित्यको थालनीका रूपमा समेत अर्थ्याएका छन् । दाजु गङ्गालालको हत्या पश्चात् राणाशाहीको जरो काट्ने प्रण पुष्पलालले गरेका थिए । त्यतिखेर उनी १५ वर्षका थिए। पिता भक्तलाल र माता तुलसीमाया श्रेष्ठका माइला सुपुत्रका रूपमा रामेछापको भङ्गेरीमा वि.सं १९८१ असार १५ मा जन्म भएको थियो । पिता भक्तलाल रामेछापमा मालका सुब्बा हुनुहुन्थ्यो, पछि छोराका कारणले जागिर खोसिएको थियो ।

– निरङ्कुशता विरोधी, श्रमजीवी वर्गप्रति झुकाव उदार प्रजातन्त्रवादी, सिद्धान्तनिष्ठ, सरल तथा मिलनसार व्यक्तित्वका धनी पुष्पलाल राजनीतिज्ञ मात्रै हुनुहुन्थेन इतिहास, समाजशास्त्र, मानव शास्त्रका विषयमा समेत गहिरो ज्ञान थियो । बहुआयामिक प्रतिभा पुष्पलालको परराष्ट्र मामलामा समेत धेरै राम्रो सुझबुझयुक्त विचार रहेको बताइन्छ । उनी २०१७ सालको कदम पछाडि पनि भूमिगत निर्वासित जीवनमा नेपाल कम्युनिष्ट पार्टीलाई पुनः सङ्गठित गरी संयुक्त जनआन्दोलनको आवश्यकता र औचित्य पुष्टि गर्न अहोरात्र लागे ।
– सरकारले पुष्पलालको सम्मानमा राष्ट्रिय पुरस्कार स्थापना गरेको छ । यस्तै पुष्पलाल मध्यपहाडी लोकमार्गसमेत निर्माण भइरहेको छ ।

## वी.पी. कोइराला सम्बन्धमा खबर आजमा प्रकाशित सामग्री

विश्वका महान व्यक्तिहरूको जीवन भोगाइलाई हेर्‍यो भने सङ्घर्षमय नै देखिन्छ । विश्वेश्वर प्रसाद कोइरालको जीवन गाथालाई हेर्दा पनि हामीले सङ्घर्षमय नै पाउँछौं । उहाँको जन्म वि.सं.१९७१ सालको भाद्र महिनामा कृष्णप्रसाद कोइरालाकी कान्छी श्रीमती दिव्या कोइरालाबाट बनारसमा जन्म भयो । न्वारनमा पण्डितले उनको नाम चुडामणी राखेका थिए ।

विश्वेश्वरको बाल्यकालको बसाइ चन्द्रगन्जमा भयो तर चन्द्रगन्जको बसाइ पनि लामो हुन सकेन । विश्वेश्वर पनि ११ वर्षको उमेरमा परिवारको साथमा बनारसतिर लाग्नु भयो । बालक कालमा विश्वेश्वरको बसाइ स्थिर रहन पाएन । उनी कहिले बनारस हुन्थ्ये भने कहिले कलकत्ता, कहिले बेतीया, आदि ठाउँमा उनको बाल्यजीवन बित्यो । खानपिनको पनि समस्या थियो । कहिले चना खाएर दिनरात व्यतित गर्नु पर्थ्यो । एउटा कष्टमय जीवनको यात्रामा रहेका

वी.पी.को अध्ययन पनि कष्टकर यात्रामा नै रह्यो । विश्वेश्वरले अध्ययनको वातावरण त्यति पाउन सकेनन् तर पनि उनी साहसी थिए । बनारसमा बस्दा गरिबीको अवस्थाबाट गुज्रन पऱ्यो र उनका बाबुले टेढीमा जग्गा किनेपछि वी.पी. पनि टेढीमा आउनु पऱ्यो । आधा किशोर अवस्था वी.पी.को टेढीमा नै बित्यो । वी.पी. बनारसमा पढ्न चहान्थे तर कृष्णप्रसाद कोइरालाले खर्च पुऱ्याउन नसक्ने अवस्था थियो । कोइराला परिवारको आर्थिक अवस्थालाई हेर्दा सुरुमा सम्पन्नशाली नै थिए जब उनको र चन्द्रसम्शेरको बिचमा भएको कटुताले गर्दा उनी विदेशिन पऱ्यो त्यस अवस्थाबाट जबसम्म चन्द्रसम्शेर जीवित रहे तबसम्म कोइराला परिवारको आर्थिक जीवन कष्टमय नै रह्यो । जब चन्द्रसम्शेरको मृत्यु भयो र भीमसम्शेर मन्त्री भए तब कृष्ण प्रसाद नेपाल फर्के । पुन उनी व्यापारमा लागे र आर्थिक अवस्था सुध्रँदै गयो । जस्तो जस्तो विषम परिस्थिति परिवारले व्यहोर्नु पऱ्यो, त्यस्तै त्यस्तै अवस्थाको प्रभाव वी.पी.मा पर्नु स्वभाविक थियो । उनी बालक कालबाटै साहसी, मातापिताप्रति आदरभाव राख्ने आज्ञाकारी बालक थिए ।

**वी.पी.को अध्ययन**

वी.पी.को अध्यनको थालनी बनारसबाट भएको थियो । टेढीमा आए पछि टेढी (हाजिको वाग)मा जग्गा किनेर कृष्णप्रसादले स्कुल र छात्राबास बनाए । विश्वेश्वरको अध्ययन यहीँबाट राम्रोसँग थालनी भयो । वी.पी. टेढीबाट बनारस जान चाहान्थे । उनले बनारसबाट दोस्रो श्रेणीमा मेट्रिक पास गरे । १२ पास पनि वी.पी.ले बनारसबाटै गरे । सन् १९३४मा वी.पी.राजनीति शास्त्रमा स्नातक भए । यिनले कानुनमा स्नातकोपाधि पनि पाएका थिए ।

**वी.पी.को विवाह**

वी.पीको विवाह पनि साधारण रूपमा भएको थियो । उनले झापाका बडाहाकिम कमलप्रसादकी छोरी शुशीलासँग, विवाह गरेका थिए । उनको दाम्पत्व जीवन पनि सुखमय रह्यो । उनीबाट तीन छोरा र दुई छोरी जन्मे । छोरहरूमा प्रकाश, श्रीहर्ष र शशाङ्क हुन् भने छोरी एकको मृत्यु भएको र एक छोरी जीवित रहिन् ।

**वी.पी.को राजनीतिक जीवन**

वी.पी.को राजनीतिको थालनी पनि रहस्यमय छ । राजनीतिमा कृष्णप्रसादको छाप वी.पी.मा परेको थियो । पटनामा बस्दा यिनको नरेन्द्र, लोहिया र जेपी जस्ता भारतीय नेताहरूसँग सम्पर्क भयो, पछि यिनीहरूसँको सम्पर्कले गर्दा वी.पी. पार्टीमा पनि आबद्ध भएका थिए । भारतमा जब अङ्ग्रेजलाई भारत छोड भन्ने आन्दोलन भयो । त्यस समयमा वी.पी. धेरै पटक जेल पनि गए । अंग्रेजले भारत छाड्नै पऱ्यो । भारत स्वतन्त्र भयो । भारतीय आन्दोलनको प्रभाव छिमेकी देशमा पनि परेको थियो । नेपालमा पनि राणाले गरेको अत्यचारबाट नेपाली जनता मुक्र हुन चाहान्थे । १९९३ साल जेठ २२ गते नेपाली जनताले मुक्तिका लागि प्रजापरिषद् नामक संस्था खोले । यसमाथि पनि राणाहरूको कडा निगरानी थियो । यो मर्म वी.पी.लाई थाहा थियो । उनले सङ्गठनको महसुस गरेर पटनाबाट निस्कने पत्रिका ‘सर्चलाइट’ नेपालमा प्रजातन्त्र ल्याउनका लागि इच्छुक व्यक्ति मेरो सम्पर्कमा आउनु भनी समचार छपाउने काम गरे । यो समाचारले इच्छुक नेपालीहरू वी.पी.को नजिक आउन थाले । बनारसमा तदर्थ समिति खोल्ने तय भयो । सुब्बा देवीप्रसादको अध्यक्षतामा उपाध्यक्ष बालचन्द्र शर्मा र वी.पी. संयोजक रहने गरी तदर्थ समिति गठन गरियो । भारतमा, नेपालमा प्रजातन्त्र ल्याउनका लागि एउटा संस्थाको जन्म भयो । यो तदर्थ समितिले भारतका कुना काप्चामा रहेका नेपालीहरूलाई यो सन्देश दिँदै भेट्ने काम

पनि भयो । यसै समयमा गणेशमानजीको र वी.पी.को भेटवार्ताहरू पनि भए । यो तदर्थ समितिले कलकत्ताको भवानीपुरमा बृहत् सभाको आयोजना गरेर सञ्चालक समितिको चयन गर्ने काम भयो । १३ सदस्य रहेको समितिको सभापति ट्रकप्रसाद आचार्यले सम्हालेका थिए । राष्ट्रिय काङ्ग्रेस भनेर पार्टीको नामाकरण गरियो । नेपालमा मजदुर आन्दोलन पनि भयो । यस आन्दोलनमा पनि वी.पी. गिरफ्तार हुनु भयो । एकातिर देशको आन्दोलनलाई अगाडि बढाउनु थियो भने अर्कोतिर पार्टीमा पनि तनाव थियो । पार्टी पनि विभाजित भयो । वी.पीले. एक पार्टीको नेतृत्व लिनु भयो भने अर्को पार्टीको नेतृत्व डिल्लीरमण रेग्मीले । देशमा प्रधानमन्त्री बन्ने होडमा रहेका राणाहरूमा पनि पद्म सम्शेरले मन्त्री पद त्यागे र मोहन सम्शेर प्रधान मन्त्री भए । एक त राणाहरू ए.बी.सी. वर्गमा विभाजित थिए । सुवर्ण सम्शेरलाई जुद्ध सम्शेरले निकालेका थिए । सुवर्ण सम्शेरले नेपाल प्रजातन्त्र काङ्ग्रेसको संस्थापकको रूपमा नेतृत्व लिए । मोहन सम्शेरले पार्टीहरूलाई प्रतिबन्ध लगाए । वी.पी. पार्टी सुदृढीकरणका लागि भूमिगत रूपमा नेपाल आएका थिए तर पक्रिए र जेलमा राखिए । यहाँ पनि वी.पी.ले अनसनमा बस्नुपर्‍यो । रिहाइ भएपछि देशमा प्रजातन्त्र बहाली गर्न सङ्घर्ष विना सम्भव नहुने देखेर वी.पी.ले सङ्घर्षका लागि आह्वान गरे । वि.सं. २००७ सालमा दिल्लीमा सम्झौता भयो र प्रजातान्त्रिक सरकारको गठन भई मोहन सम्शेरको प्रधान मन्त्रीत्वमा वी.पी. गृह मन्त्री बन्नु भयो । यो मन्त्रीमण्डल त्यति टिकाउ हुन सकेन । २००८ सालमा मातृकाप्रसाद प्रधान मन्त्री भए । मातृका र वी.पी.मा मनोमालिन्यता बढ्न थाल्यो । मातृका दरबारतिर ढल्किए र अलग्गै पार्टी खोले । नेकाको छैटौँ महाधिवेशनमा वी.पी.ले चाहेको समाजवादी अर्थनीति लागु भयो । वि.सं. २०११ चैत्र १ गते राजा त्रिभुवनको स्वर्गारोहण भयो । महेन्द्र राजा बनेपछि संविधान सभा नगराउने छाँट देखियो । वी.पीले संविधान सभाको चुनाव चाहँदा चाहँदै पनि राजाले प्रधान मन्त्री परिवर्तन गर्दै संसदीय चुनावको घोषणा गरे । वी.पीले परिस्थितिलाई अध्ययन गर्दै चुनावलाई स्वीकारे । चुनाव भयो । नेकाले बहुमत ल्यायो र वी.पी. प्रंधानमन्त्री भए । नेकाको सरकारलाई पतन गरउनका लागि ठुलो षडयन्त्र भइरहेको थियो । २०१७ साल पौष १गते तरुणदलको उद्घाटन भाषण गर्दा गर्दै वी.पीलगायतका नेताहरूलाई गिरफ्तार गरियो । पार्टीहरूमा प्रतिबन्ध लगाइयो । अन्तर्राष्ट्रको दबाबलाई पनि महेन्द्रले सुनेनन् । राजबन्दीलाई पत्रपत्रिका पढ्न पाउने छुट हुनुपर्ने राजबन्दी सँगै बस्न पाउने, खेल खेल्ने व्यवस्था, भेट्न आउनेले भेट गर्न पाउनुपर्ने सुविधा, न्याय पाउनका लागि अदालत जान पाउने सुविधा केही नभएकाले वी.पीले यी सुविधाका लागि अनसन बसे । न्यायालयमा जान पाउने सुविधा भने सरकारले दिएन तर अरु माग राज्यले प्रदान गर्‍यो । यसरी सुन्दरी जल जेलमा आठ बर्ष बस्दा वी.पी. बिमारी पर्नु भयो । उपचारका लागि वि.सं २०२५ साल कार्तिक महिनामा रिहा हुनु भयो । भारतमा उपचार गराएर पुन वी.पी नेपाल आउनु भयो तर भारतमा उपचारले मात्र नहुने भए पछि वी.पी.ले युरोप जाने राहदानी माग गर्नु भयो तर त्यो नेपाल सरकारले दिएन र भारतबाट राहदानी मिलाएर युरोपमा गएर उपचार गराएर फर्कनु भयो । देशमा प्रजातन्त्र पुनर्वहाली गर्न सशस्त्र क्रान्तिको महसुस गरेर वी.पी.को नेतृत्वमा सशस्त्र क्रान्ति भयो तर क्रान्ति सफल हुन सकेन । वी.पी. भारतमा रहन पनि, इन्दिरा गान्धीको विस्तारवादी नीतिले गर्दा, कठिन भयो । देश नै नरहने हो कि भन्ने आशङ्काले गर्दा वी. पी.ले राष्ट्रिय मेलमिलापको नीति लिएर २०३३ साल पौष १६ गते नेपाल फर्कनु भयो । नेपाल फर्कने क्रममा वी.पी.लाई देशद्रोह र राजद्रोहका मुद्दा चलाइयो । तर २०३४सालमा राजा वीरेन्द्रले उपचारका लागि अमेरिका जाने र सरकारी खर्चमा उपचार गराउने भन्दै रिहा गरियो । वी.पी.ले उपचार गराएर भारत हुँदै नेपाल फर्कनु

भयो । जेलमा रहँदा होस् तथा बाहिर जाँदा होस् वी.पी.को चिन्तन देशमा प्रजातन्त्र र समाजवादको स्थापनाका लागि सङ्घर्षरत रह्यो । सिडनीमा भएको समाजवादको सम्मेलनमा पनि वी.पी. सहभागी हुनुभयो र समाजवादकै लागि वकालत गर्नु भयो । २०३६ सालमा राजा वीरेन्द्रले सुधारिएको पञ्चायत वा बहुदल रोज्ने भनेर जनमत सङ्ग्रहको घोषण गरियो । जनमत सङ्ग्रहमा पनि नेपाली जनताको चाहना पूरा हुन पाएन । सुधारिएको पञ्चायतले जितेको घोषणा गरियो । २०३८ वैशाखमा सुधारिएको संविधानअनुसार चुनाव हुने भयो । एवम् रीतले वी.पीको सारा जीवन सङ्घर्षरत नै रह्यो । देश काल परिस्थिति बुझेर देशलाई प्रजातन्त्र र समाजवादमा लाने वी.पी.को जुन अठोठता थियो त्यो भने उनको जीवनकालमा पूरा हुन सकेन तर भाइ गिरिजा प्रसाद कोइरालको नेतृत्वमा नेपालमा गणतन्त्र नै बहाली भयो ।

**वी.पी.को साहित्यिक यात्रा**

वी.पीको जीवनलाई नियाल्ने हो भने राजनीति योगदानमात्र हेरेर पुग्दैन । उनको साहित्यिक योगदानको पनि अध्ययन हुनुपर्दछ । उनलाई नेपाली साहित्य लेखनभन्दा पहिला उनमा अङ्ग्रेजी र हिन्दी कथा उपन्यासको अध्ययनमा रुचि थियो । हिन्दी साहित्यका साहित्यकारहरू शान्तिप्रिय द्विवेदी, रामकृष्ण दास, जयशङकर, मैथिलीशरण गुप्ता, सुमित्रानन्दन पन्त, मुन्सी प्रेमचन्द्रसँग साहित्य लेखन र अध्ययनको सिलसिलामा उनको सम्बन्ध बढ्दै गएको थियो । यिनले कृतिहरूको अध्ययन गर्ने मात्र हैन यसलाई व्यवहारमा उतार्ने बानी भएकाले, उनलाई हामीले कहिले फ्रायडवादीको रूपमा, कहिले छायावादी, कहिले यौनवादी, कहिले मनोविज्ञानवादी कहिले आदर्शवादी, कहिले रहस्यवादी, कहिले अध्यात्मवादी, कहिले नियतीवादी, आदि विविध वादीको रूपमा पाउँछौं । उनको लेखनको थालनी पनि हिन्दी भाषाबाट भयो । लेखनको थालनी १६ वर्षको कलिलो उमेरमै भएको थियो । ‘चन्द्रवदन’ नेपाली भाषामा लेखिएको उनको पहिलो कथा हो । ‘कथा कुसुम’, ‘श्वेत भैरुवी ’ ‘दोषी चश्मा’ वी.पीका कथा कृतिको रूपमा अध्ययन गर्न पाइन्छ भने फुटकर कथाहरू पनि विभिन्न पत्रिकामा पढ्न पाइन्छन् । ‘तीन घुम्ती’, ‘नरेन्द्र दाइ’, सुम्निमा, ‘मोदिआइन’, ‘हिटलर र यहुदी’ र ‘बाबु आमा र छोरा’ वी.पीका उपन्यासहरू हुन् यी उपन्यासबाहेक वी.पी.ले आफ्नो कथा, जेलजर्नल, आत्मवृतान्त आदिका अमूल्य कृतिहरू हामीलाई छाडेर जानु भएको छ । उहाँ कवि, निबन्धकार कथाकार, उपन्यासकारमात्र नभै उहाँ एक दार्शनिक पनि हो ।

वी.पी.यो देशका वरिष्ठ साहित्यकार मात्र नभएर ,मूर्द्धन्य राजनेता पनि हुनुहुन्छ । त्यसोहुँदा यो देशले वी.पी.बाट प्रजातान्त्रिक समाजवादको दर्शन पाएको छ । आजको नेपाली काङ्ग्रेसले, यही दर्शन अवलम्बन गरेर काङ्ग्रेसको नेतृत्वमा दूई दुईओटा शान्तिप्रिय जनआन्दोलन परिचालन गरेर सफलता हाँसिल गऱ्यो । २०४६ सालको क्रान्ति सफल बनाएर संविधान दिन सक्षम भयो नेपाली साहित्यको भण्डारमा वी.पी.का यी गहन, सारगर्भित कृतिहरूले कोशे ढुङ्गा थपेर गएको छ । उनको कलम साहित्यिक क्षेत्रमा अद्वितीयरूपमा चलेको छ ।

**एकाइ ४ सामाजिक समस्या र समाधान**

**पाठ १ सामाजिक समस्याको पहिचान** **अनुमानित घण्टा : ४**

**१. सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइउपलब्धि** | **पाठगत विशिष्ट उद्देश्य** |
|---|---|
| सामाजिक समस्या र विकृतिको पहिचान गरी त्यसका असर र समाधानका उपायहरू उल्लेख गर्न | – सामाजिक समस्या को पहिचान गर्न<br>– सामाजिक समस्याका रूपमा हेपाइ र साइबर अपराधबाट हुने असर बताउन<br>– हेपाइ र साइबर अपराध जस्ता सामाजिक समस्याहरूको समाधानका उपाय अवलम्बन गर्न |

**२.पाठ परिचय**

हाम्रो समाजमा विभिन्न प्रकारका सामाजिक समस्याहरू रहेका छन् । जस्तै : दाइजो प्रथा, अन्धविश्वास, भ्रष्टाचार, देहव्यापार, आदि । त्यस्ता समस्याहरूबाट हरेक दिन कयौँ मानिसहरू पीडित भइरहेका हुन्छन् । त्यस्ता समस्याका कारण समाजमा समुदाय धर्म, जाति, वर्ग आदि प्रभावित हुन्छन् । यस्ता समस्या अज्ञानता, चेतनाको कमी तथा अन्धविश्वासका कारणले सृजित हुन सक्छन् । ती समस्याहरूको जड पत्ता लगाएर मात्र त्यसको समाधानतिर पाइला चाल्नु बुद्धिमानी हुन्छ । यस पाठमा हेपाइ र साइबर अपराधको परिचय, कारण, असर र समाधानका उपायहरूको खोजी गरिने छ ।

**३.शैक्षणिक सामग्री**

हेपाइ र साइबर अपराध झल्कने चित्र, पोष्टर वा भिडियो

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १ :** विद्यार्थीहरूलाई आआफ्नो समाजमा रहेका कुनै एक समस्या पालैपालो बताउन लगाउने । ती समस्याहरू कसरी उब्जेका हुन सो बारे समूहमा छलफल गर्न लगाउने । समस्याहरू पहिचान भएपछि ती समस्याहरू कुन प्रकारका समस्या हुन् छुट्याउन लगाउने र त्यसलाई सूचीबद्ध गर्न लगाउनुहोस् ।

**कियाकलाप २ :** हेपाइ वा साइबर अपराधसम्बन्धी आफूले अनुभूत गरेका कुनै अनुभव भए कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ :** हेपाइ वा साइबर अपराध किन हुन्छ होला ? यसले व्यक्ति र समाजमा के के असर गर्छ ? भनी दुईओटा समूहमा विभाजित भई छलफल गर्न लगाउनुहोस् र प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४** हेपाइ र साइबर अपराधका असर सम्बन्धमा चार्ट वा तालिका प्रस्तुति गरी छलफल गर्न लगाउने र विद्यार्थीमा पनि कुनै त्यस्तो असर परेको भए छलफल गरी ती असरलाई कसरी कम गर्न सकियो भन्ने सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ५ :** समूह समूहमा साइबर अपराध र हेपाइबाट बच्ने उपायहरू सम्बन्धमा सन्दर्भ सामग्री वा विभिन्न वेबसाइड वा आफ्ना अनुभवसमेतलाई जोड्दै निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ६** हेपाइ र साइबर अपराधसम्बन्धी चेतनामूलक गीत वा कथा वा कविता वा सार्वजनिक अपिलको नमुना तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

**हेपाइ विरुद्ध जनचेतना जगाउने सार्वजनिक अपिलको नमुना**

हेपाइ सामाजिक अपराध हो । अरुलाई जिस्क्याउने, मानसिक हैरानी दिने, शारिरीक र मानसिक क्षति पुऱ्याउने, शोषण गर्ने कार्य हेपाइ हो ।

हेपाइबाट बालबालिका, महिला, अपाङ्ता भएका व्यक्ति, सोधा र सिधा व्यक्तिहरू बढी प्रताडित भई रहेका हुन्छन् । व्यक्तिमा हिनता बोध हुने, मनोबल कमजोर हुने, शारिरीक र मानसिक असर पर्ने हुँदा यस्ता कार्य निन्दनीय र भ्रत्सना योग्य हुन्छन् ।




- त्यसैले यस्ता कार्यहरू रोक्न विद्यालयमा कक्षागत नियमहरू बनाउने, उजुरी पेटिकाहरू राख्ने कार्य गरौँ ।
- अरुको विचार, भावना र जातिगत र धार्मिक संस्कारलाई सम्मान गरौँ ।
- अरूप्रति समानुभूति प्रकट गरौँ ।
- अरुको शारिरीक अवस्था, क्षमता, धर्म, सम्पति आदिको आधारमा होच्याउने वा हेप्ने कार्य आजैबाट बन्द गरौँ

**५.मूल्याङ्कन /प्रतिविम्बन : तल दिइएका प्रश्नहरू वा अभ्यासमा दिइएका प्रश्नहरूमा आधारित भई मूल्याङ्कन गर्नुहोस् र सिकाइ अवस्थाको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।**

क. तपाइँको समुदायमा विद्यमान सामाजिक समस्याहरूको सूची तयार पार्नुहोस् ।

ख.विद्यार्थीहरूलाई आआफ्नो समाजमा विद्यमान अवस्थामा रहेका जल्दाबल्दा समस्यामध्ये कुनै एक समस्याको छोटो परिचय दिई समाधानका ५ ओटा उपायहरू लेख्नुहोस् ।

ग. अज्ञानता नै सामाजिक समस्याको जग हो भन्ने कुरालाई  उदाहरणसहित पुष्टि गर्नुहोस् ।

**७. परियोजना कार्य :** साइबर अपराधसम्बन्धी कक्षाका साथीहरूको धारणा सङ्कलन गर्न एक प्रश्नावली तयार पार्नुहोस् । सबै सहभागीहरूको सरसल्लाह र सहभागितामा सो काम पूरा गर्नुहोस् । अब प्रश्नावली सबै विद्यार्थीलाई वितरण गरी भर्न लगाउनुहोस् । विद्यार्थीले भरेको विवरण सङ्कलन गर्न लगाउनुहोस् । अब सङ्कलित विवरणमा आधारित भई तीन वा चार समूहमा रही प्रतिवेदन तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**पाठ २ र ३. :-सामाजिक सुधारमा सङ्घ संस्थाको भूमिका** **अनुमानित घन्टी : ५ घण्टा**

**१. सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| – सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदानको खोजी गर्न | – सामाजिक सुधारमा स्थानीय सङ्घ संस्थाहरूले खेल्ने भूमिका बताउन सक्नेछन् ।<br>– सामाजिक समस्या समाधानमा राष्ट्रिय सङ्घसंस्थाको भूमिका उल्लेख गर्न |

**२.पाठ परिचय :-** सामाजिक समस्या समाधान गर्नका लागि राष्ट्रिय तथा स्थानीय सङ्घ संस्थाहरू क्रियाशील रहेका हुन्छन् । यी संस्थाहरूले विशुद्ध भावना राखी समाज सुधार कार्यमा लागेका हुन्छन् । यस्ता संस्थाहरूमा संलग्न व्यक्तिहरू स्वयम् आफू नमुना बनी समस्या समाधानमा जिम्मेवार बन्न सक्छन् । सामाजिक समस्या समाधानमा स्थानीय स्तरमा विभिन्न सङ्घसंस्थाहरू क्रियाशील छन् । यी सङ्घसंस्थाहरूले चेतना जागरण, समाजसेवा, वातावरण संरक्षण, सामाजिक विकृति विरुद्ध विभिन्न अभियान सञ्चालन गरी समाजमा विद्यमान समस्या समाधानमा योगदान दिइरहेका छन् । त्यस्तै रेडक्रस, स्काउट, समाज कल्याण परिषद, केन्द्रीय बाल अधिकार परिषद् आदि निकायले पनि समाज सुधार र सामाजिक सुधारमा विभिन्न कार्यहरू गर्दै आइरहेका छन् । यस पाठमा यिनै केन्द्रीय सङ्घसंस्थाहरू, आमा समूह, युवा क्लब, प्रहरी चौकी, स्वास्थ्य चौकी आदिले खेलेको भूमिका सम्बन्धमा छलफल गर्ने छौं ।

**३.शैक्षणिक सामग्री**

- विभिन्न स्थानीय सङ्घसंस्थाको लोगो, फोटो आदि
- सङ्घसंस्थाले गरेका योगदान समेटिएको चार्ट वा तालिका
- रेडक्रस, स्काउट, समाज कल्याण परिषद्, केन्द्रीय बाल अधिकार परिषद्को लोगो र सामाजिक समस्या समाधानमा पुऱ्याएका योगदान समेटिएको तालिका

**४. सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १:** सामाजिक समस्या सुधारका लागि स्थानीय समुदायमा कुन कुन सङ्घसंस्थाहरू क्रियाशील छन् भनी प्रश्न सोध्ने र सूची तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप २ :** ती स्थानीय सङ्घसंस्थाले के के समाज सुधार वा सामाजिक समस्या समाधानका कार्यहरू गरेका छन्, समुदायमा गई खोजी गर्न लगाउनुहोस् र प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ :** स्थानीय सामाजिक सङ्घसंस्थाका प्रतिनिधि वा पदाधिकारीलाई कक्षामा आमन्त्रण गरी सामाजिक समस्या समाधानमा तिनीहरूले खेलेको भूमिका सम्बन्धमा छलफल अन्तरक्रिया गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ :** रेडक्रस, स्काउट जस्ता राष्ट्रिय सङ्घसंस्थाको लोगो, फोटो, भिडियो आदि प्रदर्शन गरी ती संस्थाले पुऱ्याएका योगदान सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** सामाजिक समस्या समाधानका लागि विभिन्न सङ्घ सस्थाहरूको साथै प्रत्येक नागरिकहरूको भूमिका महोवपूर्ण हुन्छ भन्ने विषयमा आपसी छलफल गराई निष्कर्ष निकाल्न लगाउनुहोस् ।

सामाजिक समस्या समाधानमा नागरिकको भूमिका

- समस्याको पहिचान गर्ने
- सामाजिक समस्याका कारणहरू खोजी गर्ने
- सामाजिक समस्यालाई परिवार र छिमेकमा सिर्जना हुन नदिन छलफल र सरसल्लाह गर्ने
- नैतिक शिक्षा र सदाचारका कार्यलाई प्राथमिकता दिने
- समस्याले समाजमा पारेको प्रभाव सम्बन्धमा जानकार रहने
- समस्याले समाजमा पारेको प्रभाव सम्बन्धमा समुदायका मानिसहरू जानकारी दिने, सचेत गराउने
- सामाजिक समस्याका समाधानमा समुदायले गर्न सक्ने भूमिका सम्बन्धमा सचेतनाका कार्यहरू गर्ने
- स्थानीय रूपमा क्रियाशील सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरी यस्ता समस्या समाधानमा सक्रिय रहने
- सामाजिक समस्याको समाधानका लागि कानुनको प्रभावकारी कार्यन्वयनमा जोड दिने
- समुदायमा साक्षरता र आयआर्जनका सिपमूलक कार्यक्रम सञ्चालन गर्ने
- सामाजिक अपराध गर्नेलाई सामाजिक वहिष्कार गर्ने
- समय समयमा समुदायमा सचेतनामूलका ऱ्याली, सडकनाटक, लोकगीत आदि सञ्चालन गर्न पहल गर्ने

**क्रियाकलाप ६ :** विद्यार्थीहरूलाई कुन कुन विद्यार्थी रेडक्रम, स्काउट जस्ता संस्थाको विद्यालय तहमा रहेका इकाइमा क्रियाशील रहेका छन् र त्यहाँ क्रियाशील रहँदा के कस्ता कार्यहरू गरेका अनुभव छ भनी अनुभव आदानप्रदान गर्न लगाउनुहोस् । रेडक्रस, स्काउट जस्ता सङ्घसंस्थाहरूले विद्यालयमा पनि

विभिन्न समिति बनाई क्रियाशील हुन्छन् भन्ने सन्दर्भ छलफल गराई विद्यालयमा पनि जुनियर रेडक्रस सर्कल र स्काउटमार्फत समाजसेवाका कार्य गर्न सकिने बताउँदै सो कार्य गर्न अभिप्रेरित गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण पनि गर्नुहोस् ।

**क्रियाकलाप ७ :** समाज कल्याण परिषद् र केन्द्रीय बाल कल्याण परिषद्को परिचय र योगदान सम्बन्धमा क्रियाकलापमा दिइएका विषयवस्तु अध्ययन गर्न लगाई त्यहाँ सोधिएका प्रश्नको उत्तर भन्न अभिप्रेरित गर्नुहोस् । नसकेमा सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ८ :** सामाजिक सुधारका क्षेत्रमा सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबाट भएका योगदान लेखेर ल्याई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ :** सामाजिक समस्या समाधान गर्न विद्यार्थीको भूमिका शीर्षकमा निबन्ध लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### ५.मूल्याङ्कन /प्रतिविम्बन

क) अभ्यास दिइएका प्रश्न र थप प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पाठ ४ :-सामाजिक समस्या समाधानका मौलिक अभ्यासहरू** **अनुमानित कार्यघण्टाः ३**

## १. सिकाइ उपलब्धि

| पाठ्क्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्या समाधानका प्रचलित मौलिक अभ्यासहरूको खोजी र प्रवर्धन गर्न | मौलिक अभ्यासहरू गुठी, पर्म, ऐचोपैँचो, सहभोज, बड्घर आदि प्रथाहरूको परिचय र महोव उल्लेख गर्न । |

## २.पाठ परिचय

सामाजिक सुधारमा सरकार, विभिन्न सङ्घसंस्था, नागरिक समाज आदिको भूमिका सह्रानीय छ । सबै तह र तप्काबाट समस्या समाधानमा भूमिका निर्वाह हुँदै आए पनि अपेक्षा अनुरूप हुन सकेको छैन् । यस पाठमा समाजमा विद्यमान मौलिक अभ्यासहरूको चर्चा गरिएको छ । जसले समाजलाई व्यवस्थित बनाउन ,सामाजिक समस्याहरू निराकरण गर्न, असल सामाजिक पद्धति विकास गर्न, सहयोग , सहकार्य र एकतालाई प्रवर्धन गर्न मदत पुऱ्याउँदै आइरहेको पाइन्छ । यस पाठमा गुठी, पर्म, ऐचोपैँचो, बड्घर र सहभोजको मौलिक अभ्यास र यसले समाजमा पारेको सकारात्मक प्रभावको सम्बन्धमा चर्चा गर्ने छौँ ।

## ३.शैक्षणिक सामग्री

– सामाजिक सुधारका लागि भएका प्रयाससम्बन्धी सामग्रीहरू प्रयोग गर्ने जस्तै मुलुकी ऐनको पुस्तक, अन्य कानुनका पुस्तक
– गुठी, सहभोज आदि झल्कने चित्रहरू

## ४. सिकाइ सहजीकरण प्रक्रिया

**क्रियाकलाप १ :** विद्यार्थीको समुदायमा पर्म, पैँचोको चलन रहे नरहेको, चलन रहेको भए विद्यार्थीको ती चलनसँग सम्बन्धीत कुनै अनुभव भए नभएको सोधखोज गरी, अनुभव भए सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २ :** गुठी, बड्घर, सहभोज आदि झल्कने चित्र, फोटो, भिडियो आदि प्रदर्शन गरी विद्यार्थीहरूको अनुभवसमेतलाई जोड्दै हाम्रा मौलिक प्रथा र प्रचलनहरूले समाजमा सहयोग, सहकार्य, मेलमिलाप, दैनिक जीवनमा सहजताका लागि मदत पुऱ्याइरहेको सन्दर्भ उल्लेख गर्नुहोस् ।

**क्रियाकलाप ३ :** विद्यार्थीहरूलाई गुठी, बड्घर, पर्म, ऐचोपैँचो आदि सामाजिक व्यवहार र मान्यताहरूको सम्बन्धमा छोटो परिचय प्रस्तुत गर्नुहोस् । यस्ता प्रथा र प्रचलनको आवश्यकता र समाजमा यसले

कसरी अपनत्व, भाइचारा, सामाजिक सद्भाव वृद्धिमा मदत पुऱ्याएको छ आदि सन्दर्भमा छलफल गर्दै स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ :** समाजमा हुने गरेका सहभोजका गतिविधिले कसरी सामाजिक एकता र सहिष्णुता कायम गर्न मदत गर्छ भनी समूह समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् **क्रियाकलाप ५ :** कुन सामाजिक व्यवहारले कस्ता सामाजिक मूल्यहरूको विकासमा सहयोग पुग्छ, जोडी जोडीमा छलफल गरी तलको तालिका प्रस्तुत गर्न लगाउनुहोस् :

| सामाजिक व्यवहार | विकास हुने सामाजिक मूल्यहरू |
|---|---|
| **गुठी** | एकता, सहकार्य, मौलिक परम्परा र संस्कृतिको संरक्षण |
| **पर्म** | |
| **ऐचोपैँचो** | |
| **वड्घर** | |
| **सहभोज** | |

क्रियाकलाप ६ : पाठको क्रियाकलाप ३ मा दिइएका कार्यलाई विभिन्न समूहलाई फरक फरक जिम्मेवारी पर्ने गरी क्रियाकलाप गराउनुहोस् र कक्षामा पालैपालो हरेक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

गीत

घरमा अस्ती रोपाइँ गर्दा रमाइलो भो अति

बाहुसे, रोपार, हली अनि बिउ काट्ने थे कति

यो काममा गाउँघरमा आलेपालो गर्दा

एक अर्कालाई सहयोग गर्ने खेतमा काम पर्दा

पर्म हाम्रो मौलिक चलन, बचाइनु छ मिलेर सबैले

श्रममा पैसा चल्दैन है, काममा पालो हुने

खेताला पो पाइन्न कि भन्ने डर नहुने

सामाजिक एकतालाई बचाई राख्ने रै छ

त्यही भएर हाम्रो समाज नमुना पो भै छ ।

पर्म जस्तै पैचो नि छ हाम्रो, मौलिक चलन साह्रै नै छ राम्रो

खाँचो पर्दा कुनै चिज छिमेकबाट ल्याइने

जति ल्या छ पछि त्यति फिर्ता गर्न पाइने

ऐचोपैँचो चलनले अभाव टार्छ साथी

सहकार्य र एकताले समाज जान्छ माथि

पर्म अनि ऐचो र पैँचोलाई, राख्छ समाज एक ढिक्का बनाई

५. मूल्याङ्कन ⁄प्रतिविम्बन

तल दिइएका वा अभ्यासमा दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

क. सामाजिक सुधारका लागि भएका मौलिक प्रचलनहरूको सूची तयार गर्न लगाउने र सो कक्षामा प्रस्तुत गर्न लगाउने ।

ख. हाम्रा मौलिक प्रचलनहरू हाम्रा पहिचान र चिनारी हुन भन्ने सन्दर्भमा निबन्ध लेख्न लगाउनुहोस् र निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :

- निबन्ध लेखनको ढाँचा
- विषयवस्तुको प्रस्तुति
- समय व्यवस्थापन
- सन्दर्भ सामग्रीको अध्ययन र उधृत गरिएको ( Citation)

**६ : थप सुझाव**

विद्यार्थीहरूलाई आफ्नो समाजमा भएको मौलिक चलनको खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउन सकिन्छ । यसका लागि विद्यार्थीहरू समुदायमा विद्यमान मौलिक चलनको खोजी गर्न लगाउने, आवश्यक पर्दा समुदायमा भ्रमणसमेत गराउने र शिक्षकले समुदायमा भेटाउनुपर्ने र अध्ययन गर्नुपर्ने विषयवस्तुसँग जानकार व्यक्तिसँग सम्पर्क र समन्वय गर्नुपर्ने हुन्छ ।

# एकाइ ५ : नागरिक चेतना

## पाठ १: संविधानको परिचय

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| संविधानको परिचय दिई विभिन्न आधारमा संविधानको वर्गीकरण गर्न | – संविधानको परिचय दिन<br>– दस्तावेजको आधारमा, स्रोतको आधारमा र संशोधन प्रक्रियाको आधारमा संविधानको वर्गीकरण गर्न<br>– असल संविधानका विशेषताहरू बताउन |

**२. पाठ परिचय**

संविधान देशको मूल कानुन हो । प्रजातान्त्रिक मुलुकमा राज्य सञ्चालनको मुख्य मार्गदर्शक दस्तावेज संविधान हो । संविधानलाई अङ्ग्रेजीमा Constitution भनिन्छ । यो ल्याटिन भाषाको Constituere बाट अएको हो । यसको अर्थ सरकारको स्थापना गर्नु भन्ने बुझिन्छ । संविधानमा संविधानमा मौलिकहकहरू, राज्यका आधारभूत सिद्धान्तहरू, सरकारको संरचना, राज्य शक्तिको बाँडफाँड र प्रयोग, नियन्त्रण तथा सन्तुलनसम्बन्धी कुराहरू उल्लेख गरिएको हुन्छ ।

देशको संविधानलाई आधार मानेर अन्य कानुनहरू बनाउने गरिन्छ । यसरी कानुन निर्माण गर्दा देशको संविधानसँग बाझिने गरी बनाउन पाइँदैन । देशको संविधानसँग बाझिने गरी बनाइएको कानुन स्वत अमान्य हुन जान्छ । संविधान राज्यलाई आवश्यक पर्ने कानुन निर्माणको अधार र राज्य सञ्चालनको लागि मुख्य दस्तावेज भएको कारण यसलाई देशको मुल कानुन भनीएको हो । संविधानमा लोकतान्त्रिक मूल्य मान्यता, कानुनी शासनको प्रत्याभूति, नागरिक अधिकार, समानुपातिक समावेशिता र जनताको मौलिक हकको ग्यारेन्टी गरेको संविधानलाई असल संविधान मानिन्छ । संविधानमा मानव अधिकारको सुनिश्चितता भएको छ भने त्यो संविधान असल संविधान हुन्छ । त्यस्तै संविधान निर्माणका क्रममा जनसहभागीता सुनिश्चित भएको संविधान असल संविधान हो । यस पाठमा संविधानको परिचय, स्रोत, महा$\overline{\text{ो}}$व र असल संविधानको विशेषता सम्बन्धमा छलफल गरिएको छ ।

**३. शैक्षणिक सामाग्रीः**

- विभिन्न समयका नेपालको संविधान लेखिएका पुस्तकहरू
- संविधानको परिचय लेखिएको चार्ट वा पोष्टर
- संविधानको वर्गीकरण दर्शाउने चार्ट
- संविधानको परिचय र वर्गीकरण प्रष्ट पार्ने डिजिटल सामग्रीहरू
- असल संविधानका विशेषताहरू लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १

विद्यार्थीहरूलाई संविधान तथा कानुनसम्बन्धी पूर्व ज्ञान परीक्षण गर्न संविधान भनेको के हो ? भन्ने प्रश्न सोध्ने र उनिहरूले दिएका उत्तरमाथि छलफल गरेर कक्षाको सुरुआत गर्ने । कक्षामा विद्यार्थीहरूलाई कक्षाकोठाको नियमको प्रसङ्ग जोड्दै कक्षामा नियम किन बनाइन्छ ? यो नियमले कक्षाकोठामा के के कार्य गर्न सहयोग गर्दछ ? यसमा के कस्ता कुराहरू समावेश गरिएको हुन्छ ? जस्ता प्रश्न गर्दै कक्षालाई व्यवस्थित बनाउन कक्षा नियम आवश्यक भए जस्तै राज्य सञ्चालन गर्न पनि नियम कानुनको आवश्यकता पर्दछ भनी देश सञ्चालनका लागि आवश्यक मुल कानुन नै संविधान हो भन्ने प्रशंग जोड्दै संविधानको परिचय लेखिएको चार्टको सहयोगमा थप प्रष्ट पारिदिने ।

### क्रियाकलाप २

नेपालको संविधानको पुस्तक देखाउँदै यो र अन्य संविधान विभिन्न समयमा जारी गरिएका संविधान हुन् । देशको राजनीतिक प्रणाली र राजनीतिक व्यवस्थामा परिर्वतन हुँदा संविधान पनि त्यसै अनुरूपको बनाउने गरिन्छ । लोकतान्त्रिक शासन व्यवस्था अँगालेका मुलुकमा संविधान जनताको इच्छाअनुसार बनाइन्छ । नेपालको वर्तमान संविधान जनताको इच्छाअनुसार जनताको सहभागितामा बनाइएको हो भनी प्रष्ट पार्ने ।

### क्रियाकलाप ३

कक्षालाई विभिन्न समूहमा विभाजन गरि प्रत्येक समूहलाई पाँचपाँच ओटा कक्षामा पालना गर्नुपर्ने नियमहरू बनाउन लगाउने । उनीहरूले तयार गरेको नियमलाई कक्षाकोठाको नियमसँग तुलना गर्न लगाउने । सबै समूहले तयार गरेको नियम पालैपालो प्रस्तुत गर्नलगाउने । एउटा समूहले प्रस्तुत गर्दा अन्य बाँकी समूहलाई उक्त नियम कक्षा कोठाको नियमसँग बाझिएको छ छैन पहिचान गर्न लगाउने । बाझिएको खण्डमा उक्त नियम कक्षाकोठाको नियमसँग बाझिने भएकाले अमान्य हुने कुरा प्रष्ट पार्ने । यो क्रियाकलापको अन्त्यमा विद्यार्थीलाई कक्षाकोठाको नियम संविधान जस्तै मूल नियम हो र प्रत्येक समूहले बनाएको नियम अन्य कानुन जस्तै हो भनी संविधान देशको मूल कानुन हो भन्ने कुरा प्रष्ट पर्ने । जसरी कक्षाकोठाको नियमको मातहतमा एउटा समूहले तयार गरेको नियम रहन सक्छ, त्यस्तै संविधानको मातहतमा पनि देशको अन्य कानुनहरू रहन्छन् भनी प्रष्ट पार्ने । यही कारणले संविधान देशको मूल कानुन हो भनी बताउने । आफ्नो समूहले नियम बनाउन तपाइँहरू आफै सहभागी भएको कारण यो नियम पालना गर्न तपाईंहरू प्रतिबद्ध हुनुहुन्छ । यसैगरी जनताको सहभागितामा निर्माण भएको संविधानमा पनि जनताको अपनत्व रहन्छ र यसको पालना राम्रोसँग हुन जान्छ । जनताको सहभागितामा बनेको संविधानले जनताको चाहानाको संवोधन गर्ने हुनाले त्यस्तो संविधानलाई असल संविधान भनिन्छ भनेर बताइदिनुहोस् ।

**क्रियाकलाप ४**

संविधानको वर्गीकरणका आधारहरू उल्लेख गरिएको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् र कक्षाकोठामा रहेका विद्यार्थीहरूको सङ्ख्याको आधारमा विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक प्रकारको संविधानको विशेषताहरू लेख्न लगाउनुहोस् । जस्तै, एउटा समूहलाई लिखित र अलिखित दोस्रो समूहलाई निर्मित र विकसित तथा तेस्रो समूहलाई लचिलो र कठोर संविधानको विशेषताहरू लेख्न लगाउने र पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । क्रियाकलापको अन्त्यमा एउटा समूहको सामग्री र प्रस्तुति प्रति अर्को समूहलाई आफ्नो थपघट गर्नुपर्ने कुराहरू भए थपघट गर्न लगाउनुहोस् र शिक्षकले थप प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५**

विद्यार्थीलाई असल संविधान भनेर कस्तो संविधानलाई भनिन्छ ? भन्ने प्रश्न गर्ने र उनीहरूले दिएको उत्तरहरू टिपोट गर्दै जाने र शिक्षकले पनि थप कुराहरू बताउने । असल संविधानका विशेषताहरू उल्लेख गरिएको चार्ट प्रस्तुत गर्दै विद्यार्थीले पहिले दिएका उत्तरहरूसँग दाँजेर छलफल गर्ने र असल संविधानका गुणहरूको बारेमा प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ६**

जनसहभागिताबाट निर्मित संविधान असल संविधान मानिन्छ, किन ? भन्ने पाठमा दिइएको क्रियाकलापमा छलफल गराउँदा निम्न बुँदाहरू आए नआएको विचार गरी नआएमा थप गर्न लगाउनुहोस् ।

**जनसहभागिताबाट निर्मित संविधान असल संविधान मानिन्छ , किनभने**

- यस्तो संविधानले जनताको भावनाको प्रतिनिधित्व गर्छ ।
- जनताबाट निर्वाचित प्रतिनिधिको संविधान निर्माणमा सहभागिता हुने हुँदा जनताका अभिमतहरू त्यहाँ प्रकट भएका हुन्छन् ।
- सबैले अपनत्व महसुस गर्छन् ।
- संविधान निर्माणको क्रममा जनताका सुझावहरू समेत लिइने हुँदा आफ्ना सुझावलाई समावेश गरिएकाले विरोध गर्ने अवस्था रहँदैन् ।
- जनसहभागितामा बनाइएको संविधानले मानव अधिकार, विधिको शासन, मौलिक हक, आवधिक निर्वाचन, समावेशितामा जस्ता असल संविधानका तत्वहरू समेटिने हुन्छ ।
- जनसहभागितामा निर्मित संविधानले राज्यका विभिन्न निकायको अधिकार र शक्तिको स्पष्ट व्याख्या गर्ने हुँदा द्वन्द्व सिर्जना हुने अवस्था रहँदैन् ।

## ५.प्रतिविम्बन/मूल्याङ्कन

क) विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने । एउटा समूहलाई लिखित र अलिखित अन्य समूहलाई क्रमशः निर्मित र विकसित, लचिलो र कठोर संविधानसम्बन्धी विभिन्न प्रश्नहरू तयार गर्न लगाउने र एउटा समूहले अन्य समूहलाई प्रश्न सोध्न लगाउने । यसरी सबै समूहले एक अर्को समूहलाई प्रश्न सोधिसकेपछि कुन समूहले सबैभन्दा बढी प्रश्नको उत्तर मिलायो त्यो समूहलाई विजेता घोषणा गरी पुरस्कृत गर्ने र यसको अधारमा मूल्याङ्कन गर्ने ।

ख) विद्यार्थीहरूलाई अभ्यासमा दिइएका वा तलका जस्तै प्रश्नहरू सोधी पाठको विषयवस्तुको बारेमा प्रतिविम्बन गराउन सकिन्छ । आवश्यकताअनुसार शिक्षकले पृष्ठपोषण प्रदान गर्न सक्नुहुन्छ ।

(अ) संविधान भनेको के हो ?

(आ) संविधानलाई किन मूल कानुन भनिन्छ ?

(इ) कस्तो संविधानलाई असल संविधान भनिन्छ ?

(उ) लिखित संविधान नभएको देश कुन हो ?

ग) माथि उल्लिखित क्रियाकलापमा आन्तरिक मूल्याङ्कन कार्यविधिमा दिइएका मापदण्ड र सूचकको आधार मानी विद्यार्थीले गरेका कामको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

## ६.थप अध्ययन सामग्री

(क) संविधान भनेको राज्य सञ्चालका लागि पथ प्रर्दशन गर्ने दस्तावेज हो । यसले राज्य व्यस्थाको रूपरेखा कोर्दछ । नेपालमा हालसम्म सातओटा संविधान जारी भएका छन् ।

(ख) कानुनी राज्य : संविधान, कानुन, ऐन नियमअनुसार सञ्चालन हुने व्यवस्था नै कानुनी राज्य हो ।

(ग) संवैधानिक सर्वोच्चता : राज्यका अङ्गहरूले संविधानको मर्मअनुसार आफ्ना कार्यहरू गर्नु, संविधानको अक्षरस पालना गर्नु, नियम कानुन विपरीत कुनै पनि निकायले कार्य नगर्नु, संविधानको भावनाको शिरोपर गर्नु ।

(घ) संविधान संसोधन : संविधानको प्रस्तावनाको विपरीत नहुने गरी यसका कुनै निश्चित धारा तथा उपधाराको समय सापेक्ष परिर्वतन गर्नु । नेपालको वर्तमान संवैधानिक व्यवस्थाअनुसार संविधान संसोधनका लागि प्रतिनिधि सभाको कुल सदस्य सङ्ख्याको दुई तिहाइ सङ्ख्या आवश्यक पर्दछ ।

(ङ) शक्ति सन्तुलनः लोकतान्त्रिक राज्यमा संविधानले राज्यका प्रमुख शक्तिहरूबिच शक्तिको प्रयोग कस्ले कसरी गर्ने भन्ने कुराको निर्धारण गरिदिएको हुन्छ । जसले गर्दा राज्यका अङ्गहरू स्वेच्छाचारी ढङ्गले निरङ्कुस हुन पाउँदैनन् । नागरिकका अधिकारको रक्षा हुन पुग्दछ । एउटा शक्तिले आफ्नो संवैधानिक सीमा नाघ्यो भने अर्कोले त्यसलाई सहीमार्गमा ल्याउन सहयोग गर्दछ । यस्तो व्यवस्थालाई राज्यका अङ्गबिचको शक्ति सन्तुलन भनिन्छ ।

## पाठ २: संवैधानिक विकासक्रम

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २ घण्टा**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको संवैधानिक विकासक्रमको इतिहास बताउन | – नेपालको हालसम्म जारी भएका संविधान र तिनका विशेषताहरू बताउन<br>– नेपालको संबैधानिक विकासकक्रमलाई समय रेखामा देखाउन<br>– विभिन्न समयमा जारी भएका संविधानका विशेषताहरूको तुलना गर्न |

**२. पाठ परिचय:**

नेपालमा संवैधानिक विकासक्रमको इतिहास धेरै लामो छैन । तत्कालीन राणा प्रधानमन्त्री श्री ३ पद्मशमसेरले वि.सं २००४ साल माघ १३ मा घोषणा गरेको 'नेपाल सरकार वैधानिक कानुन, २००४' नै नेपालको पहिलो संविधान थियो । यद्यपि यो संविधान कार्यान्वयन हुन पाएन । यसपछि वि.सं. २००७ को परिवर्तनपछि २००७ चैत्र १७ गते राजा त्रिभुवनले 'नेपालको अन्तरिम शासन विधान २००७' जारी गरे र उक्त संविधान त्यही चैत्र २९ गतेदेखि लागु भएको थियो । विधान सभाले अर्को संविधान जारी नगरुन्जेलसम्म लागु हुने गरी उक्त संविधान जारी गरिएको थियो र वि.सं २०१५ सम्म उक्त संविधान लागु भयो । संविधान मस्यौदा आयोगले तयार पारी वि.सं २०१५ फागुन १ गते 'नेपाल अधिराज्यको संविधान २०१५' जारी गरियो । त्यो संविधानको कार्यान्वयन स्वरूप देशमा पहिलो ऐतिहासिक आम निर्वाचन सम्पन्न भयो । वि.सं २०१७ मा भएको राजनीतिक व्यवस्थाको परिवर्तनपछि तत्कालीन राजा महेन्द्रले पञ्चायती व्यवस्थालाई मजबुत बनाउन वि.सं २०१९ पुस १ मा 'नेपालको संविधान २०१९' जारी गरे र उ संविधान वि.सं. २०४६ चैत्र २६ सम्म लागु भयो । देशमा भएको राजनीतिक परिर्वतन सँगै वि.सं २०४७ कात्तिक २३ गते बहुदलीय व्यवस्था अनुकुलको 'नेपाल अधिराज्यको संविधान २०४७' जारी गरिएको थियो । वि.सं २०६२/०६३ को संयुक्त जनआन्दोलनको सफलता पश्चात् वि.सं २०६३ जेठ ४ गतेको प्रतिनिधि सभाको विशेष घोषणा र विस्तृत शान्ति सम्झौताको पृष्ठभूमिको आधारमा वि.सं २०६३ माघ १ गते अन्तरिम व्यवस्थापिकाले 'नेपालको अन्तरिम संविधान २०६३ जारी गऱ्यो । उक्त संविधान वि.सं. २०७२ असोज ३ मा संविधान सभाले वर्तमान संविधान जारी नगरुन्जेलसम्म लागु भएको थियो । नेपाली जनताको सहभागितामा संविधान बनाउने लामो समयको प्रतीक्षाले सार्थकता पाए सँगै ऐतिहासिक संविधानसभाबाट वि.सं २०७२ असोज ३ गते नेपालको वर्तमान संविधान जारी भई त्यसै दिनदेखि लागु भई कार्यान्वयनमा आएको छ । नेपालको संवैधानिक विकासक्रमको इतिहासमा ६५ वर्षको अवधिमा ७ ओटा संविधान जारी भएका छन् । यति छोटो अवधिमा ७ ओटा संविधान जारी गरिनुले नेपालमा राजनीतिक व्यवस्थामा धेरै परिर्वतन भएको सङ्केत गर्दछ भने अर्को तर्फ

वि.सं २०६३ भन्दा अगाडिको संविधान निर्माणमा जनताको सहभागितालाई उपेक्षा गरिएको कुरा प्रष्ट देखिन्छ । यस पाठमा नेपालको संवैधानिक विकासक्रमको चर्चा गरिएको छ ।

## ३. शैक्षणिक सामाग्री

- वि.सं २००४ देखि २०७२ सम्मका नेपालको संविधानका पुस्तकहरू
- संवैधानिक विकासक्रम देखाउने चार्ट
- संवैधानिक विकासक्रमको समय रेखा
- वि.सं २००४ देखि हालसम्मका संविधानका विशेषता लेखिएको चार्ट
- संवैधानिक विकासक्रम र हालसम्मका संविधानका विशेषता समेटी तयार गरिएको डिजिटल सामग्री

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

कक्षामा विभिन्न समयमा जारी भएका संविधानहरू देखाउँदै कुन मितिमा कुन संविधान जारी भएको हो ? भन्ने प्रश्न गर्दै सबै विद्यार्थीहरूलाई यसको उत्तर कापीमा टिपोट गर्न लगाउने । विभिन्न समयमा जारी भएका संविधानको नाम स्मरण गर्न पनि लगाउने । कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई संविधानको नाम र जारी मिति क्रमशः भन्न लगाउने । जुन समूहले छोटो समयमा संविधानको नाम र जारी मिति क्रमशः भन्छ त्यो समूहलाई विजेता धोषणा गर्ने र पुरस्कृत गर्ने ।

### क्रियाकलाप २

संवैधानिक विकासक्रमको चार्ट देखाउँदै थप छलफल गर्ने । संवैधानिक विकासक्रम प्रष्ट पार्ने समयरेखा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई पनि समयरेखा निर्माण गर्न लगाउने र शिक्षकले समयरेखा निर्माण गर्न आवश्यक सहजीकरण गर्नुहोस् ।

### क्रियाकलाप ३

विभिन्न समयमा जारी भएका संविधानका विशेषताहरू उल्लेख गरिएको चार्ट प्रस्तुत गर्दै तुलनात्मक रूपमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई एउटा संविधानको विशेषताहरू समेटी प्रश्नहरू तयार गर्न लगाउनुहोस् । एउटा समूहले तयार गरेका प्रश्नहरू अन्य समूहलाई सोध्न लगाउने (जुन समूहले पहिले हात उठाउँछ त्यो समूहले उत्तर दिने पहिलो प्राथमिकता पाउँछ) । जुन समूहले धेरै प्रश्नहरको उत्तर मिलाउँछ त्यो समूहलाई विजेता घोषणा गर्नुहोस् ।

### क्रियाकलाप ४

संविधान पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् । यसका लागि एकजना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । निजको ढाडमा कागज स्टिच गरी कुनै एक संविधानको नाम लेख्नुहोस् । उदाहरणका लागि नेपाल अधिराज्यको संविधान २०४७ । निजलाई सो संविधान जारी भएको समय, मिति, विशेषतासँग सम्बन्धीत रहेर अनुमान गर्दै प्रश्न सोध्न लगाउनुहोस् । के यो संविधान राणाशासन कालमा जारी भएको थियो ? अन्य विद्यार्थीले होइन भन्ने छन् । के यो संविधान राजा महेन्द्रको पालामा जारी भएको हो ? होइन, के यो संविधान जारी हुँदा नेपालमा गणतन्त्र स्थापना भएको थियो ? अरुले होइन भन्ने जवाफ दिने छन् । के यो संविधान २०४७ कार्तिक २३ गते जारी भएको थियो ? हो भन्ने जवाफ अन्य साथीबाट आउने छ । उसले यो नेपाल अधिराज्यको संविधान २०४७ हो भनेर जवाफ दिनुपर्ने हुन्छ । यो क्रियाकलाप पालैपालो अन्य विद्यार्थीलाई पनि गराउनुहोस् । यसरी कति छिटो थोरै प्रश्न सोधेर जसले उतर मिलाउँछ, उसलाई विजयी घोषित गर्नुहोस् ।

## ५. मूल्याङ्कन /प्रतिविम्बन

क) संविधान जारी गरिएका मितिलाई समय रेखामा देखाउन लगाइएकामा तल दिइएको अधारमा मूल्याङ्कन गर्नुहोस् ।

- उपयुक्तता र सफाइ
- सङ्केत
- घटना र मितिको तादाम्यता
- रेखाहरूको उपयुक्त रखाइ

## ६.थप अध्ययन सामग्री

नेपालमा हालसम्म जारी भएका संविधानका विशेषताहरू

| **नेपालको वैधानिक कानुन, २००४** | **नेपालको अन्तरिम शासन विधान २००७** | **नेपाल अधिराज्यको संविधान, २०१५** |
|---|---|---|
| • पहिलो लिखित संविधान<br>• जारी भएर पनि लागु हुन नसकेको संविधान<br>• ६ भाग ६८ दफा र १ फेहरिस्त रहेको<br>• कार्यकारी अधिकार श्री ३ मा निहित भएको<br>• राष्ट्रि सभा र भारदारी सभासहितको व्यवस्थापिका<br>• गाउँ, नगर तथा जिल्ला | • अन्तरिम व्यवस्थाका लागि जारी गरिएको<br>• ७ भाग ७३ दफा र ३ अनुसूची रहेको<br>• कार्यपालिका राजाप्रति जवाफदेही<br>• दरखास्त परिषद् र प्रधान न्यायालयको व्यवस्था<br>• निर्वाचन नभएसम्मका लागि सल्लाहाकार सभाको | • मस्यौदा आयोगले तयार पारी जारी गरिएको<br>• १० भाग र ७७ धारा रहेको तर अनुसूच नभएको<br>• राजाको विशेष स्थान<br>• संसदिय शासन प्रणाली<br>• द्विसदनात्मक व्यवस्थापिका<br>• न्यायपालिका तथा मौलिक हकको व्यवस्था |

| | | |
|---|---|---|
| पञ्चायतको व्यवस्था | व्यवस्था | |

| नेपालको संविधान २०१९ | नेपाल अधिराज्यको संविधान,२०४७ | नेपालको अन्तरिम संविधान २०६३ |
|---|---|---|
| • राजाको इच्छा अनुसार जारी गरिएको<br>• निरङ्कुस संविधान<br>• २० भाग ९ठ धारा र ६ अनुसूची<br>• सार्वभौमसत्ता राजामा निहित<br>• अख्तियार अनुसन्धान आयोग लगायत अन्य आयोगको व्यवस्था<br>• एक सदनात्मक संसद (राष्ट्रिय पञ्चायत) | • विज्ञ सम्मिलित आयोगले तयार पारेको<br>• सार्वभौमसत्ता जनतामा रहेको<br>• द्विसदनात्मक व्यवस्थापिका<br>• कार्यकारिणी अधिकार राजा र मन्त्रिपरिषद्मा<br>• संवैधानिक परिषद् र स्वतन्त्र न्यायपालिकाको व्यवस्था<br>• संवैधानिक राजतन्त्र<br>• बहुदलीय शासन प्रणाली<br>• मृत्युदण्ड दिन नपाउने | • जनआन्दोलनको भावना अनुरूप तयार गरी जारी गरिएको<br>• सार्वभौमसत्ता नेपाली जनतामा निहित<br>• अधिकतम लचिलो संविधान<br>• कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहेको<br>• २५ भाग १६७ धारा र ४ अनुसूची<br>• नेपालमा बोलिने सबै मातृ भाषा राष्ट्रभाषा मानिएको |

## पाठ ३ र ४ : संविधान सभा, बर्तमान संविधानका विशेषताहरू र मौलिक हक

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ४ घण्टा**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न र नेपालको वर्तमान संविधानको विशेषता बताउन<br>– वर्तमान संविधानले प्रदान गरेका मौलिक हकसँग परिचित हुन र नागरिक कर्तव्य पालना गर्न | – संविधान सभाको परिचय दिन<br>– वर्तमान संविधानमा उल्लिखत मौलिकहकहरूको बारेमा बताउन<br>– मौालिकहकको उपयोगमा सचेत हुन<br>– मौलिकहकहरू मध्ये बालबालिकाका हकहरूको बारेमा बताउन र उपयोग गर्न |

**२. पाठ परिचयः**

लोकतान्त्रिक शासन व्यवस्थामा संविधान निर्माण कार्यमा जनताको सहभागिता गराई जनचाहना अनुरूपको संविधान बनाउनका लागि गठन गरिएको जनप्रतिनिधिमूलक संस्था संविधानसभा हो । नेपालमा विधानसभाको गठन गरी जनताको इच्छाअनुसारको संविधान निर्माण गर्ने कुरा वि.सं. २००७ सालमा भएको दिल्ली सम्झौतामा उल्लेख गरिए तापनि शासकहरूको स्वार्थले गर्दा पूरा हुन सकेको थिएन । नेपाली जनताले आफ्नो इच्छाअनुसारको संविधान आफ्नै सहभागितामा बनाउने सपना पूरा गर्न ६७ वर्ष प्रतीक्षा तथा सङ्घर्ष गर्नु पर्‍यो । वि.सं. २०६२/६३ को जनआन्दोलनको सफलता पछि वि.सं. २०६४ चैत २८ गते नेपाली जनताले संविधान सभाको निर्वाचनमा भाग लिई यसको गठन गर्ने अवसर पाएका थिए । उक्त संविधानसभाले निर्धारित समयमा संविधान जारी गर्न नसकेपछि वि.सं. २०७० मङ्सिर ४ गते पुनः दोस्रो संविधानसभाको निर्वाचन भएको थियो । दोस्रो संविधानसभाले वि.सं. २०७२ असोज ३ गते नेपाली जनताको चाहानाअनुसारको ऐतिहासिक संविधान जारी गरेको थियो । यो संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूचीहरू रहेका छन् । यस पाठमा संविधान सभा, नेपालको वर्तमान संविधानका विशेषता र संविधानमा उल्लिखित मौलिक हकको सम्बन्धमा चर्चा गरिएको छ ।

**३. शैक्षणिक सामाग्री**

- संविधानसभाको परिचय र विशेषता लेखिएको चार्ट तथा चित्र र श्रव्यदृष्य सामग्रीहरू
- वर्तमान संविधानको पुस्तक
- मौलिकहकको परिचय लेखिएको चार्ट
- मौलिकहक समेटी तयार गरिएको गीत वा कविता, घटना वा कथा आदि

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १:** विद्यार्थीलाई आफ्नो कक्षाको नियम आफैँ बनाए जस्तै संविधान निर्माण गर्न पनि जनताको सहभागिता रहनुपर्छ । संविधान सभामार्फत बनेको नेपालको वर्तमान संविधानले सो आकाङ्क्षा पूरा गरेको सन्दर्भ उल्लेख गर्दै चार्ट प्रस्तुत गरी संविधान सभाको परिचय स्पष्ट पार्नुहोस् । साथै संविधान सभा भवनको चित्र, संविधानसभामा छलफल गरिरहेको चित्र देखाउँदै संविधान सभाको कार्य र आवश्यकताको विषयमा प्रष्ट पार्ने । संविधानसभामा संविधान निर्माण कार्य हुँदा गरिएका छलफलहरूको अडियो तथा भिडियो प्रस्तुत गर्दै थप छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ :** कक्षालाई संविधानसभा मानेर कक्षा नियम बनाउने अभ्यास गराउनुहोस् । कक्षाकोठालाई व्यवस्थित बनाउनका लागि आवश्यक नियम विद्यार्थीहरूकै सहभागितामा बनायो भने यसमा अपनत्व बढ्छ । सबैको विचारले मान्यता पाउँछ र यसको पालना गर्न सबै जिम्मेवार हुन्छन् भन्ने विषयमा छलफल गरी सबैको सहभागिता हुने गरी नियम बनाउन लगाउनुहोस् र कक्षामा लागु गर्न अभिप्रेरित गर्नुहोस् । यसै अभ्यासलाई आधार मान्दै संविधानसभाले बनाएको संविधानमा पनि जनताको अपनत्व रहने, सहभागी रहने, जनप्रतिनिधिमार्फत संविधान बन्दै, जनताका अधिकारहरू सुरक्षित रहने आदि उदाहरण प्रस्तुत गर्दै संविधान सभाको महîव स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ :** कक्षामा संविधानसभाको बैठकको अभिनय गरी छात्राको हक, अपाङ्गता भएका विद्यार्थीका हक, फरक सिकाइ क्षमता भएका विद्यार्थीको सिकाइ हक, समावेशिता आदि पक्षको समावेश हुने कुरालाई छलफलमा ल्याउन सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४ :**वर्तमान संविधानको पुस्तक देखाउँदै 'यो संविधानको निर्माण संविधानसभाबाट भएको हो' भन्ने । हाम्रो देशको संविधानसभा समावेशी भएको कारण उक्त संविधान सभाबाट निर्माण भएको संविधान लोकतान्त्रिक र समावेशी संविधान हो भनी प्रष्ट पार्ने । नेपालको इतिहासमा जनताको सहभागितामा निर्माण भएको संविधान वर्तमान संविधान हो भनेर बताउने ।

**क्रियाकलाप ५ :** संविधानको विशेषता उल्लेख गरिएको चार्ट प्रर्दशन गर्दै विद्यार्थीहरूलाई वर्तमान संविधानका प्रमुख विशेषताहरूको जानकारी दिने । यसअगाडि जारी गरिएका संविधानसँग तुलना गरेर वर्तमान संविधानका विशेषताहरूको विषयमा थप कुरा बताउने ।

**क्रियाकलाप ६:** मौलिक हकको परिचय लेखिएको चार्ट तथा सूची प्रस्तुत गर्दै यसको परिचय र आवश्यकताको विषयमा छलफल गराउनुहोस् । त्यसपछि संविधान तथा पुस्तकमा भएका मौलिक हकहरू अध्ययन गर्न लगाउनुहोस् । मौलिक हक समेटी तयार पारिएको कथा, घटना, कविता, पोष्टर आदि प्रस्तुत गर्दै विद्यार्थीलाई गायन अभ्याससमेत गराउनुहोस् ।

**क्रियाकलाप ७ :** मौलिक हक र मानव अधिकारबिच तुलना गरिएको चार्ट प्रर्दशन गर्दै यी दुईबिचको भिन्नताको विषयमा छलफल गरी मानव अधिकार र मौलिकहकमा भिन्नता रहेको कुरा उदाहरण र चार्टमार्फत स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ८ :** विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्ने । संविधानमा भएका मौलिक हकहरू मध्ये कुनै समूहलाई बालबालिकासम्बन्धी हक, कुनैलाई महिलासम्बन्धी हक, कुनैलाई दलित र जनजातिसम्बन्धी हक, कुनै समूहलाई ज्येष्ठ नागरिक र अन्य हकहरूको सूची तयार गर्न लगाउने । उनीहरूले तयार गरेको सूची पालैपालो प्रस्तुत गराई एउटा समूहको प्रस्तुतिमाथि अर्को समूहलाई सुझाव दिन लगाउनुहोस् र शिक्षकले थप सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ९ :** विद्यार्थीहरूलाई सङ्ख्याको आधारमा विभिन्न समूहमा विभाजन गरी एउटा समूहलाई संविधान सभा, अन्य समूहलाई क्रमशः वर्तमान संविधानको विशेषता, मौलिकहक, मौलिकहकको प्रयोग, संवैधानिक उपचारको प्रावधानको बारेमा विवरण तयार गरी कक्षामा प्रर्दशन गर्न लगाई ग्यालरी वाक विधिबाट छलफल गराउनुहोस् ।

**क्रियाकलाप १० :** बालबालिकाहरूले आफूले पाउनुपर्ने हकहरूको उपयोग गर्न पाए नपाएको विषयमा समूहगत छलफल गर्ने । यदि उनीहरूको मौलिकहकको उपयोगमा बाधा परेको कुरा आयो भने यसको संवैधानिक उपचार पाउने व्यवस्था पनि संविधानमा रहेको छ भनी बताउनुहोस् । यसबाट सामान्य अवस्थामा नागरिकका मौलिकहकहरू कसैले पनि हरण गर्न सक्दैन भन्ने कुरा प्रष्ट पारिदिनुहोस् ।

**५. मूल्याङ्कन /प्रतिविम्बन**

क) विद्यार्थीले गरेको समूहकार्यको अवलोकन गरी विभिन्न आधारमा विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् ।

ख निम्न प्रश्न र अभ्यासमा दिइएको प्रश्नमा आधारित भई मूल्याङ्कन गर्नुहोस् र कमजोर सिकाइ क्षमता भएका विद्यार्थीलाई सुधारात्मक शिक्षण गराउनुहोस् ।

प्रश्नहरू

- मौलिक हक भनेको के हो ?
- बालबालिकासम्बन्धी हकमा कुन कुन हक पर्छन् ?
- महिलासम्बन्धी हकहरू के के छन् ?
- शिक्षासम्बन्धी हकको सूची तयार पार्नुहोस् ।

**६.थप अध्ययन सामग्री**

**वर्तमान संविधानले प्रदान गरेका मौलिकहकलाई कविताको रूपमा प्रस्तुत गर्दा**

सम्मान र स्वतन्त्रता समानताको हक,
सञ्चार र न्याय लिन नमानौँ है धक ।

अपराध पीडित हुन्छ दियो भने यातना,
निवारक नजरबन्द राख्ला सबैलाई चेतना ।

छुवछुत र भेदभाव गरे जेल जानुपर्छ
सम्पत्ति र धर्म भनी लडाइँ हुने गर्छ ।

कतिपय सूचनालाई गोप्य राख्नुपर्छ,
शोषण रहित वातावरण स्वच्छ राख्नुपर्छ ।

शिक्षा लिई भाषा अनि संस्कृतिको पनि,
रोजगार पाई श्रम गरी हुन्छ मानिस धनी ।

स्वास्थ्य, खाध्यान्न आवास राम्रो महिलालाई चाहिन्छ,
बालबालिका, दलित, वृद्ध हेप्न कहाँ पाइन्छ ।

सामाजिक न्याय सँगै सुरक्षा नि आउँछ,
उपभोक्ता ठगी गरे जेलको निम्तो पाउँछ ।

देश निकाला गर्नलाई कानुनले छेक्छ,
संवैधानिक उपचारको हकले पनि देख्छ ।

**वर्तमान संविधानको विशेषताहरू :**

क) संविधानसभाबाट निर्माण भई जारी गरिएको
ख) सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा
ग) ३१ ओटा मौलिकहकको व्यवस्था
घ) नागरिकका कर्तव्य समावेश गरिएको
ङ) तीन तहको सङ्घीय संरचना
च) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था
ज) आवधिक निर्वाचन
झ) कानुनको शासन
ञ) राज्यका नीति तथा मार्गदर्शन उल्लेख भएको

## पाठ ५ र ६ : नागरिक पहिचान र नागरिक कर्तव्य

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ४**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नागरिक पहिचानका आधारको वर्णन गर्न र नागरिक कर्तव्य पालना गर्न | – नागरिक पहिचानका आधारहरू बताउन<br>– जन्म दर्ताको परिचय र प्रक्रिया बताउन<br>– नागरिकताको परिचय दिन र प्राप्तिको प्रक्रिया बताउन<br>– राष्ट्रिय परिचय पत्रको परिचय दिन र प्राप्त गर्ने प्रक्रिया बताउन<br>– नागरिक कर्तव्यको परिचय दिन र पालना गर्न<br>– वर्तमान संविधानमा उल्लिखित नागरिक कर्तव्यको बारेमा बताउन |

**२. पाठ परिचयः**

व्यक्तिलाई राष्ट्रियता, जाति, भाषा, धर्म, लिङ्ग, वर्ग आदिको आधारमा चिनाउनु वा उसको अवस्थाको जानकारी दिने प्रक्रियालाई पहिचान भनिन्छ । नागरिकको पहिचान दिने धेरै आधारहरू रहेका छन् । ती आधारमध्ये नेपालमा जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचय पत्र हुन् ।

**क) जन्मदर्ताको प्रमाणपत्र**

जन्मदर्ता नागरिकको पहिलो पहिचान हो । यो जन्म हुना साथ प्राप्त गर्न सकिन्छ । व्यक्तिको जन्मस्थान, आमाबाबुको नाम, थर र ठेगाना जस्ता सूचनाको अभिलेख राख्छ । तोकिएको ढाँचाको फाराम भरेर सम्बन्धीत व्यक्तिका अभिभावकले निश्चित प्रमाणसहित निवेदन दिएपछि सम्बन्धीत वडाबाट जन्मदर्ता प्रमाणपत्र प्राप्त हुन्छ ।

**जन्मदर्ता प्रमाणपत्रको नमुना**



अनुसूची-१२
(नियम ७ सँग सम्बन्धित)

नेपाल सरकार (Government of Nepal)
गृह मन्त्रालय (Home Ministry)
राष्ट्रिय परिचय पत्र, तथा पञ्जिकरण विभाग (National Identity card and Registrar Department)
स्थानीय पञ्जिकाधिकारीको कार्यालय (Office of Local Registrar)
......... नं. वडा कार्यालय, इच्छाकामना गाउँपालिका
(Ward No. .........., Ichchhakamana Rural Municipality)
चितवन, ३ नं. प्रदेश (Chitwan, 3 No. Province)
जन्म दर्ता प्रमाण-पत्र
(Birth Registration Certificate)

दर्ता नम्बर : | दर्ता मिति ......................................
Registration No.: | Registration Date ......................................

| | | |
|---|---|---|
| पूरा नाम: | | |
| Full Name : | | |
| जन्म मिति: | Date of Birth | |
| लिङ्ग | Sex: | |
| स्थायी ठेगाना: | | |
| Permanent Address: | | |
| जन्म स्थान/Birth Place: | | |
| बाजेको पूरा नाम | | |
| Full Name of Grandfather | | |
| बाबुको विवरण (Father's Details) | पूरा नाम: | |
| | Full Name: | |
| | परिचयपत्र नं. (नागरिकता/राहदानी)/ID (Citizenship/Passport): | |
| आमाको विवरण (Mother's Details) | पूरा नाम: | |
| | Full Name: | |
| | परिचयपत्र नं. (नागरिकता/राहदानी)/ID (Citizenship/Passport): | |
| सूचकको विवरण (Informant's Details): | पूरा नाम: | नाता: |
| | Full Name: | Relation: |
| | परिचयपत्र नं. (नागरिकता/राहदानी)/ID (Citizenship/Passport): | |


सही:
Signature:
स्थानीय पञ्जिकाधिकारीको नाम:
Name of Local Registrar:

कार्यालयको छाप/Official Stamp

## नागरिकताको प्रमाणपत्र


नागरिक पहिचानको रूपमा राज्यले आफ्ना नागरिकलाई दिईने प्रमाणपत्रलाई नागरिक पहिचान भनिन्छ । नेपालको सर्न्दभमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्न १६ वर्ष पूरा गरेको हुन पर्दछ । नागरिकता प्राप्त गर्न योग्यता पूरा गरेको नागरिकले तोकिएको ढाँचामा फाराम भरेर पेस गरेपछि सम्बन्धीत जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दछ । नेपालको वर्तमान संविधान अनुसार व्यक्तिले वंशज, अङ्गीकृत, सम्मानार्थ र गैरआवासीय नागरिकता प्राप्त गर्न सक्छन् ।

## नेपाली नागरिकताको नमुना




## राष्ट्रिय परिचय पत्र

राष्ट्रिय परिचयपत्र भनेको नागरिकहरूको व्यक्तिगत तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचानसहितको बहु उपयोगी प्रमाणपत्र हो । १६ वर्ष उमेर पुगेको, नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले तोकिएको डिजिटल तस्बिर, दस औंलाको रेखासहितको डिजिटल ल्याप्चे छाप र हस्ताक्षरसहित आवेदन गरेपछि यो प्रमाणपत्र प्राप्त गर्न सकिन्छ ।




## नागरिक कर्तव्यः

नागरिकले आफूले कानुनअनुसार गर्नु हुने कार्य गर्नु र गर्न नहुने कार्य नगर्नु साथै अरुको अधिकारमा बाधा पार्ने कुनैपनि कार्य क्रियाकलाप नगर्नु नै नागरिक कर्तव्य हो । नागरिकका नैतिक, कानुनी, नागरिक तथा सामाजिक, राष्ट्रिय कर्तव्यहरू रहेका हुन्छन् । देशको संविधान र कानुनको पालना गर्नु हामी सबैको कर्तव्य हो ।

## ३. शैक्षणिक सामाग्री

- नागरिक पहिचानको परिचय लेखिएको चार्ट
- नागरिक पहिचानका आधारमध्येका जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको नमुना
- जन्मदर्ता गर्न पूरा गर्नुपर्ने आवश्यक प्रक्रिया सम्बन्धीत चार्ट, अडियो भिडियो
- नागरिकता प्राप्त गर्न पूरा गर्नुपर्ने आवश्यक प्रक्रिया झल्कने चार्ट, अडियो तथा भिडियो र नागरिकताका किसिमहरू लेखिएको चार्ट
- राष्ट्रिय परिचयपत्रको परिचय लेखिएको चार्ट, अडियो, भिडियो
- नागरिक कर्तव्यको परिचय र यसका प्रकारहरू लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलापः १** कक्षामा विद्यार्थीहरूलाई तपाईंहरूको जन्मदर्ता गरिएको छ वा छैन ? छैन भने किन नगरिएको हो ? छ भने तपाईंको जन्मदर्ता कस्ले र कहाँ गएर गर्नुभएको हो ? यो किन आवश्यक छ ? जस्ता प्रश्नहरू सोधेर जन्मदर्ता प्रमाणपत्रको परिचय, आवश्यकता, महत्व लेखिएको चार्ट र जन्मदर्ता नमुना फारम प्रर्दशन गर्दै सहजीकरण गर्ने । विद्यार्थीहरूबाट आएको जवाफको आधारमा थप छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ :** वडा कार्यालयमा पञ्जिकाधिकारीले कार्य गरिरहेको चित्र तथा पम्प्लेट प्रर्दशन गर्दै जन्मदर्ता गर्ने स्थल र प्रक्रियाको बारेमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ :** नागरिक पहिचानको परिचय लेखिएको चार्ट प्रस्तुत गर्दै जन्मदर्ता प्रमाणपत्र, नागरिकता र राष्ट्रिय परिचयपत्र नागरिक पहिचानका मुख्य आधारहरू हुन् भनी प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलापः ४** विद्यालयमा भर्ना गर्दा, नाबालिगको बैङ्क खाता खोल्दा, बिमा गर्दा र आधारभूत तथा माध्यमिक तहको रजिष्ट्रेशन फारम भर्दा जन्मदर्ता अनिवार्य आवश्यक पर्ने कुराको बारेमा छलफल गर्नुहोस् । नागरिकताको प्रमाणपत्र प्राप्त गर्न जन्मदर्ताको आधार लिनुपर्ने हुनाले यो नागरिक पहिचानको पहिलो आधार हो भनी प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५ :** नेपाली नागरिकताको प्रमाणपत्रको नमुना प्रदर्शन गर्दै प्रत्येक नेपाली नागरिकले १६ वर्ष उमेर पूरा गरेपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरेर वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने जानकारी गराउनुहोस् । यस्तै वंशज बाहेक अङ्गिकृत, सम्मानार्थ र गैरआवासिय नागरिकता गरी नेपालमा वर्तमान संविधानले ४ प्रकारको नागरिकताको व्यवस्था गरेको सन्दर्भ वताउनुहोस् ।

**क्रियाकलापः ६** राष्ट्रिय परिचय पत्रको परिचय, महत्व र प्राप्त गर्ने तरिकाको बारेमा लेखिएको चार्ट र अडियो भिडियो प्रदर्शन गर्दै राष्ट्रिय परिचपत्रको आवश्यकता र महोव बताउनुहोस् ।

राष्ट्रिय परिचयपत्र भनेको नागरिकहरूको व्यक्तिगत तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचानसहितको बहु उपयोगी प्रमाणपत्र हो । १६ वर्ष उमेर पुगेको, नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले तोकिएको डिजिटल तस्बिर, दस औंलाको रेखासहितको डिजिटल ल्याप्चे छाप र हस्ताक्षरसहित आवेदन गरेपछि यो प्रमाणपत्र प्राप्त गर्न सकिन्छ । यो प्रमाणपत्र सम्बन्धीत जिल्लाको प्रशासन कार्यालय वा तोकिएको स्थानबाट प्राप्त गर्न सकिन्छ भनी बताउनुहोस् ।

**क्रियाकलाप ७ :** सम्भव भएमा कक्षामा स्थानीय पञ्जिकाधिकारी वा स्रोत व्यक्तिलाई आमन्त्रण गरेर अन्तरक्रिया गराउने र छलफलको निष्कर्ष भन्न लगाउनुहोस् ।

**क्रियाकलापः ८** नागरिक कर्तव्यको परिचय र यसका प्रकारहरू लेखिएका चार्ट प्रस्तुत गर्दै बालबालिकालाई नागरिक कर्तव्यका बारेमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ९ :** पाठ्यपुस्तकमा रहेको नागरिक कर्तव्य पाठमा भएको संवादको अभिनय गर्न लगाई विषयवस्तु थप प्रष्ट पारिदिनुहोस् । उनीहरूलाई नैतिक, कानुनी, सामाजिक र व्यक्तिगत कर्तव्यहरूको कसरी पालना गर्ने गर्नुभएको छ भनी प्रश्न गर्नुहोस् र आफूले पालना गरेका कर्तव्यको सूची तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलापः १०** विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटाको दरले क्रमशः जन्मदर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र (प्राप्त गर्ने स्थान, प्रक्रिया अनि महोव) र नागरिक कर्तव्यको बारेमा समूह छलफल गरी न्युजप्रिन्ट पेपरमा उर्तान लगाई कक्षाको चारभित्तामा सबैले देख्न सक्ने स्थानमा टाँस्न लगाउने र ग्यालरी वाक विधिमार्फत् एउटा समूहले तयार गरेको सामग्रीमा अरु तीन समूहलाई छुटेका आवश्यक कुराहरू थप्न लागाउने र थप छलफल गराउने र निष्कर्षमा पुग्ने ।

क्रियाकलाप ११ : नागरिक कर्तव्य हाम्रो दायित्व शीर्षकमा गीत, कथा, कविता वा वक्तृत्वा तयार पार्दा निम्नानुसार  बुँदाहरू समेटिने गरी तयारी गराउनुहोस् ।

शीर्षक : नागरिक कर्तव्य, हाम्रो दायित्व

नागरिक कर्तव्य पालना गर्नु हरेक नागरिकको दायित्व हो ।

नागरिकले विभिन्न कर्तव्यहरू पालना गर्नुपर्दछ । उसले पारिवारिक कर्तव्य, सामाजिक कर्तव्य, नैतिक कर्तव्य र राष्ट्रिय कर्तव्यहरू पालना गर्नुपर्ने हुन्छ ।

व्यक्तिले परिवारमा मिलेर बस्ने, आफूलाई जेष्ठ सदस्यलाई आदर सम्मान गर्ने, सानालाई माया गर्ने , परिवारको काममा सकेको सहयोग गर्ने, परिवारमा शान्ति र मेलमिलापको वातावरण तयार गर्ने, अपाङ्गता भएका व्यक्ति भए विशेष सहयोग र हेरचाह गर्ने जस्ता पारिवारिक कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । त्यस्तै जेष्ठ नागरिकलाई विशेष हेरचाह गर्ने कार्य पनि पारिवारिक कर्तव्य हो । परिवारको असल सदस्य हुनुको नाताले हामीले हाम्रा पारिवारिक कर्तव्य पूरा गर्नु हाम्रो दायित्व हो । हाम्रो दायित्व निर्वाह गर्नबाट हामी चुक्यौं भने परिवारमा झगडा, बेमेल र अशान्तिको वातावरण तयार भई पारिवारिक विखण्डनको अवस्थासमेत आउन सक्छ ।

त्यसै गरी समाजको हरेक गतिविधिमा जानकार रहनु, समाजको भलाइको काममा क्रियाशील रहनु, सामाजिक समस्या र विकृति विरुद्ध आवाज उठाउनु सामाजिक कर्तव्य हो । हामीले समाजको भलाइको लागि निरन्तर लागि रहनु, विकृति विरुद्ध सचेत रहनु र खबरदारी गर्नु सामाजिक कर्तव्य हुन् । सामाजिक कर्तव्यले नै व्यक्तिलाई सामाजीकरणमा लाग्न र सामाजिक पहिचान स्थापित गर्न मदत गर्छ ।

नैतिक कर्तव्य पालना गर्नु हामी सबैको दायित्व हो । अनुशासनको पालना, जिम्मेवारी वहन, सम्मान र माया आदि पर्दछन् । यी कर्तव्यहरूले हामीलाई आदर्श र नैतिकवान बन्न सिकाउँछ ।

कानुनी कर्तव्य पनि नागरिक कर्तव्यभित्र पर्ने कर्तव्य हो । कानुनी कर्तव्यले व्यक्तिलाई कानुनको पालना गर्न, विधिको शासनलाई अङ्गीकार गर्न, कानुनका सीमाहरू बुझ्न मदत गर्छ ।

राष्ट्रिय कर्तव्यअन्तर्गत देशको सेवा गर्ने, राष्ट्रलाई अहित हुने काम नगर्ने, देशको सीमा मिचिँदा आवाज उठाउने, मुलुकलाई आत्मनिर्भर बनाउने कार्य गर्ने आदि पर्छन् । राष्टिय कर्तव्यको पालनालाई राष्ट्र र राष्टियता मजबुत हुने, राष्ट्रिय एकता कायम हुने, देशको समुचित विकास हुने हुँदा यस्ता कर्तव्यको पालना गर्नु हाम्रो महiवपूर्ण दायित्व हुन्छ ।

यसरी यी कर्तव्यहरूको पालनाले एउटा असल, सक्षम र चत्रिवान नागरिक तयार हुने देखिन्छ । साथै राष्ट्र, राष्ट्रियताको भावनाले सुसज्जित एक समाजोपयोगी नागरिक बन्ने कुरामा दुई मत हुन सक्तैन ।

**मूल्याङ्कन/ प्रतिविम्बन**

(क) ग्यालरी वाक विधिमा विद्यार्थीले देखाएको सक्रियता, चासो, टिपोटको अवस्था, टिपेका मुख्य कुरा र सुधारका लागि दिइएका सुझावका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

(ख) विद्यार्थीले तयार पारेको वक्तृतालाई निम्न आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

वक्तृताको शीर्षक, विपयवस्तुको उठान, विषयवस्तुको सिलसिला, विषयवस्तुको सङ्गठन, निष्कर्ष

(ग) तलको जस्तै तालिकामा विद्यार्थीले पालना गरेका कर्तव्यहरू भर्न लगाएर मूल्याङ्कन गर्नुहोस् ।

| क्र.स. | कानुनी कर्तव्य | व्यक्तिगत कर्तव्य | सामाजिक कर्तव्य | नैतिक कर्तव्य |
|---|---|---|---|---|
| १ | | | | |

## पाठ ७ र ८ : सुशासन र लोकतान्त्रिक आचरण

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ३**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सुशासनको परिचय र महत्व उल्लेख गर्न एवम् लोकतान्त्रिक आचरणको अवलम्बन गर्न | – सुशासनको परिचय दिन<br>– सुशासनको महत्व र विशेषता बताउन<br>– सुशासनको आयामहरू बताउन<br>– सुशासन कायम गर्ने उपायहरूको खोजी गर्न<br>– लोकतान्त्रिक आाचरणको परिचय दिन र अवलम्बन गर्न<br>– लोकतान्त्रिक आचरणअर्न्तगत पर्ने आचरणहरूको सूची तयार गर्न<br>– लोकतान्त्रिक आाचरणको अवलम्बन गर्न |

**२. पाठ परिचयः**

**(क) सुशासनः** राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकताअनुसार सेवा प्रवाह गर्नु सुशासन हो । अर्थात् राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवम् सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवम् न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद् अनभूति दिलाउनुलाई नै सुशासन भनिन्छ ।

**(ख) लोकतान्त्रिक आचरणः** लोकतान्त्रिक आचरण एउटा त्यस्तो व्यवहार हो, यसमा कानुनी राज, मानव अधिकार, जनप्रतिनिधिमूलक शासन व्यवस्थाको प्रत्याभूत गरिन्छ । जनता सार्वभौम हुन भन्ने मात्रै होइन व्यवहारसमेत त्यही अनुरूपको गरिन्छ । मौलिक हकको पूर्णरूपमा सुनिश्चितता हुन्छ । अल्पमत वा फरक मत तथा विचारको पूर्ण सम्मान भएको हुन्छ । राज्यका सम्पूर्ण अङ्गहरू देश र जनताको हितका लागि क्रियाशील रहेका हुन्छन् । लोकतान्त्रिक आचरण सत्ता वा राजनितिक कुरा मात्र नभई हरेक व्यक्तिमा हुनुपर्ने आचरण र गुण हो । अरुको विचारको सम्मान गर्ने, बोल्दा पालो पर्खने, वहुमत विचारलाई सम्मान गर्ने, अल्पमतको कदर गर्ने आदि लोकतान्त्रिक आचरण हुन् ।

**३. शैक्षणिक सामाग्रीः**

- सुशासनको परिचय लेखिएको चार्ट तथा सुशासन झल्कने समाचार, चित्र तथा भिडियोहरू
- सुशासनको विशेषता लेखिएको चार्ट तथा
- सुशासनका आयामहरू लेखिएको चार्ट
- लोकतान्त्रिक आचरणको परिचय लेखिएको चार्ट तथा आचरण झल्कने चित्र
- लोकतान्त्रिक आचरणसम्बन्धी विभिन्न भिडियोहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १:** कक्षामा सर्वप्रथम सुशासन र लोकतान्त्रिक आचरणसम्बन्धी विभिन्न प्रकारका प्रश्नहरू गरेर सुशासन र लोकतान्त्रिक आचरणसम्बन्धी विद्यार्थीमा भएका पूर्व ज्ञान पत्ता लगाउने । सुशासन र लोकतान्त्रिक आचरणको अवधारणा लेखिएको चार्ट तथा सुशासन झल्कने समाचार, चित्र तथा भिडियोहरू प्रस्तुत गर्दै सुशासन र लोकतान्त्रिक आचरणको विषयमा प्रष्ट पार्ने ।

**क्रियाकलाप २ :** विद्यार्थीहरूलाई आफ्नो विद्यालयमा हुने गरेका क्रियाकलापहरू सुशासनको मान्यताअनुसार भएनभएको कुरा टिपोट गर्न लगाउने र सुशासनको मान्यता अनुरूप नभएका क्रियाकलापलाई सुशासनको मान्यताअनुसार गर्न अपनाउनुपर्ने उपायहरू समूहमा लेख्न लगाएर प्रस्तुत गर्न लगाउने । सुशासनको महत्व लेख्न लगाउने र छलफल गराउने ।

**क्रियाकलापः ३** सुशासनको विशेषता र आयामहरू लेखिएको चार्ट प्रर्दशन गर्ने । विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई सुशासनका एक एक विशेषता र आयामहरूको वर्णन गर्न लगाई प्रस्तुत गर्न लगाउने । शिक्षकले थप कुराहरू बताइदिने ।

**क्रियाकलापः ४** लोकतान्त्रिक आचरणको परिचय लेखिएको चार्ट प्रस्तुत गर्दै यसको अवधारण दिने । विद्यार्थीलाई आफ्नो विद्यालयको कुन कुन पक्षमा लोकतान्त्रिक मूल्य र आचरण देख्न पाइन्छ त्यसको सूची तयार गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् । लोकतान्त्रिक आचरण झल्कने चित्र प्रस्तुत गर्दै यसको आवश्यकता र महत्वको जानकारी दिने ।

**क्रियाकलाप ५** : लोकतान्त्रिक आचरणको महत्व र आवश्यकतासम्बन्धी निबन्ध लेख्न लगाई राम्रो लेख्ने विद्यार्थीलाई पुरस्कृत गर्ने । निबन्ध लेख्नका लागि आवश्यकता ढाँचा प्रस्तुत गरी सो ढाँचा अवलम्बन गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलापः ६** विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई लोकतान्त्रिक आचरणका एक एक पक्षहरूको विषयमा छलफल गर्न लगाउनुहोस् र त्यसले लोकतान्त्रिक मूल्य र मान्यताको विकासमा कसरी सहयोग गर्दछ भनी लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । यसका लागि कक्षाकोठाको चारै भित्तामा न्युज प्रिन्ट पेपर टाँस्नुहोस् र विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई एउटा न्युज प्रिन्ट पेपरको अगाडि उभिन लगाउने । प्रत्येक समूहलाई एक एक ओटा लोकतान्त्रिक आचरणको पक्षका बारेमा लेख्न लगाउने र आफ्नो समूहले लेखिसकेपछि अर्को

समूहले लेखेको स्थानमा त्यो समूहको विषमा अफ्नो थप कुरा लेख्दै क्रमसः अर्को समूहकोमा सर्दै जान भन्ने । यसरी सबै समूहले सबैको भित्तामा लेख्ने कार्य सकिएपछि शिक्षकले यसको सार कुरा प्रष्ट पारिदिनुहोस् ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

(क) लोकतान्त्रिक आचरणसम्बन्धी विभिन्न क्रियापलापहरूको भूमिका अभिनय गर्न लगाएर यसको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

(ख) तलको जस्तै तालिका तयार गरी लोकतान्त्रिक आचरण र सुशासनका पक्षहरू यसमा भर्न लगाई यसको आधारमा मूल्याङ्कन गर्नुहोस् :

| क्र.स. | लोकतान्त्रिक आचरण | सुशासनका पक्षहरू |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

## ६. थप सिकाइ सामग्री

- **सुशासनका प्रमुख तlवहरू**
- पारदर्शिता
- वैधानिकता
- विकेन्द्रीकरण
- कानुनको शासन
- अल्पसङ्ख्यकको अधिकार
- सूचनाको हक
- जनसहभागिता
- शक्तिको उचित प्रयोग
- सदाचारिता
- जवाफदेहिता
- सचेत नागरिक समाज
- इमानदारिता
- उतरदायित्व
- जन उत्तरदायी सरकार
- मानव अधिकार
- समानता
- लोकतान्त्रिक संस्कार

**संयुक्त राष्ट्रसङ्घका अनुसार सुशासनका निम्नलिखित आठ विशेषताहरू रहेका छन् :**

- विधिको शासन (rule of law)
- समता एवम् समावेशी (equity and inclusiveness)
- सहभागिता (participation)
- बहुमत (consensus oriented)
- प्रभावशालिता दक्षता (effectiveness and efficiency)
- पारदर्शिता (transparency)
- उत्तरदायित्व (accountability)

- निष्पक्ष आवधिक निर्वाचन( Fair Election )

**प्रमुख लोकतान्त्रिक आचरण**

- जनसहभागिता
- विधिको शासन
- बहुमतको निर्णय स्विकार
- अल्पमतको कदर
- सहयोग र सहकार्य
- अरुको विचार, संस्कार र मूल्य मान्यताको सम्मान
- असल नेतृत्व
- पारदर्शिता र जिम्मेवारी बोध
- अरुको अधिकारको सम्मान
- भयरहित वातावरण
- विचारको स्वतन्त्रता

## पाठ ९ र १० : नागरिक समाज, राष्ट्र र राष्ट्रियता

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ३**

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • नागरिक समाजको परिचय दिन र भूमिका खोजी गर्न<br>• राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषय प्रति सचेत रहन | – नागरिक परिचय दिन<br>– नागरिक समाजको महōव बताउन<br>– नागरिक समाजले गर्ने कार्यहरू बताउन<br>– राष्ट्र र राष्ट्रियताको परिचय दिन<br>– राष्ट्रियताको महōव बताउन<br>– राष्ट्रिय सरोकारका विषयहरूको परिचय दिन |

**२. पाठ परिचयः**

**नागरिक समाज**

आफ्नै छुट्टै पहिचान भएको समाजका स्वतन्त्र बुद्धिजीविहरू, समाजसेवीहरू, स्थानीय उपभोक्ता समितिहरू, स्थानीय दबाब समूह, आदिको समूह नै नागरिक समाज हो । अर्थात् नागरिक समाज भनेको प्रजातन्त्रको पहरेदार, मानव अधिकारको संवाहक, राजनीतिमा प्रत्यक्ष संलग्नता नभएको, राजनीतिक पार्टी, सरकार र संस्थाहरूलाई सही बाटोमा हिँडाउन क्रियाशील स्वतन्त्र र देश भक्त व्यक्तिहरूको समूह हो । यसलाई सभ्य समाज पनि भनिन्छ ।

### नागरिक समाजका विशेषताहरू

- समाजका सबै सदस्सयहरू यसको सदस्य हुन सक्ने
- प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मासात गर्ने
- सबै विचार, दृष्टिकोण र भावनाको सम्मान
- आपसी सहकार्यको माध्यमबाट विकासकार्य सञ्चालनमा जोड दिने
- मामाजिक सचेतना र जागरणमा योगदान
- समुदायको परिचालन
- विभिन्न विचार, भावना, दृष्टिकोण र धारणा भएका मानिसहरू सदस्य हुन सक्ने
- आवाज विहिन वर्गको आवाज उठाउने
- सरकारलाई दवाव दिने दबाबमूलक संस्था

## राष्ट्र र राष्ट्रियता

निश्चित भूगोलमा पहिचानसहित साझा भावनाले एकताबद्ध भई बसेको मानिसहरूको समूहलाई समग्रमा राष्ट्र भनिन्छ । नेपालको संविधानको भाग १ को धारा ३ अनुसार राष्ट्र भन्नाले "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धीप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनाता समष्टिमा राष्ट्र हो " । भने आफ्नो देशप्रतिको भावनात्मक प्रेम, अपनत्व, भक्तिभाव नै राष्ट्रियता हो । व्यक्तिले नागरिकको रूपमा प्राप्त गर्ने पहिचानलाई पनि राष्ट्रियता भनिन्छ । अर्थात् नागरिकले राष्ट्रप्रति प्रकट गर्ने भावनात्मक प्रेमलाई राष्ट्रियता भनिन्छ । राष्ट्रियताको भावनाले नागरिकलाई समाज र देश प्रति बफादार बनाउँछ ।

राष्ट्र, राष्ट्रियता, जनजीविका, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, आत्मासम्मान जस्ता राष्ट्रिय संवेदनशील विषयहरू राष्ट्रिय सरोकारका विषयहरू हुन् । अर्थात नागरिकले विशेष रूपमा चासो र सरोकार देखाउने र देखाउनु पर्ने जल्दाबल्दा विषयवस्तुहरू नै राष्ट्रिय सरोकारका विषयवस्तु हुन् ।

## ३. शैक्षणिक सामाग्रीः

- नागरिक समाजको परिचय लेखिएको चार्ट र विशेषता लेखिएको वृक्षचित्र
- नागरिक समाजको महत्व लेखिएको चार्ट तथा कार्य झल्कने समाचार, चित्र तथा भिडियोहरू
- राष्ट्र र राष्ट्रियताको परिचय र महत्व झल्कने समाचार, चित्र तथा भिडियोहरू
- राष्ट्रिय सरोकारका विषयहरूको परिचय लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलापः

### क्रियाकलापः १

कक्षामा सर्वप्रथम विद्यार्थीहरूलाई नागरिक समाजसम्बन्धी विभिन्न प्रकारका प्रश्नहरू गरेर सोसम्बन्धी विद्यार्थीमा भएका पूर्व ज्ञान पत्ता लगाउने । नागरिक समाजको परिचय लेखिएको चार्ट, समाचार, चित्रहरू प्रस्तुत गर्दै नागरिक समाजको परिचय र महत्वको विषयमा प्रष्ट पार्ने । विद्यार्थीहरूलाई आफ्नो समुदायमा नागरिक समाजको नेतृत्वमा हुनेगरेका क्रियाकलापहरूको टिपोट गर्न लगाउने र उनीहरूले टिपोट गरेका कुराहरू कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउने र यसका आधारमा नागरिक समाजको कार्यहरूको जानकारी दिने ।

### क्रियाकलापः २

नागरिक समाजको विशेषता लेखिएको वृक्षचित्र प्रर्दशन गर्ने । विद्यार्थीलाई पनि नागरिक समाजको महोव र विशेषताहरू समेटेर अलग अलग वृक्षचित्र बनाई प्रस्तुत गर्न लगाउने । शिक्षकले यसको अनुगमन गर्दै आवश्यक थप कुराहरू बताइदिने ।

**क्रियाकलापः ३**

नागरिक समाजका गतिविधिसम्बन्धी विभिन्न समाचार तथा भिडियोहरू प्रर्दशन गर्दै विद्यार्थीहरूलाई नागरिक समाजका गतिविधहरूको जानकारी दिने ।

**क्रियाकलाप ४**

नागरिक समाजको भूमिका वर्तमान समयमा कतिको जनअपेक्षित र जिम्मेवारपूर्ण पाउनु हुन्छ ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलापः ५**

राष्ट्र र राष्ट्रियताको परिचय लेखिएको चार्ट प्रस्तुत गर्दै निश्चित भूगोलमा पहिचानसहित साझा भावनाले एकताबद्ध भई बसेका मानिसका समूहलाई राष्ट्र भनिन्छ भनी बताउने । नेपालको संविधानको भाग १ को धारा ३ भा भएको राष्ट्रको परिभाषा पढेर सुनाउने र थप छलफल गर्ने । नेपाललाई एक राष्ट्र किन भनीएको हो ? भनी प्रश्न गर्ने र यसका आधारहरू विद्यार्थीहरूसँग सोध्ने र उनीहरूले दिएको उत्तरअनुसार शिक्षकले " नेपालको आफ्नै निश्चित भूगोल छ । यहाँ बसोबास गर्ने नागरिकको साझा लक्ष्य, हामीको भावना, आफ्नै छुट्टै पहिचान रहेको र हामी नेपालीको रूपमा एकतावद्ध भएर रहेको हुनाले यो एक राष्ट्रको रूपमा अस्थित्वमा रहेको छ" भनी प्रष्ट पार्ने ।

**क्रियाकलापः ६**

कक्षामा राष्ट्रियताको परिचय र महोव झल्कने समाचार, चित्र प्रस्तुत गर्ने र यसको परिचय दिने । हाम्रो देशको विरुद्ध वा हामी नेपालीका विरुद्ध कुनै विदेशी नागरिक वा राष्ट्रले हित विपरीतको कार्य गऱ्यो वा हाम्रो मान सम्मानमा चोट पुग्ने कार्य गऱ्यो भने यस विरुद्ध हामी एक हुन्छौँ र त्यसको विरोध गर्दछौँ । यो देश र हाम्रो अस्थित्व प्रतिको भावनात्मक मायाँ नै वास्तवमा राष्ट्रियता हो भनी बताउने । राष्ट्रियता भावनात्मक हुन्छ । यो नागरिकले राष्ट्रप्रति देखाउने भावनात्मक प्रेम हो भनी उदाहरणसहित प्रष्ट पार्ने ।

**क्रियाकलापः ७**

शिक्षकले राष्ट्रियता झल्कने कुनै लघु नाटक तयार गरी विद्यार्थीहरूलाई कक्षामा प्रर्दशन गर्न लगाउने । राष्ट्रियता प्रर्दशन गर्ने हाम्रा पूर्व शासक तथा नागरिकका जीवनी र कार्यहरू बताउने र विद्यार्थीहरूलाई

त्यस्ता व्यक्तिको जीवनी खोजीगर्न लगाउने । राष्ट्रिता जगाउने गीत, कविता वा कथा तयार गरी कक्षमा सुनाउने र विद्यार्थीलाई पनि तयार गर्न लगाउने ।

**क्रियाकलापः ८**

राष्ट्रिय सरोकारका विषयको परिचय लेखी तयार गरिएका सामग्री तथा विभिन्न समाचारहरू प्रस्तुत गर्दै राष्ट्रिय सरोकारको विषयहरूको परिचय दिने । विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा राष्ट्रिय सरोकारका विषयको बारेमा समूह छलफल गरी विवरण तयार गर्न लगाउने । उनीहरूले तयार गरेको विवरण टोली नेता मार्फत् प्रस्तुत गर्न लगाउने र शिक्षकले थप कुराहरू बताउने । राष्ट्रिय सरोकारका विषयहरूको विभिन्न समयमा रेडियो टेलिभिजनमा प्रसारण भएका समाचार तथा जानकारी मूलक डकुमेन्ट्रिहरू कक्षमा प्रस्तुत गरी यस विषयमा प्रष्ट पार्ने ।

**५.मूल्याङ्कन/ प्रतिविम्बन**

(क) नागरिक सामज, राष्ट्र र राष्ट्रियतासम्बन्धी विभिन्न प्रश्नहरू तयार गरि हाजिरी जबाफ सञ्चालन गर्ने र यसको आधारमा मूल्याङ्कन गर्ने ।

(ख) राष्ट्रियता झल्कनेसम्बन्धी विभिन्न क्रियापलापहरूको भूमिका अभिनय गर्न लगाएर यसको आधारमा मूल्याङ्कन गर्ने ।

(ग) नागरिक समाज किन आवश्यक छ ? भन्ने प्रश्न कक्षामा सोधी छलफल गराई यसको महोवहरूको सूची तयार गर्न लगाउने र यसका आधारमा मूल्याङ्कन गर्ने ।

(घ) तलको जस्तै तालिका तयार गरी राष्ट्र र राष्ट्रियताको भिन्नता तालिकामा भर्न लगाई यसको आधारमा मूल्याङ्कन गर्ने ।

| क्र.स. | राष्ट्र | राष्ट्रियता |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

(ङ) नागरिक समाजको विशेषताहरू के के छन् ? भन्ने प्रश्न गरी तिनीहरूको सूची तयार गर्न लगाएर यसको आधारमा मूल्याङ्कन गर्ने ।

(च) राष्ट्रिय सरोकारका विषय भनेको के हो भन्ने प्रश्न गरी मूल्याङ्कन गर्ने ।

(छ) विभिन्न राष्ट्रबिच सीमा विवाद र अन्य विवादका कारणहरू के के हुन् ? भन्ने प्रश्न सोधेर यसको आधारमा मूल्याङकन गर्ने ।

(ज) राष्ट्रियता र राष्ट्रिय सरोकारसम्बन्धी विभिन्न समाचार, संवाद, गीत, कविता वा नाटकमध्ये कुनै एकको रचना गर्न लगाई यसको आधारमा मूल्याङ्कन गर्ने ।


## एकाइ ६ : हाम्रो पृथ्वी

**पाठ १ अक्षांश र देशान्तर अनुमानित घण्टा : २**

### १. सिकाइ उपलब्धि :


| पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| अक्षांश र देशान्तरको परिचय र प्रभाव उल्लेख गर्न | — अक्षांश र अक्षांश रेखाको परिचय दिन<br>— अक्षांशको उपयोग गर्न तथा प्रभाव उल्लेख गर्न<br>— देशान्तर र देशान्तर रेखाको परिचय दिन<br>— देशान्तरबाट समयमा पर्ने प्रभाव उल्लेख गर्न<br>— स्थानीय समय र प्रामाणिक समयको परिचय दिन<br>— देशान्तरको उपयोग गर्न तथा प्रभाव उल्लेख गर्न |

### २.पाठ परिचय :




पृथ्वी गोलाकार छ । त्यसैले यसको सबै भूभाग एकै पटक हेर्न सकिँदैन । समथर भूभाग भएको भए लम्बाइ र चौडाइका आधारमा ग्राफ खिचेर यसभित्र कुन ठाउँ कहाँ छ भनेर पत्ता लगाउन सकिन्थ्यो । तर यो बाटुलो भएको हुनाले त्यसो गर्नु सम्भव हुँदैन । पृथ्वीमा कुन ठाउँ कहाँ छ भनेर पत्ता लगाउन ग्राफ जस्तै हुने गरी रेखाहरू खिच्नुपर्ने हुन्छ । त्यसैले यो समस्या समाधानका लागि अक्षांश रेखा र देशान्तर रेखा खिचिएको हो । ती रेखाको माध्यमबाट पृथ्वीमा कुन ठाउँ कहाँ पर्छ भनी नक्सामा देखाउन सकिन्छ । जस्तै नेपाल ८० डिग्री ४ मिनेट पूर्वी देशान्तर देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तर भित्र पूर्व पश्चिम फैलिएको छ । त्यसै गरी २६ डिग्री २२ मिनेट उत्तरी अक्षांश देखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांशभित्र उत्तर दक्षिण फैलिएको छ ।

- पृथ्वीको सबैभन्दा उत्तरको बिन्दुलाई उत्तरी ध्रुव र सबैभन्दा दक्षिणको बिन्दुलाई दक्षिणी ध्रुव भनिन्छ । यी दुई बिन्दुको बिचमा पर्ने गरी पृथ्वीको सतहमा एक तेर्सो रेखाको परिकल्पना गरिएको छ जसलाई भूमध्ये रेखा भनिन्छ ।
- भूमध्यरेखा सुन्य डिग्रीको अक्षांश रेखा हो । भूमध्य रेखाबाट उत्तरी ध्रुबसम्म अक्षांश बढ्दै जान्छ र ९० डिग्रीसम्म पुग्छ । त्यसै गरी दक्षिणतर्फ पनि ९० डिग्रीसम्म अक्षांश पुग्छ । अर्थात उत्तरी ध्रुव र दक्षिणी ध्रुव दुवै ९० डिग्री अक्षांशमा पर्दछन् ।
- प्रत्येक अक्षांशमा भूमध्य रेखासँग समानान्तर हुने गरी अक्षांश रेखा खिचिएका हुन्छन् ।





**अक्षांश :** भूमध्य रेखाबाट पृथ्वीभित्रको केन्द्रसम्म गएको आधार रेखासँग पृथ्वीको सतहको उत्तर वा दक्षिणको कुनै पनि बिन्दुबाट गएको रेखाले केन्द्रमा कोण बनाउँछ । त्यही कोणलाई अक्षांश भनिन्छ । यो कोण जति जति उत्तर वा दक्षिणतर्फ गयो उति उति बढ्दै जान्छ । भूमध्य रेखाबाट गएको रेखाले ० डिग्रीको कोण बनाउँछ भने उत्तरी ध्रुवबाट गएको रेखाले ९० डिग्रीको कोण बनाउँछ । दक्षिणी ध्रुबबाट गएको रेखाले पनि ९० डिग्रीको कोण बनाउँछ । यसरी केन्द्रमा बनेको कोणको रेखाले पृथ्वीको बाहिरी सतहमा जहाँ छुन्छ त्यहाँको अक्षांश त्यही कोण बराबर हुन्छ । जस्तै : दिइएको चित्रमा क देखि ग बिन्दुसम्म गएको रेखा आधार रेखा हो । ग विन्दु पृथ्वीको केन्द्र हो । क बिन्दु भूमध्ये रेखामा पर्छ । पृथ्वीको सतहमा रहेको ख बिन्दुबाट केन्द्रसम्म गएको रेखाले ३० डिग्रीको कोण बनाएको छ । त्यसैले ख भन्ने ठाउँको अक्षांश ३० डिग्री हुन गयो । यही अक्षांशबाट ३० डिग्रीको अक्षांश रेखा खिचिएको छ ।

**देशान्तर :**

उत्तरी ध्रुव र दक्षिणी ध्रुब जोड्ने गरी पृथ्वीमा खिचिएका ठाडो रेखालाई देशान्तर रेखा वा मध्याह्न रेखा भनिन्छ । यी रेखाहरूमध्ये बेलायतको ग्रिनबिच भन्ने ठाउँबाट खिचिएको रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ । यसलाई ग्रिनबिच रेखा पनि भनिन्छ । यो सून्य डिग्रीको देशान्तर रेखा हो ।

भूमध्यरेखाबाट पृथ्वी भित्रको केन्द्रसम्म गएको आधार रेखासँग पृथ्वीको सतहको भूमध्यरेखामा पर्ने कुनै पनि बिन्दुबाट गएको रेखाले केन्द्रमा कोण बनाउँछ । त्यही कोणलाई देशान्तर भनिन्छ । यो कोण जति जति पूर्व वा पश्चिम गयो उति उति बढ्दै जान्छ र पूर्वमा १८० डिग्री र पश्चिममा १८० डिग्री सम्म देशान्तर फैलिएको हुन्छ । १८० डिग्रीको देशान्तर रेखालाई



अन्तर्राष्ट्रिय तिथी रेखा भनिन्छ।  चित्रमा क देखि ग बिन्दुसम्म गएको रेखा आधार रेखा हो। ग बिन्दु पृथ्वीको केन्द्र हो। क बिन्दु भूमध्ये रेखामा पर्छ। पृथ्वीको सतहमा रहेको ख बिन्दुबाट केन्द्रसम्म गएको रेखाले ४५ डिग्रीको कोण बनाएको छ। त्यसैले ख भन्ने ठाउँको देशान्तर ४५ डिग्री हुन गयो। यही देशान्तरबाट ४५ डिग्रीको देशान्तर रेखा खिचिएको छ।

- प्रधान मध्याह्न रेखादेखि पूर्वतर्फ १८० डिग्रिसम्म र पशिचमतर्फ १८० डिग्रीसम्म देशान्तर फैलिएको हुन्छ। प्रत्येक देशान्तरबाट देशान्तर रेखाहरू फैलिएका हुन्छन्।
- दिइएको चित्रमा क बिन्दु भूमध्य रेखामा पर्छ। क बिन्दुबाट केन्द्रसम्म पुगेको क ग रेखा आधार रेखा हो। त्यस रेखासँग पृथ्वीको सतहमा रहेको ख बिन्दुबाट केन्द्रसम्म गएको रेखाले ४५ डिग्रीको कोण बनाएको छ। त्यसैले ख भन्ने ठाउँको देशान्तर ४५ डिग्री हुन गयो। यही देशान्तरबाट ४५ डिग्रीको देशान्तर रेखा खिचिएको छ।

## २. शैक्षणिक सामग्री :

- ग्लोब, एट्लस,
- विश्वको नक्सा,
- भोगटे वा यस्तै गोलाकार वस्तु, भकुन्डो, चक्कु

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** कक्षाका विद्यार्थीहरूलाई ग्लोब र विश्वको नक्सा प्रदर्शन गर्दै अक्षांश रेखा र देशान्तर रेखाहरू पहिचान गर्न लगाउने। विभिन्न प्रश्न गर्दै विद्यार्थीका अक्षांश र देशान्तर रेखासम्बन्धी पूर्व ज्ञान पत्ता लगाउने।

**क्रियाकलाप २ :** अघिल्लो दिन नै विद्यार्थीहरूलाई भोगटे वा त्यस्तै गोलाकार वस्तु लिएर आउन भन्ने। आफूले एउटा भोगटे काटेर त्यसमा पृथ्वीको केन्द्रमा कसरी अक्षांशका कोणहरू बन्छन् भनी प्रयोगात्मक क्रियाकलाप गरी प्रदर्शन गर्ने। सबै विद्यार्थीलाई त्यसै गरी अफूसँग भएको वस्तु काटेर अक्षांशका कोण कसरी बन्छ भनी प्रयोग गर्न लगाउने। तिनै अक्षांशका आधारमा पृथ्वीमा कसरी अक्षांश रेखाहरू खिचिन्छ भनी प्रयोग गरेर देखाउने र विद्यार्थीलाई पनि गर्न लगाउने।

**क्रियाकलाप ३ :**स्लाइड वा चित्र प्रदर्शन गर्दै पृथ्वीको केन्द्रमा अक्षांशका कोण कसरी बन्छन् र अक्षांश रेखाहरूको निर्माण कसरी हुन्छ भन्ने सम्बन्धमा थप छलफल गर्ने।

**क्रियाकलाप ४ :** अक्षांशको प्रयोग गरेर उत्तर दक्षिणको दुरी निकाल्ने तरिका नक्सामा प्रयोग गरेर देखाउने।

**क्रियाकलाप ५ :** चित्र, फोटो, नक्सा वा भिडियो प्रदर्शन गर्दै अक्षांशको सहायताले विश्वको विभिन्न ठाउँमा गर्मी हावापानी पाइन्छ कि चिसो हावापानी पाइन्छ, कसरी पत्ता लगाउने भनी सिकाउने र विद्यार्थीलाई पनि अभ्यास गर्न लगाउने ।

**क्रियाकलाप ६ :** अक्षांशको सहायताले विश्वको विभिन्न ठाउँमा दिन र रातको लम्बाइ कस्तो छ भनी नक्सा, चित्र र चार्ट प्रदर्शन गर्दै छलफल गर्ने । देशान्तरको के के प्रभाव पर्छ र त्यसको उपयोग के के कार्यमा गर्न सकिन्छ भनी लेखिएको चार्ट प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ७ :** भोगटे वा त्यस्तै गोलाकार वस्तुको आधा भागमा पृथ्वीको केन्द्रमा कसरी देशान्तरका कोणहरू बन्छन् भनी प्रयोगात्मक क्रियाकलाप गरी देखाउने । विद्यार्थीलाई पनि सँगसँगै गर्न लगाउने । उक्त गोलाकार वस्तुमा देशान्तर रेखाहरू कसरी बन्छन् भनी बाहिर पट्टी वृत्ताकार धर्का कोरेर देखाउने र विद्यार्थीलाई पनि गर्न लगाउने ।

**क्रियाकलाप ८ :**स्लाइड वा चित्र प्रदर्शन गर्दै पृथ्वीको केन्द्रमा देशान्तरका कोण कसरी बन्छन् र देशान्तर रेखाहरूको निर्माण कसरी हुन्छ भन्ने सम्बन्धमा थप छलफल गर्ने ।

**क्रियाकलाप ९ :** एउटा ग्लोबलाई बलेको मैनबत्ती वा टर्चलाइटको बत्तीको सामुन्ने राखेर पश्चिमबाट पूर्वतर्फ बिस्तारै घुमाउँदै जाने । यसरी घुमाउँदै जाँदा पूर्वमा छिटो उज्यालो हुन्छ र पश्चिममा ढिलो उज्यालो हुन्छ भनी प्रयोग गरेर देखाउने । पृथ्वीमा प्रत्येक देशान्तरमा फरक फरक समयमा सूर्यको किरण सिधा पर्छ अर्थात् फरक फरक समयमा मध्याह्न हुन्छ भनी प्रयोग गरेर देखाउने । यसै कारण पृथ्वीमा विभिन्न ठाउँमा फरक फरक समय हुने कुरा बताइदिने । एउटै देशान्तरमा पर्ने ठाउँहरूमा भने सामान्यतया एउटै समय हुने कुरा बताइदिने । पृथ्वीले सूर्यको सामुन्ने घुम्दै जाँदा जुन ठाउँमा रहेको देशान्तर रेखामा सूर्यको किरण सिधा पर्दछ, त्यसबेला त्यही ठाउँमा मध्याह्न हुन्छ ।

**क्रियाकलाप १० :** देशान्तर र समयको सम्बन्ध देखाउँदै र देशान्तरका सहायताले कसरी स्थानीय समय निकाल्न सकिन्छ भन्ने सम्बन्धमा उदाहरण दिँदै पाठ्यपुस्तकमा दिइएको हिसाब गरेर देखाउने र छलफल गर्दै प्रष्ट पार्ने ।

**क्रियाकलाप ११ :** विद्यार्थीहरूलाई स्थानीय समय र प्रमाणिक समयमा के फरक छ ? भन्ने प्रश्न गर्दै स्थानीय र प्रमाणिक समयबिचको अन्तर सम्बन्धका उदाहरण दिँदै प्रष्ट पारिदिने ।

**क्रियाकलाप १२ :** समय क्षेत्र (Time Zone) देखाउने विश्वको नक्सा प्रदर्शन गर्दै हरेक देशले आफ्नो देशभरिमा एउटै समय लागु गरेका हुन्छन् त्यस्तो समयलाई प्रमाणिक समय भनिन्छ भनी प्रष्ट पारिदिने । कुनै कुनै देशमा प्रमाणिक समय धेरैओटा हुने सन्दर्भ पनि स्पष्ट बुझाइदिनुहोस् । नेपालको प्रमाणिक समयको अक्षांश पनि बताइदिने । विश्वका ठुला देशहरू अमेरिका र क्यानाडा (६ओटा), रुस (११ ओटा) लगायतका देशले धेरैओटा प्रमाणिक समय निर्धारण गरेका हुन्छन् भनी बताइदिनुहोस् ।

**क्रियाकलाप १३ :**१८० डिग्रीको देशान्तर रेखा नक्सामा खोज्न लगाई त्यसलाई अन्तर्राष्ट्रिय तिथिरेखा भन्नुको कारणसमेत विद्यार्थीलाई सोध्ने । उनीहरूबाट आएको जवाफको आधारमा उचित पृष्ठपोषण दिँदै यो रेखा पार गर्ने बित्तिकै तिथि, मिति र बारसमेत फरक पर्ने भएकाले यसलाई अन्तर्राष्ट्रिय तिथिरेखा भनिएको हो भन्ने कुरा प्रष्ट पारिदिने । यो रेखा भएको ठाउँमा देशहरू पनि पर्छन् । ती देशमा एउटै गते र बार बनाउने उद्देस्यले यो रेखालाई बाङ्गोटिङ्गो बनाइएको हुन्छ भनी प्रष्ट पारिदिनुहोस् ।

## ५. मूल्याङ्कन /प्रतिविम्बन

क) विद्यार्थीहरूले प्रयोगात्मक कार्य गरिरहेको समयमा शिक्षकले अवलोकन गरी श्रेणी मापन वा रुब्रिक्सका माध्यमबाट मूल्याङ्कन गर्ने ।

एकाइ : ६ पाठ : १

विषयवस्तु : अक्षांश देशान्तर

क्रियाकलाप : अक्षांश र देशान्तरको प्रयोगात्मक क्रियाकलाप

| विद्यार्थीको नाम | सक्रिय सहभागीता | कार्य सम्पन्नता | सिर्जनात्मकता | जम्मा |
|---|---|---|---|---|
| रीता | | | | |
| मनोज | | | | |
| विद्या | | | | |
| **धेरै राम्रो- ३, राम्रो- २ सुधार गर्नुपर्ने - १** | | | | |
| **समग्र मूल्याङ्कनमा अङ्कन गर्दा धेरै राम्रो लाई ३, सामान्यलाई २ र कमजोरलाई १ अङ्क दिने । जसको जुन क्षेत्रमा कमजोरी छ त्यसलाई तत्काल सुधार गर्न सहयोग गर्ने ।** | | | | |

ख) अभ्यासमा रहेका वा यस्तै छोटा प्रश्न सोध्दै उनीहरूको बुझाइको मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने । जस्तै :

- अक्षांश भनेको के हो ?
- देशान्तर र समयबिचमा के सम्बन्ध छ ?
- अन्तर्राष्ट्रिय तिथिरेखा किन बाङ्गोटिङ्गो हुन्छ ?

## परियोजना कार्य :

विद्यार्थीलाई निम्न प्रक्रिया अपनाई ग्लोबको नमुना तयार पार्न लगाउने र त्यसमा १५ डिग्रीको अन्तरमा देशान्तर रेखाहरू, प्रधान मध्याह्न रेखा र अन्तर्राष्ट्रिय तिथि रेखा देखाउन लगाउने । अनि कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

| कागजबाट बनाउने तरिका | माटोबाट बनाउने तरिका | प्लास्टिकबाट बनाउने तरिका |
|---|---|---|
| - खेर जाने पुराना कापी र पत्रपत्रिकालाई ससाना टुक्रा पारेर च्यात्ने र करिब १२ घण्टा पानीमा भिजाउने ।<br>- भिजेको कागजलाई निचोर्दै मिलाएर गोलाकार डल्लो बनाउने ।<br>- राम्रोसँग घाममा सुकाउने त्यसमा बाहिर पट्टी हल्का रङ् लगाएर त्यस माथि गाढा रङले ठाडो र तेर्सो धर्काहरू कोरेर अक्षांश र देशान्तर रेखाहरू देखाउने । | - लेसिलो माटो मुछेर बाटुलो डल्लो बनाउने ।<br>- छायाँमा सुकाउने ।<br>- राम्रोसँग सुके पछि त्यसमा बाहिर पट्टी हल्का रङ् लगाएर त्यस माथि गाढा रङले ठाडो र तेर्सो धर्काहरू कोरेर अक्षांश र देशान्तर रेखाहरू देखाउने । | - प्लास्टिकको भकुण्डो लिने ।<br>- त्यसमा बाहिर पट्टी हल्का रङ् लगाएर त्यस माथि गाढा रङले ठाडो र तेर्सो धर्काहरू कोरेर अक्षांश र देशान्तर रेखाहरू देखाउने । |

**पाठ : २** **नेपालको धरातलीय स्वरूप**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा : १**

| **पाठ्यक्रमले तोकेका विशिष्ट उद्देश्य** | **पाठको विशिष्ट उद्देश्य** |
|---|---|
| नेपालको धरातलीय स्वरूप र यसको निर्माण प्रक्रिया, विशेषता र प्रभाव बताउन | – नेपालको भौगोलिक अवस्थितिको परिचय दिन<br>– नेपालको भौगोलिक अवस्थाको निर्माण प्रक्रिया उल्लेख गर्न<br>– हिमाली, पहाडी र तराई प्रदेशको धरातलीय स्वरूपको परिचय दिन<br>– नेपालको धरातलीय स्वरूपको उपयोगीता बताउन |

**२.पाठ परिचय :**

नेपाल एसियामा पर्ने धेरै देशमध्येको एक देश हो । फैलावटको हिसाबले नेपाल २६° २२′उत्तरी अक्षांश देखि ३०° २७′ उत्तरी अक्षांशसम्म र ८०° ४′पूर्वी देशान्तरदेखि ८८°१२′ पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपाल उष्ण मनसुनी हावापानीको क्षेत्रमा पर्छ । नेपाल समुद्र सतहबाट ५९ मिटरदेखि ८८४८.८६ मिटर उचाइसम्म रहेको छ । यसको पूर्व पश्चिम औसत लम्बाइ ८८५ किलोमिटर र उत्तर दक्षिण औसत चौडाइ १९३ किलोमिटर छ । नेपालले विश्वको क्षेत्रफलको ०.0३ प्रतिशत र एसियाको क्षेत्रफलको ०.३ प्रतिशत भूभाग ओगटेको छ ।

धरातलीय स्वरूपका आधारमा नेपालमा हिमाल, पहाड र तराई प्रदेश गरी तीन प्रकारको भूस्वरूप रहेको छ । नेपालको उत्तरतिर हिमाली क्षेत्र पर्छ । मध्य भागमा पहाडी प्रदेश र दक्षिणमा तराई प्रदेश रहेको छ ।

नेपालको यो भूस्वरूपको निर्माण आजभन्दा २२ करोड २५ लाख वर्ष पहिले टर्सियरी युगको सुरुमा भएको अनुमान छ । हाल नेपाल रहेको ठाउँमा त्यसबेला टेथिस सागर नाम गरेको समुद्र थियो । टेथिस सागरदेखि उत्तर पश्चिमको भागलाई अङ्गराल्यान्ड र दक्षिणतिरको भागलाई गोन्डवानाल्यान्ड भनिन्छ । हाल भारत रहेको जमिन अन्टार्कटिकाको नजिक थियो जसलाई गोण्डवाना भनिन्थ्यो । पृथ्वीको आन्तरिक हलचलका कारण ठुलो शक्ति Tectonic force उत्पन्न भयो । गोण्डवानाल्याण्ड नामको जमिनको ढिक्का उत्तरपूर्वतर्फ सर्दै आउने क्रममा टेथिस सागर च्यापिँदै गयो र सागरको पिँध माथि उठ्दै गयो । परिणाम स्वरूप मोडदार पर्वतहरूको निर्माण भयो । सबैभन्दा पहिले हिमालय पर्वतहरूको निर्माण भयो । भूगर्भविद्हरूले यसलाई प्रथम उत्थान भनी व्याख्या गरेका छन् । त्यसपछि महाभारत पर्वत श्रेणीहरूको निर्माण भयो । अन्तमा चुरे पर्वत श्रेणीको निर्माण भयो । चुरे पर्वत श्रेणी सबैभन्दा

पछि निर्माण भएको पर्वत हो । त्यसैले यो पहाड निकै कमजोर छ । यहाँ धेरै पहिरो लाग्छ । पर्वत निर्माणका क्रममा बिचबिचमा अनेकौँ बेँसी र उपत्यका पनि बने । दक्षिणको भूभाग भने समथर नै रह्यो । यो भूभाग गङ्गा र त्यसका सहायक नदीहरूले बगाएर ल्याएको माटो थुप्रिएर समथर मैदान बन्न पुगेको हो । यसरी नेपालको धरातलीय स्वरूपमा ठुलो भिन्नता पाइन्छ । नेपालको भूस्वरूपलाई उचाइ तथा पर्यावरणका आधारमा विभिन्न पर्यावरणीय क्षेत्रकारूपमा व्याख्या गर्न सकिन्छ ।

## २. शैक्षणिक सामग्री

- नेपालको धरातलीय स्वरूप देखाउने नक्सा
- नेपालको भूस्वरूप निर्माण सम्बन्धी भिडियो र चित्र
- धरातलीय स्वरूपअनुसारका विशेषता झल्कने चार्ट

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** नेपालको भौतिक नक्सा प्रदर्शन गर्दै ‘पहाडमा जाडो बढे तराइले सेक्नु पर्छ, तराइमा आँधी आए पहाडले छेक्नु पर्छ ...’ भन्ने गीत सुनाउने वा देखाउने र विषय प्रवेश गर्ने ।

**क्रियाकलाप २ :** एसियाको नक्सा प्रदर्शन गर्दै नेपालको अवस्थिति सम्बन्धमा छलफल गर्ने ।

**क्रियाकलाप ३ :** नेपालको भौतिक नक्सा प्रदर्शन गर्दै नेपाल हिमाली, पहाडी र तराई प्रदेश मिलेर बनेको छ भनी सामान्य परिचय दिने ।

**क्रियाकलाप ४ :** नेपालको भूधरातल कसरी निर्माण भयो भन्ने सम्बन्धमा चित्र, भिडियो, समयरेखा प्रदर्शन गर्दै कथाकथन विधिको प्रयोग गरी रोचक ढङ्गबाट प्रस्तुत गर्ने ।

**क्रियाकलाप ५ :** कक्षामा तीन समूह बनाउने । ग्यालरी वाक विधिको प्रयोग गरी प्रत्येक समूहलाई एक एकओटा भौगोलिक प्रदेशका सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गर्दै छलफल गर्न लगाउने । छलफलका क्रममा मुख्य बुँदाहरूलाई चार्ट पेपरमा टिपोट गर्न लगाउनुहोस् । हरेक समूहलाई टिपोट गरेको बुँदासहितको चार्ट कक्षामा भितामा टाँस्न लगाउने र हरेक समूहलाई पालैपालो टाँसिएको चार्टमा टिपिएका विषयवस्तु अध्ययन गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशका मुख्य भौगोलिक विशेषताहरू झल्कने चित्र, फोटो र भिडियोहरू पालैपालो प्रदर्शन गर्दै त्यसले सम्बन्धित क्षेत्रको जनजीवनमा कसरी प्रभाव पार्छ भन्ने सम्बन्धमा छलफल गर्ने ।

**क्रियाकलाप ७ :** नेपालको धरातलीय स्वरूप नेपालीका लागि वरदान हो भन्ने विषयमा वक्तृत्वकला कार्यक्रम गर्ने । वक्ताहरूलाई नेपालको प्रत्येक भौगोलिक प्रदेशको अधिकतम उपयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा बोल्न जोड दिने ।

**५. मूल्याङ्कन/प्रतिविम्बन**

विद्यार्थीले गरेको ग्यालरी वाक क्रियाकलापलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :

- छलफलमा सक्रियता र सहभागीको अवस्था
- चार्ट अध्ययन र टिपोट
- अध्ययनपश्चात् आफूलाई लागेका कुरा र पृष्ठपोषण प्रस्तुति

**६.परियोजना कार्य :**

विद्यार्थीहरूको ३,४ जनाको एक समूह हुने गरी विभिन्न समूह बनाउने । प्रत्येक समूहलाई थर्माकोल, माटो, प्लाइउडको टुक्रा, कागज आदिको प्रयोग गरी नेपालको धरातलीय स्वरूप झल्कने नमुना (model) बनाउन लगाउने र कक्षामा प्रदर्शन गर्ने ।

**पाठ ३ नेपालको हावापानी**

**अनुमानित घण्टा : १**

**१. सिकाइ उपलब्धि :**

| **पाठ्यक्रममा उल्लेख भएको सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|

| | |
|---|---|
| नेपालमा पाइने हावापानीको पहिचान र जनजीवनमा परेको प्रभाव विश्लेषण गर्न | – नेपालको समग्र हावापानीको परिचय दिन<br>– गृष्मकालीन र शीतकालीन अवस्थाको परिचय दिँदै गृष्ममा गर्मी र वर्षा तथा हिउँदमा ठण्डा र सुख्खा हुनुका कारणहरू पहिचान गर्न<br>– हावापानीले जनजीवनमा पार्ने प्रभावहरू उदाहरणसहित उल्लेख गर्न |

**२. पाठ परिचय :**

नेपाल सामान्यतया उष्ण प्रदेशमा पर्दछ । त्यसैले नेपालको सबै ठाउँमा गर्मी  हावापानी हुनुपर्ने हो तर नेपालको दक्षिणतर्फ गर्मी हुन्छ । जति जति उत्तर गयो उति उति चिसो हावापानी पाइन्छ । यसो हुनुको मुख्य कारण उचाइ हो । नेपाल उत्तरतर्फ अग्लो हुँदै गएकाले हावापानीमा चिसोपना बढ्दै जान्छ । धरातलमा उचाइ बढ्दैजाँदा तापक्रम घट्दै जाने हुनाले उच्च पर्वतहरूले बनेको हिमाली प्रदेशमा वर्षभरि नै निकै चिसो हावापानी पाइन्छ ।

नेपालको हावापानी उष्ण मनसुनी हावापानी हो । यसलाई नेपालीमा मौसमी हावापानी पनि भनिन्छ । यस हावापानीअनुसार मुख्य चार ऋतुहरू हुन्छन् । नेपालमा ६ किसिमका ऋतुहरू अभ्यासमा छन् । तीमध्ये हिउँदमा चिसो र सुख्खा तथा गृष्ममा गर्मी र वर्षा हुन्छ । बाँकी दुई ऋतु वसन्त र शरदमा धेरै गर्मी नहुने र धेरै जाडो पनि नहुने सामान्य हावापानी पाइन्छ । यस पाठमा नेपालमा पाइने हावापानीको प्रभाव र त्यसले जनजीवनमा पार्ने प्रभाव सम्बन्धमा छलफल गरिने छ ।

**३. शैक्षणिक सामग्री :**

- नेपालको नक्सा
- गृष्मकालीन र शीतकालीन हावापानीको अवस्था झल्काउने चित्रहरू वा भिडियो
- मनसुनी हावापानीको अवस्था झल्काउने दक्षिण एसियाको नक्सा

**४. सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप १ :** मस्तिष्क मन्थनका लागि विद्यार्थीहरूलाई निम्न प्रश्नहरू सोध्ने र छलफल गर्ने :

- अहिले गर्मी महिना हो कि जाडो महिना हो ?
- नेपालमा कुन ऋतुमा बढी वर्षा हुन्छ ?
- नेपालको कुन भागमा बढी गर्मी हुन्छ र कुन भागमा धेरै जाडो हुन्छ ?
- एउटै देशमा पनि किन यस्तो फरक फरक हावापानी पाइएको होला ?

**क्रियाकलाप २ :** ग्रिष्म कालीन मनसुन र शीतकालीन मनसुनी वायु चल्नुको कारण र त्यसको प्रभावसम्बन्धी एसियाको नक्सा, चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ३ :** मनसुनी वायुका प्रभावले के के फाइदा भएको छ र के के समस्या परेको छ भन्ने सम्बन्धमा प्रश्नोत्तर गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ४ :** नेपालको दक्षिणबाट उत्तरतर्फ अग्लो हुँदै गएको धरातलीय स्वरूप र त्यसले हावापानी तथा जनजीवनमा पारेको प्रभाव झल्कने चित्र, फोटो र भिडियो प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ५ :** विद्यार्थीहरूको एक बेञ्चको एक समूह हुने गरी विभिन्न समूह बनाउने । गुञ्ज छलफल विधिको प्रयोग गर्ने । यसका लागि प्रत्येक समूहलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी छलफल गर्दै तलको तालिका भर्न लगाउने । सबै समूहको छलफल सकिएपछि समूह नेताहरूबाट पालैपालो प्रस्तुत गर्दै पुन खुला छलफल गर्ने ।

| हावापानीको अवस्था | तापक्रम ($0^{o}$ से.) | | | वर्षा (से.मि.) | | | जनजीवनमा प्रभाव | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तराई | पहाड | हिमाल | तराइ | पहाड | हिमाल | तराइ | पहाड | हिमाल |
| गृष्मकालीन | | | | | | | | | |
| शीतकालीन | | | | | | | | | |

**क्रियाकलाप ६ :** गत विगत वर्षदेखि नेपालको मनसुनी प्रणालीमा फरक फरक अवस्थाहरू देखिन थालेका छन् । तपाईंको भौगोलिक क्षेत्रमा पनि के कस्ता फरक फरक प्रकृतिहरू देखिन थालेका छन् । आफ्ना अनुभव र स्थानीय व्यक्तिहरूसँग सोधपुछ गरी विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

मनसुनी प्रणालीमा देखिएका फरक फरक प्रकृतिहरूका सम्भाव्य उत्तरहरू

- अतिवृति र अनावृति भएको
- अति वर्षाको कारण बाढी पहिरो र डुबानको समस्या रहेको
- कतिपय ठाउँमा पानी नपरी सुख्खा क्षेत्र रहेका

**५. मूल्याङ्कन/ प्रतिविम्बन :-**

क) विद्यार्थीहरूले समूह छलफल गरिरहेको समयमा प्रत्येक समूहमा पुगेर निगरानी गर्ने र आवश्यक सहजीकरण गर्ने ।

ख) नेपालको हावापानीको स्वरूप र जनजीवनसम्बन्धी विभिन्न प्रश्नहरू सोधेर विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्ने ।

ग) विद्यार्थीलाई तलको तालिका भर्न लगाएर स्वमूल्याङ्कन गर्न लगाउने ।

| म बसेको ठाउँ | हावापानी | त्यस्तो हावापानी | त्यस्तो हावापानीको | त्यस्तो हावापानीले के | त्यस्तो असरबाट |
|---|---|---|---|---|---|

| | | पाइनुका कारण | उपयोग कसरी भएको छ ? | के असर गरेको छ ? | कसरी बच्न सकिन्छ ? |
|---|---|---|---|---|---|
| | | | | | |

**पाठ : ४** **प्राकृतिक वनस्पति** **अनुमानित घण्टी :२**

**१. सिकाइ उपलब्धि :**

| पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| .नेपालका वनस्पतिको परिचय, प्रकार | – नेपालमा पाइने विविध प्रकारका प्राकृतिक वनस्पतिको |

| | |
|---|---|
| र महत्व बताउन | पहिचान गर्न<br>– आफू बसेको ठाउँका हावापानी र वनस्पतिको अन्य भौगोलिक प्रदेशको वनस्पतिसँग तुलना गर्न<br>– प्राकृतिक वनस्पति र हावापानीबिचको सम्बन्ध देखाउन<br>– प्राकृतिक वनस्पतिको उपयोगिता दर्शाउन । |

## १. पाठ परिचय

नेपालको भौगोलिक स्वरूपमा ठुलो विविधता पाइन्छ । भौगोलिक स्वरूपको विविधताको कारणले नै हावापानी, वनस्पति, जीवजस्तु र मानवको जनजीवनमा समेत ठुलो विविधता भेटिन्छ । हिमाली प्रदेशमा लौठसल्लो, गोब्रेसल्लो, भोजपत्रलागयतका वनस्पति पाइन्छन् । त्यस्तै चौरी, खच्चर, भेडा, च्याङ्ग्रालगायतका जनावर पाइन्छन् । पहाडी प्रदेशमा चिलाउने, कटुस, ओखर, लाकुरी, मौवालगायतका वनस्पति पाइन्छन् । यहाँ ब्वाँसो, चितुवा, बँदेल आदि पाइन्छन् । तराई प्रदेशमा साल, सिसौ, साज, खयरका जङ्गल पाइन्छन् भने गैँडा र हात्ती जस्ता जनावर पाइन्छन् । हिमाली प्रदेशमा पाइने वनस्पति र जीवजन्तु तराई प्रदेशमा पाइँदैनन् । त्यस्तै तराइमा पाइने वनस्पति र जीवजन्तु हिमाली प्रदेशमा पाइँदैनन् । हावापानी र भौगोलिक विविधताकै कारणले यस्तो भएको हो । नेपालको तराईदेखि हिमालीप्रदेशको जनजिवनमा समेत ठुलो विविधता रहेको छ । यस पाठमा नेपालमा किन विविध प्रकारका वनस्पति पाइन्छन्, कुन कुन ठाउँमा कस्ता कस्ता वनस्पति पाइन्छन्, त्यसको उपयोग कसरी गर्न सकिन्छ जस्ता विषयमा प्रष्ट पारिने छ ।

## २. शैक्षणिक सामाग्री :

- नेपालको प्राकृतिक नक्सा
- तराईदेखि हिमाली प्रदेशसम्म पाइने विविध प्रकारका वनस्पतिहरूको क्षेत्र देखिने नेपालको नक्सा
- विविध प्रकारका वनस्पति झल्कने चित्र, पोष्टर, भिडियो, स्लाइड
- वनस्पतिका वास्तविक नमुना, प्रोजेक्टर वा स्मार्ट फोन

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** नेपालमा पाइने विविध प्रकारका वनस्पतिहरूको चित्र प्रदर्शन गर्दै ती वनस्पतिहरू चिनेको छ कि छैन, तिनको नाम के के होला, ती वनस्पति कहाँ कहाँ पाइन्छ होला जस्ता प्रश्न सोध्दै मस्तिष्क मन्थन गराउँदै विषयवस्तुमा प्रवेश गराउनुहोस् ।

**क्रियाकलाप २ :** नेपालका विभिन्न भौगोलिक प्रदेशमा पाइने वनस्पतिहरूको क्षेत्र देखाउने नक्सा र ती क्षेत्रमा पाइने वनस्पतिका चित्र, फोटा, भिडियो प्रदर्शन गर्दै त्यस क्षेत्रमा पाइने हावापनी र वनस्पति बिचको सम्बन्ध, वनस्पतिका विशेषता एवम् तिनको उपयोगिता, त्यहाँ पाइने जीवजन्तु आदिका सम्बन्धमा बताउँदै कक्षामा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ :** जिग्स विधिको प्रयोग गरी विद्यार्थीबिचमा नेपालको विविध भौगोलिक क्षेत्रमा पाइने विविध प्रकारका वनस्पतिको सम्बन्धमा छलफल गराउने । यसका लागि निम्नानुसार गराउनुहोस् ।

- नेपालमा पाइने पाँच प्रकारका वनस्पतिहरूका सम्बन्धमा छलफल गर्नुपर्ने भएकोले पाँच पाँच जना एउटा समूहमा रहने गरी मातृ समूहहरू निर्माण गर्ने । पाँच जना नपुगेर जगेडा आएका विद्यार्थीलाई छुट्टै समूहमा राख्ने । प्रत्येक समूहका सदस्यलाई १ देखि ५ सम्म नम्बर दिनुहोस् ।
- सबै समूहका एउटै नम्बर भएका विद्यार्थीहरूको एक समूह हुने गरी मातृ समूहबाट विज्ञ समूहहरू बनाउनुहोस् तर समूहका सदस्यलाई आफ्नो मातृ समूहको नम्बर याद गर्न भन्नुहोस् । जगेडा रहेका विद्यार्थीलाई एक एक जनाका दरले फरक फरक समूहमा समावेश गर्नुहोस् ।
- अब एक समूहलाई नेपालमा पाइने कुनै एक प्रकारको वनस्पतिको सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू अध्ययन गर्दै छलफल गर्न लगाउने । पाँचओटा समूहले पाँच फरक फरक विषयमा अध्ययन गर्नेछन् । छलफलमा सबैले सक्रियरूपमा भाग लिनुपर्छ । छलफलपछि आफ्नो मातृ समूहमा फर्केर एकदेखि पाँच नम्बरका सबैले साथीहरूलाई सिकाउनुपर्छ । मातृ समूहमा त्यस विषयमा जान्ने अरू कोही पनि हुँदैनन् भनी निर्देशन दिनुहोस्
- छलफल सकिएपछि विद्यार्थीहरूलाई मातृ समूहमा फिर्ता हुन लगाउनुहोस् । एक जनाले एउटा वनस्पतिका सम्बन्धमा मात्र सिकेर आएका हुनाले उनले बाँकी सदस्यलाई आफूले विज्ञ समूहमा छलफल गर्दा सिकेका कुरा सिकाउन लगाउनुहोस् । सबैले पालै पालो सिकाइ सकेपछि शिक्षकले निष्कर्ष बताइदिनुहोस् ।

**क्रियाकलाप ४:** विद्यार्थीहरूलाई उनीहरू बसोवास गरिरहेको भौगोलिक क्षेत्रमा पाइने वनस्पतिको सम्बन्धमा भन्न लगाउने र किन त्यहाँ त्यस्तो वनस्पति पाइएको होला भन्ने सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ५:** विविध प्रकारका वनस्पतिको कसरी उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा चित्र तथा भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६:** वनस्पतिको संरक्षण र संवर्धन गर्ने उपायहरूका सम्बन्धमा विभिन्न चित्र, चार्ट , उदाहरण, भिडियो आदि मार्फत छलफल गर्दै स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ७:** विद्यार्थीहरूलाई अघिल्लो दिन नै आफ्नो घर वरपर भएका विविध प्रकारका वनस्पतिका बिरुवा वा हाँगा ल्याउन भन्ने । कक्षामा ती वनस्पतिको प्रदर्शनी गर्ने । जसले बिरुवा ल्याएको हो ती विद्यार्थीले सो बिरुवाका सम्बन्धमा नाम, विशेषता, उपयोगिता आदिका सम्बन्धमा बताउन लगाउने । अन्तमा रोप्न मिल्ने जति बिरुवाहरूलाई विद्यालय हातामा रोपेर हुर्काउन लगाउने ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन :-

मूल्याङ्कनका लागि निम्न कार्यहरू गर्न लगाउनुहोस् :

क) विद्यार्थीहरू समूह छलफल गरिरहँदा उनीहरूको सक्रिय सहभागिताका आधारमा मूल्याङ्कन गरी तत्काल पृष्ठपोषण दिनुहोस् ।

**ख) विद्यार्थीहरूलाई तलको तालिका भर्न लगाउने :**

| वनस्पतिको प्रकार | वनस्पतिको नाम र विशेषता | जीवजन्तुको नाम र विशेषता | मानवीय क्रियाकलाप |
|---|---|---|---|
| उष्ण सदावहार वनस्पति | | | |
| उपोष्ण पतझर वनस्पति | | | |
| कोणधारी | | | |
| अल्पाइन | | | |
| टुण्ड्रा | | | |

**६.थप सुझाव :-** यस पाठको अध्ययनका लागि विद्यार्थीलाई शैक्षिक भ्रमण/स्थलगत भ्रमण/क्षेत्रभ्रमणको आयोजना गरी अध्यापन गर्नु उपयुक्त हुन्छ ।

**७. परियोजना कार्य :**

विद्यार्थीहरूको विभिन्न समूहहरू बनाई प्रत्येक समूहलाई कागजको ठुलो पानामा नेपालको नक्सा कोर्न लगाउने । त्यसमा विभिन्न वनस्पतिका क्षेत्र देखाउन लगाउने । प्रत्येक क्षेत्रमा कस्ता वनस्पति पाइन्छन् भनी चित्र कोरेर वा वनस्पतिका पात टाँसेर पोष्टर बनाउन लगाउने र कक्षामा प्रदर्शन गर्ने ।

## पाठ : ५ नेपालमा खनिज र जलस्रोत

अनुमानित घन्टी :१

**१. सिकाइ उपलब्धि**

| पाठ्यक्रमले तोकेका विशिष्ट उद्देश्य | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको खनिज र जलस्रोतको परिचय दिन र उपयोग बताउन | – नेपालमा पाइने विविध प्रकारका खनिजहरूको पहिचान गर्न<br>– खनिज पदार्थको कसरी उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा धारणा निर्माण गर्न<br>– नेपालमा जलस्रोतको अवस्था पहिचान गर्न<br>– नेपालमा पाइने विविध प्रकारका नदी र तिनको विशेषता एवम् उपयोगिताका बारेमा जानकारी प्राप्त गर्न ।<br>– जलस्रोतको उपयोग गर्ने उपायहरूको खोजी गर्न |

## २. पाठ परिचय

जमिनभित्रबाट खनेर निकालीने वस्तुलाई खनिज भनिन्छ । ती खनिजका निश्चित भौतिक गुण हुन्छन् र हामी त्यसको उपयोग गर्छौं । जस्तै : फलाम, तामा, सुन, कोइला आदि खनिज पदार्थ हुन् । नेपालको पर्वतीय क्षेत्रमा खनिजको ठुलो भन्डार भएको अनुमान छ । तर पर्याप्त खोज अनुसन्धानको कमी, आर्थिक अभाव, प्राविधिक जनशक्ति र उपकरणको अभावका कारण नेपालका खनिज उत्खनन् हुन भने सकेको छैन । भूगर्भशास्त्रीहरूले नेपालमा विभिन्न प्रकारका खनिज पाउने तथ्यहरू बताए पनि ती खनिज कति परिमाणमा छन् र तिनको गुणस्तर कस्तो छ भन्ने विषयमा अध्ययन हुन बाँकी नै रहेको छ । पेट्रोलियम पदार्थ लगायतका केही खनिजको भने खोजी भइरहेको छ ।

जलस्रोत नेपालको अर्को सम्पदा हो । नेपालमा करिब ६००० भन्दा बढी नदीनालाहरू रहेका छन् । ठुला नदीहरू हिमालयबाट बग्ने हुनाले ती कहिले पनि सुक्दैनन् । नेपालका नदीहरू भिरालो जमिनबाट बग्ने हुँदा त्यसबाट प्रसस्त विजुली निकाल्न सकिने सम्भावना रहेको छ । सो बिजुलीलाई आफ्नै देशमा उपयोग गरेर औद्योगिकिकरण गर्न सकिन्छ । त्यस्तै छिमेकी देशहरूमा निर्यात गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ । नेपालका नदीको उपयोग सिँचाइ र कृषि विकासका लागि पनि गर्न सकिन्छ ।

यस पाठमा विद्यार्थीहरूलाई आफ्नो देशमा भएका खनिज र जलस्रोतको अधिकतम उपयोग गरेर आर्थिक विकास गर्न सकिन्छ भन्ने प्रेरणा प्रदान गर्ने मूल उद्देस्य रहेको छ ।

## ३. शैक्षणिक सामाग्री :

- नेपालको प्राकृतिक र राजनीतिक नक्सा
- नेपालको खनिज पदार्थ र जलस्रोतको अवस्था एवम् उपयोग झल्कने चित्र, पोष्टर, भिडियो

## ४.  सिकाइ सहजीकरण क्रियाकलाप :

**क्रियाकलाप १ :** स्थानीय क्षेत्रमा पाइने विविध प्रकारका चट्टान, खनिज पदार्थ र विविध प्रकारका उपभोगका सामानहरू प्रर्दशन गर्दै यी के हुन् ? यी के काम लाग्छन्, यी केबाट बनेका हुन् ? यी कहाँ पाइन्छन् ? जस्ता प्रश्न गर्दै कक्षा सुरुआत गर्ने । ती वस्तुहरू जमिन मुनी खनेर निकालिएका खनिजबाट बनेका सामग्री हुन् भनी निष्कर्ष बताइदिनुहोस् ।

**क्रियाकलाप २ :** विद्यार्थीहरूलाई एक बेञ्चको एक समूह बनाई एटलसमा भएको खनिज पदार्थ देखाउने नेपालको नक्सा अध्ययन गर्न लगाउनुहोस् । त्यसका आधारमा नेपालको कुन कुन ठाउँमा के के खनिज पदार्थ पाइने रहेछ तालिका भरेर पालै पालो प्रस्तुत गर्न लगाउनुहोस् ।

| खनिजको नाम | पाइने स्थान | उपयोग |
|---|---|---|
| | | |
| | | |

**क्रियाकलाप ३ :** नेपालमा खनिज पदार्थको उत्खनन् र उपयोग प्राचीन कालदेखि नै हुँदै आएको भन्ने लिच्छवी कालीन तथ्यहरू प्रस्तुत गर्दै प्रष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ :** खनिज पदार्थको उत्खनन् गर्न सकेमा हुन सक्ने विभिन्न फाइदासम्बन्धी चित्र, फोटो तथा चार्ट प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप ५ :** नेपालको नदी र ताल देखाउने नक्सा प्रदर्शन गर्दै नेपाल जलस्रोतको धनी मुलुक हुनुका कारणहरू तथ्यसहित छलफल गर्दै प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : जलस्रोत नेपालको समृद्धिको आधार हो भन्ने** शीर्षकमा वक्तृत्व कला कार्यक्रम सञ्चालन गर्नुहोस् ।

**क्रियाकलाप ७ :** नेपालका नदीहरूलाई पहिलो स्तरका नदी, दोस्रो स्तरका नदी र तेस्रो स्तरका नदीमा वर्गीकरण गरिएको छ भनी तीनओटै प्रकारका नदीको विशेषता लेखिएको चार्ट र चित्र प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ८ :** नेपालमा जलस्रोतको सम्भावना र  भूमिगत जलस्रोतको अवस्था र उपयोगिता सम्बन्धमा चार्ट वा पावर पोइन्ट प्रस्तुति आदि मार्फत स्पष्ट पार्नुहोस् ।

## ५.  मूल्याङ्कन/ प्रतिविम्बन :-

मूल्याङ्कनका लागि निम्न कार्यहरू गर्ने ।

क) विद्यार्थीहरूले खनिज पदार्थका सम्बन्धमा छलफल गरिरहँदा र छलफलको निष्कर्ष प्रस्तुति गरिरहँदा  अवलोकन गरी आवश्यक सुधारका लागि सहयोग गर्ने ।

ख) तलका जस्तै छोटा प्रश्नहरू सोधेर सिकाइको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । आवश्यक परेका सुधारात्मक सिकाइलाई पनि जोड दिनुहोस् ।

(अ) खनिज भनेको के हो ?

(आ) कुन कुन नदी पहिलो स्तरका नदी हुन् ? ग) जलस्रोतको उपयोगिता लेख्नुहोस् ।

(इ) नेपाल जलसम्पदामा धनी भएर पनि यसको प्रभावकारी विकास र उपयोग हुन नसक्नाका कारणहरू के के हुन् ?

(ई) खनिज नेपालमा साधनको उत्खनन हुन नसक्नाका कारण के के हुन् ?

**६. थप सुझाव**

यस पाठको अध्ययनका लागि विद्यार्थीलाई शैक्षिक भ्रमण /स्थलगत भ्रमण /क्षेत्रभ्रमणको आयोजना गरी अध्यापन गर्नु उपयुक्त हुन्छ ।

**पाठ ६** **नक्सा कार्य**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा : २**

| पाठ्यक्रमले तोकेका विशिष्ट उद्देश्य | पाठका विशिष्ठ उद्देश्यहरू |
|---|---|
| नक्सा अध्ययन र निर्माण गर्न | – नक्साको परिचय दिन<br>– आफू बसेको समुदायको अनुमानित नक्सा कोर्न<br>– नक्साका आधारभूत तोवहरूको सम्बन्धमा परिचित भई सोको उपयोग गर्न<br>– नक्साका प्रकारहरू बताउन<br>– दुरीको अवधारणासँग परिचित भई दुरीको प्रयोग गरी नक्सामा कुनै ठाउँहरू बिचको दुरी पत्ता लगाउन<br>– सामान्य आकारप्रकार मिल्ने गरी नेपालको नक्सा कोरी त्यस नक्सामा मुख्य तथ्यहरू सङ्केतमा देखाउन |

## २. पाठ परिचय

कुनै धरातलीय स्वरूपलाई निश्चित नापो (scale) का आधारमा प्रतिनिधित्व हुनेगरी तयार गरिने आकृतिलाई नक्सा भनिन्छ । नक्सा बनाउने र उतार्ने कामलाई नक्सा कार्य भनिन्छ । माध्यमिक तहका विद्यार्थीहरूले आफू बसोवास गरेको समुदाय, आफ्नो विद्यालय वरपरको नक्सा कोर्न सक्नुपर्छ । त्यसै गरी नेपालको नक्सा कोर्न र त्यसमा उपयुक्त भौगोलिक तथ्यहरू भर्न पनि सक्नुपर्छ । नक्साका प्रकारहरू पहिचान गरी नक्साको अध्ययन गर्न जान्नु, नक्सा तयार पार्न सक्नु त्यसमा उपयुक्त स्केल निर्धारण गर्नु र त्यसमा उपयुक्त सङ्केतहरू भर्न सक्नु नक्सा कार्यभित्र पर्ने क्रियाकलापहरू हुन् ।

नक्सामा दिशा, सङ्केत र नापो गरी तीनओटा आधारभूत तोवहरू हुन्छन् । तर हातले स्वतन्त्ररूपमा बनाइएको नक्सामा भने नापोको प्रयोग हुँदैन ।

## ३. शैक्षणिक सामग्री :-

सादा कागज, पेन्सिल, इलेजर, स्केल, नाप्ने टेप, विभिन्न प्रकारका भौतिक र राजनीतिक नक्सा, नेपालको नक्सा, एटलस आदि ।

## ४. सिकाइ सहजीकरण क्रियाकलाप :

**क्रियाकलाप १ :** कुनै भौगोलिक क्षेत्रको नक्सा प्रदर्शन गर्ने र उक्त नक्साले के के जानकारी दिन्छ भनी छलफल गर्दै विषय प्रवेश गर्नुहोस् ।

**क्रियाकलाप २ :** कक्षाका विद्यार्थीहरूलाई उनीहरू बसोवास गरेको समुदायको नक्सा कोर्न लगाउनुहोस् । उक्त नक्सामा त्यहाँ भएका मुख्य तथ्यहरू जस्तै :नदी ,पोखरी ,चौतारो, विद्यालय आदि तथ्यहरू सङ्केत गरी नक्सामा भर्न लगाउने र कक्षामा प्रदर्शन गर्नुहोस् ।

**क्रियाकलाप ३ :** कुनै राजनीतिक नक्सा प्रदर्शन गर्दै नक्साको परिचय दिने । नक्साका आधारभूत तत्वहरू दिशा, सङ्केत र नापोका सम्बन्धमा पालैपालो उदाहरण दिँदै छलफल गर्नुहोस् ।

**क्रियाकलाप ४ :** भौतिक नक्सा, राजनीतिक नक्सा र उद्देस्यमुलक नक्साहरू प्रदर्शन गर्दै नक्साका प्रकारहरू सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ५ :** कुनै ठाउँको रङ्गीन भौतिक नक्सा प्रदर्शन गर्दै त्यसमा प्रयोग भएका सङ्केत र रङ्को अर्थ बताइदिने र भौतिक नक्साको प्रयोग सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६ :** विद्यार्थीहरूलाई एटलसमा भएको नेपालको राजनीतिक नक्सा अध्ययन गर्न लगाउने । ५ मिनेट समय दिएर सो समयभित्र कसले धेरै ठाउँहरू टिपोट गर्न सके तिनलाई विजयी घोषणा गर्ने निर्देशन दिने । समय सकिएपछि जसले धेरै ठाउँ टिपेका हुन्छन् ती विद्यार्थीलाई ताली बजाएर सम्मान गर्नुहोस् ।

**क्रियाकलाप ७ :** कुनै देशको राजनीतिक नक्सा प्रदर्शन गर्दै राजनीतिक नक्सामा के के कुरा देखाइएको हुन्छ भनी छलफल गर्ने । उक्त नक्साको प्रयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल गर्नुहोस्
**क्रियाकलाप ८ :** कुदै एक उद्देश्यमूलक नक्सा प्रदर्शन गर्दै उक्त नक्साको प्रयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ९ :** विद्यार्थीहरूलाई कक्षाको नाप लिन लगाउने र कापीमा कक्षाकोठाको नक्सा कसरी बनाउने होला भन्ने सम्बन्धमा प्रश्न गर्दै विद्यार्थीको विचार लिने । कक्षाको नापोलाई उपयुक्त स्केलमा रूपान्तरण गरी कक्षाको नक्सा तयार गर्ने । जस्तै : कक्षा कोठामा १ मिटरलाई कापीमा १ सेन्टिमिटरले प्रतिनिधित्व गर्ने गरी कापीमा नक्सा बनाउने । त्यस नक्साको नापो १ से.मि. = १ मि. हुन्छ भनी सिकाउने ।

**क्रियाकलाप १०:** नक्सामा कथनात्मक नापो, चित्रात्मक नापो र प्रतिनिधि भिन्न नापो गरी तीन किसिमका नापोको प्रयोग गरिन्छ भनी नक्सा प्रदर्शन गर्दै बताउने । पालै पालो तीनओटै दुरीको उदाहरणसहित परिचय दिने ।

**क्रियाकलाप ११:** नक्सा बनाउने वा उतार्ने विभिन्न तरिकाहरू जस्तै : ट्रेसिङ विधि, ग्राफ विधि, स्वतन्त्र विधि आदिको पालैपालो प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप १२:** विद्यार्थीहरूलाई आफ्नो विद्यालय परिसरको नक्सा तयार पार्न लगाउने र त्यसमा उपयुक्त सङ्केतहरू प्रयोग गरी चउर, भवन, शौचालय, बगैँचा, बाटो, आदि तथ्यहरू भर्न सिकाउने । विद्यार्थीहरूले तयार पारेका नक्साहरू कक्षामा प्रदर्शन गर पृष्ठपोषण दिने ।

**क्रियाकलाप १३:** विद्यार्थीहरूलाई स्वतन्त्र विधिको प्रयोग गरी नेपालको रेखाङ्कित नक्सा तयार पार्न लगाउने । त्यसमा उपयुक्त सङ्केतहरू जस्तै नदी, पोखरी, शिखर, राष्ट्रिय  निकुञ्ज, सडक, विमानस्थल, सहर आदि प्रयोग गरी मख्य मुख्य तथ्यहरू भर्न लगाउने । विद्यार्थीहरूले तयार पारेका नक्साहरू कक्षामा प्रदर्शन गरी पृष्ठपोषण दिने ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन :

क) विद्यार्थीले नक्सासम्बन्धी प्रयोगात्मक कार्य गरिरहँदा अवलोकन गरी आवश्यक पृष्ठपोषण दिने ।

ख) तलका जस्तै छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- भौतिक नक्सा कस्तो प्रकारको नक्सा हो ?
- RF १:१०००० को अर्थ के हो ?
- नक्साको सिरान पट्टि कुन दिशा पर्छ ?
- रङ्गीन भौतिक नक्सामा हरियो र पहेँलो रङ्ले के के सङ्केत गर्दछन् ?

## ६) परियोजना कार्य :

- नेपालको रेखाङ्कित नक्सा कोरी विभिन्न तथ्यहरू भर्न लगाउने । जस्तै :

गौरीशङ्कर हिमाल, कालीगण्डकी नदी, रूपा ताल, भीमदत्तपन्त राजमार्ग, तुलसिपुर, चियाखेती हुने क्षेत्र ।

## ७) थप सुझावः

शिक्षक आफूले नक्सा कोर्न नजानेमा विद्यार्थीले पनि सिक्न मान्दैनन् । शिक्षकले नक्सा कोरेर देखाइ दिएमा विद्यार्थीमा हौसला बढ्छ । त्यसैले शिक्षकले सिकाइ पाटीमा नेपालको नक्सा कोरेर देखाइदिनुपर्छ । नक्सा कार्य सिपसम्बन्धी कार्य भएकाले विद्यार्थीहरूलाई बारम्बार अभ्यास गराउनुपर्छ ।

**पाठ ७, ८ : एसिया महादेशको भौगोलिक र प्राकृतिक वातावरण एवम् आर्थिक क्रियाकलाप र सामाजिक जीवन**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा :३**

| **पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू** | **पाठका सिकाइ उपलब्धि** |
|---|---|
| एसिया, युरोप र अष्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न | -एसिया महाद्वीपको अवस्थिति, सीमाना क्षेत्रफलको विवरण दिन ।<br><br>-एसिया महाद्वीपको धरातलीय स्वरूप, हावापानी र वनस्पतिको छोटो विवरण दिन<br><br>-एसिया महादेशका मुख्य आर्थिक क्रियाकलापको परिचय दिन<br><br>- एसिया महादेशका बासिन्दाहरूको सामाजिक जीवनको परिचय दिन |

**२.पाठ परिचय :**

एसिया महाद्वीप विश्वकै सबैभन्दा ठुलो महाद्धीप हो । यस महाद्वीपले विश्वको करिब ३३% भूभाग ओगटेको छ । संसारको सबैभन्दा होचो स्थान मृत सागर (Dead Sea) र सबैभन्दा अग्लो स्थान सगरमाथा (८,८४८.८६ मी) यसै महाद्वीपमा पर्दछ । विश्वका प्रमुख सभ्यताहरू सिन्धुघाँटी सभ्यता, टिग्रिस (मेसापोटामिया) सभ्यता र हाङ्हो सभ्यता यसै महाद्धीपमा विकास भएका थिए । त्यस्तै विश्वका प्रमुख चार धर्म हिन्दु, बौद्ध, इस्लाम र इसाईको उद्भव पनि यसै महाद्धीपमा भएको थियो । चिया, धान, रबर, पेट्रोल उत्पादनमा विश्वकै सर्वोत्कृष्ट स्थान एसिया महाद्धीपको रहेको छ । त्यसैले एसिया महादेश सभ्यता, कला, संस्कृतिको दृष्टिले पनि विविधता रहेको महादेश हो । विद्यार्थीलाई एसिया महाद्धीपको भौगोलिक, सामाजिक, आर्थिक स्थितिको जानकारी दिनु यस पाठको मुख्य उद्देश्य हो ।

**३.शैक्षणिक सामाग्री :**

- विश्वको नक्सा, एसियाको भौतिक र राजनीतिक नक्सा, एट्लस, ग्लोब
- कागज, पेन्सिल, इरेजर
- एसिया महादेशको भौगोलिक, आर्थिक तथा सामाजिक जीवन झल्कने चित्र, फोटो, भिडियो, चार्ट आदि ।

४.**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १ :** ग्लोब र विश्वको नक्सा प्रदर्शन गर्दै र प्रश्नोत्तर गर्दै विश्वमा एसिया महादेशको अवस्थिति बताइदिनुहोस् । एसिया महादेशका मुख्य विशेषताका सम्बन्धमा चित्र प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ :** एसिया महादेशको भौतिक नक्सा, चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै उक्त महादेशको धरातलीय स्वरूपका सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ :** कक्षामा विद्यार्थीहरूको ६ ओटा समूह बनाउने । प्रत्येक समूहलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी एसियाको वभिन्न ६ ओटा भौगोलिक क्षेत्रको हावापानी र वनस्पतिका सम्बन्धमा छलफल गरी मुख्य बुँदाहरू टिपोट गर्न लगाउने । ग्यालरी वाक विधिका माध्यमबाट एक अर्का समूहले तयार पारेका बुँदाहरूमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ४ :** एसिया महादेशको विभिन्न भौगोलिक क्षेत्रको आर्थिक क्रियाकलाप र जनजीवनको सम्बन्धमा चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै पालै पालो परिचय दिने । विद्यार्थीलाई आफूसँग रहेको एटलसमा उक्त स्थानहरू हेर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** विद्यार्थीहरूलाई एसिया महादेशको रेखाङ्कित नक्सा उतार्न लगाएर त्यसमा एटलस हेर्दै विभिन्न भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** विद्यार्थीहरूलाई पाठ्यपुस्तक र शैक्षिक सामाग्री अध्ययन गरी तलको जस्तै तालिका तयार पारेर कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

| एसियाको आर्थिक क्रियाकलाप | | | | |
|---|---|---|---|---|
| कृषि | उद्योग | व्यापार | खनिज | मत्स्य |
| धान, गहुँ, जुट, उखु, रवर, चीया कपासका साथै पशुपालन व्यवसाय | फलाम, स्वात उद्योग, सुतीवस्त्र उद्योग, जुट उद्योग सिमेन्ट, उद्योग आदि | कृषिजन्य, खनिज जन्य वस्तुहरू र अन्य कच्चापदार्थ निर्यात गर्छ | कोइला, पेट्रोल, फलाम ,तामा, टिन, म्यागनीज, सुन आदि | समुद्रबाट माछा सङ्कलन गर्ने |

**क्रियाकलाप ७ :** विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाई एसियाका विभिन्न स्थानहरू पत्तालगाउने खेल खेलाउनुहोस् । जसका लागि तल दिइएका नियमहरू पालना गर्न लगाउनुहोस् ।

- पहिला सिकाइ पाटीमा एसिया महादेशका विभिन्न १० ओटा तथ्यहरूको नाम लेख्नुहोस् ।
- अब यी तथ्यहरूलाई एटलसमा खोज्न लगाई पेन्सिलले गोलो घेरा लगाउन लगाउनुहोस् ।
- पहिला सबै स्थानहरू गोलो लगाउने जोडीलाई प्रशंसित गर्नुहोस् ।

४) **मूल्याङ्कन/प्रतिविम्बन :**

क) विद्यार्थीले क्रियाकलाप गरिरहँदा श्रेणी मापन फारामका माध्यमबाट मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने ।

ख) तलका जस्तै छोटा प्रश्न सोध्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् र आवश्यक परेका उपचारात्मक शिक्षणसमेत गर्नुहोस् ।

- एसिया महादेशलाई किन विषमताको महादेश भनिन्छ ?
- दक्षिण एसियाको मुख्य आर्थिक क्रियाकलाप के के हुन् ?
- पूर्वी एसिया धेरै विकसित हुनुको कारण के होला ?

## पाठ ९ ,१० : युरोप भौगोलिक तथा प्राकृतिक वातावरण, आर्थिक र सामाजिक जनजीवन

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा :२**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू | पाठका विशिष्ट उद्देश्य |
|---|---|
| एसिया, युरोप र अष्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न | - युरोप महाद्वीपको अवस्थिति, सीमाना क्षेत्र फलको विवरण दिन<br>- युरोप महाद्वीपको धरातलीय स्वरूप, हावापानी र वनस्पतिको छोटो विवरण दिन<br>- युरोप महादेशका मुख्य आर्थिक क्रियाकलापको परिचय दिन<br>- युरोप महादेशका बासिन्दाहरूको सामाजिक जीवनको परिचय दिन<br>– नेपालसँग युरोप महाद्वीपको तुलना गर्न |

**२. पाठ परिचय :**

युरोप महाद्वीप क्षेत्रफलको हिसाबले छैठौँ ठुलो महादेश हो । अरु महादेशभन्दा यो महादेश विकसित छ । यो महादेश उत्तरी गोलार्धमा पर्दछ । यो महादेशको अधिकांश क्षेत्रको हावापानी समशीतोष्ण प्रकारको छ । यो महादेश विकसित महादेशका रूपमा पनि चिनिन्छ । यस महादेशका प्राय सबै देशहरू विज्ञान प्रविधि र शिक्षाको विकासका कारण उद्योग, व्यापार, व्यवसायमा निकै अगाडि छन् । कृषिमा आधुनिक प्रविधि अपनाइन्छ । पर्यटन र सेवा क्षेत्रको पनि राम्रो विकास भएको छ ।

चारैतर्फ समुद्रले घेरिएको अर्थात समुद्रको बिचमा भएको जमिनको सतहलाई द्वीप भनिन्छ । तीन तर्फ समुद्रले घेरिएको र एकातर्फ मात्र जमिनसँग जोडिएको भूभागलाई प्रायद्वीप भनिन्छ । युरोपको समुद्री किनारा छिया छिया परी जमिन भित्रसम्म समुद्र घुसेको हुनाले समुद्री किनारी भागमा धेरैओटा प्रायद्वीपहरू रहेका छन् । जमिनको भित्रसम्म घुसेको समुद्रको भूभागलाई खाडी भनिन्छ ।

युरोप पूर्वतर्फ एसियाको स्थल भागसँग जोडिएको र बाँकी तीनतिर समुद्रले घेरिएको हुनाले युरोप महाद्वीपलाई प्रायद्वीपको प्रायद्वीप (Peninsula of Peninsula) पनि भनिन्छ । यसरी तीनतर्फ समुद्रले घेरेको हुनाले यसको सामुद्रिक किनारा लामो भएको र धेरै प्रायद्वीप तथा खाडीहरू भएको हुनाले युरोपका धेरै देशहरूले जलयातायातको सुविधा लिन पाएका छन् । त्यसैले युरोपका देशहरू अन्तर्राष्ट्रिय व्यापारमा निकै अगाडि छन् । पछिल्लो समयमा युरोप राजनीतिक र आर्थिक रूपमा

एकताबद्ध बन्दै गइरहेको छ । युरोपमा युरोपियन युनियन (European Union) भन्ने साझा संस्था छ । जसमार्फत साझा मुद्रा (EURO) प्रचलनमा रहेको छ ।

**३.सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप १ :** ग्लोब र विश्वको नक्सा प्रदर्शन गर्दै र प्रश्नोत्तर गर्दै विश्वमा युरोप महादेशको अवस्थिति बताइदिनुहोस् । युरोप महादेशका मुख्य विशेषताका सम्बन्धमा चित्र प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप २:** विद्यार्थीहरूले देखेको, सुनेको, पढेको आधारमा युरोपका सम्बन्धमा विद्यार्थीहरूलाई भन्न लगाउने र छलफल गर्ने ।

**क्रियाकलाप ३ :** युरोप महादेशको भौतिक नक्सा, चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै उक्त महादेशको धरातलीय स्वरूपका सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ४ :** कक्षामा विद्यार्थीहरूको ३ ओटा समूह बनाउने । प्रत्येक समूहलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी युरोपको विभिन्न भौगोलिक क्षेत्रको विशेषताका सम्बन्धमा छलफल गरेर बुँदा टिपोट गर्न लगाउने । समूह नेताबाट पालै पालो प्रस्तुत गर्दै खुला छलफल गर्नुहोस् ।

**क्रियाकलाप ५ :** युरोपको यात्रा विवरण तयार पार्ने । युरोपको नक्सा प्रदर्शन गर्दै र विभिन्न क्षेत्रको हावापानी तथा वनस्पति झल्कने चित्र तथा भिडियो प्रदर्शन गर्दै युरोपको विभिन्न स्थानको यात्रा गरेको जस्तै गरी त्यहाँको हावापानी र वनस्पतिको सम्बन्धमा व्याख्या गर्नुहोस् । बिचबिचमा विद्यार्थीका अनुभवसमेत समेटेर छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६ :** सम्भव भएमा गुगल अर्थको सहायताले युरोप महादेशको भर्चुयल भ्रमण गराउने र विद्यार्थीलाई भ्रमणपछिको अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ :** युरोप महादेशको विभिन्न भौगोलिक क्षेत्रको आर्थिक क्रियाकलाप र जनजीवनको सम्बन्धमा चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै पालै पालो परिचय दिने । विद्यार्थीलाई आफूसँग रहेको एटलसमा उक्त स्थानहरू हेर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ :** विद्यार्थीहरूलाई युरोप महादेशको रेखाङ्कित नक्सा उतार्न लगाएर त्यसमा एटलस हेर्दै विभिन्न भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ :** विद्यार्थीहरूलाई पाठ्यपुस्तक र शैक्षिक सामाग्री अध्ययन गरी युरोप शीर्षकमा पोष्टर तयार पार्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप १०:** विद्यार्थीहरूलाई तलको जस्तै नेपाल र युरोपबिचको तुलनात्मक तालिका बनाउन लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| | आर्थिक अवस्था | प्राविधिक विकास | शैक्षिक अवस्था | सामाजिक तथा सांस्कृतिक अवस्था |
|---|---|---|---|---|
| युरोप | | | | |
| नेपाल | | | | |

**क्रियाकलाप ११:** युरोपका विभिन्न तथ्यहरूसँग सम्बन्धित रही प्रश्न बल वा हाजिरी जवाफ क्रियाकलाप गराउनुहोस् ।

**५) मूल्याङ्कन/प्रतिविम्बन :**

क) विद्यार्थीहरूले पोष्टर बनाइरहँदा निम्नानुसारको श्रेणीमापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् र तत्काल पृष्ठपोषण दिई सहयोग गर्नुहोस् :

| विद्यार्थीको नाम | सहभागिता | विषयवस्तुमा स्पष्टता | सिर्जनात्मकता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

धेरै राम्रो : ३, राम्रो : २, सुधार गर्नु पर्ने : १

ख) तलका जस्तै छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- युरोप किन विकसित महादेश भएको होला ?
- युरोपको दक्षिणी क्षेत्रलाई किन विश्वको बगैँचा भनिन्छ ?
- युरोप र नेपालका कुन कुन कुरा मिल्दाजुल्दा छन् ?

**पाठ : ११, १२ :अष्ट्रेलिया महादेशको भौगोलिक वातावरण आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा : २**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| एसिया, युरोप र अष्ट्रेलियाको धरातलीय स्वरूप, हावापानी र जनजीवनको वर्णन गर्न | - अष्ट्रेलियाको स्थिति, सीमाना र क्षेत्रफलको विवरण दिन<br>– अष्ट्रेलियाको धरातलीय स्वरूपको परिचय दिन<br>– अष्ट्रेलिया महादेशको सामाजिक जनजीवनको परिचय दिन<br>– अष्ट्रेलिया महादेशका मानिसहरूको आर्थिक क्रियाकलापको वर्णन गर्न<br>- नेपाल र अष्ट्रेलियाबिच प्राकृतिक सामाजिक र आर्थिक पक्षबिच तुलना गर्न<br>- अष्ट्रेलिया महादेशको नक्सा कोर्न र भर्न |

**२. पाठ परिचय :**

प्रशान्त र हिन्द महासागरको बिचमा रहेको अष्ट्रेलिया महाद्वीप सबैभन्दा सानो महाद्वीप हो । अठारौँ र उन्नाईसौं सताब्दीसम्म यो महाद्वीप पुरै बेलायती उपनिवेश बन्यो र बिसौँ सताब्दिको सुरुआतसँगै बेलायतबाट स्वतन्त्र भएर अष्ट्रेलिया नाम गरेको छुट्टै स्वतन्त्र राष्ट्र बन्यो ।

क्षेत्रफलको हिसाबले सानो भएता पनि अष्ट्रेलिया महाद्वीप मानव संसाधन र आर्थिक क्रियाकलापमा धेरैअगाडि छ । आज धेरै नेपालीहरू अष्ट्रेलियामा विभिन्न विषयको उच्च अध्ययन तथा रोजगारी गरेर बसेका छन् । अष्ट्रेलियाले नेपालको वन संरक्षण तथा उर्जा विकासमा महòवपूर्ण सहयोग गर्दै आएको छ । अष्ट्रेलिया महाद्वीप र यसको सामजिक आर्थिक पक्ष र नेपालबिचको तुलना यस पाठमा गर्नेछौँ ।

**३. शैक्षणिक सामाग्री :**

– विश्वको नक्सा, ग्लोब, अष्ट्रेलियाको नक्सा, एट्लस, पेन्सिल, कागज, इरेजर, स्केल
– अष्ट्रेलियाको आर्थिक, भौगोकि तथा सामाजिक अवस्था झल्काउने चित्र, फोटो, भिडियो

**४. सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप १ :** ग्लोब र विश्वको नक्सा प्रदर्शन गर्दै र प्रश्नोत्तर गर्दै विश्वमा अष्ट्रेलिया महादेशको अवस्थिति बताइदिनुहोस् । अष्ट्रेलिया महादेशका मुख्य विशेषताका सम्बन्धमा चित्र प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ :** विद्यार्थीहरूले देखेको, सुनेको, पढेको आधारमा अष्ट्रेलियाको सम्बन्धमा उनीहरूले सुने जानेका जानकारी भन्न लगाउनुहोस् र छलफल गराउनुहोस्

**क्रियाकलाप ३ :** अष्ट्रेलिया महादेशको विभिन्न भौगोलिक क्षेत्रको भौगोलिक अवस्थाका सम्बन्धमा चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै पालैपालो परिचय दिने र विद्यार्थीलाई आफूसँग रहेको एटलसमा उक्त स्थानहरू पहिचान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ :** विद्यार्थीहरूको ससानो समूह बनाई अष्ट्रेलियको भौगोलिक, आर्थिक र सामाजिक अवस्था समेटेर यात्रा विवरण तयार पार्न लगाउने । सबै समूहको समूह नेताले पालैपालो यात्रा विवरण प्रस्तुत गर्दै छलफल गर्ने । तीन जनाको मूल्याङ्कन टोली बनाई कुन समूहको यात्रा विवरण उत्कृष्ट छ भनी मूल्याङ्कन गर्ने । उत्कृष्ट यात्रा विवरणलाई ताली बजाएर सम्मान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** विद्यार्थीहरूलाई अष्ट्रेलिया महादेशको रेखाङ्कित नक्सा उतार्न लगाएर त्यसमा एटलस हेर्दै विभिन्न भौगोलिक तथ्यहरू भर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** विद्यार्थीहरूलाई तलको जस्तै नेपाल र अष्ट्रेलिया महादेशबिचको तुलनात्मक तालिका बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| | हावापानी | धरातल | आर्थिक क्रियाकलाप | सामाजिक तथा सांस्कृतिक अवस्था |
|---|---|---|---|---|
| अष्ट्रेलिया | | | | |
| नेपाल | | | | |

४) **मूल्याङ्कन/प्रतिविम्बन :**

क) विद्यार्थीहरूले बनाएको यात्रा विवरणलाई निम्नानुसारको श्रेणीमापन फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने र तत्काल पृष्ठपोषण दिई सहयोग गर्ने ।

| विद्यार्थीको नाम | विषयवस्तु समेटिएको | सिर्जनात्मकता | प्रस्तुति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

धेरै राम्रो : ३, राम्रो : २, सुधार गर्नु पर्ने : १

ख) तलका जस्तै छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- अष्ट्रेलिया महादेश किन विकसित महादेश भएको होला ?
- अष्ट्रेलिया महादेश पर्यटकीय दृष्टिले महोवपूर्ण हुनुका कारणहरू के के हुन् ?
- अष्ट्रेलियामा कुन क्षेत्रमा भेडा र गाई पालन गरिन्छ र किन ?

**पाठ : १३** **विपत्**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्यघण्टा : २**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| . नेपालमा घट्ने प्रमुख विपत् र तीनको न्यूनीकरणका उपायहरू बताउन र व्यवस्थापनमा सहभागी हुन् | - विपत्को परिचय दिन<br>- विपत्का प्रकारहरू उल्लेख गर्न<br>- विपत्का असरहरू बताउन<br>- विपत् व्यवस्थापानका चरणहरू उल्लेख गर्न<br>- विपत्बाट सुरक्षित रहने उपायहरू अवलम्बन गर्न<br>- विपत् व्यवस्थापनमा आफ्नो दायित्व निर्वाह गर्न |

**२. पाठ परिचय :**

ठुलो धनजनको क्षति हुने गरी आकस्मिक रूपमा घट्ने घटनाबाट सिर्जित अवस्थालाई विपत् भनिन्छ । भूकम्प, सुनामी, बाढी, पहिरो, डढेलो, महामारी, शीतलहर, चट्याङ, दुर्घटना, आगलागी आदि विपत्का उदाहरण हुन् । प्राकृतिक कारणले हुने विपत्लाई प्राकृतिक विपत् भनिन्छ । मानवीय कारणले सिर्जना हुने विपत्लाई मानव सिर्जित विपत् भनिन्छ । भूकम्प, सुनामी, बाढी, पहिरो, डढेलो, शीतलहर, चट्याङ आदि प्राकृतिक विपत् हुन् । विस्फोट, युद्ध, रेडियोधर्मी विकिरण चुहावट, दुर्घटना, आगलागी मानव सिर्जित विपत् हुन् । विपत्ले आफैँ क्षति गर्ने होइन, हाम्रा असावधानी र लापरवाहीले गर्दा विपत्को चपेटामा परिन्छ । यस पाठको शिक्षणबाट विद्यार्थीमा विपत्का कारण र सावधानीका उपायहरू सम्बन्धमा सुसूचित गराई विपत्का समयमा सुरक्षित रहन सिकाउने उदेश्य रहेको छ ।

**३. शैक्षणिक सामग्री :**

- विपद्का घटना झल्काउने चित्र, फोटो, भिडियो,
- नेपालमा भूकम्प जाने कारण देखाउने चित्र र भिडियो,
- विपत्का चरण झल्काउने चार्ट

**४. सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप १ :** विपद्बाट प्रभावित अवस्थाको चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै त्यस विपत्ले के कस्तो असर पारेको होला भन्ने सम्बन्धमा प्रश्नोत्तर गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ :** विपत् सम्बन्धमा विद्यार्थीले भोगेका, देखेका र सुनेका आधारमा विपत्का घटना सुनाउन लगाउने र छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ :** विद्यार्थीहरूलाई जिग्स विधिको प्रयोग गरी पहिले विज्ञ समूहमा र पछि मातृ समूहमा बसेर एक एकओटा प्राकृतिक विपत्का सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गर्दै छलफल गर्न लगाउने । छलफलमा विपत्को नाम, सो विपत्को कारण, त्यसको असर र त्यसबाट बच्न सावधानीका उपयसम्बन्धी विषय समेट्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ४ :** नेपाल भूकम्पीय उच्च जोखिम क्षेत्रमा रहेको र नेपालमा भूकम्प जाने कारणहरू सम्बन्धमा चित्र प्रदर्शन गर्दै छलफल गर्ने ।

**क्रियाकलाप ५ :** मानव सिर्जित विपत्सम्बन्धी चित्र, फोटो, भिडियो प्रदर्शन गर्दै विपत्को कारण, असर र विपत् आउन नदिने तथा बच्ने उपाय सम्बन्धमा छलफल गर्ने ।

**क्रियाकलाप ६ :** विपत् व्यवस्थापनका चरणहरू लेखिएको चार्ट, चित्र, फोटो र भिडियो प्रदर्शन गर्दै विपत् पूर्व, विपत्का समयमा र विपत्पश्चात् गर्नुपर्ने कार्यहरू सम्बन्धमा छलफल गर्ने ।

**क्रियाकलाप ७ :** विद्यार्थीहरूलाई विद्यालय परिसर, भवन, कक्षा कोठा, सौचालय, पुस्तकालय, प्रयोगशाला आदिको अवलोकन गर्न लगाई विद्यालयमा भएका सुरक्षित र असुरक्षित स्थानहरूको पहिचान गर्न लगाउने । उक्त स्थानहरूमा सुरक्षित स्थानमा हरियो र असुरक्षित स्थानमा रातो चिह्न लगाउने । त्यस्ता असुरक्षित स्थानमा नजान विद्यार्थीलाई सचेत गराउने ।

**क्रियाकलाप ८ :** नेपालमा जलउत्पन्न प्रकोपको कारण, असर र प्रकोपबाट बच्ने उपायसम्बन्धी चित्र फोटो, भिडियो प्रदर्शन गर्दै प्रष्टा पारिदिने ।

**क्रियाकलाप ९ :**स्थानीय समुदायमा घट्न सक्ने विपत्सम्बन्धमा नमुना पूर्वकार्य (Mock drill) गर्न विद्यार्थीसँग मिलेर योजना बनाउने । विद्यार्थीहरूको विभिन्न समूहहरू बनाउने । उक्त योजनाअनुसार पूर्वाभ्यास क्रियाकलाप सञ्चालन गर्ने । स्थानीय विपत्को विकल्पमा भूकम्पको पूर्वाभ्यास गर्न पनि सकिन्छ ।

**४) मूल्यांङ्कन / प्रतिविम्बन :**

क) विद्यार्थीहरूले पूर्वाभ्यास गर्दा निम्नानुसारको रुजुसूची फारामको प्रयोग गरी मूल्याङ्कन गर्ने । विद्यार्थीले गरेको क्रियाकलापको लागि 'छ' र नगरेको क्रियाकलापको लागि 'छैन' भनी कोठामा लेख्ने ।

| विद्यार्थीको नाम | सुरक्षित स्थानमा बसेको | शान्तपूर्वक सही तरिकाले बसेको | शान्तपूर्वक स्थानान्तरण भएको | अभिनयमा वास्तविकता झल्केको |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ख) अभ्यासमा दिइएका वा तलका जस्तै छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्ने र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- विपत् भन्नाले के बुझ्नुहुन्छ ?
- विपत् पूर्व के के सावधानी अपनाउनुपर्छ ?
- विपत्का समयमा के के गर्नु हुन्छ र के के गर्नुहुँदैन ?

## एकाई ७ : हाम्रो विगत

### पाठ १: ऐतिहासिक स्रोत

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ऐतिहासिक स्रोतको खोज, अध्ययन गर्न एवम् त्यसको संरक्षणको उपाय अवलम्बन गर्न । | • ऐतिहासिक स्रोतको परिचय दिन र खोजी गर्न<br>• ऐतिहासिक स्रोतको प्रकारहरूको वर्गीकरण गर्न<br>• ऐतिहासिक स्रोतको संरक्षणका उपाय पहिचान गरी संरक्षण कार्यमा सहभागी हुन |

**२. पाठ परिचयः**

बितेका कालमा घटेका घटनाहरूको विवरणलाई इतिहास भनिन्छ । इतिहास तयार पार्न विभिन्न स्रोतहरूको आवश्यकता पर्दछ । तिनै स्रोतहरूको विश्लेषणबाट इतिहास तयार गरिन्छ । इतिहासका स्रोतहरूलाई मुख्य गरी तीन प्रकारमा विभाजन गरिन्छ । तिनीहरू यस प्रकार छन् :

| स्रोतका प्रकार | |
|---|---|
| लिखित स्रोत | वंशावली, जीवनी, पुस्तक, मुद्रा, तक्मा, विभूषण, लिखत, शिलापत्र, ताम्रपत्र, बिल, भौचर, भोजपत्र, ताडपत्र, पाण्डुलिपि, स्वर्णपत्र, यात्रा विवरण, मल्ल कालका घटनाहरूको टिपोट (ठ्यासफु), अग्रज तथा इतिहासविद्सँगको अन्तर्वार्ताको लिखित अभिलेख आदि । |
| मौखिक स्रोत | कथा, वीरगाथा, दन्त्य कथा, लोकगीत, सवाई, आख्यान, किंवदन्ती, कहावत्, अर्ती उपदेश, खाँडो जगाउने मन्त्र आदि । |
| कलाकृति र ठोस वस्तु | मूर्ति, चित्र, भवन, पुल, गुफा, मन्दिर, किल्ला, गौंडा, हातहतियार, पोसाक, कलाकृति, गरगहना, शृङ्गार, अवशेष, भग्नावशेष, मरणघाट, चिहान आदि । |

**३. शैक्षणिक सामाग्रीः**

- इतिहासका स्रोतको वर्गीकरण गरिएको चार्ट वा पोष्टर
- पुराना मुद्राहरू
- पुराना पत्रपत्रिका तथा समाचार र अडियो भिडियोहरू
- पुरानो दैनिकी तथा डायरी

## ४. सिकाइ सहजीकरण क्रियाकलाप:

**क्रियाकलाप १:**

कक्षामा विद्यार्थीहरूलाई इतिहास भनेको के हो ? भन्ने प्रश्न गर्दै इतिहाससम्बन्धी उनीहरूको पूर्वज्ञान पत्ता लगाउने । विद्यार्थीहरूलाई इतिहास जान्ने स्रोत के के हुन् भनी प्रश्न गर्ने र उनीहरूको जवाफको आधारमा इतिहासको स्रोतहरूको वर्गीकरण गरिएको चार्ट प्रस्तुत गर्दै थप प्रष्ट पार्ने ।

**क्रियाकलाप २:**

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई पुराना (२०/२५ वर्ष) मुद्रा दिने र उनीहरूलाई मुद्रा निष्कासन भएको मिति, त्यसमा उल्लेख भएको चिह्न वा सङ्केत र शासकको नाम टिपोट गर्न लगाउने । सबै समूहले टिपोट गर्ने कार्य सम्पन्न गरिसकेपछि सबैलाई पालैपालो प्रस्तुत गर्न लगाउने । प्रस्तुतिपश्चात् मुद्रामा उल्लेख भएको शासकको नामले त्यसबेलाको शासन प्रणालीको बारेमा जानकारी पाउन सकियो भने मुद्राको अध्ययनले आर्थिक तथा सामाजिक अवस्थाको बारेमा पनि जानकारी पाउन सकियो भनेर बताउने । यसकारण मुद्रा इतिहास जान्ने बलियो स्रोत हो भनी प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३**

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको पुस्तकालयमा भएका पुराना पत्रिकाहरूको अध्ययन गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई आफूले अध्ययन गरेको पत्रिकामा उल्लेख भएका सामाजिक, आर्थिक र प्रमुख राजनीतिक घटनाहरूको विवरण सङ्कलन गरेर प्रस्तुत गर्न लगाउने । उनीहरूले प्रस्तुत गरिसकेपछि विगतका पत्रपत्रिकाहरूको अध्ययनले हामीलाई बितेका कालका घटनाहरूको जानकारी पाउन सजिलो हुने भएकाले यस्ता पत्रपत्रिका इतिहासका स्रोत हुन् भनेर बताउने

**क्रियाकलाप ४**

कक्षाकोठामा विभिन्न समयका राजनीतिक आन्दोलनका भिडियोहरू, महìवपूर्ण घोषणा र सामाजिक घटनासम्बन्धी भिडियोहरू प्रर्दशन गरी यी सबै भिडियोहरूले विगतका घटनाको जानकारी दिने भएकाले यिनीहरू इतिहासका स्रोत हुन भनेर बताउने । भिडियो जस्तै विभिन्न प्रकारका पुराना घटनासम्बन्धी अडियो, गीत, सङ्गीतहरू पनि इतिहासका स्रोत हुन् भनी बताउने । कक्षामा विभिन्न प्रकारका ऐतिहासिक कथाहरू, कविताहरू तथा गीतहरू सुनाएर यस्ता सबै कुरा इतिहास जान्ने प्रमुख स्रोत हुन् भनेर बताउने ।

**क्रियाकलाप ५**

शिक्षकले आफ्नो वा अन्य कसैको पुरानो डायरी वा दैनिकीको सँगालो कक्षा कोठामा देखाउँदै यस्ता डायरी, दैनिकी, यात्रा स्मरण, आत्मकथा जस्ता कुराहरू इतिहासका महîवपूर्ण स्रोत हुन् भनेर बताउने । विद्यार्थीहरूलाई दैनिकी लेख्ने बानी गर्नुपर्छ भनेर सो कार्य गर्न लगाउने । आफूले गरेका महîवपूर्ण यात्राको विवरण सङ्कलन गरेर दैनिकी लेख्न लगाउने । यीबाहेक हाम्रो वरपर, घर आगन, विद्यालय, पाटीपौवा, चौतारा, मन्दिर, सडक आदि सबै इतिहासका स्रोत हुन् भनेर प्रष्ट पार्ने ।

**क्रियाकलाप ६**

विद्यार्थीलाई पुराना दरबार, स्मारक, मठमन्दिर आदिको भ्रमण गराई त्यहाँ उपलब्ध हुन सक्ने ऐतिहासिक तथ्यहरू सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

**५. मूल्याङ्कन /प्रतिविम्बन**

क) विद्यार्थीहरूलाई विभिन्न समूहमा  विभाजन गरी उनीहरूलाई इतिहासका विभिन्न स्रोतहरू सङ्कलन गर्न लगाउने । त्यसरी सङ्कलन गरेको स्रोतहरूको विभिन्न समूहमा वर्गीकरण गर्न लगाउने विद्यार्थीले वर्गीकरण गर्न सकेनसकेको आधारमा मूल्याङ्कन गर्ने ।

ख) विद्यार्थीहरूलाई अभ्यास र तलका जस्तै प्रश्नहरू सोधी पाठको विषयवस्तुको बारेमा प्रतिविम्बन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(अ) इतिहास भनेको के हो ?

(आ) इतिहासका स्रोतहरूका प्रकारहरू के के हुन् ?

(इ) मुद्रालाई किन इतिहासको स्रोत भनिन्छ ?

**६.परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरू बसोवास गरेको स्थान वरपर भएका इतिहासका विभिन्न स्रोतहरूको खोजी गरी प्रतिवेदन तयार गर्न लगाउने ।

**७.थप अध्ययन सामग्री**

विद्यार्थीहरूलाई घरमा भएका पुराना वस्तुहरू सङ्कलन गरी सानो म्युजियम कक्षामा तयार पार्न सकिन्छ ।

म्युजियममा निम्न वस्तुहरू रहन सक्छन् :

पुराना तमसुकहरू, वंशावली, खुर्पेटो, घुम, हुक्का, मदानी, ठेकी, हर्पे, पुराना सिक्काहरू, शिलालेख, पुराना इँटाहरू, पुराना बाजाहरू , पुराना काष्ठकलाका सामानहरू, पुराना माटाका भाँडा, पुराना कपडाहरू, तुलो, पुराना माना पाथीहरू, पुराना घ्याम्पो, हतासो, भोटे ताल्चा आदि

## पाठ २: शाक्य वंशीय इतिहास

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २ घण्टा**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| बुद्ध जन्मभूमि कपिलवस्तुको शाक्य वंशीय इतिहासको छोटकरीमा वर्णन गर्न | – लुम्बिनीको परिचय दिई महत्व बताउन<br>– शाक्यवंशको उत्पत्ति र इतिहासको महत्व बताउन<br>– आफ्नो वंशावली तयार गर्न र वंशको गौरवगाथा तयार गर्न |

**२. पाठ परिचयः**

नेपालको प्राचीन इतिहासमध्ये शाक्यवंशीय इतिहास पनि महत्वपूर्ण मानिन्छ । तत्कालीन शाक्य वंशको राज्य कपिलवस्तु थियो भने यसको राजधानी तिलौराकोट थियो । कपिलवस्तुबाट फैलिएका शाक्यहरू उत्तर भारतको साकेत भन्ने राज्यका ओक्काक नामका राजालाई आफ्ना पुर्खा मान्दछन् । ओक्काक राजाका पाँचवटी श्रीमती रहेकामा कान्छी रानीको मायाँ जालमा परी राजाले अन्य रानी तर्फका राजकुमार र राजकुमारीहरूलाई वनबास पठाएको समयमा कपिलमुनिसँग भेट भयो र कपिलमुनिको आश्रयमा बसे । कपिलमुनिको सहयोग र सल्लाहमा उनीहरूले साल (शाक) को जङ्गलमा बस्ती बसालेको कारण उनीहरूलाई शाक्य भनिन थालियो भने कपिलमुनिको सहयोगमा बस्ती बसालिएको हुनाले उक्त बस्तीको नाम कपिलवस्तु रहन गयो । यस पाठमा कपिलवस्तुको शाक्य वंशावलीको जानकारी पाई आफ्नो वंशावलीसमेत तयार पार्ने अपेक्षा गरिएको छ ।

**३. शैक्षणिक सामाग्री**

- बुद्धको जन्मस्थल लुम्बिनीको चित्र वा तस्बिर तथा भिडियो
- शाक्य वंशको उत्पतिसम्बन्धी कथा
- शाक्यवंशको वंशावलीको चार्ट
- बुद्धका उपदेश र आठ ज्ञान मार्ग लेखिएको चार्ट

**४. सिकाइ सहजीकरण क्रियाकलापः**

**क्रियाकलाप १**

कक्षामा विद्यार्थीहरूलाई २/३ मिनेट सामान्य मेडिटेसन गराई कक्षा क्रियाकलाप अगाडि बढाउन सकिन्छ । यसपछि गौतम बुद्धका बारेमा के के थाहा छ ? भन्ने प्रश्न गरी लुम्बिनी र गौतम बुद्धको बारेमा विद्यार्थीसँग भएको पूर्व ज्ञानको जानकारी लिने । विद्यार्थीको ज्ञानलाई आधार मानी लुम्बिनीको तस्बिर देखाउँदै गौतम बुद्धको जन्म प्राचीन कपिलवस्तु राज्यमा भएको कुरा बताउने । लुम्बिनी तथा कपिलवस्तुको परिचय झल्कने भिडियो प्रस्तुत गरी थप प्रष्ट पार्ने ।

**क्रियाकलाप २**

शाक्य वंशको उत्पतिसम्बन्धी कथा कक्षामा सुनाउने र केही विद्यार्थीहरूलाई पनि कथा भन्न लगाउने । यसरी विद्यार्थीहरूले कथा भन्ने क्रममा शाक्य वंशको ऐतिहासिक पृष्ठभूमिका मुख्य कुरा भन्न छुटाएको खण्डमा शिक्षकले सम्झाइदिने र कपिलवस्तु राज्यको उत्पति र शाक्यवंशको इतिहासको जानकारी दिने ।

**क्रियाकलाप ३**

शाक्य वंशावलीको चार्ट प्रस्तुत गर्दै यसको बारेमा जानकारी दिने । विद्यार्थीहरूलाई थाहा भएसम्म उनीहरूको परिवारको वंशावली तयार गर्न लगाउने र शिक्षकले आवश्यक सहयोग प्रदान गर्ने । साथै आफ्ना वंशीय गौरवका कुरा वा विषयहरू पनि यसमा उल्लेख गर्न लगाउने । यसको माध्यमबाट वंशावलीले इतिहास तयार गर्न सहयोग गर्दछ भन्ने कुरा प्रष्ट पार्ने ।

**क्रियाकलाप ४ :**

बुद्धको उपदेश र आठ ज्ञान मार्ग लेखिएको चार्ट प्रस्तुत गर्दै विद्यार्थीहरूलाई ती कुराहरूको पालना गर्ने गरेको छ छैन भनी प्रश्न गर्ने र यी कुराहरूको पालना गर्नुपर्ने कुरा बताउने । त्यसपछि तलको तालिकामा भर्न लगाउने । यसो गर्नाले हाम्रो जीवन सुखी र आनन्दमय हुने कुरा बताउने ।

| क्र.स. | बुद्धका ज्ञान मार्ग | जीवनमा पारेको प्रभाव |
|---|---|---|
| १. | सधैं साँचो बोल | आनन्दबढेको, असल भनेर चिनिएको |
| २. | असल कार्यमा लाग | |
| ३. | | |

**५. मूल्याङ्कन /प्रतिविम्बन**

क) विद्यार्थीले तयार पारेको वंशावलीलाई निम्न आधारमा मूल्याङ्कन गर्ने

वंशवृक्ष, वंशक्रम, लैङ्गिक समावेशिता,साजसज्जा र प्रस्तुतीकरण

**६.परियोजना कार्य**

विद्यार्थीहरूलाई आफ्नो जिल्ला, स्थानीय तह वा बसोवास गरेको स्थानको ऐतिहासिक पृष्ठभूमि वा स्थानको नामाकरणसम्बन्धी विभिन्न तथ्यहरू सङ्कलन गरी ऐतिहासिक विवरण तयार गर्न लगाउन सकिन्छ ।

**७.थप अध्ययन सामग्री**

**बुद्धका आठ ज्ञान मार्गहरू :**

**१.** सधैँ साँचो बोल, २. असल कार्यमा लाग, ३. असल जीवन बिताऊ, ४. असल कर्ममा मात्र विश्वास गर, ५. असल परिश्रम गर, ६. असल विचार गर, ७. असल उद्देश्यमा लाग, ८. असल काममा ध्यान मग्न होऊ ।

**बोधिसत्व प्राप्तिपछिका उपदेशहरू**

१. संसारमा दुख छ, २. दुःखका कारणहरू छन्, ३. दुःखको निरोध गर्न वा रोक्न सकिन्छ, ४. दुःख निरोधका उपाय छन् ।

## पाठ ३ : नेपालको एकीकरण : कारण र प्रभाव

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २ घण्टा**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपाल एकीकरण अभियानका मुख्य घटनाहरू उल्लेख गर्न, | – नेपाल एकीकरणका कारण उल्लेख गर्न<br>– नुवाकोट आक्रमण र विजयको वर्णन गर्न<br>– कीर्तिपुर आक्रमणका घटना र विजयको व्याख्या गर्न<br>– मकवानपुर आक्रमण र विजयको वर्णन गर्न<br>– कान्तिपुर, ललितपुर र भक्तपुर विजयको वृतान्त प्रस्तुत गर्न<br>– चौदन्डी र विजयपुर विजयको वर्णन गर्न<br>– नेपाल एकीकरणको प्रभाव बताउन |

**२. पाठ परिचयः**

गोरखा राज्यले आफ्नो एकीकरण अभियान चलाउनु भन्दाअगाडि नेपाल विभिन्न टुक्रे राज्यहरूमा विभाजित थियो । उपत्यकाभन्दा पूर्वतर्फ विजयपुर, चौदण्डी जस्ता किराँत राज्यहरू थिए भने गोरखाभन्दा पश्चिममा बाइसी र चौबिसी राज्यहरू कायम थिए । काठमाडौं उपत्यकामा मल्ल राज्यहरू थिए । त्यस्तै सेनहरूको पनि छुट्टाछुट्टै राज्य थिए । ती राज्यहरू एक आपसमा झगडा गरिरहन्थे । यसै समयमा भारतमा अङ्ग्रेजहरूले आफ्नो राज्य विस्तार गर्ने अभियानलाई तीव्र बनाएका थिए । उनीहरूको उद्देश्य नेपाललाई आफ्नो अधिनमा राखेर स्रोतको उपयोग गर्नु रहेको थियो । अङ्ग्रेजको यो आशय बुझेर गोरखाले नेपालको टुक्रे राज्यलाई एकीकरण गर्ने अभियानको सुरुआत गरेको थियो । यस पाठमा नेपाल एकीकरण अभियान , कारण र प्रभावको वर्णन गरिएको छ ।

**३. शैक्षणिक सामाग्री**

- गोरखा राज्यको नक्सा, तथा प्राचीन विशाल नेपालको नक्सा र एटलस, पृथ्वीनारायण शाहको तस्बिर
- नुवाकोट विजय अभियानसम्बन्धी विवरण उल्लिखित चार्ट वा तालिका, कालु पाण्डे, बिसे नगर्चीको तस्बिर
- मकवानपुर र उपत्यका विजय अभियानका विवरण समेटिएको तालिका
- नेपाल एकीकरण अभियानसँग सम्बन्धित घटना र मिति उल्लिखित समय रेखा

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

कक्षामा गोरखा राज्यको नक्सा प्रर्दशन गर्दै नेपालको एकीकरणको सुरुआत कहाँबाट भएको थियो भनी प्रश्न गर्ने । विद्यार्थीहरूले दिएको उत्तरको आधारमा थप छलफल गर्ने । शिक्षकले नेपालको एकीकरण अभियान गोरखा राज्यले सुरुगरेको हो भन्दै पृथ्वीनारायण शाहको तस्बिर देखाउँदै यसको नेतृत्व पृथ्वीनारायण शाहले गरेका हुन् भनेर बताउने । कालु पाण्डे, बिसे नगर्चीको तस्बिर देखाउँदै पृथ्वीनारायण शाहलाई एकीकरण अभियानमा सहयोग गर्ने व्यक्तिहरूको परिचय दिने । सुगौली सन्धि अगाडिको नेपालको नक्सा देखाएर एकीकरण अभियानको अन्त्यमा एकीकृत नेपालको नक्सा यस्तो रहेको थियो भनी प्रष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप २

नुवाकोट विजय अभियानसम्बन्धी विवरण समेटिएको तालिका देखाउँदै नुवाकोट विजयका लागि गोरखाले गरेको तयारी तथा बनाएको योजना र रणनीतिका बारेमा शिक्षकले बताउने । नुवाकोट विजयका लागि गरिएका कार्यहरू समेटेर तयार पारेको कथा सुनाउदै यससम्बन्धी जानकारी दिने । विद्यार्थीहरूलाई पनि उक्त कथा सुनाउन लगाउने । नुवाकोट विजयपश्चात् गोरखालाई पुगेको लाभको विषयमा छलफल गरी प्रष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३

मकवानपुर र उपत्यका विजय अभियानका विवरण समेटिएको पोष्टर देखाउँदै गोरखाले मकवानपुर, उपत्यका र पूर्वतर्फका सेन राज्य विजय गर्न पर्नुका कारणहरू के के थिए होलान् ? भन्ने प्रश्न गर्ने र विद्यार्थीलाई समूहमा छलफल गरी छलफलको निचोड प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ४

कीर्तिपुर आक्रमणको पटक पटकको असफलता र तेस्रोपटको सफलताबाट तिमीहरूले के शिक्षा पायौ भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने । उनीहरूको विचारलाई समेट्दै शिक्षले निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् :

कुनैपनि कार्यमा सफलता प्राप्त गर्न निरन्तरको प्रयास र सही योजना भयो भने सम्भव हुन्छ भन्दै कीर्तिपुरसँगको दुईपटकको हार र ठुलो क्षतिबाट पनि विचलित नभई जसरी पृथ्वीनारायण शाहले आफ्नो कमकिमजोरी पत्ता लगाउँदै त्यसलाई सुधार गर्दै अन्त्यमा सफलता प्राप्त गरे । त्यसै गरी हामीले पनि एक पटक लक्ष्यमा पुग्न असफल भइयो भन्दैमा प्रयास गर्न छोड्नु हुँदैन । बरु त्यसमा भएका कमी कमजोरीहरूलाई पहिचान गरी निरन्तर प्रयास गर्नुपर्दछ

### क्रियाकलाप ५

विद्यार्थीलाई आफू सफल हुन अहिलेसम्म के कस्ता योजना बनायौ र कार्यान्वयन गऱ्यौ भनी जोडी जोडीमा छलफल गर्न लगाउने र शिक्षकले कार्य सफलताका लागि सही योजना र लगनशिलताको आवश्यता पर्दछ भनी निष्कर्ष बताइदिने ।

**क्रियाकलाप ६**

"यदि नेपालको एकीकरण नभएको भए वा नगरिएको भए के हुन्थ्यो होला ?" भन्ने प्रश्न गर्दै उनीहरूलाई व्यक्तिगत विचार प्रस्तुत गर्न लगाउने र उनीहरूबाट प्राप्त जवाफ टिपोट गरी उनीहरूले निकालेको निचोडलाई कक्षामा प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ७**

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी अलग समूहलाई एकीकरणको क्रमसः राजनीतिक प्रभाव, आर्थीक प्रभाव र सामाजिक प्रभावको सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्न लगाउने र शिक्षकले आफूले तयार पारेको प्रभावसम्बन्धी तालिका प्रस्तुत गरी थप स्पष्ट पार्ने ।

**क्रियाकलाप ८**

नेपाल एकीकरणको सन्दर्भमा कीर्तिपुर आक्रमणको घटनासँग सम्बन्धित गरी कक्षामा नाटक वा भूमिका अभिनय गर्न लगाउनुहोस् । अन्त्यमा पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

**५. मूल्याङ्कन /प्रतिविम्बन**

क) नेपाल एकीकरणको कारण र प्रभावको बारेमा विभिन्न प्रश्नहरू तयार गरी कक्षामा हाजिरी जबाफ कार्यक्रम सञ्चालन गर्ने र यसको आधारमा मूल्याङ्कन गर्ने ।

ख) गोरखाले कीर्तिपुरको पहिलो हारपछि मकवानपुर विजय गर्न किन आवश्यक ठान्यो ? भन्ने प्रश्न सोधी उनीहरूले दिएको उत्तरको आधारमा मूल्याङ्कन गर्ने ।

ग) कीर्तिपुरको दोस्रो आक्रमणमा सफल हुन नसकेपछि पृथ्वीनारायण शाहले युद्धको रणनीति परिवर्तन गर्नुपर्नाको कारण के थियो ? भन्ने प्रश्न गरेर मूल्याङ्कन गर्ने ।

(घ) पृथ्वीनारायण शाहले उपत्यका विजय गर्न अपनाएका रणनितीहरू के के हुन् भनी प्रश्न गर्ने र विद्यार्थीले दिएको उत्तरको आधारमा मूल्याङ्कन गर्ने ।

**६.परियोजना कार्य**

विद्यार्थीलाई आफ्नो छरछिमेक वा समुदायका कुनै पनि क्षेत्रमा पटक पटकको असफलता र निरन्तर प्रयासबाट सफलता हासिल गरेका कुनै एक व्यक्तिलाई भेट गरी उनीसँग तल उल्लिखित बुँदाहरूको आधारमा विवरण सङ्कलन गरी प्रतिवेदन तयार गर्न लगाउने ।

- परिचय

- योजना
- कार्यान्वयन र यसका चुनौती
- चुनौतीको सामना गर्न अपनाएको उपाय
- निष्कर्ष

**पाठ ४ : नेपाल अङ्ग्रेज युद्ध : कारण र प्रभाव**

**पाठ ५ : नेपाल अङ्ग्रेज युद्धमा वीरवीरङ्गानाको योगदान**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ४ घण्टा**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| – नेपाल अङ्ग्रेज युद्धका कारण र प्रभावको समीक्षा गर्न<br>– नेपाल अङ्ग्रेज युद्धमा वीरवीरङ्गानाको योगदानको समीक्षा गर्न | – नेपाल अङ्ग्रेज युद्धको प्राकृतिक, राजनीतिक, सैनिक, विस्तारवादी नीति र तत्कालीन कारण बताउन<br>– नेपाल अङ्ग्रेज युद्धको प्रभावहरू बताउन<br>– नेपाल अङ्ग्रेज युद्धमा बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा, उजिरसिंह थापा, रणजोरसिंह थापा र रणवीरसिंह थापाको योगदान बताउन<br>– नेपाल अङ्ग्रेज युद्धमा नेपाली महिलाहरूले गरेको योगदानको चर्चा गर्न |

**२. पाठ परिचयः**

बेलायतमा भएको औद्योगिक क्रान्तिपछि आफ्नो व्यापार विस्तार गर्न उसले संसारका विभिन्न देशहरूमा आफ्नो व्यापारिक केन्द्र स्थापना गर्न लाग्यो । यसै क्रममा भारतमा आएर भारतमा आफ्नो प्रभुत्व कायम राख्न सफलसमेत भयो । त्यति वेला पनि नेपाल एक स्वतन्त्र र आर्थिक रूपमा मजबुत मुलुक थियो । जब अङ्ग्रेजहरूले भारतलाई आफ्नो उपनिवेश बनाए । त्यसपछि उनहिरूको आँखा प्राकृतिक रूपमा सुन्दर नेपाल माथि पर्न गयो र नेपाललाई आफ्नो कब्जामा लिने दाउ गर्न थाल्यो । त्यस समयमा नेपालले पनि आफ्नो एकीकरण अभियानलाई तीव्रता दिएको थियो । यसले गर्दा अङ्ग्रेजहरूमा डरसमेत प्रकट भएको थियो र उनीहरू नेपालको एकीकरण अभियानलाई रोक्न चाहन्थे । नेपाल यसलाई निरन्तरता दिन चाहन्थ्यो । उता अङ्ग्रेजहरू भने नेपालको प्राकृतिक स्रोतदेखि लोभिएका थिए भने यसलाई उपयोग गरेर आर्थिक लाभ लिन चाहन्थे । नेपाल भने अङ्ग्रेजलाई एसियाबाट नै धपाउन पर्दछ भन्ने मान्यता राख्दै आएको थियो र प्रधानमन्त्री भिमसेन थापाले यस्तो योजना बनाई भारतका शासकहरूसँग सहकार्यसमेत गरेका थिए । नेपालको यस प्रकारको व्यवहारले अङ्ग्रेज चिढिएको थियो र उ नेपालसँग बदला लिन चाहन्थ्यो र नेपाललाई कब्जा गर्न चाहन्थ्यो । यसले गर्दा नेपाल र अङ्ग्रेज युद्धमा होमिने अवस्था सिर्जना हुन गएको थियो । यसबाहेक नेपालको सैनिक सुदृढीकरण, स्युराज र बुटवलको विवादले गर्दा दुवै देशबिच युद्ध भएको थियो । नेपाल अङ्ग्रेज युद्धको सुरुआत वि.सं १८७१ कात्तिक १५ (१ नोभेम्बर १८१४) मा भएको थियो । युद्धको सुरुआती समयमा नेपाललाई सफलता मिले पनि अन्त्यमा नेपाल पछि हट्न बाध्य भएको थियो । वि.सं १८७२ जेठ १७ गते (२८ मे १८१५ मा नेपाली प्रतिनिधि र अङ्ग्रेज प्रतिनिधिबिच सुगौली भन्ने स्थानमा वार्ताका लागि छलफल भएको थियो । वि. सं. १८७२ फागुन २० (३ मार्च १८१६) मा शान्ति र मित्रता सन्धि भएको थियो । उक्त सन्धिलाई सुगौलीको सन्धि भन्ने गरिन्छ । उक्त सन्धिमा नेपालको तर्फबाट गजराज मिश्र र चन्द्रशेखरले हस्ताक्षर

गरेका थिए भने इस्ट इन्डिया कम्पनीको तर्फबाट ब्राडसाले हस्ताक्षर गरेका थिए । उक्त सन्धिमा नौओटा धारा रहेका थिए । सन्धिमा दुवै पक्षको हस्ताक्षर पछि युद्धको अन्त्य भएको थियो ।

**३. शैक्षणिक सामाग्री**

- नेपाल अङ्ग्रेज युद्धका कारणहरू लेखिएको चार्ट, भिमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरको तस्बिरहरू
- नेपाल अङ्ग्रेज युद्धमा बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा, उजिरसिंह थापा, रणजोरसिंह थापा र रणवीरसिंह थापाको योगदान लेखिएको चार्ट
- नेपाल अङ्ग्रेज युद्धका प्रभावहरू लेखिएको चार्ट

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलापः १**

कक्षामा विद्यार्थीहरूलाइ १/२ मिनेटसम्म आँखा चिम्लिन लगाई अघिल्लो दिनको नेपाल एकीकरणसम्बन्धी पाठको स्मरण गराउन लगाउनुहोस् र केही विद्यार्थीलाई स्मरण गरेका कुरा भन्न लगाउनुहोस् । त्यसपछि शिक्षकले नेपाल एकीकरणको अभियानबाट भारतमा शासन गरिरहेका अङ्ग्रेजहरू अत्तालिएका र उनीहरू नेपालको एकीकरण अभियानलाई जसरी पनि रोक्ने तथा अवरोध गर्ने पक्षमा रहेको कुरा पनि बताउने । त्यस्तै नेपाल एकीकरणको क्रममा अङ्ग्रेजले आफ्नो अधिनको भनी दावी गरेको बुटवल र स्युराज नेपालमा  गाभिएको थियो ।  उसले सो क्षेत्र फिर्ता मागेको र नेपालले नदिने अडान राख्दा यसै विषयको कारण तत्कालीन युद्ध भएको प्रसङ्ग उल्लेख गर्नुहोस् ।

**क्रियाकलापः २**

भिमसेन थापाको तस्बिर देखाउँदै उनी अङ्ग्रेज विरोधी भएको कुरा बताउनुहोस । उनको अङ्ग्रेज विरोधी नीतिको कारण अङ्ग्रेज उनीसँग चिढिएको र यसको बदलास्वरूप नेपाल विरुद्ध युद्धको घोषणा गरेको प्रसङ्ग उल्लेख गर्नुहोस् । नेपाल अङ्ग्रेज युद्धका कारणहरू लेखिएको चार्ट प्रस्तुत गर्दै थप कुराहरू प्रष्ट पार्नुहोस् । युद्धका कारणहरू समेटेर कथात्मक शैलीमा सुनाउने र विद्यार्थीहरूलाई पनि उक्त विषयवस्तुलाई कथात्मक शैलीमा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ३**

भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरको तस्बिरहरू प्रर्दशन गर्दै नेपाल अङ्ग्रेज युद्धमा यिनीहरूको महो|वपूर्ण योगदान रहेको कुरा प्रष्ट पारिदिनुहोस् । त्यस्तै उजिरसिंह थापा, रणजोरसिंह थापा र रणवीरसिंह थापाको योगदान लेखिएको चार्ट प्रर्दशन गर्दै अङ्ग्रेज सँगको युद्धमा उनीहरूले महो|वपूर्ण योगदान दिएको कुरा बताउनुहोस् ।

**क्रियाकलाप ४**

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी एउटा समूहलाई कुनै एक योद्धाको योगदानको विषयमा लेख्न लगाई कक्षामा पालैपालो सुनाउन लगाउने । सबैले सुनाइसकेपछि सबै समूहको प्रतिक्रिया लिने र शिक्षकले आवश्यक थप कुरा बताइदिने ।

**क्रियाकलाप ५**

अङ्ग्रेज नेपाल युद्धका परिणाम समेटिएको चार्ट प्रर्दशन गर्ने र यस विषयमा छलफल गर्ने । युद्धको प्रभावसम्बन्धीको विषयवस्तुलाई संवादका रूपमा रूपान्तरण गरी विद्यार्थीहरूलाई संवाद गर्न लगाउने । युद्धपछि भएको एक तिहाई जमिनको क्षति, नेपालको आन्तरिक ममिला र परराष्ट्र नीतिमा भएको हस्तक्षेप, नेपाल एकीकरणमा पूर्णविराम लाग्नु, नेपाल दरबारमा षडयन्त्रको सुरुआत हुनु, नेपालीलाई अङ्ग्रेज सेनामा भर्ती गर्ने चलन र नेपालमा अङ्ग्रेज रेजिडेन्ट राख्नुपर्ने व्यवस्थालाई समेटी व्याख्या गर्नुहोस् ।

**क्रियाकलाप ६ :** नेपाल अङ्ग्रेज युद्ध लडेका वीर योद्धाहरूको नाम लेखिएको मेटाकार्ड केही विद्यार्थीहरूलाई वितरण गरी जसको भागमा जुन योद्धाको नाम पर्छ उसले आफूलाई सो योद्धाका रूपमा कक्षामा युद्ध लड्दाका अनुभवहरू सुनाउन लगाउनुहोस् र त्यसको तयारीका लागि केही समय पनि प्रदान गर्नुहोस् ।

**५. मूल्याङ्कन/ प्रतिविम्बन**

(क) अङ्ग्रेज नेपाल युद्धका कारण र परिणाम तथा नेपाली योद्धाहरूको योगदानसम्बन्धी विभिन्न प्रश्नहरू तयार गरी हाजिरीजाफ प्रतियोगिता सञ्चालन गर्ने र यसको आधारमा मूल्याङ्कन गर्ने ।

(ख) विद्यार्थीहरूलाई भिमसेन थापा, वलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा, उजिरसिंह थापा, रणजोरसिंह थापा र रणवीरसिंह थापाको भूमिका अभिनय गर्न लगाई अङ्ग्रेजसँगको युद्धमा आफ्नो जिम्मेवारी र भूमिकाको विवरण सुनाउन लगाउने र यसको आधारमा मूल्याङ्कन गर्ने ।

(ग) नेपाल अङ्ग्रेज युद्धका परिणामसम्बन्धी संवाद तयार गर्न लगाउने र मूल्याङ्कन गर्ने ।

(घ) तलको जस्तै तालिका तयार गरी वीरवीरङ्गानाहरूले दिएको योगदान यसमा भर्न लगाएर यसको आधारमा मूल्याङ्कन गर्ने ।

| क्र.स. | वीरवीरङ्गानाको नाम | उनले दिएको योगदान |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**पाठ ६ : राणाशासनको उदय र अन्त्यको कारण**

**पाठ ७ : राणाशासनको सामाजिक तथा आर्थिक प्रभाव**

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : ३ घण्टा**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| राणाशासनको उदय एवम् अन्त्यका कारण र यसले सामाजिक एवम् आर्थिक पक्षमा पारेको प्रभाव बताउन | – राणा शासनको उदय र अन्त्यका कारणहरू बताउन<br>– कोत पर्व, अलौ पर्व र भण्डारखाल पर्वको सम्बन्धमा बताउन<br>– जयतु संस्कृतम् आन्दोलनको सम्बन्धमा विवरण प्रस्तुत गर्न<br>– राणाकालको सामाजिक र आर्थीक उपलब्धि बताउन<br>– राणा प्रधानमन्त्रीहरूले गरेका सुधारका कार्यहरूको वर्णन गर्न |

**२. पाठ परिचय**

सुगौलीको सन्धिपछि नेपालको राजनीतिमा विदेशीको हस्तक्षेप बढ्न गयो । सन्धिअनुसार नेपालमा अङ्ग्रेजको रेजिडेन्ट राख्नुपर्ने भयो । यसको फलस्वरूप उसले नेपाल दरबारमा आफ्नो प्रभाव बढाउन थाल्यो र भारदारहरूबिच झगडा सिर्जना गराई यसबाट फाइदा उठाउन थाल्यो । अङ्ग्रेजको यसप्रकारको फुटाउ र राज गर नीतिले गर्दा नेपाल दरबारमा ठुलो गुटबन्दी सिर्जना भयो । यसको प्रभाव स्वरूप देशभक्त व्यक्ति भिमसेन थापाको षडयन्त्रपूर्ण तरिकाले पतन गराइयो । उनको पतन पछि दरबारका विस्वास पात्र बालनरसिंह कुँवर पनि सेवाबाट हटाइए । बालनरसिंह कुँवरको जागिर खोसिएपछि उनका छोरा जङ्गवहादुरलाई आर्थिक सङ्कट पऱ्यो । आर्थिक सङ्कटबाट छुटकारा पाउनका लागि उनले धेरै ओटा जोखिमपूर्ण कार्य गरे । उनको यस प्रकारको दुस्साहसको दुरूपयोग गरी आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने योजनासहित राजेन्द्र बिक्रमशाहकी कान्छी रानी राज्यलक्ष्मीले जङ्गबहादुरलाई उपयोग गर्न थालिन । यस क्रममा जङ्गबहादुरले दरबारको कमजोरीहरू थाहापाए । यसपछि उनको मनोबल बढ्न गयो । त्यसपछि उनले आफ्नो शक्ति बढाए र उपयुक्त समयको उपयोग गरी जाहानिया शासनको सुरुआत गरे ।

जाहानिया शासनको सुरुआतपछि त्यसलाई मजबुत बनाई टिकाउने प्रयासमा राणाहरू लागे । शिक्षा, विकास तथा स्वतन्त्रतामा अङ्कुश लगाए । उनीहरूको विरुद्धमा अवाज उठाउने जतिलाई मृत्युदण्डको सजाय दिने गर्दथे । १०४ वर्षको अवधिमा देशको विकास ठप्प भयो भने राणाहरूको निजी सम्पत्ति वृद्धि

भयो । तर जङ्गवहादुर युरोप भ्रमणबाट फर्किएपछि पहिलो औपचारिक विद्यालयको स्थापना गरे, उनले पहिलो मुलुकी ऐन जारी गरी समाज सुधारको प्रयास गरे । वीर समशेरको समयमा वीरअस्पतालको स्थापना भयो । उनकै पालामा महिला शिक्षाको सुरुआत भयो । देवसमशेरले उपत्यका र उपत्यका बाहिर गरी १५० भाषा पाठशालाको स्थापना गरे भने नेपाली भाषाको पुस्तक प्रकाशन भयो । उनकै पालामा गोरखापत्रको प्रकाशन सुरुआत गरियो । चन्द्रसमशेरको पालामा त्रिचन्द्र कलेजको स्थापना भयो । उनले दास तथा सती प्रथाको अन्त्य गरे भने तराइको खेती योग्य जमिनको उपयोगको नीति ल्याए भने सिंचाइका लागि चन्द्र नहरको स्थापना गरे । जुद्ध समशेरले औद्योगीककरणको सुरुआत, भूकम्पपछि पुनःनिर्माण र राहातको व्यवस्था गरे भने उनकै पालामा एस.एल.सी. बोर्डको स्थापना गरियो । पद्म समशेरले पहिलो संविधान जारी गर्नुका साथै पद्मकन्या कलेजको स्थापना गरे । यसरी राणाकालमा सीमित विकासका कार्यहरू भएका थिए ।

## ३. शैक्षणिक सामाग्री

- नेपालमा राणासाशनको सुरुआत हुनाका कारणहरू लेखिएको चार्ट
- राणाशासनको सुरुआत हुनाका कारणहरू झल्कने घटना तथा चित्रहरू
- कोतपर्व, भण्डारखाल पर्व र अलौपर्वको घटनालाई समेटेर बनाएको कथा
- राणा शासनकालमा भएका आर्थिक तथा सामाजिक उपलब्धिका विवरण लेखिएको चार्ट
- राणा शासनकालमा निर्माण भएका दरबार हाइस्कुल, तीनधारा पाठशाला, वीरअस्पताल, फर्पिङ जलविद्युत केन्द, चन्द्रनहर, राणा शासनकालमा स्थापना भएका उद्योगहरूको विवरण
- राणा शासनको पतनका कारणहरू लेखिएको चार्ट
- जयतु संस्कृतम् आन्दोलनको विवरण लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलापः १

राणा शासनको बारेमा थाहा भएका कुनै दुईओटा कुरा व्यक्तिगत रूपमा टिप्न लगाई पालैपालो भन्न लगाउने । विद्यार्थीले भनेका कुराहरू सिकाइ पाटीमा टिप्दै जाने र यिनै टिपिएका सन्दर्भलाई जोड्दै राणा शासन राणाशासनको सुरुआत हुनाका कारणहरू लेखिएको चार्ट प्रस्तुत गर्ने र नेपालमा राणाशासनको सुरुआतीको पृष्ठभूमिको चर्चा गर्ने ।

### क्रियाकलाप २

पाठलाई कथनात्मक प्रस्तुति गरी विद्यार्थीलाई पनि त्यसैगरी कथा वाचन गर्न लगाउने । जङ्गबहादुरको तस्बिर प्रर्दशन गर्दै राणाशासनको सुरुआत गर्ने व्यक्ति जङ्गवहादुर हुन् भनी छोटो परिचय दिनुहोस् ।

**क्रियाकलापः ३** राणाशासनको सुरुआत हुनाको कारणहरू नेपालको राजनीतिक अस्थिरता, नेपालको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप, रानी राज्यलक्ष्मी शक्तिमा आउनु, राजेन्द्रको कमजोर शासन,

भारदारहत्याको शृङ्खला, कोत पर्व, भण्डारखाल पर्व, अलौ पर्व, जङ्गवहादुरको शक्ति बढ्नु र राजपरिवारसँगको वैवाहिक सम्बन्धको बारेमा कक्षामा छलफल गर्ने ।

**क्रियाकलाप ४ :** विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई फरक फरक कारणहरूको बारेमा विभिन्न सन्दर्भ सामग्री वा पाठमा दिइएका विषयवस्तुमा आधारित भई छलफल गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** विद्यार्थीहरूलाई राणाशासनको सुरुआत हुनाका कारणहरू समेटी संवाद तयार गर्न लगाउनुहोस् र उक्त संवादको अभिनय गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६**

कक्षामा कोत पर्व, भण्डारखाल पर्व, अलौ पर्व र जयतु संस्कृतम आन्दोलनका घटना समेटेर तयार गरेको विवरण तयार पार्न लगाउने । जोडी जोडी बनाई एकले अर्कोलाई विवरण सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ७**

राणा शासनकालमा भएका आर्थिक तथा सामाजिक उपलब्धिका विवरण लेखिएको चार्ट प्रर्दशन गर्दै विद्यार्थीहरूलाई यस ती उपलब्धिहरूको सूची तयार गर्न लगाउनुहोस् । राणा शासनकालमा निर्माण भएका दरबार हाइस्कुल, तीनधारा पाठशाला, वीरअस्पताल, फर्पिङ जलविद्युत केन्द, चन्द्रनहर, राणा शासनकालमा स्थापना भएका उद्योगहरूको विवरण तथा तस्बिर र चित्र प्रस्तुत गर्दै राणाकालमा निर्माण भएका सम्पदाहरूको जानकारी दिने । विद्यार्थीहरूलाई उक्त सम्पदाहरूको विवरण तयार गर्न लगाउने । उनीहरूलाई राणाकालमा निर्माण भएका आफ्ना वरपर रहेका सम्पदाहरूको सूची बनाउन लगाई तिनीहरूको महात्व लेख्न लगाउनुहोस् ।

**क्रियाकलापः ८**

कक्षामा राणाशासनको पतन हुनाका कारणहरू उल्लेख गरिएको चार्ट प्रदर्शन गर्दै राणा शासनको अन्त्यका मुख्य कारणहरूमा सम्बन्धमा प्रष्ट पार्नुहोस् ।

**५. मूल्याङ्कन/प्रतिविम्बन**

(क) यस पाठसँग सम्बन्धित रही विद्यार्थीलाई प्रश्नवल क्रियाकलाप गराई मूल्याङ्कन गर्नुहोस् ।

(ख) जयतु संस्कृतम् आन्दोलनसम्बन्धी कथा तयार गरी भन्न लगाएर यसको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

एकाइ - ८ आर्थिक क्रियाकलाप

**पाठ : १ र २ कृषि** **अनुमानित कार्यघण्टा : ४**

## १. सिकाइ उपलब्धि

| मुख्य सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| परम्परागत र आधुनिक कृषिको महत्त्व र विशेषता बताउन र कृषि क्षेत्रको विकासको सम्भावनाको खोजी गर्न | – कृषिको परिचय ,महत्व र विशेषता बताउन<br>– कृषिमा व्यवसायीकरणको महत्व उल्लेख गर्न<br>– परम्परागत र आधुनिक कृषिको महत्व र विशेषता बताउन<br>– नेपालको कृषि क्षेत्रका समस्या र समाधानका उपायहरू उल्लेख गर्न<br>– नेपालमा कृषि क्षेत्रको विकासको सम्भावनाको खोजी गर्न |

## ३. शैक्षणिक सामग्री

- कृषि कार्यसँग सम्बन्धित विभिन्न खालका डकुमेन्ट्रि, भिडियो क्लिप्स्
- परम्परागत र आधुनिक कृषिको महत्व र विशेषता देखाउने चार्ट
- नेपालको कृषि क्षेत्रमा देखिएका समस्याहरू र समाधानका उपायहरू उल्लेख गरिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं १ :** विद्यार्थीहरूलाई समूह समूहमा तल उल्लिखित विषयवस्तुमा आधारित भै सन्दर्भ सामग्री, पुस्तकालय अध्ययन आदि मार्फत तथ्यहरू सङ्कलन गर्न लगाई प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

- कृषिको परिचय, महत्व र विशेषता
- कृषिमा व्यावसायीकरण
- परम्परागत र आधुनिक कृषिको महत्व र विशेषता
- नेपालको कृषि व्यवसायका समस्याहरू

**क्रियाकलाप २ :** कृषिमा व्यावसायीकरणका सम्बन्धमा स्थानीय कृषकलाई भेटी उनीसँग गरिएको छलफल वा अन्तरक्रियामा आधारित भई विवरण तयार गर्न लगाउने ।

**क्रियाकलाप ३** परम्परागत र आधुनिक कृषिको महत्व र विशेषताका बारेमा तयारी गर्ने विद्यार्थीलाई परम्परागत र आधुनिक कृषिको महत्व र विशेषताहरू एउटा चार्टमा बुँदागत रूपमा लेखी प्रस्तुतिका लागि तयारी गर्न लगाउने ।

**क्रियाकलाप ४** नेपालको कृषि व्यवसायका समस्याहरूका सम्बन्धमा रनिङ डिक्टेशन गराउनुहोस् ।

**क्रियाकलाप ५** नेपालमा कृषि क्षेत्रका समस्या समाधान गर्ने उपायहरू कक्षामा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ६** नेपालमा कृषिको सम्भावना सम्बन्धामा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

(क) विद्यार्थीले वक्तुत्वकला प्रतियोगिता सफल पार्न गरेको जिम्मेवारी, सक्रियता र सहभागितालाई, वाकपटुता आदिलाई आधार मानी मूल्याङ्कन गर्नुहोस् ।

(ख) तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

- कृषिको छोटकरीमा परिचय लेख्नुहोस् ।
- कृषि आधुनिकीकरण तथा व्यावसायीकरणको अवधारणा प्रष्ट पार्नुहोस् ।
- नेपालको अर्थतन्त्रमा कृषि व्यावसायीकरणको महत्व उल्लेख गर्नुहोस् ।
- नेपालमा कृषि व्यावसायीकरणको सम्भावना बुँदागत रूपमा लेख्नुहोस् ।
- नेपालको कृषि व्यवसायका समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

## ६. थप अध्ययन सामग्री :

**आर्थिक सर्वेक्षण २०७९/०८० सम्बन्धी पुस्तक**

**७.परियोजना कार्य :** परम्परागत र आधुनिक कृषिको महत्व र विशेषताका बारेमा एक संवाद तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ : उद्योग अनुमानित कार्यघण्टा - ३

### १. सिकाइ उपलब्धि

| सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| उद्योगको परिचय, प्रकार र महोव बताउन र उद्योगका सम्भावनाको पहिचान गर्न | – उद्योगको परिचय र महोव बताउन<br>– उद्योगको प्रकार बताउन<br>– मझौला तथा ठुला उद्योगको परिचय दिन र यसको अवधारणा प्रस्ट पार्न<br>– नेपालमा विभिन्न किसिमका उद्योगको विकासको सम्भावनाको खोजी गर्न<br>– नेपालमा उद्योगले भोग्नु परेका समस्या र समाधानका उपायहरू बताउन |

**२. पाठ परिचय :** उद्योग एक नाफामूलक आर्थिक क्रियाकालप हो । आफ्नो ज्ञान, पुँजी र सिपको प्रयोग गरी कुनै वस्तु वा सेवाको उत्पादन गर्ने काम नै उद्योग हो । उद्योगमा श्रम, सिप, पुँजी र प्रविधिको समुचित प्रयोग गरी वस्तु तथा सेवा उत्पादन गरिन्छ । यसबाट मानिसहरू लाभान्वित हुन्छन् । देश विकासमा उद्योगले महोवपूर्ण योगदान दिन्छ । त्यसैले उद्योग आर्थिक विकासका लागि दिगो र भरपर्दो आधार हो । नेपालमा वि.सं. १९९३ सालमा उद्योग परिषद्को स्थापना भएपछि नेपालमा औद्योगिकीकरणको सुरुआत भएको देखिन्छ । वि.सं. २००३ सालमा स्थापित रघुपति जुटमिल नेपालको पहिलो आधुनिक उद्योग हो । राणाकालीन समयको अन्त्यतिर उद्योग विकासको सुरुआत भए तापनि वि.सं.२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि नेपालमा उद्योगका विकास र विस्तार हुन थालेको पाइन्छ । नेपालमा उद्योग विकासका लागि समय समयमा नीतिनियमहरू निर्माण गरी व्यवस्थित रूपमा उद्योगको विकास गरिएको छ । औद्योगिक व्यवसाय ऐन २०५४ र औद्योगिक व्यवसाय ऐन, २०७६ जस्ता ऐनहरूले उद्योगलाई व्यवस्थित गर्न मदत गरेको छ ।

यस पाठमा उद्योगको अवधारणा, महत्व र प्रकार, घरेलु, साना, मझौला र ठुला उद्योगहरूको परिचय र महत्व, नेपालमा उद्योग विकासका सम्भावना र उद्योग प्रवर्धनका उपायहरू जस्ता विषयवस्तुहरू दिइएको छ । प्रश्नोत्तर, छलफल, जोडीमा पढाइ र जोडीमा सारांश जस्ता विधिहरूको प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चलन गर्दा पाठगत सिकाइ उपलब्धिहरू हासिल गर्न सकिन्छ ।

## ४. शैक्षणिक सामग्री

- उद्योगको अवधारणा, महत्व झल्काउने विभिन्न लेख, विशेषाङ्क र समाचारहरू
- उद्योगका प्रकार देखाउने तस्बिर
- औद्योगिक उत्पादनहरूका नमुना तस्बिरहरू
- साना, मझौला तथा ठुला उद्योगको वर्गीकरण देखाउने चार्ट
- विभिन्न प्रकारका उद्योगको चित्र, भिडियो
- साना, मझौला तथा ठुला उद्योगलाई परिचित गराउने चित्र/तस्बिर, तिनका उत्पादनका नमुना तस्बिर, आदि

## ५. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं १ :** विद्यार्थीलाई स्थानीय स्तरमा रहेका विभिन्न खालका उद्योगहरूको नाम र उत्पादित वस्तु सम्बन्धमा आफूले जानेका, अनुभव गरेका कुराहरू लेख्न लगाउने र पालैपालो भन्न लगाउने ।

**क्रियाकलाप नं २ :**उद्योगको अवधारणा, महत्व झल्काउने विभिन्न लेख, विशेषाङ्क र समाचारहरूबाट सङ्कलन गरिएको उद्योगसम्बन्धी विषयवस्तुलाई आधार बनाएर उद्योगको अवधारण र महत्व स्पस्ट पार्ने

**क्रियाकलाप न. ३:** साना, मझौला तथा ठुला उद्योगको वर्गीकरण देखाउने चार्टको प्रदर्शन गर्दै औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसारको उद्योगको वर्गीकरण प्रस्ट पार्ने

**क्रियाकलाप नं ४ :** विभिन्न प्रकारका उद्योगको चित्र, भिडियो आदि प्रदर्शन गर्दै उद्योगको वर्गीकरणलाई थप प्रस्ट पार्ने

**क्रियाकलाप नं ५ :** जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing) विधिको प्रयोग गरी घरेलु तथा साना उद्योग र मझौला तथा ठुला उद्योगको परिचय र महत्व स्पस्ट पार्नुहोस् ।

**जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing) विधि**

यो जोडीमा पाठ्यांश पढ्ने र बुझ्ने विधि हो । छोटा छोटा अनुच्छेदमा दिइएको विषयवस्त प्रस्ट पार्न यो विधि अत्यन्तै उपायोगी हुन्छ । यस पाठमा दिइएको घरेलु तथा साना उद्योग र मझौला तथा ठुला उद्योगको परिचय र महत्व स्पस्ट पार्न यो विधि उपयुक्त देखिन्छ । यसका लागि निम्न चरणहरू अप्नाउन सकिन्छ :

- पहिलो चरण : राम्रो र स्पष्ट पढ्न र सारांश गर्न सक्ने खालका दुईजना विद्यार्थीहरू छानी पाठ्यपुस्तक सहित कक्षाका अगाडि आउन अनुरोध गर्ने ।
- दोस्रो चरण : एकजनालाई  घरेलु तथा साना उद्योगको परिचय तथा महत्व शीर्षक अन्तर्गतको विषयवस्तु ठुलो स्वरले प्रस्टसँग पढ्न लगाउने  र सारांश भन्न लगाउने । यसै क्रममा अगाडि बोलाइएको अर्का विद्यार्थीलाई प्रश्न सोध्न लगाउने । र कक्षाका अन्य विद्यार्थीहरूलाई अवलोकन गर्न लगाउनुहोस् ।
- तेस्रो चरण :  अगाडि आउने दोस्रो विद्यार्थीलाई पहिलो विद्यार्थीले जस्तै मझौला तथा ठुला उद्योगको परिचय र महत्व अर्न्तगतका विषयवस्तु ठुलो स्वरले पढ्न लगाई मूल विषयवस्तुको सारांश भन्न लगाउने । पहिलो विद्यार्थीलाई  प्रश्न गर्न लगाउनुहोस् ।
- चौथो चरण : कक्षाको विद्यार्थीहरूलाई बसाइको अनुकूलता अनुसार २/२ जनाको जोडी बनाउन लगाउने र पहिलोदेखि चौथो चरणसम्मको प्रक्रिया अपनाई जोडीमा निश्चित समयावधिभित्र बाँकी विषयवस्तु गर्न लगाउनुहोस् । (नोटः  उनीहरूलाई कति समय दिने हो, त्यो पनि बताइदिने र आवश्यकताअनुसार पछि समय थप गर्दा पनि राम्रै हुन्छ)   र सहजकर्ताले सोहीअनुसार गरे नगरेको निरिक्षण गर्ने र बिच बिचमा के पढ्नुभयो । सारांश के बताउनुभयो भनी सोध्ने ।
- पाँचौ चरण : सहजकर्ता शिक्षकले छलफलमा भएको गतिविधिका आधारमा आगामी दिनहरू यो विधि प्रयोग गर्दा सुधार गर्नुपर्ने पक्षसहित पृष्टपोषण दिने र विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू सोधी उक्त पाठ्यांस बुझे नबुझेको मूल्याङ्कन गर्ने ।

**क्रियाकलाप ५:** प्रश्नोत्तर र छलफल विधिको प्रयोग गरी नेपालमा उद्योग विकासको सम्भावना र प्रवर्धनका उपायहरू प्रस्ट पार्ने

**५. मूल्याङ्कन/प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्ने :

(क) उद्योगको छोटकरीमा परिचय दिनुहोस् ।

(ख) उद्योगको महत्व छोटकरीमा आफ्नै शब्दमा बताउनुहोस् ।

(ग) औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसारको उद्योगलाई कति प्रकारमा वर्गीकरण गरिएको छ ? भन्नुहोस् ।

(घ) घरेलु तथा साना उद्योगको परिचय दिनुहोस् ।

(ङ) नेपालको सन्दर्भमा घरेलु तथा साना उद्योगको महत्व उल्लेख गर्नुहोस् ।

(च) मझौला तथा ठुला उद्योगको परिचयसहित यसको अवधारणा प्रस्ट पार्नुहोस् ।

(छ) घरेलु (साना), मझौला र ठुला उद्योगबिचको समानता र भिन्नता पत्ता लगाउनुहोस् ।

(ज) नेपालमा विभिन्न किसिमका उद्योगहरूको विकासको सम्भावना उल्लेख गर्नुहोस् ।

(झ) नेपालमा उद्योगले भोग्नु परेका समस्या र समाधानका उपायहरू तालिकामा देखाउनुहोस् ।

## ६.थप अध्ययन सामग्री

औद्योगिक व्यवसाय ऐन, २०७६ ले उद्योगलाई निम्न प्रकारमा वर्गीकरण गरेको छ :

- लघु उद्यम : घरजग्गाबाहेक बढीमा २० लाख रूपैयाँसम्म स्थिर पुँजी रहेका उद्योग
- घरेलु उद्योग : परम्परागत सिप र प्रविधिमा आधारित उद्योग
- साना उद्योग : लघु उद्यम र घरेलु उद्योगबाहेक १५ करोडसम्म स्थिर पुँजी भएका उद्योग
- मझौला उद्योग : १५ करोड रूपैयाँभन्दा बढी ५० करोड रूपैयाँसम्म स्थिर पुँजी भएका उद्योग
- ठुला उद्योग : ५० करोड रूपैयाँभन्दा बढी स्थिर पुँजी भएका उद्योग

उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा पनि उद्योगलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

-ऊर्जामूलक उद्योग
-उत्पादनमूलक उद्योग,
-कृषि तथा वन पैदावारमा आधारित उद्योग
-खनिज उद्योग
-पूर्वाधार उद्योग
-पर्यटन उद्योग
-सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग
-सेवामूलक उद्योग

**७. परियोजना कार्य :**

तपाईंको स्थानीय तहमा सञ्चालित घरेलु तथा साना उद्योग अवलोकन भ्रमण गरी उद्योगको वर्तमान अवस्था, त्यसले समाजमा गरेको योगदान, उद्योग सञ्चालनमा आएका समस्या पत्ता लगाउनुहोस् । तपाईंको अध्ययनमा पत्ता लगाइएका तथ्यहरू समेटी निम्नानुसारको ढाँचामा एक छोटो अध्ययन प्रतिवेदन लेख्नुहोस् :

(क) परिचय : (अध्ययनको बारेमा छोटो परिचय दिने)

(ख) उद्देश्य : (यस अध्ययन कार्यको साधारण तथा विशिष्ट उद्देश्य)

(ग) सामग्री : (के के सामग्रीहरूको प्रयोग गरियो जस्तो, प्रश्नावली ग्राफ पेपर स्केल पेन्सिल)

(घ) प्रक्रिया : (कुन कुन कार्य कसरी गरियो, विधिहरू उल्लेख गर्ने)

(ङ) पत्ता लागेका कुराहरू (findings): ( अध्ययनको उद्देश्य अनुरूप के के कुराहरू पत्ता लगाइएको थियो मिलाएर लेख्ने )

(च) निष्कर्ष (conclusion)

*(नोटः आवरण पृष्ठ, लेखकको भनाई, विषयसूची तथा अनुसूची पनि प्रतिवेदनमा समावेश गर्नुपर्छ )*

विद्यार्थीहरूले प्रतिवेदन लेखिसकेपछि निम्न रुजु सूचीका आधारमा परियोजना कार्यको प्रतिवेदन मूल्याङ्कन गर्न सकिन्छ :

| क्र.स. | विद्यार्थीको नामा वा समूह | खाकाअनुसार प्रतिवेदन मिलेको | पत्ता लगाएको नयाँ कुराहरू उद्देश्यअनुरूप मिलेको | जम्मा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

**पाठ ४ र ५ : व्यापार अनुमानित कार्यघण्टा - ४**

**१. सिकाइउपलब्धि**

| **पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| व्यापारको परिचय, प्रकार र महोव बताउन र नेपालमा व्यापारको बजारीकरण विविधीकरण र विविधीकरण एवम् व्यापारको प्रवर्धनका उपायको उल्लेख गर्न | – व्यापारको परिचय दिन<br>– व्यापारको महत्त्व वर्णन गर्न<br>– व्यापारका प्रकारहरू उल्लेख गर्न<br>– नेपालमा व्यापारको सम्भावना र प्रवर्धनका बारेमा बताउन<br>– स्थानीय स्तरमा उत्पादन गर्ने उपभोग्य वस्तुहरू वा अन्य आवश्यकीय वस्तुको व्यापारिक अवस्था बारेमा जानकारी लिन<br>– व्यापार विविधीकरणको अवधारणासित परिचित हुन<br>– व्यापार विविधीकरण तथा बजारीकरणको वर्तमान अवस्थाको जानकारी लिन<br>– व्यापार विविधीकरण र बजारीकरणका समस्याको खोजी गरी समाधानका उपायहरू बताउन |

**२. पाठ परिचय :** व्यापार वस्तु वा सेवाको खरिद, बिक्री, विनिमय र ओसारपसार गर्ने पद्धति हो । मुख्यतया व्यापार आन्तरिक तथा बाह्य गरी दुईप्रकारका हुन्छन् । देशभित्र कुनै एक ठाउँमा उत्पादन भएको वस्तु अर्को ठाउँमा लगेर बिक्री गरिन्छ भने यसलाई आन्तरिक व्यापार भनिन्छ । दुई वा दुईभन्दा बढी देशहरूका बिच हुने व्यापारलाई बाह्य व्यापार भनिन्छ । विभिन्न किसिमका वस्तु तथा सेवाको फरक फरक देशमा आयात र निर्यात गर्ने कार्यलाई व्यापार विविधीकरण भनिन्छ । व्यापार विविधीकरणमा धेरै देशहरूसँग व्यापार सम्झौता गरी धेरै वस्तुहरूको आयत र निर्यात गरिन्छ । विभिन्न वस्तुहरूको खरिद बिक्री गर्ने कार्यलाई वस्तुगत व्यापार विविधीकरण भनिन्छ । त्यसैगरी वस्तुहरूको विभिन्न ठाउँ या देशहरूमा गरिद बिक्री गर्ने कार्यलाई क्षेत्रगत व्यापार विविधीकरण भनिन्छ । कुनै पनि क्षेत्रमा उतपादित वस्तुहरू देश तथा विदेशका विभिन्न क्षेत्रमा पुऱ्याई बिक्री वितरण गर्नुलाई बजारीकरण भनिन्छ । विगतमा नेपालको व्यापार भारत र

चीनसँगमात्र सीमित थियो भने अहिले नेपालको व्यापार विश्वका धेरै देशहरूसँग भएको छ । त्यसैले वर्तमान समयमा नेपालको व्यापार विविधीकरणमा विकास हुँदै गएको छ । अझैपनि नेपालको व्यापार भारतसँग धेरै भएको पाइन्छ । यिनै र यस्तै विषयवस्तुहरूमा यी पाठहरूमा छलफल गरिन्छ । विद्यार्थीहरूमा व्यापार, व्यापारका प्रकार, व्यापार विविधीकरणका अवधारण प्रस्ट पार्दै विभिन्न सामाजिक सिपहरूको विकास हुने गरी पाठहरूको सहजीकरण गर्नुपर्छ ।

## ३. शैक्षणिक सामग्रीहरू

- नेपाल राष्ट्र बैङ्क तथा सरोकारवाला वित्तीय निकायले समय समयमा प्रकाशन गर्ने बुलेटिन
- चालु आ.व.को आर्थिक सर्वेक्षण
- नेपालमा व्यापारसँग सम्बनधित चित्र, फोटो भिडियो
- बजारमा विभिन्न खालका सामानहरू सजाएर राखेको सिपङ् सेन्टरको चित्र
- विभिन्न क्षेत्र तथा देशहरूमा उत्पादित सामानहरूको विवरण

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** व्यापार भनेको के हो ? व्यापारको बारेमा मस्तिष्क मन्थन गर्ने । विद्यार्थीहरूले दिएका उत्तरहरूलाई सेतोपार्टीमा टिप्दै जाने र त्यसैको आधारमा व्यापारको परिचय दिनुहोस् ।

**क्रियाकलाप २ :** व्यापारले व्यक्ति, संस्था र राष्ट्रलाई के के फाइदा हुन्छ होला ? भनी प्रश्न गर्ने विद्यार्थीबाट आएको फाइदाका सन्दर्भलाई जोड्दै व्यापारको महाव बुँदागतरूपमा प्रस्तुत गर्नुहोस्

**क्रियाकलाप ३ :** आन्तरिक तथा बाह्य व्यापारको छोटो परिचय दिई तिनीहरूका समानता र भिन्नताका सम्बन्धमा विद्यार्थीका अनुभव र बुझाइलाई समेत जोड्दै कक्षामा छलफल गरी प्रस्ट पार्ने ।

**क्रियाकलाप ४ :** नेपालमा व्यापारको सम्भावना र प्रवर्धन सम्बन्धमा चार्ट वा तालिका प्रस्तुत गरी गरी प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५:** स्थानीय स्तरमा उत्पादित वस्तुको व्यापार स्वदेश वा विदेश कहाँ कहाँ हुने गरेको छ ? भन्ने सन्दर्भमा आधारित भई स्थानीय व्यापारीलाई भेट्नुहोस् र उनीहरूबाट प्राप्त विवरण समेटी समाचारको नमुना तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** विद्यालय नजिकै रहेको पसल वा हाटबजारमा भ्रमण गराई त्यहाँ कुन कुन देशबाट कुन कुन सामग्रीहरू ल्याएका छन् भनी सोधखोज गरी व्यपार विविधीकरणको अवधारणा प्रष्ट पार्ने ।

**क्रियाकलाप ७ :** बजारको व्यापार विविधीकरण तथा बजारीकरणको वर्तमान अवस्थाको बारेमा विभिन्न स्रोतहरूबाट जानकारी खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ :** व्यापार विविधीकरण र बजारीकरणका सम्बन्धमा स्थानीय व्यापारी वा उत्पादकलाई भेटी छलफल गर्नुहोस् र प्राप्त विवरण वा जानकारीलाई समेटी एक लेख तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ :** नेपालमा व्यापार विविधीकरणको वर्तमान अवस्था खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस्

६. **मूल्याङ्कन/प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(क) व्यापार भनेको के हो ? यसका प्रकारहरू उल्लेख गर्नुहोस् ।

(ख) आन्तरिक तथा वैदेशिक व्यापारको महत्व प्रष्ट पार्नुहोस् ।

(ग) नेपालमा व्यापारको सम्भावना प्रष्ट पार्नुहोस् ।

(घ) नेपालको आन्तरिक व्यापार र वाह्य व्यापार सम्बन्धमा आफ्नो विचार राख्नुहोस् ।

(ङ) व्यापार विविधीकरण तथा बजारीकरणको अवधारण प्रस्ट पार्नुहोस् ।

(च) नेपालमा व्यापार विविधीकरण तथा बजारीकरणका लागि भएका प्रयासहरू उल्लेख गर्नुहोस् ।

(छ) नेपालमा व्यापार विविधीकरण तथा बजारीकरणका लागि के कस्ता प्रयासहरू गर्नुपर्ला ? बुँदागत रूपमा लेख्नुहोस् ।

**६. थप अध्ययन सामग्री :**

नेपालमा व्यापारसम्बन्धी केही तथ्यहरू :

- आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म नेपालको कुल वस्तुको निर्यातमा ८२.९ प्रतिशतले वृद्धि भई रू १४७ अर्ब ७५ करोड पुगेको थियो । यस समयमा नेपालबाट निर्यात हुने वस्तुहरू जस्तै अलैंची, चिया, जडीबुटी, तामाको तार आदिको निर्यात घटेको थियो भने सोयाबिन तेल, पिना, धागो, उनी अलैंचा आदिको निर्यात बढेको थियो ।
- आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म नेपालको कुल वस्तुको आयत ३८.६ प्रतिशले बढेर रू. १३ खर्ब ८ अर्ब ७३ करोड पुगेको थियो । यस समयमा पेट्रोलियम पदार्थ, औषधी, कच्चा सोयबिन तेल, सुन आदिको आयत बढेको थियो भने सिमेन्ट, रासायनिक मल, दाल, मोलासिस सुगर आदिको आयात घटेको थियो ।

- नेपालको वैदेशिक व्यापारको देशगत विविधीकरणलाई हेर्ने हो भने सन् २०२०/२०२१मा भातरतसँग ६२.९ प्रतिशत,चीनसँग १२.८ प्रतिशत र अन्य देशहरूसँग २४.३ रहेको छ । यसले नेपालको क्षेत्रगत व्यापार विविधीकरणमा अझै सुधार नआएको अवस्था देखिन्छ ।

**७. परियोजना कार्य :**

तपाईंको स्थानीय बजारको भ्रमण गर्नुहोस् । त्यहाँ व्यापार हुने वस्तुहरूमध्ये कुन कुन वस्तुहरू आन्तरिक उत्पादन हुन् र कुन कुन वस्तुहरू आयत गरिएका हुन् भनी पत्ता लगाउनुहोस् । तपाईंले पत्ता लगाएका कुराहरू समेटी एक प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।

**पाठ ६ :** **श्रम, रोजगार र उद्यमशीलता** **अनुमानित कार्यघण्टा - ३**

## १. सिकाइ उपलब्धि

| **पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| श्रम, आयआर्जन रोजगार र उद्यमशीलताको सम्बन्ध प्रस्तुत गर्न | – श्रम, रोजगार र उद्यमशीलताको परिचय दिन<br>– श्रम, रोजगार र उद्यमशीलताको महत्त्व बताउन<br>– श्रम, रोजगार र उद्यमशीलताको सम्मान गर्न<br>– श्रम, रोजगार र उद्यमशीलताबिचको सम्बन्ध प्रस्ट पार्न<br>– आफ्नो समुदायका उद्यमशील व्यक्तिको पहिचान गर्न<br>– उद्यम गर्न अभिप्रेरणा प्राप्त गर्न |

**३ शैक्षणिक सामग्रीः** उद्यम, रोजगार र श्रमसँग सम्बन्धित चित्र, फोटो र भिडियो क्लिपहरू, कुनै उद्यमीको सफलताको कथा, श्रम, रोजगार र उद्यमशीलताका बिचको सम्बन्ध देखाउने चार्ट र तलिकाहरू आदि ।

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** कक्षाका विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा श्रम के हो भनी सोच्न लगाउनुहोस् । अब विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाई श्रम सम्बन्धमा अगि व्यक्तिगतरूपमा लेखिएका विचारलाई जोडीको साझा विचार बनाउन लगाउनुहोस् । केही जोडीलाई आफ्ना विचारहरू प्रस्तुत गर्न लगाई सिकाइपाटीमा टिप्दै जानुहोस् । अन्तिममा शिक्षकले श्रमको अवधारणा, उद्यमशीलताको परिचय र रोजगारीको परिभाषा प्रस्तुत गर्दै यिनीहरू बिचको अन्तरसम्बन्ध रहने कुरा प्रष्ट पार्नुहोस् ।

क्रियाकलाप २ : कक्षालाई तिन समूहमा विभाजन गरी निम्नानुसारको शीर्षकमा स्रोत सामग्री वा पाठ्यपुस्तक अध्ययन गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस्

समूह **क** :- **श्रमको महत्व**

समूह **ख** :- **रोजगारको महत्व**

समूह **ग** :- **उद्यमशीलताको महत्व**

**क्रियाकलाप ३ :** उद्यम, रोजगार र श्रमको सम्बन्ध झल्कने कुनै कथा वा अनुभव वा घटना मार्फतप्रस्तुत गर्नुहोस् र उद्यमशीलाता तर्फ अभिप्रेरित हुन उत्साह भर्नुहोस् ।

**क्रियाकलप ४:** सफल उद्यमीको सफलताको कथा कक्षामा प्रस्तुत गर्न लगाई प्रश्नोतर विधि मार्फत विषयवस्तुमा स्पष्टता हासिल गराउनुहोस् ।

**क्रियाकलाप ५ :** स्थानीय उद्यमीलाई स्रोत व्यक्तिको रूपमा कक्षामा आमन्त्रण गरी छलफल वा अन्तरक्रिया गराउनुहोस् ।

**५. मूल्याङ्कन/प्रतिविम्बन :** तलका जस्तै प्रश्नहरू सोधेर पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गरी सुधारको लागि आवश्यकत पृष्ठपोषण समेत प्रदान गर्नुहोस् ।

(क) श्रम, रोजगार र उद्यमशीलताको छोटो परिचय दिनुहोस् ।

(ख) श्रमको महत्व वर्णन गर्नुहोस् ।


(ग) रोजगार र उद्यमशीलताको महत्व आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(घ) हामीले किन सबै पेसालाई समान रूपमा सम्मान गर्नुपर्छ ? आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ङ) रोजगार र उद्यमशीलताको किन सम्मान गर्नुपर्छ, लेख्नुहोस् ।

**६. थप अध्ययन सामग्री :**

**श्रम उद्यमशीलता र रोजगारको सम्बन्धा झल्कने चार्ट**



### ७. परियोजना कार्य

तपाईँको स्थानीयस्तरमा भएका केही उद्योगहरूको भ्रमण गरी उद्यमशीलता, रोजगार र श्रमप्रतिको आस्थाको कस्तो अवस्था रहेछ ? पत्ता लगाउनुहोस् र तपाईँको अध्ययनले पत्ता लगाएका कुराहरू समेटी एक प्रतिवेदन तयार पार्नुहोस् ।

## एकाइ : ९ अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

**पाठ १ : नेपालका दातृ राष्ट्र र संस्था** *अनुमानित कार्यघण्टा : ३*

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालका दातृ राष्ट्र तथा संस्थाहरूसँग सम्बन्ध र सहयोगको अवस्थासँग परिचित हुन | • नेपालका दातृराष्ट्रको सूची तयार पार्न<br>• नेपालका दातृराष्ट्रसँगको सम्बन्ध र सहयोग उल्लेख गर्न<br>• नेपाललाई सहयोग गर्ने विभिन्न सङ्घसंस्थाको पहिचान गरी सम्बन्ध र सहयोगको अवस्था उल्लेख गर्न |

### २. पाठ परिचय

नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको सुरुआत भएको धेरै लामो इतिहास छैन् । नेपालको बेलायतसँग पहिलो दौत्य सम्बन्ध सुरु भएयता हालसम्म १८१ देशसँग दौत्य सम्बन्ध कायम भई सकेको छ । नेपालसँग दौत्य सम्बन्ध कायम भएको अन्तिम राष्ट्र मार्शल आइल्याण्ड हो । त्यस्तै नेपाललाई सहयोग गर्ने विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू छन् । ती सङ्घसंस्थाले नेपालको विकास, चेतना जागरण र पर्यावरणीय क्षेत्रमा उल्लेखनीय योगदान गरेका गरेका छन् । यस पाठमा तिनै दातृ राष्ट्र र सङ्घसंस्थाको जानकारी र उनीहरूले नेपालको विकास र समृद्धिमा पुऱ्याएका योगदानको चर्चा गरिने छ । साथै यी विषयवस्तुलाई सहजीकरण गर्ने उपाय र मूल्याङ्कन प्रक्रिया सम्बन्धमा पनि चर्चा गरिने छ ।

### ३. शैक्षणिक सामाग्रीः

- विभिन्न दातृराष्ट्रको सूची
- दातृ राष्ट्र र संस्थाले पुऱ्याएका योगदान झल्कने चित्र, फोटो र भिडियो

### ४. सिकाइ सहजीकरण क्रियाकलापः

**क्रियाकलाप १:** नेपाललाई सहयोग गर्ने कुनै देशको सम्बन्धमा विद्यार्थीलाई भएको जानकारी सम्बन्धमा छलफल गनुहोस् । नेपालसँग दौत्य सम्बन्ध कायम भएका पहिलो र अन्तिम देशहरू सम्बन्धमा छलफल गराउनुहोस् । नेपाललाई सहयोग पुऱ्याउने विभिन्न दातृ राष्ट्रहरूको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ :** विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा ६ जना कम्तीमा सदस्य हुने गरी समूह बनाउनुहोस् । उनीहरूलाई समूहलाई सबल बनाउन के के गर्ने भन्ने विषयमा छलफल गराउनुहोस् । जिम्मेवारी, सहयोग, सहकार्य, आदि गर्न सकिने कुरा छलफलमा आउने गरी वातावरण बनाउनुहोस् । समूहको लक्ष्य प्राप्तिमा हामी सबै एक छौँ र जिम्मेवार छौँ भन्ने महसुस गराउन समूहगतरूपमा हुस वा हुर्रे वा अरु कुनै शब्द भन्न उत्प्रेरित गर्नुहोस् ।

अव समूहका प्रत्येक सदस्यलाई १,२,३,४,५ र ६ भनी आफ्नो नम्बर सम्झन लगाउनुहोस् ।

हरेक समूहमा यी ६ ओ टै नम्बर भएका साथीहरू हुन्छन् । अब प्रत्येक समूहका १,१ नम्बर, २,२ नम्बर,३,३ नम्बर ...६,६ नम्बर भएका साथीहरूलाई आफ्नो नम्बरअनुसार एकै ठाउँमा बस्न लगाउनुहोस् । अब एक नम्बर हुनेहरूको एउटा समूह, २,३,४,५ र ६ नम्बर हुनेहरूको आआफ्नो समूह बन्छ । अब समूहअनुसार पढ्ने सामग्री वितरण गर्नुहोस् वा पाठ्यपुस्तकमै भएको सामग्री यतिदेखि यतिसम्म पढ्ने र छलफल गर्ने भनेर निर्देशित गर्नुहोस् । पढ्न र छलफलका लागि १० मिनेट समय तोक्नुहोस् ।

**उदाहरणका लागि**

समूह १ : नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिका आधार

समूह २ : नेपाल र संयुक्त अधिराज्यबिचको सहयोग

समूह ३ : नेपाल र भारतबिचको सम्बन्ध र सहयोग

समूह ४ : नेपाल र चीनबिचको सम्बन्ध र सहयोग

समूह ५ : नेपाल र विश्व बैङ्क बिचको सम्बन्ध र सहयोग

समूह ६ : नेपाल र एसियाली विकास बैङ्कबिचको सम्बन्ध र सहयोग

समूहमा पढाइ र छलफल सकिसकेपछि सबै जना आआफ्नो मातृसमूहमा फर्कने छन् र अगि विज्ञ समूहमा सिकेका कुरा पालैपालो बताउने छन् । यसका लागि पनि शिक्षकले प्रत्येकलाई २५ वा ३० मिनेट समय छुट्याउनु पर्ने छ । यो विधिको नाम जिग्स विधि हो ।

क्रियाकलाप ३ : अब अगि सिकेका विषयवस्तुमा आधारित भई कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । हरेक समूहलाई कम्तीमा पाँच पाँचओटा प्रश्न सोध्नेगरी प्रश्न तयार गरी हाजिरीजबाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् र विजयी टिमलाई पुरस्कार प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४** तलका प्रश्नहरू सोध्ने गरी अब मेरो पालो (Pens in the Middle) क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

पहिलो चोटिका लागि प्रश्न : नेपालको परराष्ट नीतिका कुनै एक आधार बताउनुहोस् ।

दोस्रो पटक सोधिने प्रश्नः नेपाल र चीनबिच भएको कुनै एक सहयोग भन्नुहोस् ।

तेस्रो पटकः नेपाल र विश्व बैङ्कबिचको कुनै एक सहयोगको क्षेत्र उल्लेख गर्नुहोस् ।

यी प्रश्न नमुना मात्र हुन्, अरु प्रश्न पनि सोध्न सकिने छ तर उत्तर एउटा मात्र भन्ने गरी प्रश्न सोध्नुपर्छ ।

## ५. मूल्याङ्कन वा प्रतिविम्बन

क) विद्यार्थीले जिग्स क्रियाकलाप गर्दा उनीहरूको सक्रियता, सहभागिता, जिम्मेवारी बोध, साथीहरूलाई बुझाउने क्षमता र विषयवस्तुको जानकारी आदि पक्षलाई समावेश गरी चेकलिस्टको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

ख) अभ्यासमा दिइएका प्रश्न वा थप प्रश्नहरूमा आधारित भई विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् र मूल्याङ्कनको आधारमा विद्यार्थीको सिकाइ उपलब्धि प्राप्तिको अवस्थालाई ख्याल गरी नियमित रूपमा पृष्ठपोषण प्रदान गर्नुहोस् । कमजोर विद्यार्थीका लागि सुधारात्मक शिक्षण र उच्च सिकाइ क्षमता प्रदर्शन गरेका विद्यार्थीका लागि थप सिकाइको अवसर प्रदान गर्ने गरी स्वप्रतिविम्बन गर्नुहोस् ।

## ६. थप सिकाइ सामग्री

www.mofa.gov.np मा गएर दौत्य सम्बन्ध कायम भएका देशको विवरण खोज्न सकिन्छ ।

**पाठ २ : संयुक्त राष्ट्रसङ्घ र नेपाल** *अनुमानित घन्टी : २*

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – **संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका उल्लेख गर्न**<br>– **अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले पुर्‍याउँदै आएको सहयोग उल्लेख गर्न** | – संयुक्त राष्ट्रसङ्को सामान्य परिचय दिन<br>– संयुक्त राष्टसङ्घमा नेपालले खेलेको भूमिका उल्लेख गर्न<br>– अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले पुर्‍याउँदै आएको सहयोग पहिचान गर्न |

## २. पाठ परिचय

संयुक्त राष्ट्रसङ्घ विश्वमा शान्ति स्थापनाका लागि खोलिएको अन्तर्राष्ट्रिय सङ्गठन हो । यस संस्थाको स्थापना २४ अक्टोबर १९४५ मा भएको थियो । यसको प्रधान कार्यालय अमेरिकाको न्युयोर्क सहरमा रहेको छ । यस संस्थाले स्थापना कालदेखि नै विश्वमा शान्ति स्थापनामा सहयोग पुर्‍याउँदै आइरहेको छ । हाल यसको सदस्य देश १९३ ओटा रहेका छन् । यस संस्थाले सदस्य भएदेखि नै नेपालले संयुक्त राष्ट्रसङ्घका विभिन्न गतिविधिमा सक्रिय रही नेपालले भूमिका निभाउँदै आइरहेको छ । यस पाठमा संयुक्त राष्ट्रसङ्घको सामान्य जानकारी, संयुक्त राष्ट्रसङ्घमार्फत विश्वका शान्ति र विवाद समाधानमा नेपालले खेल्दै आइरहेको भूमिका सम्बन्धमा चर्चा गरिएको छ ।

## ३. शैक्षणिक सामाग्री

– विभिन्न दातृराष्ट्रको सूची
– दातृ राष्ट्र र संस्थाले पुर्‍याएका योगदान  झल्कने चित्र,फोटो र भिडियो

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं १:** संयुक्त राष्ट्र सङ्घको लोगो देखाई यसको जानकारी कस कसलाई छ भनी प्रश्न सोध्ने । लोगोको सामान्य चिनारी गराउने र यस्तै लोगो बनाउन विद्यार्थीलाई प्रेरित गर्ने र राम्रो लोगो बनाउनेलाई प्रशंसा गर्ने । विद्यार्थीलाई पनि साथीहरूले बनाएको लोगोलाई प्रशंसा गर्न अभिप्रेरित गर्ने

**क्रियाकलाप नं २ :** विद्यार्थीलाई संयुक्त राष्ट्रसङ्घको विभिन्न समिति र निकायमा जिम्मेवारीमा रही नेपालले खेलेको भूमिका सम्बन्धमा छलफल गराउने र निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप नं ३ :** अन्तर्राष्ट्रिय शान्ति स्थापना गर्न नेपालले खेलेको भूमिका सम्बन्धमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउने । सहभागी, सञ्चालन, मूल्याङ्कनकर्ता सबै विद्यार्थीहरूबाट नै चयन गर्ने

**क्रियाकलाप नं ४ :** विश्वमा शान्ति स्थापना गर्न संयुक्त राष्ट्रसङ्घको तावावधानमा कहाँ कहाँ नेपालबाट शान्ति सेना मिसन जाने गरेको छ , वेबसाइड वा अन्य सन्दर्भ सामग्री अध्ययन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप नं ५ :** शान्ति सेना मिसनमा नेपाली सेनाले पुऱ्याएको योगदानसँग सम्बन्धित समाचार, सम्पादकीय, चित्र, आदि सङ्कलन गर्न लगाउनुहोस् र कक्षाको बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

## *बुलेटिन बोर्डको नमुना*

### शान्ति सेनामा चौसठ्ठी वर्ष

संयुक्त राष्ट्रसङ्घको आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनार्थ सेना पठाउनेमा नेपाल दोस्रो स्थानमा छ। नेपालसहित हाल १२१ देशका ७५ हजार ५१६ जना सैनिक गृहयुद्धमा फसेका मुलुकमा शान्ति स्थापनार्थ खटिएका छन् । नेपालले हाल ११ वटा द्वन्द्वरत मुलुकमा २९५ महिलासहित पाँच हजार ५७० सुरक्षाकर्मी परिचालन गरेको छ। सङ्ख्याका रूपमा नेपाल शान्ति स्थापनार्थ सुरक्षाकर्मी पठाउनेमा विश्वमा दोस्रो स्थानमा पर्छ। बङ्गलादेशले सबैभन्दा बढी छ हजार ७१० जना सैनिक शान्ति सेनामा खटाएको छ।

नेपाल सरकारले शान्ति सेनामा हाल रहेको सङ्ख्यालाई झन्डै दोब्बर अर्थात् १० हजार पुऱ्याउने लक्ष्य राखेको छ। सन् १९५८ मा राष्ट्रसङ्घको आग्रहमा नेपाल सरकारले पहिलो पट



क द्वन्द्वग्रस्त मुलुक लेवनानमा पाँचजना नेपाली सैनिक पर्यवेक्षक टोली खटाएको थियो। शान्ति सेनामा खटाएको ६४ वर्षमा नेपालले विभिन्न ४३ वटा द्वन्द्वरत मुलुकमा शान्ति स्थापनाका लागि एक हजार ८४७ महिला सैनिकसहित एक लाख ४० हजार ३५४ सैनिक खटिइसकेका छन् ।

नेपाली सेनाले शान्ति सेनामा जाने सैनिकलाई विशेष तालिम दिने उद्देश्यले काभ्रेपलान्चोक पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र स्थानना गरेको थियो। सरकारले शान्ति सेनामा थप सैनिक पठाउने गरेसँगै उक्त तालिम केन्द्रलाई थप आधुनिक तथा सुविधा सम्पन्न बनाउँदै लगेको छ। उक्त तालिम केन्द्रको क्षमता विस्तार गरी विशिष्टिकृत तालिमसँगै विशेष अनुसन्धान तथा अध्ययन केन्द्र 'सेन्टर फर एक्सिलेन्स' को अवधारणाअनुरूप विस्तार गरिएको सेनाले जनाएको छ। नेपाली सेनाका प्रवक्ता सहायक रथी नारायण सिलवालले वीरेन्द्र कार्य शान्ति तालिम केन्द्रमार्फत शान्ति स्थापनार्थ खटिने नेपालीलगायत विदेशी सैनिकलाई समेत तालिम सञ्चालन भइरहेको जानकारी दिनुभयो। सिलवालका अनुसार हालसम्म एक हजार ४८२ जना विदेशी सैनिकले सो तालिम केन्द्रबाट विशेष प्रशिक्षण लिई युद्धग्रस्त क्षेत्रमा खटिएका छन् । प्रवक्ता सिलवालले वीरेन्द्र कार्य शान्ति तालिम केन्द्रलाई 'सेन्टर फर एक्सिलेन्स' को अवधारणा अनुरूप विकास गरी विदेशी सैनिकलाई समेत तालिम प्रदान गर्नेगरी पूर्वाधार तथा प्रविधिको विकासमा नेपाली सेनाले उच्च प्राथमिकता दिएको समेत जानकारी दिनुभयो। वीरेन्द्र सैनिक तालिम केन्द्रलाई पूर्व तैनाथी तालिमको साथै अनुसन्धान केन्द्रको रूपमा विकास गरी शान्ति सेनामा जाने विदेशी सेनालाई समेत विशेष खालको (मिसन अनुसारको) प्रि-डिप्लोयमेन्ट ट्रेनिङ सञ्चालन गर्ने लक्ष्य रहेको सेनाले जनाएको छ।

### विश्व शान्तीको लागि नेपाली सेनाको योगदान छ : प्रधानमन्त्री

असोज १६, काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वमा शान्ति स्थापनाका लागि नेपाली सेनाको उच्च योगदान रहेको बताउनु भएको छ ।



आइतबार नेपाली सेनाको मूख्यालय जङ्गी अड्डाको निरीक्षणपछि बोल्दै प्रधानमन्त्रीले भन्नुभयो, 'विश्व शान्तिका लागि नेपाली सेनाले खेलेको भूमिका निकै उच्च छ । नेपाली सेनाको इमान्दारिता, कर्तव्यनिष्ठता, साहस र बीरताका कारण आज पनि नेपाल विश्वमा उत्तिकै परिचित छ । यसका लागि म तपाईहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।'युद्ध र शान्तिको अन्तरसम्बन्धबारे बोल्दै प्रधानमन्त्रीले भन्नुभयो, 'शान्तिको महत्व युद्धमा प्रत्यक्ष सहभागी भएर लडेकोले नै बढी बुझेको हुन्छ । बाहिरबाट हेर्नेले युद्ध र शान्तिको अनुभूति गर्न सक्छन् । तर, आफै युद्धमा सहभागी भएको व्यक्तिले शान्तिको महत्व अरुको भन्दा बढी बुझेको हुन्छ । यस सन्दर्भमा नेपाली सेनाले नेपालको शान्ति प्रक्रियाका निम्ति देखाएको सकारात्मक भूमिकाको म उच्च सम्मान गर्दछु ।'

प्रधानमन्त्रीले नेपाली सेनाको मनोबल उच्च बनाउन, साधन स्रोतले सूसज्जित गर्न, प्रविधिको उपयोगद्वारा आधुनिक सेना निर्माण गर्न सरकार प्रतिवद्ध रहेको बताउनु भयो । प्रधानमन्त्रीले भन्नुभयो, 'नेपाली सेनाको मनोबल उच्च राख्न सरकार सचेत छ । विगतका द्वन्द्वसँग सम्बन्धित मुद्धामा सेना तानिनु हुँदैन भन्नेमा सरकार सचेत र दृढ छ । शान्ति प्रक्रियाका बारेमा सेना र सरकारको समान सोंच महत्वपूर्ण छ ।'प्रधानमन्त्रीले भूकम्पको उद्धार, राहत र पूनर्निर्माण र राष्ट्रिय गौरवका आयोजनामा नेपाली सेनाले खेलेको भूमिकाको प्रशंसा गर्दै भन्नुभयो, 'बिपद् व्यवस्थापन, राष्ट्रिय गौरवका आयोजनाको निर्माण, राष्ट्रिय निकुञ्ज र वातावरण संरक्षणमा सेनाले खेलेको भूमिका निकै महत्वपूर्ण छ । तपाईहरु ढुक्क हुनुस्, सेना बलियो भए मात्रै राष्ट्रिय सुरक्षा र अखण्डता बलियो हुन्छ भन्नेमा सरकार स्पष्ट छ । तपाईको मनोबल उच्च राख्न सरकार हरदम तयार छ ।'कार्यक्रममा प्रधानसेनापति राजेन्द्र क्षेत्रीले नेपाली सेनाले राष्ट्रिय सुरक्षा, राष्ट्रिय गौरवका आयोजना, विश्व शान्तिका लागि खेलेको भूमिका र आगामी रणनीतिका बारेमा प्रधानमन्त्रीलाई जानकारी गराउनु भएको थियो ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क) वक्तृत्वकला प्रतियोगितामा विद्यार्थीको सहभागिता, वाकपटुता, विषयवस्तुको अद्यावधिकता, हाउभाउ आदि पक्षलाई समावेश गरी मूल्याङ्कन गर्नुहोस् ।

ख) अभ्यासमा दिइएका प्रश्न वा थप प्रश्नहरूमा आधारित भै विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् र मूल्याङ्कनको आधारमा विद्यार्थीको सिकाइ उपलब्धि प्राप्तिको अवस्थालाई ख्याल गरी नियमित रूपमा पृष्ठपोषण प्रदान गर्नुहोस् । कमजोर विद्यार्थीको लागि सुधारात्मक शिक्षण र उच्च सिकाइ क्षमता प्रदर्शन गरेका विद्यार्थीका लागि थप सिकाइको अवसर प्रदान गर्ने गरी स्वप्रतिविम्बन गर्नुहोस् ।

**६. थप सिकाइ सामग्री :** https://peacekeeping.un.org/en/nepal

## पाठ ३ : क्षेत्रीय सङ्गठन र नेपाल

### १. सिकाइ उपलब्धि

*अनुमानित कार्यघण्टा : ३*

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सार्क र युरोपियन युनियन को परिचय र भूमिका बताउन | – सार्कको परिचय दिन<br>– सार्कको भूमिका बताउन<br>– युरोपियन युनियनको परिचय र भूमिका बताउन |

### २. पाठ परिचय

नेपालको विकास र समृद्धिमा विभिन्न क्षेत्रीय सङ्गठनहरूको योगदान रहँदै आएको हो । दक्षिण एसियाली क्षेत्रमा क्रियाशील सार्क होस् वा युरोपमा क्रियाशील युरोपियन युनियन यी दुवै क्षेत्रीय सङ्गठनले नेपालको विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउदै आएका छन् । अझ नेपाल सार्कको संस्थापन राष्ट्र र वर्तमानमा सार्कको समेत अध्यक्ष भएको कारणले यस क्षेत्रीय सङ्गठनको परिचय र भूमिका सम्बन्धमा जानकार रहनुपर्ने हुन्छ । युरोपियन युनियनले पनि नेपालको विभिन्न क्षेत्रहरू शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यावरण आदिमा योगदान पुऱ्याउँदै आइरहेको छ । यि दुवै क्षेत्रीय सङ्गठनको परिचय र भूमिका सम्बन्धमा यस पाठमा चर्चा गरिने छ ।

### ३. शैक्षणिक सामाग्री

- सार्क र युरोपियन युनियनको लोगो
- सार्कका उदेश्य र यूरोपियन युनियनको उद्देश्य उल्लिखित चार्ट वा तालिका वा स्लाइड
- सार्क सचिवालय र सार्क क्षयरोगकेन्द्रको भवनको चित्र
- सार्कको नक्शा
- युरोपियन युनियनमा पर्ने देशहरूको सूची
- दुवै संस्थाले नेपालमा पुऱ्याएको योगदानको क्षेत्र

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप नं १:** सार्क र युरोपियन युनियनको लोगो प्रदर्शन गरी यि कुन कुन संस्थाका लोगो हुन भनी पहिचान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ :** सार्क र युरोपियन युनियनको उदेश्यसँग सम्बन्धित चार्ट वा तालिका प्रस्तुति र छलफल गराउने । सार्क र युरोपियन युनियनको उदेश्यहरूले कुन पक्षलाई बढी महत्व दिएको छ भनी छलफल र विश्लेषण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ :** सार्कका प्रमुख अङ्ग र तिनको भूमिका सम्बन्धमा छलफल र अन्तरक्रिया गरी एक लेख तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ :**सार्कका हालसम्म भएका शिखर सम्मेलन र महासचिवको विवरण आदि सङ्कलन गरेर ल्याउन लगाउने र सही र उपयुक्त विवरण सङ्कलन गर्ने लाई कक्षामा प्रस्ततु गर्न लगाउने ।

**क्रियाकलाप ५:** सार्कमा पर्ने देशहरू र तिनीहरूसँग सम्बन्धित केही तथ्यहरको खोजी र सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ६ :** सार्कमा नेपालको भूमिका सम्बन्धमा जोडी जोडीमा खोज अध्ययन गर्न लगाई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ७ :** युरोपेली युनियनको परिचय दिने विभिन्न तथ्यहरू सङ्कलन गरी युरोपियन युनियनको परिचय दिनुहोस् र युरोपियन युनियनको भूमिका सम्बन्धमा रनिङ डिक्टेशन विधिबाट सिक्न प्रोत्साहित हुने गरी क्रियाकलाप गराउनुहोस् ।

**५.मूल्याङ्कन /प्रतिविम्बन**

**क) विद्यार्थीको जोडीमा गरेको खोज अध्ययन र प्रतिवेदन तयारीलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।**

- सहभागिता
- सक्रियता
- खोजमा देखाएको तदारुकता
- जिम्मेवारीबोध

## पाठ ४ : सूचना तथा सञ्चार प्रविधि

*अनुमानित कार्यघण्टा : २*

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| **सूचना तथा सञ्चार प्रविधिका स्रोत एवम् सामग्रीको परिचय दिन र प्रभावकारी उपयोग गर्न एवम् सावधानी अपनाउन** | – सूचना प्रविधिको परिचय दिन<br>– सूचना तथा सञ्चार प्रविधिका स्रोत एवम् सामग्रीको परिचय दिन<br>– सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्न र सावधानी अपनाउन |

### २. पाठ परिचयः

विद्युतीय र अन्य माध्यममा प्रयोग आउने प्रविधि सूचना तथा सञ्चार प्रविधि हो । इन्टरनेट सूचनाको प्रवाह गर्न माध्ययम साधनको सञ्जाल हो । यसबाट एक अर्कासँग सम्पर्कमा रही सूचना आदानप्रदान गर्न सकिन्छ । कम्प्युटर एक विद्युतीय यन्त्र हो, जसले निर्देशनअनुसार तथ्याङ्कलाई गणना, प्रशोधन तथा भन्डारण गर्छ । यसको प्रयोगकर्ताले स्मार्ट फोन, ट्याबलेट, ल्यापटप, डेस्कटप जस्ता माइक्रो कम्प्युटर प्रयोग गर्छन् । ल्यापटप, नोटबुक, स्मार्ट फोन जस्ता कम्प्युटरमा हार्डवेयरलाई एउटै उपकरणमा एकीकृत गरिएको हुन्छ । नेपालमा पनि अधिकांश सरकारी कार्यालयले छिटोछरितो सेवा दिन र सहज तरिकाले सूचना प्राप्त गर्न यस्ता प्रविधिहरू जडान गरी सेवा दिँदै आएका छन् । वर्तमान समय सूचना तथा सञ्चार प्रविधिको समय हो । हाल यसको उपयोग तीव्र रूपमा भइरहेको छ । विभिन्न संस्थाका हरहिसाब व्यवस्थित रूपले राख्न, घरायसी कार्यहरू गर्न, रेडियो, टेलिभिजन प्रसारण गर्न पनि प्रविधिबाट सजिलो भएको छ । गीत सुन्न, खेल खेल्नलगायत थुप्रै किसिमका कार्यका लागि पनि यस्ता प्रविधिले सहज बनाएको छ । सूचना तथा सञ्चार प्रविधिका विभिन्न माध्यम र साधनको सम्बन्धमा तल चर्चा गरिएको छ :

### ३. शैक्षणिक सामाग्री

- सूचना तथा सञ्चार प्रविधिको परिचय उल्लिखित चार्ट
- सूचना तथा सञ्चार प्रविधिका विभिन्न माध्यम र साधनहरूको चित्र, भिडियो आदि
- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्ने तरिका उल्लिखित तालिका
- सूचना तथा सञ्चार प्रविधिको सावधानीका उपायहरू उल्लिखित सूची

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ :** सूचना तथा सञ्चार प्रविधि भनेको के हो भनी प्रश्न सोध्ने र विद्यार्थीले व्यक्तिगतरूपमा दिएका उत्तरहरू सिकाइपाटीमा टिप्दै जानुहोस् र विभिन्न उदाहरण, चित्र आदि देखाउँदै सूचना प्रविधिको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २ :** सूचना तथा सञ्चार प्रविधिका विभिन्न माध्यम र साधनहरू के के हुन सक्छन्, विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् र उनीहरूको अनुमानलाई जोड्दै सूचना प्रविधिको माध्यम र साधनहरू सम्बन्धमा छलफल गरी स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ :** इन्टरनेटको उपयोग कस कसले कसरी गर्ने गरेको छ भनी सोध्नुहोस् र यसको अवधारणा र फाइदा सम्बन्धमा उनीहरूबाट प्राप्त जानकारीलाई समूहगत रूपमा सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र थप वा छुट विषयवस्तुमा शिक्षकले तालिका मार्फत सहजीकरण गरी स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ :** सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा के कस्ता कुरामा सावधानी अपनाउनु पर्ला भनी प्रश्न गर्नुहोस् र जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ :** सूचना प्रविधिसँग सम्बन्धीत विभिन्न लेख रचना, चित्र, पोष्टर, सम्पादकीय आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ :** सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी सम्बन्धमा गीत, कविता, कथा, नाटक आदि तयार पारी कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसमेत दिनुहोस् ।

क्रियाकलाप ७ : सूचना प्रविधि र सामाजिक सञ्जालको दुरूपयोग रोक्न र यस क्षेत्रमा हुने साइबर अपराध नियन्त्रण गर्न  साइबर कानुनसम्बन्धी जानकारी विभिन्न स्रोतसामग्रीहरू उपलब्ध गराई छलफल गराउनुहोस् र प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**५. मूल्याङ्कन/प्रतिविम्बन:** विद्यार्थीले तयार पारेको लेख रचना, गीत, कथा, नाटक प्रस्तुतिका लागि विभिन्न आधारहरूको आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**६. परियोजना कार्य :** सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सिकाइलाई कसरी प्रभावकारी वनाउन सक्छ भन्ने सम्बन्धमा समूहका केही व्यक्तिहरूको विचार सङ्कलन गरी त्यसको आधारमा एक लेख तयार पार्न लगाउनुहोस् ।

## पाठ-५ विश्वका समसामयिक घटना

**१. सिकाइ उपलब्धि** **अनुमानित कार्य घण्टा : २**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| • **समसामयिक गतिविधि र घटना बताई यसले समाजमा पार्ने प्रभाव बताउनुहोस** | – **समसामयिक गतिविधि र घटना पहिचान गर्ने**<br>– **समसामयिक गतिविधि र घटनाले समाजमा पार्ने प्रभाव बताउन** |

### २.पाठ परिचय

हालसालै वा दैनिक जसो घट्ने विभिन्न घटना र अवस्थालाई समसामयिक घटना भनिन्छ । यस्ता घटनाहरूले हाम्रो दैनिक जीवनमा प्रभाव पार्दछ । विश्वमा सामाजिक, आर्थिक तथा राजनीतिक लगायतका क्षेत्रमा दैनिक जसो विभिन्न किसिमका घटना परिघटना घटिरहेका हुन्छन जसले मानव जीवनमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कुनै घटनाले अल्पकालीन प्रभाव पर्छ भने कुनै घटनाले दीर्घकालीन प्रभाव पर्ने खालका हुन्छन् । सामाजिक, आर्थिक तथा राजनीतिकलगायतका क्षेत्रमा घट्ने घटनाहरूले मानिसको जीवन शैली, सोच र धारणामा पनि परिवर्तन ल्याउछ । राष्ट्रिय तथा अन्तर्रास्ट्रिय स्तरमा घट्ने घटनाहरूको अध्ययनले विद्यार्थीहरूमा नयाँ र परिवर्तित घटनाहरूका सम्बन्धमा अद्यावधिक हुन मदत पुग्छ । सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षक पनि समसामयिक घटनाका सम्बन्धमा बढी उत्सुक र सचेत हुनु जरुरी हुन्छ । यस पाठमा समसामयिक घटनाको पहिचान, समसामयिक गतिविधि र घटनाहरूले समाजमा पर्ने प्रभावका सम्बन्धमा चर्चा गरिएको छ ।

### ३.शैक्षणिक सामग्री

– समसामयिक गतिबिधि झल्किने चित्र, फोटा, तथा भिडिओ
– पत्रपत्रिका, म्यागजिन
– बुलेटिन बोर्ड

### ४.सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप:१**

बिद्यार्थीहरूलाई कुनै एक कुनै समसामयिक घटना र त्यसले समाजमा पारेको कुनै एक प्रभाव सम्बन्धमा मष्तिष्क मन्थन गराउनुहोस् ।

**क्रियाकलाप:२**

विगतमा विश्वव्यापी रूपमा भएको कोरोना महामारीको विद्यार्थीको अनुभवलाई पालैपालो भन्न लगाउनुहोस र यसले समाज र विश्वमा शिक्षा, स्वस्थ, रोजगारीलगायतका क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा छलफल गर्नुहोस् ।

क्रियाकलाप : ३

विश्वमा घटेका समसामयिक घटनामध्ये मुख्य मुख्य घटनाको सूची तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

पत्रपत्रिका वा स्थानीय अखबारमा छापिएका समसामयिक घटनाहरू समूह समूहमा अध्ययन गर्न लगाउनुहोस । उक्त घटना कुन सन्दर्भ वा घटनासँग सम्बन्धित छन्, कुन क्षेत्रलाई बढी प्रभाव परेको छ तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस

**क्रियाकलाप ५**

विद्यार्थीहरूलाई पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन समाचार आदि अध्ययन गर्न लगाउनुहोस र त्यहाँ प्रसारित र प्रकाशित मुख्य मुख्य समसामयिक समाचारहरू टिपोट गरि कक्षामा प्रस्तुत गर्न लगाउनुहोस ।

**क्रियाकलाप ६**

विश्वमा घटेका समसामयिक घटनाहरूसँग सम्बन्धित रही पत्रपत्रिकामा प्रकाशित समाचार सम्पादकीय, लेख, चित्र आदि सङ्कलन गरी बुलेटिन बोर्ड तयार परि सबै विद्यार्थीले देख्ने स्थानमा राख्न लगाउनुहोस ।

**क्रियाकलाप ७**

समसामयिक गतिविधिसँग सम्बन्धित रही विद्यार्थीहरूलाई प्रश्न निर्माण गर्न लगाई हाजिरी जवाफ प्रतियोगीता सञ्चालन गर्न लगाउनुहोस ।

**५.मूल्याङ्कन/प्रतिवम्बन**

१.विद्यार्थीहरूले बुलेटिन बोर्ड तयार पर्दा समूह गतिविधिलाई अवलोकन गरी निम्नानुसारको रुजुसूचीमा आधारित भई मूल्याङ्कन गर्नुहोस् ।

| क्रियाकलाप | उच्च | मध्यम | निम्न |
|---|---|---|---|
| सहभागिताको अवस्था | | | |

| | | | |
|---|---|---|---|
| जिम्मेवारी बोध | | | |
| प्रस्तुतीकरण | | | |
| सहकार्य | | | |

२.पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्नै, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**नमुना प्रश्न**

क. समसामयिक घटना भनेको के हो ? कुनै ३ ओटा समसामयिक घटनाहरू उल्लेख गर्नुहोस् ।

ख. कोरोना भाइरसको सङ्क्रमणले विश्वब्यापी रूपमा पारेको प्रभावहरूको सूची तयार पार्नुहोस ।

ग. हामीले किन समसामयिक घटनाहरूको अध्ययन तथा जानकारी लिनुपर्छ ।

## एकाई १०. जनसङ्ख्या र यसको व्यवस्थापन

### पाठ १ जनसाङ्ख्यिक तोव

**अनुमानित कार्यघण्टा :२**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • जनसाङ्ख्यिकीका तोवहरू उल्लेख गर्न र नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तोवहरूको सूची तयार पार्न | • जनसाङ्ख्यिक तोवको सूची तयार पार्न<br>• जनसाङ्ख्यिक तोवको परिचय दिन<br>• जनसङ्ख्यिक तोवहरूलाई वर्गीकरण गर्न<br>• बसाइँसराइले उद्गम तथा गन्तव्य स्थानमा पार्ने प्रभाव उल्लेख गर्न |

### २. पाठ परिचय :

निश्चित भौगोलिक क्षेत्रभित्र बसोवास गर्ने मानिसको समूहलाई जनसङ्ख्या भनिन्छ । कुनै पनि स्थानमा हुने जन्म, मृत्यु र बसाइँसराइले जनसङ्ख्या परिवर्तन हुन्छ । वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेको थियो भने वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या बढेर २,९१,६४,५७८ पुगेको छ । यसरी जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने प्रमुख तोव जन्म, मृत्यु र बसाइँसराइ हुन् । त्यसैले जन्म, मृत्यु र बसाइँसराइलाई जनसाङ्ख्यिक तोव भनिन्छ । जन्मले कुनै पनि देश, समाज तथा परिवारको जनसङ्ख्या बढाउँछ । मृत्युले कुनै देश, समाज तथा परिवारको जनसङ्ख्या घटाउँछ । बसाइँसराइले उद्गम स्थलको जनसङ्ख्या घटाउँछ भने गन्तव्य स्थलको जनसङ्ख्या बढाउँछ । बसाइँसराइले विश्वको कुल जनसङ्ख्या कुनै प्रभाव नभए पनि कुनै निश्चित स्थानको जनसङ्ख्याको आकारमा प्रभाव पार्दछ ।

यस पाठमा हामी जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने जनसाङ्ख्यिक तत्त्वहरू जन्म, मृत्यु र बसाइँसराइको बारेमा छलफल गर्छौं ।

**३. शैक्षणिक सामग्री**

– जनसङ्ख्यिक अवस्था देखाउने फोटो चित्र र भिडियो क्लिप्स
– मेटाकार्डहरू
– चार्ट/पावरप्वाइन्ट स्लाइड
– वार ग्राफ, वृत चित्र

**४. सिकाइ सहजीकरण क्रियाकलाप**

**क्रियाकलाप १**

सर्वप्रथम शिक्षकले जनसाङ्ख्यिक अवस्था झल्काउने चित्र, फोटो र भिडियोको नमुनाहरू प्रस्तुत गर्दै छलफलको माध्यमबाट पाठको सुरुआत गर्नुहोस् ।

**क्रियाकलाप : २**

क्रियाकलाप १ मा देखाइएको चित्र, फोटो तथा भिडियो र छलफलको आधारमा विद्यार्थीहरूलाई जनसाङ्ख्यिक तत्त्वहरू कुन कुन हुन् भनी प्रश्नोत्तर विधिको माध्यमबाट जनसाङ्ख्यिक तत्त्वहरू पहिचान गर्न लगाउने । प्रश्नोत्तर विधिका लागि APPLE Techinique (Ask question in group, pause a while, pick up a student for answer, listen to him/her and evaluate to him/her) अपनाउन सकिन्छ । विद्यार्थीहरूले जनसाङ्ख्यिक तत्त्वहरू पहिचान गर्न नसकेको खण्डमा जनसाङ्ख्यिक तत्त्वहरूको पहिचान गराउँदै जनसङ्ख्या परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जन्म, मृत्यु र बसाइँसराइलाई जनसाङ्ख्यिक तत्त्व भनिन्छ भनी छोटो व्याख्या गर्दै स्पष्ट पार्नुहोस्

**क्रियाकलाप ३**

शिक्षकले जनसाङ्ख्यिक तत्त्वसम्बन्धी उदाहरण, चार्ट प्रदर्शन गर्दै जन्म, मृत्यु, बसाइँसराइलाई किन जनसाङ्ख्यिक तत्त्व भनिन्छ भनी स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४**

 विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी कुनै समूहलाई जन्मको अवधारणा, कुनै समूहलाई मृत्युको अवधारणा र कुनै समूहलाई बसाँइसराइको अवधारणा छलफल गर्न लगाउने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् । यसका लागि आवश्यक सन्दर्भ सामग्रीहरू उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप : ५**

आफ्ना कक्षामा पढ्ने साथीमध्ये अन्य स्थानबाट बसाइँ सरेर आएका विद्यार्थीहरू भएको खण्डमा बसाइँ सरी पढ्न आएका विद्यार्थी र पहिलेदेखि नै उक्त स्थानमा नै बसोवास गरिरहेको विद्यार्थीहरूको विवरण सङ्कलन गरी त्यसका आधारमा वृतचित्रमा देखाउने अभ्यास गराउनुहोस् । यस प्रकारको क्रियाकलाप सहरी क्षेत्र तथा सहर उन्मुख क्षेत्रमा हुन सक्छन् । यदि ग्रामीण क्षेत्र हो भने ५ वर्षको अवधिमा बसाइँसरेर गएका व्यक्तिहरू( महिला र पुरुष)को विवरण सङ्कलन गरी त्यसको आधारमा पनि वृचचित्र निर्माण गर्न लगाउनुहोस् ।


जस्तै :

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **पहिलेदेखि ने बसोवास गरिरहेको** | **अन्यन्त्रबाट बसाइँ सरी आएका** |
|---|---|---|---|
| १ | हरिशरण पौडेल | √ | √ |
| २ | सर्मिला तामाङ |  | √ |
| ३ | राजन कटुवाल | √ |  |
| ४ | मुस्कान श्रेष्ठ | √ |  |
| ५ | सविना श्रेष्ठ | √ |  |
| ६ | विनिसा थापा | √ |  |
| ७ | रोनीत यादव |  | √ |
| ८ | सपना शेर्पा |  | √ |

| | | | |
|---|---|---|---|
| ९ | अनिसा खातुन | | √ |
| १० | वर्षा जैसवाल | | √ |
| | जम्मा | ४ | १० |

| क्र.सं. | विवरण | विद्यार्थी सङ्ख्या | डिग्रीमा लैजाँदा |
|---|---|---|---|
| १ | पहिलेदेखि बसोवास गरी रहेको | ४ | $\frac{४}{१०} \times ३६०^{\circ}$ $= १४४^{\circ}$ |
| २ | अन्यत्रबाट बसाइँसराइ आएको | ६ | $\frac{६}{१०} \times ३६०^{\circ} = २१६^{\circ}$ |
| | जम्मा | १० | $३६०^{\circ}$ |

**वृत चित्रमा देखाउँदा**




**क्रियाकलाप : ६**

बसाइँसराइले उद्गम स्थल (छाडेको ठाउँ) र गन्तव्य स्थल (बसाइँसरी गएको ठाउँ) मा के कस्तो प्रभाव पार्दछ भनी विद्यार्थीहरूसँग छलफल गर्दै शिक्षकले बसाँइसराइले उद्गम स्थल र

गन्तव्य स्थलमा पारेको प्रभावहरू समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै वा कथा वा घटना सुनाउँदै उद्गम तथा गन्तव्य स्थलमा पारेको प्रभावबारे प्रष्ट पार्ने ।

**५. मूल्याङ्कन/प्रतिविम्बन**

**१. समूह कार्यमा विद्यार्थीको सक्रियातपूर्वक सहभागी भए नभएको आधारमा अवलोकन फाराम भरी निम्नानुसार मूल्याङ्कन गर्ने:**

| क्र.सं. | विद्यार्थीको नाम | समूहमा सक्रियता | एकअर्कामा सहयोग | अन्य समूहलाई पृष्ठपोषण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

*धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १*

# पाठ २ नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्व

**अनुमानित कार्यघण्टा : १**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| जनसाङ्ख्यिकीका तावहरू उल्लेख गर्न र नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तावहरूको सूची तयार पार्न | – जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने प्रमुख तावहरूको सूची तयार पार्न<br>– जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने सामाजिक तावहरू उल्लेख गर्न<br>– जनसङ्ख्या परिवर्तनका आर्थिक ताव उल्लेख गर्न<br>– जनसङ्ख्या परिवर्तनका वातावरणीय तावको प्रभाव बताउन |

## २. पाठ परिचय

कुनै पनि स्थानको जनसङ्ख्यामा परिवर्तन ल्याउने प्रमुख निर्धारक तावहरू जन्म, मृत्यु र बसाइँसराइ हुन् । जन्मलाई जनसङ्ख्या परिवर्तन गर्ने महावपूर्ण तावका रूपमा लिइन्छ । जन्मदर उच्च भएमा जनसङ्ख्या वृद्धिदर उच्च हुन्छ भने जन्मदर न्यून भएमा जनसङ्ख्या वृद्धिदर पनि

न्यून हुन्छ । आर्थिक अवस्था,सामाजिक सांस्कृतिक अवस्था, मनोवैज्ञानिक अवस्था, वातावरणीय अवस्थाले जन्मदरमा प्रभाव पारेको हुन्छ ।  मानिसले जीवित जन्म लिएपछि एक दिन मृत्यु हुन्छ । यसरी मृत्यु हुनुमा विभिन्न तत्वले प्रभाव पारेको हुन्छ । रोग, कुपोषण, वृद्धावस्था,स्वास्थ्य सेवा र सुविधाको उपलब्धता,प्राकृतिक प्रकोप, युद्ध तथा हिंसा, दुर्घटना, सामाजिक तथा सांस्कृतिक परम्परा र धार्मिक मूल्य मान्यता, आर्थिक अवस्था र वातावरणीय अवस्था मृत्युलाई प्रभाव पार्ने प्रमुख तत्वहरू हुन् । बसाइँसराइलाई जनसङ्ख्याको परिवर्तनमा प्रभाव पार्ने एउटा महत्वपूर्ण कारक तत्व मानिन्छ । बसाइँसराइले कुनै पनि ठाउँ वा क्षेत्रको जनसङ्ख्यामा परिवर्तन ल्याउँछ । यस पाठमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने विभिन्न तत्वहरूको बारेमा छलफल गदछौँ

## ३. शैक्षणिक सामग्री

- जनसङ्ख्या परिवर्तनसँग सम्बन्धित फोटो चित्र र भिडियो
- जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्वहरू समावेश चार्ट, स्लाइड

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

विद्यार्थीहरूलाई तपाइँको समुदायको जनसङ्ख्या बढ्दै गएको छ कि घट्दै गएको छ भनी प्रश्न गर्नुहोस् । उनीहरूलाई पालैपालो आफ्नो समुदायको जनसङ्ख्या घट्दै वा बढ्दै गएको सम्बन्धमा आफ्ना धारणाहरू राख्न लगाउने । शिक्षकले जनसङ्ख्या घट्ने तथा बढ्ने कार्य जनसङ्ख्या परिवर्तन हो । जनसङ्ख्या परिवर्तन जन्म, मृत्यु र बसाईँसराइको कारणले हुन्छ भनी बताउने ।

**क्रियाकलाप : २**

शिक्षकले जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्वहरू जन्म, मृत्यु र बसाइँ सराइसम्बन्धी विभिन्न चित्र, फोटो तथा भिडियो प्रस्तुत गर्दै जन्म, मृत्यु र बसाइँसराइलाई प्रभाव पार्ने तत्वहरू कुन कुन हुन सक्छन् भनी छलफल गर्ने ।

**क्रियाकलाप ३**

**कक्षामा चार समूहमा विभाजन गरी** समुदायको आर्थिक अवस्था, सामाजिक अवस्था, वातावरणीय अवस्था र राजनीतिक अवस्थाले कसरी जन्म, मृत्यु र बसाइँसराइमा प्रभाव पार्छ भनी समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

विद्यार्थीहरूलाई आफ्नो ठाउँबाट उठेर कक्षामा एकैठाउँमा उभिएर सङ्गीतको तालमा कक्षामा घुम्न लगाउने । १ मिनेट जति घुमेपछि विद्यार्थीहरूलाई रोकिनका लागि सङ्केत गर्ने वा सङ्गीत बन्द गर्ने । विद्यार्थीहरू रोकिसकेपछि आफ्नो अगाडि वा पछाडिको बेन्चमा रहेको साथीसँग जोडी बनाउन लगाउने । सबै विद्यार्थीहरूले आआफ्नो जोडीमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने कुनै एउटा तत्वहरूको बारेमा छलफल गरी त्यसले पार्ने प्रभावको बारेमा भन्न लगाउने । यदि विद्यार्थीलाई असहज भएको खण्डमा शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्ने । त्यस्तै गरी दुई तीनओटा प्रश्नहरूमा आधारित भई छलफल गराउन लगाउनुहोस् ।

यस विधिलाई घुलमिल स्थिर/जोडी (Mix/Freeze/Pair) विधि भनिन्छ ।

**क्रियाकलाप ५**

विद्यार्थीहलाई आफ्नो समुदायको बसाइँसराइको अवस्था र त्यसको कारणहरूलाई समेटेर लेख वा गीत वा कविता वा कथा वा पोष्टर तयार गर्न लगाउने । केही विद्यार्थीहरूलाई उनीहरूले तयार गरेको सिर्जना कक्षाकोठामा प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीहरूले जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्वहरूको बारेमा जोडी जोडीमा छलफल गरी विवरण तयार गरी कक्षाकोठामा प्रस्तुत गरेको आधारमा निम्नानुसार मूल्याङ्कन गर्ने :

| **क्र.स.** | **विद्यार्थी जोडी** | **विषयवस्तुको पर्याप्तता** | **प्रस्तुति शैली** | **सहकार्य** |
|---|---|---|---|---|
| १ | हरि र गोपाल | | | |
| २ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | | |

उत्कृष्ट ३, राम्रो २, सुधार गर्नुपर्ने १

२. विद्यार्थीले गरेको सिर्जनात्मक कार्यको अवलोकन र प्रस्तुतीकरणको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

३. निम्न पाठसँग सम्बन्धित निम्नलिखित प्रश्नहरू सोधेर मूल्याङ्कन गर्ने :

क) स्वास्थ्य सेवा सुविधाले जनसङ्ख्या परिवर्तनमा कसरी प्रभाव पार्दछ ?

ख) सन्तुलित आहारको कमीले जनसङ्ख्या परिवर्तन हुन्छ पुष्टि गर्नुहोस् ।

ग) जनसङ्ख्या परिवर्तनमा हावापानीको भूमिका उल्लेख गर्नुहोस् ।

घ) तपाईंको समुदायका कुन कुन पक्षले जनसङ्ख्या परिवर्तनमा प्रभाव पारेको छ ।

## ६. थप सुझाव :

जनसङ्ख्या परिवर्तन जन्म, मृत्यु र बसाईंसराइले हुने भएतापनि जन्म, मृत्यु र बसाइँसराइ विभिन्न तiवसम्म सम्बन्धित हुने भएकोले जन्मदर र मृत्युदरलाई नियन्त्रण गर्ने तथा बसाइँसराइले व्यवस्थित गर्ने कार्यमा प्राथमिकता दिनुपर्छ ।

## ७. थप अध्ययन सामग्री

नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तiव

| **जन्मलाई प्रभाव पार्ने तiव** | **मृत्युलाई प्रभाव पार्ने तiव** | **बसाइसराइमा प्रभाव पार्ने तiवहरू** |
|---|---|---|
| **आर्थिक तत्व**<br>आयस्तर, पेसा, रोजगारी स्तर,<br>**सामाजिक सांस्कृतिक तiव**<br>विवाहको उमेर, शैक्षिक | **आर्थिक तiव**<br>आयस्तर, पेसा व्यवसाय, गरिबी<br>**हत्या र आत्महत्या**<br>**युद्ध तथा हिंसा** | **सुविधाको खोजी**<br>स्वास्थ्य, यातायात, सञ्चार<br>**जीवनयापनको अवसर**<br>पेसा व्यवसाय र रोजगारीको अवसर |

| | | |
|---|---|---|
| स्तर, स्वास्थ्य सेवा सुविधा, महिलाको स्थिति, परिवार नियोजन प्रतिको धारणा, पारिवारिक संरचना, छोराको चाहना<br>**वातावरणीय अवस्था**<br>**राजनैतिक तोव** | **वातावरणीय अवस्था**<br>**राजनैतिक तोव**<br>**सामाजिक सांस्कृतिक तोव**<br>वैवाहिक स्थिति, सामाजिक-सास्कृतिक अन्धविश्वास तथा धारणाहरू, शैक्षिक स्तर, कुपोषण , स्वास्थ्य सुविधा | **सामाजिक सांस्कृतिक तोव**<br>विवाह, शिक्षा<br>**वातावरणीय अवस्था**<br>**राजनैतिक तोव** |

## पाठ ३ नेपालमा बसाइँसराइका कारण र असर

**अनुमानित कार्यघण्टा : १**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा बसाइँसराइका कारण र असरहरू पहिल्याउन | – नेपालमा बसाँइसराइका कारणहरू खोजी गर्न<br>– नेपालमा बसाइँसराइले पारेको असरहरू सूची तयार पार्न<br>– बसाइँसराइले ग्रामीण तथा सहरी क्षेत्रमा पारेको असर समाधानका उपायहरू उल्लेख गर्न |

### २. पाठ परिचय

मानिसहरूले प्राय बसोवास गर्दै आएको स्थान स्थायी वा अस्थायी रूपले परिवर्तन गरी एक प्रशासनिक वा भौगोलिक क्षेत्रबाट अर्को प्रशासनिक वा भौगोलिक क्षेत्रमा सर्नुलाई बसाइँसराइ भनिन्छ । प्रशासनिक वा भौगोलिक क्षेत्रको सीमाका हिसाबले बसाइँसराइलाई २ भागमा वर्गीकरण गरिएको छ । एउटै देशको सीमाभित्र कुनै निश्चित भौगोलिक वा प्रशासनिक सीमाना पार गरेर एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने प्रक्रियालाई आन्तरिक बसाइँसराइ भनिन्छ । एउटा देशबाट अर्को देशमा हुने बसाइसराइलाई अन्तर्राष्ट्रिय बसाइँसराइ भनिन्छ । जस्तै : नेपालबाट भारत, चीन अमेरिका आदि देशमा हुने बसाइँसराइलाई अन्तर्राष्ट्रिय बसाइँसराइ भनिन्छ । । नेपालमा आन्तरिक र बाह्य बसाइँसराइ दुवै भएको देखिन्छ । खास गरी खुला सीमाना भएका कारण उत्तर र दक्षिणका छिमेकी देशबाट बसाइँसराइ तीव्र भएको देखिन्छ भने हिमाली र पहाडी क्षेत्रबाट तराईमा बसाइँसराइ बढेको देखिन्छ । ग्रामीण क्षेत्रबाट सहरमा बसाइँसराइ बढेको देखिन्छ । यसबाट हिमाली र पहाडी क्षेत्रमा स्रोत साधनको कमी हुने, उपयोग हुन नसक्ने अवस्था छ भने तराई र सहरी क्षेत्रमा अव्यवस्थित बसोवास, असुरक्षा, प्रदूषण र पूर्वाधारको कमी भएको देखिन्छ । यस पाठमा बसाइँसराइको कारण र असरको बारेमा छलफल गर्छौं ।

## ३. शैक्षणिक सामग्री

- बसाइँसराइसम्बन्धी विभिन्न फोटो, चित्र, भिडियो
- बसाइँसराइसम्बन्धी विभिन्न तथ्याङ्क वृत्तचित्र तथा स्तम्भ चित्रको नमुना
- बसाइँसराइका कारण र असरसम्बन्धी स्लाइड/चार्ड
- सुरक्षित बसाइँसराइका लागि जनचेतनामूलक पोस्टर आदि

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १**

विद्यार्थीहरूलाई आफ्नो समुदाय र टोलछिमेकमा बसाइँसरेरका आउने र जाने व्यक्ति वा परिवार कोही चिन्नुभएको छ। आदि प्रश्न सोध्दै बसाइँसराइको अवधारणा प्रस्तुत गर्नुहोस्।

**क्रियाकलाप २**

विद्यार्थीहरूलाई आफ्नो समुदायमा बसाइँसरी आएका तथा आफ्नो समुदायबाट अन्यन्त्र गएका मानिसहरू किन बसाइँसराइ गरेका होलान् भनी प्रश्न गर्दै उनीहरूलाई आफ्नो अनुभव तथा देखे सुनेको आधारमा आफ्ना धारणाहरू कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस्।

**क्रियाकलाप : ३**

बसाइँसराइका विभिन्न कारणसँग सम्बन्धित चित्र, फोटो भिडियो आदि प्रस्तुत गर्दै चित्र, फोटो र भिडियोको आधारमा छलफल गर्दै नेपालमा के कस्ता कारणले मानिसहरू बसाइँसराइमा संलग्न हुने रहेछन् भनी छलफल गराउनुहोस्।

**क्रियाकलाप : ४**

नेपालमा बसाइँसराइका कारणहरूसँग सम्बन्धित स्लाइड तथा चार्ट प्रदर्शन गर्दै नेपालमा बसाइँसराइका कारणहरूको बारेमा छलफल गर्दै प्रष्ट पार्नुहोस्।

**क्रियाकलाप : ५**

बसाइँसराइमा संलग्न व्यक्तिहरू कुन कारणले बसाइँसराइमा संलग्न भएका छन् त्यससम्बन्धी


तथ्याङ्क, स्तम्भचित्र तथा वृतचित्रको नमुना प्रस्तुत गर्दै विद्यार्थीहरूलाई स्तम्भचित्र तथा वृतचित्र बनाउन लगाउनुहोस् ।

जस्तै :

२०७८ सालको जनगणनाअनुसार हाल गणना भएको स्थानमा बसोवास गर्न आउनुको कारणलाई तलको तालिकामा प्रस्तुत गरी त्यसलाई स्तम्भ चित्रमा देखाइएको छ :

| **क्र.स.** | **बसाइँसराइको कारण** | **जनसङ्ख्या प्रतिशत** |
|---|---|---|
| १ | विवाह | ३८.२ |
| २. | काम रोजगारी | १५.२ |
| ३. | अध्ययन/तालिम | ६.८ |
| ४. | आश्रित | १९.५ |
| ५. | घर फर्किएको | ४.१ |
| ६. | कृषि | ३.९ |
| ७. | व्यापार/व्यवसाय | २.८ |
| ८. | अन्य | ८.५ |
| | जम्मा | १०० |

अन्यअन्तर्गत प्राकृतिक प्रकोप ०.७%, अन्य ६.६%, उल्लिखित नभएको १.२% कारणहरू रहेका छन् ।




**बसाइँसराइको कारण**

**क्रियाकलाप : ६**

बसाइँसराइले उद्गम स्थाल र गन्तव्य स्थलमा पारेको असरहरूको सम्बन्धमा चार्ट/स्लाइडको प्रदर्शन गर्दै छलफलको माध्यमबाट विभिन्न उदाहरण दिँदै प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप : ७**

विद्यार्थीहरूलाई बसाइँसराइको कारणले ग्रामीण र सहरी क्षेत्रमा परेका असरहरू उल्लेख गरी समधानका उपायहरू के के हुन सक्छन् भनी छलफल गर्न लगाई छलफलपछि निस्केको निष्कर्षलाई समावेश गरी लेख लेख्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीहरूले बसाइँसराइसँग सम्बन्धित जनसङ्ख्याको आधारमा वृतचित्र वा स्तम्भ चित्र बनाउन लगाई त्यसको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

ख) बसाइँसराइका कारणहरू उल्लेख गर्नुहोस् ।

ग) बसाइँसराइले आफ्नो समुदायमा पारेको प्रभावको सूची बनाउनुहोस् ।

घ) बसाइँसराइको असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ ?

## पाठ ४ जनसङ्ख्या वृद्धिका कारण र असर

**अनुमानित कार्यघण्टा : १**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| जनसङ्ख्या वृद्धिका करण, असर र व्यवस्थापनका उपाय प्रस्तुत गर्न | जनसङ्ख्या वृद्धिको परिचय दिन<br>– जनसङ्ख्या वृद्धिका कारणहरू उल्लेख गर्न<br>– जनसङ्ख्या वृद्धिबाट उत्पन्न हुने असरहरूको सूची बनाउन<br>– जनसङ्ख्या ह्रासबाट आर्थिक क्षेत्रमा परेको प्रभावको समीक्षा गर्न<br>– आफ्नो समुदायमा जनसङ्ख्या परिवर्तनले पारेको असरहरू समेटी प्रतिवेदन तयार गर्न |

### २. पाठ परिचय

जनसङ्ख्या परिवर्तन एक गतिशील घटना हो । जन्म, मृत्यु तथा बसाइँसराइले जनसङ्ख्या निरन्तर परिवर्तन भइरहेको पाइन्छ । कुनै निश्चित समयमा कुनै जनसङ्ख्यामा मृत्युसङ्ख्या तथा बसाइँसरी जानेको सङ्ख्याभन्दा जन्म सङ्ख्या तथा बसाइँसरी आउनेको सङ्ख्या बढी भएमा जनसङ्ख्या वृद्धि हुन्छ । तीव्र जनसङ्ख्या वृद्धि विश्वका विकासोन्मुख तथा अल्पविकसित देशका देखिएका छन् । उच्च जन्मदर, अशिक्षा एवम् अज्ञानता, धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, गरिबी, परिवार नियोजनका साधनहरूको कम प्रयोग, मृत्युदरमा ह्रास आदि जनसङ्ख्या वृद्धिका कारणहरू हुन् । जनसङ्ख्या वृद्धिले प्राकृतिक स्रोत साधनमा प्रतिकूल असर पार्दछ । वतावरणमा ह्रास पुऱ्याउँछ । सामाजिक तथा सांस्कृतिक क्षेत्रमा असर पुऱ्याउँछ । मानव स्रोतको विकास र रोजगारीका क्षेत्रमा समेत असर पुऱ्याउँछ । यस पाठमा हामी जनसङ्ख्या वृद्धिका कारण र असरको बारेमा छलफल गर्छौं ।

### ३. शैक्षणिक सामग्री

- जनसङ्ख्या वृद्धिको अवस्था झल्कने तालिका चित्र, फोटो, भिडियो
- नेपालको जनसङ्ख्या वृद्धिका कारणहरू समावेश भएको स्लाइड
- जनसङ्ख्या वृद्धिले असर पुऱ्याएको क्षेत्रहरूको चार्ट/स्लाइड

**४. सिकाइ सहजीकरण क्रियाकलाप :**

**क्रियाकलाप : १**

शिक्षकले जनसङ्ख्या वृद्धिको अवस्था झल्कने तालिका, चित्र, फोटो, भिडियो प्रस्तुत गरी जनसङ्ख्याको अवधारणा र जनसङ्ख्या परिवर्तनको सन्दर्भ जोड्ने र छलफल गराउनुहोस् ।

**क्रियाकलाप : २**

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी उनीहरूलाई पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरूको अध्ययन गरी जनसङ्ख्या वृद्धिका कारण र त्यसले पुऱ्याउने असरहरू समावेश गरी चार्ट तयार गर्न लगाउनुहोस् ।

विद्यार्थी समूहले तयार पारेको चार्ट पालैपालो अन्य समूहमा हस्तान्तरण गरी समूहलाई आवश्यकताअनुसार छुट भएका विषयवस्तु थप्न लगाई सम्बन्धित समूहमा नै फिर्ता गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४**

जनसङ्ख्या वृद्धिको कारण र असर समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै आवश्यकता अनुसार शिक्षकले विभिन्न उदारणहरू दिँदै प्रष्ट पार्नुहोस् ।

क्रियाकलाप ५ : गत विगत जनगणना र वि.सं.२०७८ को जनगणनाको जनसङ्ख्या वृद्धिदरको अवस्था विश्लेषण गर्नुहोस् र पछिल्लो पटकको जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदरले के कुराको सङ्केत गरेको पाउनुहुन्छ ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**पछिल्लो जनगणनामा देखिएको जनसङ्ख्या वृद्धिदरले सङ्केत गरेका सन्दर्भ**

- जनसङ्ख्याको वृद्धिदर गत विगतका जनगणनामा भन्दा घट्दै गइरहेको

- मानिसको विवाह गर्ने उमेर बढ्न थालेको, जन्मदरमा कमी, कतिपयले एकमात्रै बच्चामा चित्त बुझाउने प्रवृति रहेको, धेरै युवाहरू वैदेशिक रोजगारी र अध्ययनको सिलासिलामा विदेश जाने प्रवृति बढ्दै गएको, एकल परिवारप्रतिको रुचि र सहरीया जीवनशैलीको कारणले जनसङ्ख्या वृद्धिदरमा कमी आएको देखिन्छ ।
- ग्रामीण जनसङ्ख्या घट्दै गएको विशेष गरी ३२ ओटा हिमाली र पहाडी जिल्लाहरूमा नकारात्मक जनसङ्ख्या वृद्धि दर रहेको जुन सङख्या वि.सं.२०६८ को जनगणनामा २७ मात्र थियो । तथापि तराईको सबै जिल्लाको जनसङख्या वृद्धिदर बढ्दै गएको देखिन्छ ।
- भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणमा तराई क्षेत्रको अंश वि.सं.२०६८ को तुलनामा वि.सं.२०७८ मा वृद्धि भएको देखिन्छ ।
- हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या वृद्धिदर नकारात्मक देखिन्छ ।
- प्रदेशगत रूपमा २०६८ देखि २०७८ को एक दशकको वार्षिक जनसङ्ख्या वृद्धिदर र जनसङ्ख्या परिवर्तन हेर्दा ७ ओटा प्रदेशहरूमध्ये सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२५ प्रतिशत र सबै भन्दा कम गण्डकी प्रदेशमा ०.३० प्रतिशतले वार्षिक जनसङ्ख्या वृद्धि भएको देखिन्छ ।
- सबैभन्दा धेरै वार्षिक वृद्धिदर भक्तपुर जिल्लामा (३.३२ प्रशित) र सबैभन्दा कम रामेछाम जिल्लामा (–१.६५ प्रतिशत) रहेको छ ।
- सबैभन्दा कम जनसङ्ख्या वृद्धि हुने अन्य ४ जिल्लामा खोटाङ, मनाङ, भोजपुर र तेह्रथुम जिल्ला रहेका छन् भने सबैभन्दा धेरै जनसङ्ख्या वृद्धिदर भएका अन्य ४ जिल्लामा रूपन्देही, चितवन, बाँके र सुनसरी जिल्ला रहेका छन् ।
- हिमाली जिल्लाहरूमध्ये मुगु जिल्लामा सबैभन्दा बढी (१.८० प्रतिशत) वार्षिक जनसङ्ख्या वृद्धिदर देखिन्छ ।

**क्रियाकलाप : ५**

विद्यार्थीहरूलाई जनसङ्ख्या परिवर्तन (वृद्धि तथा ह्रास) ले आर्थिक क्षेत्रमा पारेको सकारात्मक तथा नकरात्मक प्रभावहरूको छलफल तथा प्रश्नोत्तरको माध्यमद्वारा समिक्षा गर्न लगाउनुहोस् ।

**क्रियाकलाप : ६**

विद्यार्थीहरूलाई समुदायको जनसङ्ख्या परिवर्तनको कारण देखा परेका समस्याहरू समावेश गरी निम्नानुसारको शीर्षकमा आधारित रही प्रतिवेदन तयार गर्न लगाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

प्रतिवेदनको नमुना

शीर्षक : जनसङ्ख्या परिवर्तनको कारण देखापरेका समस्याहरू

उद्देश्य

क) आफ्नो समुदायको जनसङ्ख्या परिवर्तनको कारणहरू पहिचान गर्नु

ख) आफ्नो समुदायमा जनसङ्ख्या परिवर्तनबाट देखा परेका समस्याहरू खोजी गर्नु

**अध्ययन विधि**

आफ्नो समुदायको घर परिवारको अवलोकन , प्रश्नोतर , पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अध्ययन

**पत्ता लागेका कुरा**

म ग्रामीण क्षेत्रमा बसोवास गर्ने भएको हुनाले मेरो समुदायबाट बसाइँ सरी अन्य क्षेत्रमा रोजगारीको खोजीमा मानिसहरू जाने भएकाले मेरो ग्रामीण क्षेत्रमा दिन प्रतिदिन काम गर्ने उमेरको जनसङ्ख्या घट्दै गएको छ । त्यसैगरी बालबालिकाका लागि उचित शिक्षा र स्वास्थ्य सेवा सुविधका लागि पनि महिला तथा बालबालिकासमेत हरी क्षेत्रतर्फ बसाइँ सर्ने प्रवृत्ति देखा परेको पाइन्छ । मेरो समुदायका केही मानीसहरू वैदेशिक रोजगारीको लागि विदेसिएका छन् ।

मेरो समुदायमा बसाइँसराइले नै जनसङ्ख्या परिवर्तनमा ठुलो भूमिका खेलेको छ । शिक्षा र चेतना स्तर वृद्धिसँगसँगै जन्मदर र मृत्युदर दुवैमा ह्रास आएको पाइन्छ । बसाइँसराइको कारणले गर्दा ग्रामीण क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव हुन गई कृषि योग्य भूमिहरू बाँझो बन्न थालेका छन् । विकासका पूर्वधारहरूको निर्माणको कार्यहरू सुस्त गतिमा हुन थालेका छन् । दिनप्रतिदिन ग्रामीण क्षेत्रको जनसङ्ख्या घट्दै गएकोले स्थानीय सरकाले

कृषि उत्पादनमा उत्पादन परिमाणामको आधारमा अनुदान दिने व्यवस्था गरेको छ । साथै स्थानीय सिप र प्रविधिमा आधारित उद्योगमा अनुदान उपलब्ध गराउने कार्य गरको छ । त्यसैगरी पशुपालन तथा पशुजन्य उत्पादनमा समेत अनुदान उपलब्ध गराएको हुनाले सहरी क्षेत्रमा गएका र विदेशबाट फर्किएकाहरू गाउँमा नै कृषि, पशुपालन तथा उत्पादन कार्यमा संलग्न हुन थालेका छन् ।

**निष्कर्ष**

नेपालमा जन्मदर र मृत्युदरमा ह्रास आएसँगै दुवै सन्तुलनको अवस्थामा भए तापनि अव्यवस्थित बसाइँसराइले ठुलो समस्या निम्त्याएको छ । त्यसैले मेरो स्थानीय तहले जस्तै अन्य स्थानीय सरकारले स्थानीय उत्पादनलाई प्रोत्साहित गर्दै स्वरोजगारीलाई प्रोत्साहन गरी बसाइँसराइलाई नियन्त्रण गरी त्यसले देखा परेका समस्या समाधान गर्नुपर्छ ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीहरूले समूह कार्य गरेको तथा अन्य समूहले गरेको कार्यमा दिएको सुझाव समेतको आधारमा निम्नानुसार मूल्याङ्कन गर्ने :

| **क्र.स.** | **विद्यार्थी नाम** | **समूह कार्यमा सक्रियता** | **अन्य समूहलाई दिएको सुझाव** | **विषयवस्तु** |
|---|---|---|---|---|
| १ | सिर्जना र पेम्बा | | | |
| २ | | | | |
| ३ | | | | |

**उत्कृष्ट ३, राम्रो २, सुधार गर्नुपर्ने १**

ख) विद्यार्थीहरूले प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गरेको आधारमा त्यसको ढाँचा, विषयवस्तु, विषयवस्तुको पर्याप्तता, प्रस्तुत शैली आदिको आधारमा मूल्याङ्कन गर्ने ।

ग) पाठसँग सम्बन्धित निम्न लिखित प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

अ) जनसङ्ख्या वृद्धिका कारणहरू के के हुन् ?

आ) जनसङ्ख्या वृद्धिले के कस्ता असरहरू निम्त्याएका छन् ?

इ) ग्रामीण क्षेत्रमा जनसङ्ख्या घट्दै जाँदा आर्थिक क्षेत्रमा कस्तो असर देखा परेको छ ?

ई) जनसङ्ख्या वृद्धिबाट उत्पन्न असरहरूलाई कसरी नियन्त्रण गर्न सकिन्छ ?

## पाठ ५ जनसङ्ख्या व्यवस्थापन

**अनुमानित कार्यघण्टा : २**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| जनसङ्ख्या वृद्धिका कारण, असरहरू र व्यवस्थापनका उपायहरू प्रस्तुत गर्न | – जनसङ्ख्या व्यवस्थापनको परिचय दिन<br>– जनसङ्ख्या व्यवस्थापनका उपायहरू उल्लेख गर्न<br>– जनसङ्ख्या व्यवस्थापनमा युवाको भूमिका खोजी गर्न |

### २. पाठ परिचय

जनसङ्ख्या व्यवस्थापनका प्रत्यक्ष उपायले र अव्यवस्थित बसाइँसराईलाई नियन्त्रण गर्ने कुरालाई जोड दिन्छ । जनसङ्ख्या व्यवस्थापनको अप्रत्यक्ष उपायले मानिसमा चेतना वृद्धि, सशक्तीकरण आर्थिक व्यवस्था सुधार, लैङ्गिक समनता कायम गरी गुणस्तरीय जीवनको आधार सिर्जना गर्ने कुरालाई जोड दिन्छ । यस पाठमा हामी जनसङ्ख्या व्यवस्थापनको अवधारण, जनसङ्ख्या व्यवस्थापनका प्रत्यक्ष र अप्रत्यक्ष उपायहरू र जनसङ्ख्या व्यवस्थापन युवाहरूको भूमिका सम्बन्धमा चर्चा गर्दछौं ।

### ३. शैक्षणिक सामग्रीहरू

जनसङ्ख्या व्यवस्थापनसँग सम्बन्धित चित्र, फोटो, भिडियो क्लिप्स जनसङ्ख्या व्यवस्थापनमा उपायहरू समावेश चार्ट/स्लाइड

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

विद्यार्थीहरूलाई जनसङ्ख्या व्यवस्थापन भनेको के हो ? भनी प्रश्न गर्ने विद्यार्थीहरूलाई जनसङ्ख्या व्यवस्थापनको उत्तर व्यक्तिगत रूपमा लेख्न लगाउने । विद्यार्थीले उत्तर लेखिसकेपछि जोडी जोडीमा छलफल गरी साझा उत्तर बनाउन लगाउने र अन्तिममा केही विद्यार्थीहरूलाई

सोच जोडीमा छलफल आदान प्रदान विधि (TPS) भनिन्छ । विद्यार्थीले दिएको उत्तरहरू प्रष्ट नभएमा शिक्षकले जनसङ्ख्या व्यवस्थापनको परिचय प्रष्ट पार्ने ।

**क्रियाकलाप : २**

नेपालमा जनसङ्ख्या व्यवस्थापन गर्नुपर्ने पक्षहरूसँग सम्बन्धित चित्र फोटो तथा भिडियो क्लिप्सहरू प्रदर्शन गर्दै त्यसको बारेमा छलफल गर्दै अव्यवस्थित जनसङ्ख्याले पार्ने नकरात्मक असरको बारेमा चर्चा गर्दै जनसङ्ख्या व्यवस्थापनको आवश्यकताको बारेमा प्रष्ट पार्ने ।

वि.सं. २०७८ सालको जनणनाको तथ्याङ्क प्रस्तुत गर्दै काठमाडौँ जिल्लामा नेपालको कुल जनसङ्ख्याको ७ प्रतिशत (२०,४१,.५८७) जना जनसङ्ख्या बसोवास गर्दछन् भने मनाङ जिल्लामा ०.०२ प्रतिशत (५६५८) जना जनसङ्ख्या बसोवास गर्दछन् । उक्त जनसङ्ख्यालाई व्यवस्थापन गर्न के गर्नुपर्ला भनी विद्यार्थीहरूलाई जनसङ्ख्या व्यवस्थापनका उपायहरू खोजी गर्न उत्प्रेरित गर्ने । साथै उक्त तथ्याङ्कको अलावा ग्रामीण र सहरी क्षेत्रअनुसार भौगोलिक क्षेत्र अनुसारको जनसङ्ख्या वितरणको अवस्था लगाएत अन्य विविध पक्षको बारेमा पनि छलफल गराउनुहोस् ।

**क्रियाकलाप : ३**

क्रियाकलाप २ मा उल्लेख गरिएका विविध विषयको बारेमा छलफल गरिसकेपछि शिक्षकले विद्यार्थीहरूलाई जनसङ्ख्या व्यवस्थापनका उपायहरू के के हुन सक्छन् भनी व्यक्तिगत रूपमा प्रश्न सोध्ने र विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन गर्न लगाई पालैपालो जनसङ्ख्या व्यवस्थापनका उपायहरू भन्न लगाउने र शिक्षकले बोर्डमा टिप्दै जानुहोस् ।


**क्रियाकलाप : ४**

विद्यार्थीहरूले जनसङ्ख्या व्यवस्थापनको उपायहरू भनिसकेपछि शिक्षकले जनसङ्ख्या व्यवस्थापनको प्रत्यक्ष र अप्रत्यक्ष उपायहरू समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै जनसङ्ख्या व्यवस्थापनका उपायहरूको बारेमा उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

**क्रियाकलाप : ५**

विद्यार्थीहरूलाई जनसङ्ख्या व्यवस्थापनका प्रत्यक्ष र अप्रत्यक्ष उपायहरूलाई देखाउने गरी चार्ट तयार गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् :

जस्तै :




**क्रियाकलाप : ६**

जनसङ्ख्या व्यवस्थापनमा युवाहरूको भूमिका विषयमा कक्षामा वक्तृत्वकला प्रतियोगीता सञ्चालन गरी विद्यार्थीहरूलाई वक्तृत्वकला प्रतियोगीतामा सहभागी गराउने र प्रतियोगिता पश्चात् मूल्याङ्कन गरी उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्नुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क) विद्यार्थीले वक्तृत्वकला प्रतियोगीतामा व्यक्त गरेको विचारको आधारमा निम्न लिखित पक्षको आधारमा मूल्याङ्कन गर्नुहोस् । वाकपटुता, तार्किकता, विषयवस्तुको अद्यावधिकता आदि ।

ख) निम्नलिखित प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

अ) जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?

आ) जनसङ्ख्या व्यवस्थापन प्रत्यक्ष उपायहरू के के हुन् ?

इ) जनसङ्ख्या व्यवस्थापनका अप्रत्यक्ष उपायहरू के के हुन् ?

ई) तपाईं कसरी जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुऱ्याउनु हुन्छ ? भन्नुहोस् ।

## पाठ ६ : पारिवारिक स्वास्थ्य र हेरचाह

**अनुमानित कार्यघण्टा : १**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| परिवारिक स्वास्थ्य र हेरचारको परिचय र महत्व उल्लेख गर्न र व्यावहारिक अभ्यास गर्न | – पारिवारिक स्वास्थ्य र हेरचाहको परिचय दिन<br>– पारिवारिक स्वास्थ्य र हेरचाहको महोव उल्लेख गर्न<br>– पारिवारिक स्वास्थ्य निर्धारण गर्ने पक्षहरूको सूची तयार पार्न<br>– पारिवारिक स्वास्थ्य र हेरचाहको व्यावहारिक अभ्यास गर्न |

### २. पाठ परिचय

परिवार समाजको सबैभन्दा महोवपूर्ण र प्रारम्भिक समूह हो । परिवार एक विश्वव्यापी संस्था हो जुन सर्वव्यापी छ । परिवारले व्यक्तिलाई शारीरिक, मानसिक, सामाजिक तथा आध्यत्मिक रूपले विकसित हुन उपयुक्त वातावरण सिर्जना गर्दछ । परिवारका सम्पूर्ण सदस्यहरूको शारीरिक, मानसिक सामाजिक तथा आध्यात्मिक अवस्थालाई राम्रो बनाउने कार्यलाई पारिवारिक स्वास्थ्य भनिन्छ । समाजमा बसोवास गर्ने व्यक्तिको स्वास्थ्य अवस्थामा सुधार ल्याउन समुदायमा विभिन्न स्वास्थ्य सेवाहरू उपलब्ध भएका हुन्छन् । त्यसैले परिवारका सदस्यहरूले समुदायमा उपलब्ध हुने स्वास्थ्य सेवाको उपयोग गरी आफ्नो परिवारका सदस्यहरूको स्वास्थ्य अवस्थामा राम्रो बनाउन प्रयत्न गर्नुपर्छ । पारिवारिक स्वास्थ्य र हेरचाहका लागि व्यक्तिगत तथा घरपरिवारमा सरसफाइलाई जोड दिनुपर्छ । विभिन्न रोगबाट बचाउन सञ्चालन भएका खोपहरू लगाउनुपर्छ । दुर्घटना तथा चोटपटकको रोकथामका उपायहरू अपनाउनुपर्छ । जोखिम न्यूनीकरण र विपत व्यवस्थापनका लागि तयारी गर्नुपर्छ । पारीवारिक स्वास्थ्य र हेरचाहका लागि त्यसका बारेमा जानकारी लिएर मात्र हुँदैन त्यसलाई हाम्रो दैनिक व्यवहारमा अभ्यासमा ल्याउनुपर्छ । यस पाठमा

हामी पारिवारिक स्वस्थ्य र हेरचाहको परिचय, महŒव, पारिवारिक स्वास्थ्य निर्धारण गर्ने पक्षहरू र पारिवारिक स्वास्थ्य र हेरचाहको व्यावहारिक अभ्यासको बारेमा छलफल गर्छौं ।

## ३. शैक्षणिक सामग्री

- पारिवारिक स्वास्थ्य र हेरचाहसँग सम्बन्धीत चित्र, फोटो, भिडियोहरू
- पारिवारिक स्वास्थ्य र हेरचाहको परिभाषा लेखिएको फ्लासकार्ड
- पारिवारिक स्वास्थ्य र हेरचाहको महŒव तथा व्यावहारिक अभ्यासहरू समावेश चार्ट/स्लाइड

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप : १**

विद्यार्थीहरूलाई निम्नलिखित प्रश्नहरू सोधेर पाठको पूर्वज्ञानको सम्बन्धमा जानकारी लिई पाठको सुरुआत गर्ने

क) पारिवार भनेको के हो ?

ख) तपाईंको परिवारमा कतिजना सदस्य हुनुहुन्छ ?

ग) तपाईंको परिवारका सदस्यको स्वास्थ्य राम्रो गर्नका लागि के गर्दै आउनु भएको छ ?

उल्लिखित प्रश्नहरूको बारेमा विद्यार्थीहरूसँग पालैपालो प्रश्नोत्तर गर्दै पाठको सुरुआत गर्ने

**क्रियाकलाप : २**

विद्यार्थीहरूसँग पाठसँग सम्बन्धित विषयवस्तुहरूको बारेमा छलफलपश्चात् पारिवारिक स्वास्थ्य र हेरचाह भनेको के हो भनी प्रश्न गर्ने प्रश्न गर्दा समूहमा प्रश्न गर्ने, प्रश्न सोधिसकेपछि विद्यार्थीलाई एकछिन सोच्ने समय दिने, कुनै एक जना विद्यार्थीलाई उठाएर प्रश्नको उत्तर भन्न लगाउने, विद्यार्थीले भनेको उत्तर सुन्ने र विद्यार्थीले भनेको उत्तर मूल्याङ्कन गरिसकेपछि शिक्षकले पारिवारिक स्वास्थ्य र हेरचाहको परिभाषा समेटिएको फ्लास कार्ड प्रदर्शन गर्दै पारिवारिक स्वास्थ्य र हेरचाहको परिचय प्रष्ट पार्ने ।

**क्रियाकलाप ३**

पारिवारिक स्वास्थ्य र हेरचाहसँग सम्बन्धित चित्र, फोटो तथा भिडियो क्लिपसको प्रदर्शन गर्दै पारिवारिक स्वास्थ्य हेरचाहका लागि कुन कुन पक्षमा ध्यान दिनुपर्छ भन्ने कुराहरूको विषयमा कक्षामा छलफल गर्न लगाउने ।

**क्रियाकलपा ४**

जोडीमा पढाइ जोडीमा सारांश विधिको माध्यमबाट विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा वा सन्दर्भ सामग्रीमा दिइएको पारिवारिक स्वास्थ्य र हेरचाहको महaेव, पारिवारिक स्वास्थ्य निर्धारण गर्ने पक्षहरू र पारिवारिक स्वास्थ्य  हेरचाहका लागि गर्नुपर्ने व्यावहारिक अभ्यासका विषयवस्तुहरू अध्ययन गर्न लगाई साराशंको रूपमा कक्षाकोठामा पालैपालो प्रस्तुत गर्न लगाउने ।

**क्रियाकलाप ५**

विद्यार्थीहरूले विषयवस्तु प्रस्तुत गरिसकेपछि शिक्षकले चार्ट/स्लाईड प्रदर्शन गर्दै छलफलको माध्यमबाट पारिवारिक स्वास्थ्य हेरचाहको महaेव, पारिवारिक स्वास्थ्यलाई निर्धारण गर्ने पक्षहरूमा परिवारको स्वास्थ्य अवस्थालाई स्वास्थ्य बनाउन उचित हेरचाह गर्न गर्नुपर्ने व्यावहारिक अभ्यासका बारेमा विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै प्रष्ट पार्ने ।

**क्रियाकलाप ६**

विद्यार्थीहरूलाई स्वस्थ्य जीवनयापनका लागि पारिवारिकको भूमिका विषयमा लेख तयार गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५.**मूल्याङ्कन/प्रतिविम्बन**

क) तल तालिकामा दिइएको व्यवहारको आधारमा विद्यार्थीको स्वमूल्याङ्कनको आधारमा विद्यार्थीको व्यवहारको मूल्याङ्कन गर्ने :

| **क्र.स.** | **स्वास्थ्य व्यवहार** | **गर्छु** | **गर्दिन** |
|---|---|---|---|
| १. | नियमित रूपमा सन्तुलित खान खान्छु | | |
| २. | बिहान घाम उदाउनुभन्दा अगाडि उठ्छु | | |

| | | | |
|---|---|---|---|
| ३. | बेलुका समयमा नै सुत्ने गर्छु । | | |
| ४. | बिहानको समयमा ध्यान तथा शारीरिक व्यायम गर्छु । | | |
| ५. | नियमित रूपमा स्वास्थ्य परीक्षण गर्ने गरेको छु । | | |
| ६. | व्यकितगत तथा घर तथा समुदायको सरसफाइ गर्छु । | | |
| ७. | सरुवा रोगको सङ्क्रमणबाट बच्न सुरक्षित उपाय अपनाउँछु । | | |
| ८. | बजारमा बनेको तयारी खानाभन्दा घरमा आफैले तयार गरेको खानेकुरा खाने गर्छु । | | |
| ९. | परिवारका सदस्यहरूबिच स्वास्थ्य व्यवहार र सरसफाइको बारेमा छलफल गर्छु । | | |
| १०. | घरबाट निस्कने फोहोरमैलाको उचित तकिराले व्यवस्थापन गर्छु । | | |

ख) निम्नलिखित प्रश्न सोधेर विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् :

अ) पारिवारिक स्वास्थ्य र हेरचाह भनेको के हो ?

आ) पारिवारिक स्वास्थ्य र हेरचाह भनेको के हो ?

इ) पारिवारिक स्वास्थ्यलाई प्रभाव पार्ने कुराहरू उल्लेख गर्नुहोस् ।

ई) पारिवारिक स्वास्थ्य र हेरचाहका लागि तपाइँले गर्दै आउनु भएको व्यावहारिक अभ्यासको सूची तयार गर्नुहोस् ।